राघवालङ्कार



पं. कुलचन्द्र गौतम

अलङ्कारचमत्कारपूर्णश्रीरामस्तवकाव्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्वच्छिरोमणि कुलचन्द्रगौतमप्रणीत

राघवालङ्कार

अलङ्कारचमत्कारपूर्ण श्रीरामस्तवकाव्य

प्रकाशक

कुलचन्द्र गौतम स्मृति संस्था

गैरीधारा, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक : कुलचन्द्र गौतम स्मृति संस्था, गैरीधारा, काठमाडौं ।

सम्पादन : रुक्मनाथ पौडेल

संस्करण : दोस्रो, वि. सं. २०६८

सर्वाधिकार : यसको सम्पूर्ण प्रतिलिपि अधिकार कुलचन्द्र गौतम स्मृति संस्थासँग छ । पूर्वस्वीकृतिविना यसको कुनै पनि भाग बिगार्न, अरू भाषामा उल्था गर्न, उद्धृत गर्न र छपाउन पाइनेछैन । यस प्रकाशनमा व्यक्त गरिएका विचार र भावनाहरूको पूर्ण जिम्मेवारी स्वयं लेखकहरूमा नै निहित छ ।

मुद्रक : श्री प्रेस, जावलाखेल, ललितपुर, फोनः ५५३२८२२

मूल्य : रू. ३९९।-

ISBN : 978-9937-2-3994-3

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

नेपाली साहित्यको यो उत्कृष्ट रचनालाई दोश्रो संस्करणमा प्रकाशित गरी पाठकवृन्दमा उपलब्ध गराउन पाउँदा कुलचन्द्र गौतम स्मृति संस्था परिवार अत्यन्तै हर्षित छ । नेपाली साहित्यका प्रेमी र विद्यार्थी, नेपाली व्याकरणका विद्यार्थी र गुरु, कवि र कवियित्री, नेता र राजनीतिज्ञ यी सबैलाई यो कृतिले धेरै मनोरञ्जन, ज्ञान र प्रेरणा दिनेछ भन्ने आशा गरिएको छ ।

पहिलो संस्करण नेपाल एकेडेमीबाट त्रिपन्न वर्ष अगाडि वि.सं. २०१५ मा आदरणीय पण्डित श्री सोमनाथ शर्मा (सिग्देल)ज्यूको संयोजकत्वमा प्रकाशित भएको थियो । त्यो प्रकाशनमा छुटपुट भएका श्लोकहरू र मुद्रण कार्यमा देखिएका त्रुटिहरूलाई पुरानै पाण्डुलिपिसँग भिडाएर सच्याई यो संस्करण निकालिएको छ । विद्वच्छिरोमणिज्यूको परिचयात्मक जीवनी पनि केही विस्तार गरी पाठक वर्गको सामु प्रस्तुत गरिएको छ ।

वि.सं. १९७८ मा कुलचन्द्र गौतमले 'अलङ्कारचन्द्रोदय' भन्ने कृति प्रकाशित गराई नेपाली साहित्यमा विद्यमान अलङ्कारशास्त्रको ठूलो कमीलाई धेरै मात्रामा पूर्ण गर्न सक्षम हुनुभएको थियो । तर 'चन्द्रोदय' भन्ने शब्द र अन्त्यका अलङ्कारका श्लोकहरूलाई लिएर सो पुस्तकलाई श्री ३ चन्द्रशम्शेर राणाको चाकरी गर्न गुणगान गरेको भन्ने लाञ्छना लगाई अवहेलना भएको बुझेको हुनाले प्रायश्चित्त स्वरूप धेरै वर्षपछि वहाँले यो 'राघवालङ्कार' भन्ने नयाँ रचना गर्नुभएको हो भन्ने मैले बुझेको छु । यो ठूलो अफशोचको कुरा हो किनभने कुनै पनि कवि र उनका कृतिको सही मूल्याङ्कन गर्दा त्यो समय, परिस्थिति, सामाजिक र राजनैतिक परिप्रेक्ष इत्यादि सबै कुराको ख्याल राख्नुपर्दछ । अलङ्कारचन्द्रोदय र कुलचन्द्र गौतम दुवैले पूर्वाग्रहरहित यथार्थ बौद्धिक मूल्याङ्कन र समालोचना नपाएको सत्यतालाई पाठकवर्ग सामु राख्नु अत्यन्तै जरूरी देख्तछु । सो पुस्तक अझै पनि सबै ठूला पुस्तकालयहरूमा र यस संस्थामा पनि पाइन्छ ।

यदि राजा महेन्द्रको नाम राघवविक्रम शाह भएको भए यो राघवालङ्कारको पनि त्यस्तै कटु आलोचना हुन्थ्यो होला । तर त्यसो नहुँदा यो पुस्तकले नेपाली साहित्यकारहरू र प्रबुद्ध समालोचकहरूबाट धेरै प्रशंसा प्राप्त गऱ्यो । यस पुस्तकलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिभुवन विश्वविद्यालयको नेपाली साहित्यको एम.ए.को पाठ्यक्रममा समेत सन्दर्भ ग्रन्थको रूपमा राखिएको छ ।

मेरो अल्पबुद्धिमा अलङ्कारचन्द्रोदयमा भएको जस्तो भूरीभूरी गाम्भीर्य, व्यङ्ग्य र सन्देश राघवालङ्कारमा पाइँदैन । तर यसमा भएको शब्दविन्यास, भक्तिभाव र स्निग्धतालाई अलङ्कारचन्द्रोदयले भेट्दैन । यी दुवै कृतिहरूको विस्तृत समालोचना गर्न सक्ने बौद्धिक र शैक्षिक क्षमता मसँग नभएकोले त्यसो गर्न खोज्नु ठूलो धृष्टता हुनेछ तर एउटा सामान्य पाठकको रूपले मात्र भन्नुपर्दा तलका दुई श्लोकबाट विद्वच्छिरोमणिको उद्देश्य धेरै थाहा हुन्छ ।

'पत्र-पुष्प-फल-तोयले पनी
भक्ति गर्दछ भने प्रसन्न छु' ।
नाथको वचन यो म सम्झदा
दङ्ग छु किनभने ? प्रपन्न छु ।।
भूमिभाग्य ! करुणासुधाम्बुधे !
भक्तवत्सल ! अगाडि सर्दछू ।
स्वच्छ चित्त गरि आज तुच्छ यो
काव्यगुच्छ उपहार गर्दछू ।।

तथा,

जस्ले यस्मा प्रेम विघ्नै गरेथे
त्यस्ता तिन्का ती कृपादृष्टि पाई ।
सानू ग्रन्थ स्पष्ट भो पुष्ट तस्मात्
सर्वव्यापी धन्य ! हो त्यो भलाई ।।

वहाँले आफ्नो रचना अलङ्कार चन्द्रोदयलाई समर्पण गर्नुभएको थियो, कुनै अत्याचारी शासकलाई हैन । यी दुवै कृतिहरूलाई एक अर्काको पूरक सम्झिएर अध्ययन गरेमा विद्यार्थी र अध्यापक दुवैले उत्कृष्ट पद्यको रसास्वादन गर्न सक्नेछन् भन्ने कुरामा दुइमत नहोला ।

राघवालङ्कारको प्रथम संस्करणमा प्रकाशित पं. सोमनाथ शर्माज्यूको "एक अञ्जलि" बाट गुम्फनकलाको महत्त्व र उद्देश्यबारे पाठक वर्गले ज्ञान पाउनुहुन्छ । यो कलाको उत्कृष्ट शिल्पी विद्वच्छिरोमणि कुलचन्द्र गौतमको प्रतिभा पण्डितजीबाट मात्र नभएर महाकवि लक्ष्मीप्रसाद देवकोटाज्यूबाट पनि (पण्डित कुलचन्द्रको मृत्युपश्चात् रचिएको तलको कवितारूपी शोक प्रस्तावबाट) उजागर हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जतिजति जब शङ्काग्रस्त हुन्थ्यो समाज
उतिउति सब सोधी गर्दथ्यो कामकाज ।
अब उही कुलचन्द्रै हीन नेपाली वर्ग
कसरी सहन सक्ला अन्य देशीय गर्व ।।
कहिल्यै नउदाउने गरी
हतभागीजनको नसीब्सरी ।
अब हाय समाज त्रस्त भो
नयपाली कुलचन्द्र अस्त भो ।।
कुलचन्द्र गए समाजका
भनि शोकाकुलवर्ग काशिका ।
सब मौन भएर साथमा
गरियो शोक प्रदान नाथमा ।।
कुलरश्मि सहसा कता गयो ।
न त सम्पत्ति केही साथमा
न त ती काव्यकलादि हातमा ।।
अब हाय लगिस् कताकता
नयपाली कुलचन्द्र वेपता ।
नगरिकन केही दुष्टता
अब हे पाजि कृतान्त लौ बता ।।
अबता न बता भयो पता
अहिलेसम्म विहोस् थिएँ मता ।
अब सुन् नडराउने भयें
कुलरश्मि शिवशक्तिमा गए ।।

('श्रद्धाञ्जलि', २०६४)

अन्तमा यसको सम्पादन तथा मुद्रण समेत गरी प्रकाशनार्थ सराहनीय सहयोग गर्नुभएकामा म प्रा. श्रीरुक्मनाथ पौडेलप्रति पनि आफ्नो आभार व्यक्त गर्न चाहन्छु ।

गैरीधारा, का.म.न.पा.-२
विजयादशमी, २०६८

अध्यक्ष
डा. प्रसन्न चन्द्र गौतम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संक्षिप्त जीवनी

पश्चिम नेपालमा धादिङ जिल्लाको जीवनपुर.गाउँमा संवत् १९३४ मा पण्डित रमाकान्त शर्मा गोतामेको कान्छो छोरा कुलचन्द्रको कुलनिधिको रूपमा जन्म भएको थियो । उहाँ ६ वर्षको हुँदा पनौतीकी एउटी ब्राह्मण बालिका विश्वरूपासँग उहाँको विवाह भएछ तर बालिकाको चाँडै नै मृत्यु भएछ । कुलचन्द्रको स्वास्थ्य पनि बिग्रन थालेछ । उहाँको माइलो दाजु डिल्लीराजको पनि किशोरावस्थामा नै मृत्यु भएको रहेछ । पण्डित रमाकान्त विद्वान् भए पनि यजमानी नगरी केवल गुरु मात्र भएर जीवनयापन गर्ने हुनाले आर्थिक सङ्कट हरहमेशा नै रहन्थ्यो । ५५।५६ वर्षको उमेर पुग्दा पण्डितजीलाई आँखाको नराम्रो रोग लाग्यो । जेठो छोरा भद्रनिधिलाई घर घडेरी जिम्मा दिई ८ वर्षको कान्छो छोरा कुलनिधिलाई साथ लिई उहाँ बनारस जानुभयो ।

बनारस पुगेपछि कुलचन्द्रको स्वास्थ्यमा केही सुधार भएछ । अन्धो प्रायः पिताजीको सेवा गर्दै येनकेन प्रकारेण जीवनयापन गर्दै कुलचन्द्रले सरस्वतीको आराधना पनि गर्न थाल्नुभयो । बालक कुलचन्द्रको प्रतिभा देखेर बनारसका विद्वान्हरू प्रभावित भए । त्यस समयमा प्रकाण्ड विद्वान् महामहोपाध्याय पण्डित गङ्गाधर शस्त्रीले उहाँलाई आफ्नो शिष्य बनाउनुभयो र कुलचन्द्र नाम दिनुभयो । किशोर कुलचन्द्रको अद्वितीय प्रतिभाको खबर थाहा पाएर सप्तरी जिल्लाका धनाढ्य जमिन्दार श्री शिवराज पोखेलले आफ्नी १२ वर्षकी छोरीसँग उहाँको विवाह गरिदिए । कुलचन्द्र १५ वर्षको हुँदा पण्डित रमाकान्तको देहान्त भयो । प्रथमादेखि आचार्यसम्मका सबै परीक्षाहरूमा कुलचन्द्र सर्वप्रथम स्थान हासिल गरी उत्तीर्ण हुनुभयो । त्यति मात्र नभई विभिन्न साहित्यिक गोष्ठीहरू तथा कवि सम्मेलनहरूमा पनि पुरस्कृत हुनुभयो । आफूले पाएका पारितोषिकहरू तथा सुवर्णपदकहरू बेचेर तथा अरू विद्यार्थीहरूलाई पढाएर उहाँले आफ्नो जीविका चलाउनुहुन्थ्यो । संस्कृतसाहित्यको आचार्यको परीक्षामा सम्पूर्ण उत्तरहरू अत्यन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मधुर संस्कृत पद्यमा लेखेर एउटा कीर्तिमान स्थापना गर्नुभयो, सो अहिलेसम्म पनि कायमै छ ।

साहित्याचार्यको उपाधि प्राप्त गरेपछि बनारसकै विद्वत्समुदायमा उहाँले २।३ वर्ष बिताउनुभयो । त्यहींकै संस्कृत महाविद्यालयमा प्राध्यापन गर्न आह्वान गरिए तापनि कुलचन्द्रले नेपाल नै फर्कने अठोट गर्नुभयो । २३।२४ वर्षको उमेरमा देशप्रेमले प्रेरित भई नेपाललाई नै आफ्नो कर्मभूमि बनाउन उहाँ काठमाडौं ता फर्कनुभयो तर शुरूमा गाँस र बासको व्यवस्था मिलाउन गाह्रो परेछ । उहाँको आत्मसम्मानले सम्पन्न ससुरालीको सहायता लिन दिएन । वीरशम्शेर राणा प्रधानमन्त्री थिए । तत्कालीन नेपाली समाजमा चाकरी गरेर दरबार नरिझाएसम्म केही कुराको बन्दोबस्त गर्न असम्भवै थियो । उहाँको आत्मसम्मानले चाकरी गर्न जान पनि दिएन । प्रपञ्चचर्चामा उहाँले लेख्नुभएको छ :

बोलाइन्छन् घरैबाट विवेकिजनले गुणी ।
बायबाट हयइन्छन् डटेका लण्ठ निर्गुणी ।।

कुलचन्द्रको विद्वत्ता र प्रतिभाको कीर्ति उहाँभन्दा पैह्ले नै काठमाडौं पुगिसकेको थियो । चाकरीमा नआएको देख्दा त्यस बेलाका चाकरीवाज गुरु-पुरेतहरूले उहाँलाई शङ्कालु दृष्टिले हेर्न थाले । उहाँको कदर गरे जस्तो देखिने तर वास्तवमा परोक्षरूपले निगरानीमा राख्न उहाँलाई नारायणहिटी राजदरबारमा संस्कृत पढाउने गुरुको पदमा नियुक्ति दिइयो । पारिश्रमिक साह्रै नै कम थियो । उहाँले कमलपोखरीमा डेरा गरी बसेर नारायणहिटी दरबारमा पढाउने काम थाल्नुभयो । शुरूमा उहाँले महाराजाधिराज पृथ्वीवीरविक्रम, अन्य राजकुमारहरू र शाहज्यादीहरूलाई पढाई पछि त्रिभुवन र महेन्द्रसम्मलाई पढाउनुभयो ।

संवत् १९५७ देखि काठमाडौंको कर्मभूमिमा उहाँले आफ्नो गार्हस्थजीवन शुरू गर्नुभयो । सरस्वतीको आराधना कहिल्यै छुटेन । त्यसपछिको करिब २५ वर्ष भित्रमा उहाँले भक्तिरस र अलङ्कारले ओतप्रोत उत्कृष्ट रचनाहरू छपाउनुभयो । उहाँका यी कृतिहरूमा भागवतमञ्जरी, कृष्णकर्णाभरणकाव्य, हरिवरिवस्या, दत्तचर्यासारसंग्रह, वन्दनायुगल, प्रपञ्चचर्चा, अमरकोषको टीका आदि हुन् । यसै अवधिभित्र उहाँका चार छोराहरू जन्मिए । येनकेन गृहस्थी चल्दथ्यो तर आर्थिक सङ्कट जहिले पनि कायमै थियो । ऋण लागेको थियो । उहाँले कतिपय अरू विद्यार्थीहरूलाई पनि पढाउनुहुन्थ्यो । सबै छोराहरू बी.ए. पास भए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँको करिब ५ फिट ४ इन्च जतिको उचाई, पातलो जिउडाल, तेजिला आँखा, ५/६ दिनदेखि बढेको दाह्री भएको सौम्य र वात्सल्यपूर्ण मुखाकृतिले वहाँको व्यक्तित्व झल्काउथ्यो। उहाँ प्रायः सूती धोती र कोगीटाको कुर्ता लगाउनुहुन्थ्यो। दिनभर एउटा पातलो लम्पटमा बसेर अथवा पल्टेर विचार गरिरहनुहुथ्यो र बीचबीचमा उठेर बसी एउटा डेस्कमा अथवा घोप्टो परेर लेख्न थाल्नुहुन्थ्यो। तमाखु हरहमेशा चाहिन्थ्यो, तर लेख्ने र विचार गर्ने ध्याउन्नमा खान बिर्सनुहुन्थ्यो। उहाँलाई भेट्न धेरै मानिसहरू आइरहन्थे। धेरैजसोले उहाँलाई गुरु भनेर ढोग्थे। घरबाट विरलै बाहिर निस्कनुहुन्थ्यो।

यो समय नेपाली कविताको मध्यकाल थियो। लुकि-छिपी कविताहरू प्रकाशित हुन्थे। चन्द्रशम्शेरको निरंकुश शासनमा कुनै पनि बौद्धिक विकासको प्रयास शङ्कास्पद मानिन्थ्यो। कृष्णलालजीको 'मकैको खेती'लाई आपत्तिजनक भनेर उहाँलाई कारागारमा जाकिएको थियो। शासकको गुणगान गरेर लेखेका रचनाहरू, जस्तो कि 'युरोपयात्रा' चाहिँ मान्य हुन्थ्यो। त्यस्तो वातावरणमा कुलचन्द्रले एउटा अत्यन्तै साहसिलो काम गर्नुभयो त्यो थियो अलङ्कारचन्द्रोदयको प्रकाशन। चतुर शब्दविन्यास र अलङ्कारको सहारा लिएर नेपाली पद्यमा अलङ्कार, व्याकरण र साहित्यको अद्‌भुत सम्मिश्रण भएको एउटा ग्रन्थ लेखी त्यस बेलाको चलनअनुसार सो ग्रन्थ महाराजा चन्द्रशम्शेरलाई समर्पण गरेर त्यसको नाम अलङ्कारचन्द्रोदय राख्नुभयो। सो ग्रन्थ उहाँले आफैंले प्रकाशित गर्नुभएको थियो। प्रत्येक श्लोकको विभिन्न अर्थ लगाउन सकिन्थ्यो।

माहिलागुरुज्यू श्री हेमराज पाण्डेको विद्वत्ताले सो ग्रन्थमा लेखिएका कविताहरूको भावार्थ राम्ररी बुझ्यो। दुवै जना प्रकाण्ड विद्वान् भए पनि उहाँहरूको आचरण अत्यन्त फरक र प्रतिद्वन्द्वात्मक थियो। केही वर्ष पहिले महाराजाधिराजलाई चाणक्यनीति र कुमारसम्भव पढाएको थाहा पाएर माहिला गुरुज्यूले 'निषेध विषयहरू किन पढाएको ?' भनेर कुलचन्द्रको हुर्मत लिनुभएको थियो। यो पुस्तकले 'कुलचन्द्रलाई अब सिध्याउन सकिन्छ' भन्ने उहाँलाई लाग्यो। कुलचन्द्रलाई दरबारमा बोलाइयो। अनेकानेक प्रश्नहरू गरिए। कुलचन्द्रको समर्थक त्यहाँ कोही थिएन। अन्त्यमा गुरुज्यूले आफ्नो तुरूप चाल खेल्नुभयो। सो पुस्तकमा चन्द्रज्योतिको उज्यालोपनबारे एउटा श्लोक थियो। त्यो श्लोकलाई औंल्याई उहाँले 'यो सोझै महाराजको अनादर गरेको हो' भनेर कुलचन्द्रलाई चुनौती दिनुभयो। साधारणरूपले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेर्दा त्यो श्लोकको अर्थ 'महाराज चन्द्रशम्शेरको कीर्तिले फैलिएको उज्यालोमा भरखरै स्थापना गरिएको बिजुलीबत्ती (चन्द्रज्योति) उज्यालोसँग बल्दछ । सो बिजुलीबत्ती महाराजको कीर्ति नपुगेको ठाउँमा (अँध्यारोमा) पनि उज्यालोसँग बल्दछ' भनेर चन्द्रशम्शेरको वाहियात चाप्लुसी गरेको देखिन्छ तर वास्तवमा त्यसको अर्थ थियो 'प्रबुद्ध (उज्यालो) समाजमा चन्द्रशम्शेरको कीर्ति नगण्य छ र अपढ (अँध्यारो)समाजमा मात्र चम्किलो छ ।'

टुपी काटिएर देश निकाला हुने हो कि आजन्म काराबास हुने हो भन्ने बुझेर कुलचन्द्रले भन्नुभयो रे– "मैले ता यो श्लोक बिजुलीबत्तीको बारेमा लेखेको हुँ । सो बिजुलीबत्तीको नाम चन्द्रज्योति हो । यो पुस्तकभरि महाराजको जय जयकार मात्र गरेको छु । यो पुस्तकै पनि महाराजमै भक्तिपूर्वक समर्पण गरेको छु । भए नभएको जथाभावी अनर्थ लगाएर तपाईंले के प्राप्त गर्न खोज्नुभएको हो सो मलाई थाहा छैन । जसले जे बोले पनि जथाभावी अर्थ लगाउन सकिन्छ । ल, तपाईं 'क' भन्नुहोस्, म त्यसलाई 'ख' भनेर प्रमाणित गरिदिन्छु ।" चन्द्रशम्शेर नेपालभाषा बुझ्ने हुँदा हाँसेछन् । (नेपालभाषामा "ख" को अर्थ "हो" भन्ने हुन्छ) महाराज नै हाँसेपछि सबै सभासद् हाँसे । गुरुज्यू चूप लाग्नुभयो । ठूलो सङ्कट टल्यो । उहाँको हाजिरजवाफीले त्यत्रो सङ्कटको अवस्थामा राम्रो साथ दियो ।

उहाँले समाज सुधारतर्फको आफ्नो मनसायलाई 'प्रपञ्चचर्चा' नाम गरेको एउटा पुस्तक प्रकाशन गरेर व्यक्त गर्नुभयो । त्यस समयमा नेपाली विद्वत् ब्राह्मण समाजमा व्याप्त धर्माडम्बर, धुर्त्याई, आर्थिक लोलुपतालाई छर्लङ्ग पारेर देखाउनु आवश्यक थियो । संस्कृतको पद्यशैलीमा रचिएको सो पुस्तकका हरेक श्लोकमा त्यस बेला समाजमा व्याप्त कुकर्महरूको उदाहरण पाइन्छ र प्रत्येक श्लोकको अन्त्यमा 'सो पाप मैले नै गरेको हुँ प्रभु' भनेर क्षमा मागिएको छ ।

तल एउटा श्लोक उदाहरणस्वरूप प्रस्तुत छः

निरीक्षितेऽपि प्रसृते समन्ततः पुराणवर्णाश्रमधर्मविप्लवे ।
चिरादुदासीनतयैव तिष्ठतः क्षमस्व गोविन्द! मम व्यतिक्रमम् ।।

बयालीस साल पर्वमा रणोद्दीप सिंहको हत्या गरेर राज्य हत्त्याएपछि वीरशम्शेरले आफ्नो पाप पखाल्न विद्वान् पण्डितहरूद्वारा बनारसमा यज्ञ गराएका थिए । त्यसपछि राणाजीहरूले अनेकानेक कुकृत्यहरू गरे पनि त्यसताकाका पण्डितहरूले शान्तिस्वस्ति, पूजा, यज्ञ इत्यादि गराई पाप प्रक्षालन गरिदिन्थे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तो गराउनु ब्राह्मणधर्म विपरीत थियो । त्यसैले समाजका अग्रणीहरूलाई सही मार्गदर्शन गराउन पण्डित कुलचन्द्रले यो बडो अनौठो तरिका अपनाउनुभएको थियो ।

नेपालमा आयुर्वेदको विकास गर्नु वाञ्छनीय देखेर पण्डित कुलचन्द्रले स्वयं आयुर्वेदको अध्ययन गर्नुभयो । आफ्नो माहिलो छोरालाई बी.ए. पास भएपछि आयुर्वेद पढाउनुभयो । पछि 'स्वयंवैद्य' भन्ने नाउँ भएको एउटा किताब नेपालीमा लेखेर प्रकाशित पनि गर्नुभयो । उहाँकै शब्दमा सो पुस्तकको उपयोगिता यस्तो थियो– "साधारण पढेका, वैद्य भएर जीविका चलाउन खोज्ने मानिसलाई र वैद्य-डाक्टरको फिस तिर्दातिर्दा आजित भएका गृहस्थलाई यौटा गतिलो वैद्यलाई जागिर दिएर घरमा २४ घण्टा राखेको काम दिन्छ ।"

जुद्धशम्शेर प्रधानमन्त्री भएपछि मात्र कुलचन्द्रको आर्थिक सङ्कट हट्यो । जुद्धशम्शेरलाई धर्मशास्त्रपारङ्गत, मिथ्या आचरणरहित, एउटा वैष्णव ब्राह्मण विद्वान्‌लाई सुर्वण तुला दान गर्ने इच्छा भएछ । पातलो जिउडाल भएको कुलचन्द्र सो सत्कर्मको निम्ति छानिनुभएछ । अन्य ब्राह्मणहरूलाई पनि केही बाँड्नुपर्दा धेरै सुन ता पाउनुभएनछ तथापि ऋणहरू तिर्न, गैरीधाराको भूइँचालोले भत्केको घर बनाउन र जनकपुरमा एउटा सानो घर बनाउनचाहिँ सक्नुभएछ ।

उहाँको पारिवारिक जीवनमा निकै मर्मान्तक चोटहरू परे । आफ्नै आँखाअगाडि जवान भइसकेका ३ भाइ छोराहरू, एउटी बुहारी र आफ्नी धर्मपत्नीको मृत्यु भयो । तिनैताका मौनीबाबाको आदेशानुसार उहाँले तुलसीकृत रामायणको नेपालीमा अनुवाद गर्नुभयो, जुन कार्यले उहाँलाई केही शान्ति प्राप्त भयो । सोही पुस्तकको टीकाकारको निवेदन पढ्दा उहाँको त्यस बेलाको मनस्थितिबारे थाहा हुन्छ ।

कुलचन्द्र अध्यात्मवादी हुनुहुन्थ्यो । गुरु भएर उहाँले धेरैलाई मन्त्रदान र मार्गदर्शन गर्नुहुन्थ्यो । उहाँका रचनाहरूमा भगवत्प्रेम र भक्ति मात्र देखिन्छन् । भक्ति र ज्ञानको समन्वयले नै मानिसको परमोद्धार हुन्छ भन्ने उहाँको विश्वास थियो । उहाँले लेख्नुभएको छ :

अध्यासको नाश गराउनमा
अभ्यास गर्ने दृढ भक्त पाई ।
चिनाउँछन् उनी खास आफूलाई
औतारको काम अरू भक्तलाई ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मकाण्डतर्फ उति रुचि नराख्ने भए तापनि पण्डित कुलचन्द्रले एउटा विवाहपद्धति भन्ने कर्मकाण्डको पुस्तकको रचना गर्नुभएको छ । आदर्श विवाहित जीवनको उदाहरणमा श्रीराम र सीताको जीवनी लेख्ने कुलचन्द्रको निम्ति विवाह एउटा अत्यन्त महत्त्वपूर्ण उत्सव थियो । सो पुस्तक तयार गर्नुपर्ने कारण उहाँ स्वयंले यसरी व्यक्त गर्नुभएको छ- "हाम्रा कर्मकाण्डमा पद्धतिग्रन्थ उत्तमोत्तम थिए तापनि कालक्रमले लेखाशुद्धिको परम्परा बढ्दा-बढ्दा छिन्न-विच्छिन्न, अत्यन्त दुर्बोध भइसकेका थिए, तिनै ग्रन्थ यथोचित संशोधित नभई व्यापारीबाट छापिन गएर झन् अशुद्ध भइकन अनि देशव्यापी हुँदै गएकाले हाम्रा धर्मको मुख्य अङ्ग भएको संस्कारमा ठूलो बाधा परी देशको दुरवस्था हुनलागेको छ ।" सो पुस्तकलाई उहाँले समकालीन ७ जना विद्वान् आचार्यहरूको पूर्ण सम्मति लिएर आफैंले प्रकाशित गर्नुभयो । वैष्णव धर्मको पालना गर्नु नै उहाँको ठूलो आराधना हुन्थ्यो ।

कुलचन्द्रको देशप्रेम, सामाजिक जागृति, राजनीतिक चेतना र मानवताका अन्य उदाहरण प्रशस्त भए तापनि धेरैजसो प्रकाशमा आएका छैनन् । शिक्षित र बौद्धिक विकास भएको समाज नभएसम्म मानिसले दुःख पाउन छाड्दैन भन्ने उहाँको धारणा थियो । आफ्नो अनुभव उहाँले यसरी व्यक्त गर्नुभएको छ :

अविद्या विनाकारणै देवी दुर्गे
सदासर्वदा शत्रुता गर्न लागी ।
हजारौं गरें यत्न यो कष्ट पाएँ
हजुर्का हजुर्मा उजुर गर्न आएँ ।।

संवत् १९९६ सम्ममा उहाँ काठमाडौं छोडेर जनकपुर गइसक्नुभएको थियो । त्यसको केही वर्षपछि उहाँ बनारस जानुभयो । उहाँले गङ्गाजीको प्रतिष्ठामा रचना गर्नुभएको 'गङ्गागौरव' को संस्कृतका विद्वान्हरूले भुरि-भुरि प्रशंसा गरेका छन् । काठमाडौं छोडे पनि उहाँले त्रिभुवन र महेन्द्र शाहहरूसँग पत्रव्यवहार गरी नै रहनुहुन्थ्यो ।

रामभक्त कुलचन्द्रको वृद्धावस्थामा काशीवास गर्ने इच्छा थियो त्यसै अनुरूप रामकुटी, रामघाट, वाराणसीको गङ्गा किनारैमा बनाइएको एउटा ठूलो घरको तल्लो तला पूरै भाडामा लिइएको थियो । कोठाहरू प्रशस्त थिए । बनारसी भन्ने बोलाउने नाम भएका एक जना युवकले किनमेल गर्ने, खाना पकाउने इत्यादि काम गर्दथे । घर शौचालय सफा गर्न एक जना महिला दैनिक आउँथिन् । कलकत्ता नेपाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कन्सुलेटबाट प्रतिमहिना भारतीय रूपैयाँ ३००।-को भत्ता तथा उपदान रजिष्टर गरी आउँथ्यो । कुनै आर्थिक समस्या थिएन ।

उहाँ बिहान बेलुकी केवल दूध मात्रै सेवन गर्नुहुन्थ्यो । मध्याह्नको भोजनमा चाहिँ विभिन्न किसिमका तरकारीहरू, फुल्कारोटी र दही हुन्थे । अपराह्णमा उहाँ फलफूल खानुहुन्थ्यो । बनारसीले उहाँलाई गुरु भनेर सम्बोधन गर्दथे । नोकर र मालिकको भेदभाव थिएन । घर सफा गर्न आउने महिलाले पूजाकोठा पनि सफा गर्थिन् । शालिग्रामको नित्य पूजा र आरती गर्नुहुन्थ्यो । विस्तारै विस्तारै उहाँको शरीर क्षीण हुँदै थियो । नित्य, नियमानुसार पूजा गर्न आफूलाई असमर्थ भएको महसुस गरी एक दिन शालिग्रामहरूलाई गङ्गा-प्रवाह गराई दिनुभयो । पितृश्राद्धको अवसरमा छिमेकको एउटा बाच्छीलाई ल्याएर टोकरीभरीको ताजा तरकारी र क्वाँटी ख्वाउनुहुन्थ्यो ।

२००७ को जनक्रान्तिपछि हर्षले गद्गद् भएर उहाँले आफ्नो शिष्य महाराजाधिराज त्रिभुवनलाई यसरी आदेश दिनुभएको थियो :

नेपाल भूमिलाई सुशीलता सुशासनले ।
राजवतीत्व हयाई तुरुन्त राजन्वती म गर्नेछु ।।

तनले मनले धनले धर्म श्रद्धा रहोस् रैतीमा ।
छैटौं भाग म पाऊँ भन्ने इच्छा म गर्नेछु ।।

यस्तो दृढप्रतिज्ञा त्रिभुवन विक्रम महीपतिले ।
गरिबक्सियोस् र हाम्रो भक्ति बढोस् भन्नुपर्छ रैतीले ।।

'जमिनमा गाडिदिनुपर्ने सामन्ती राजतन्त्रलाई हटाएर, नम्र भएर, प्रजालाई श्रद्धा र धर्मसम्मत व्यवहारद्वारा आफ्नो अनुयायी र समर्थक बनाऊ, शास्त्रोक्त १६ प्रतिशत राजस्व उठाई आफ्नो प्रशासन चलाऊ । यसरी क्रम गर्ने प्रतिज्ञा गऱ्यौ भने जनताले तिम्रो उत्तरोत्तर आदर गर्नेछन् ।'

विलासिताबाट हटाई कर्तव्यबोध गराउने आफ्नो गुरुको यस्तो प्रकारको आशीर्वाद पाएर त्रिभुवनले उहाँलाई 'गोरखा दक्षिणबाहु' र 'विद्वच्छिरोमणि'को राष्ट्रिय सम्मान अर्पण गरे । राजा महेन्द्रले पनि उहाँको सदैव आदर गर्दथे । राजा वीरेन्द्रको पालामा उहाँलाई राष्ट्रविभूतिको रूपमा कदर गर्न हुलाक टिकट छापियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२००७ पछिको नेपाल राज्य, नेपाली समाज र प्रशासन कस्तो हुनुपर्छ भन्ने उहाँको आकांक्षा तल उद्धृत केही श्लोकहरूबाट थाहा हुन्छ :

संस्कृति मर्दा देशै मर्दछ भन्ने विचार रहोस् ।
कुलगौरव रौरवमा पर्दछ भन्ने विचार रहोस् ।।

रक्षण यसले गर्ला भन्ने विश्वास चित्तमा नघटेस् ।
अबतक अजर रहेका मजहवको मान्यता नडगोस् ।।

ज्ञाता रहून् सब जना व्यवहार चलोस् विभिन्न भाषामा ।
बोलीको फरक कतै नरहोस् नेपाल-मण्डलमा ।।

('उन्माद' बाट)

अर्थात् 'आफूलाई प्रशासनबाट आरक्षित सम्झेर सर्वधर्म सम्मानित प्रबुद्ध समाजले आफ्नो संस्कृति र मजहवको पालना कुनै डर नमानी गर्न पाओस् । नेपाल राष्ट्र एक मण्डल (फेडरेशन) होस् जसमा सबै प्रान्तीय भाषाहरूको उपयोग हुन पाओस् । सबैले आफ्नो वचनको इमान्दारीका साथ पालना गरून् (बेइमानी र भ्रष्यचार नहोस्) । ५८ वर्ष पहिले उहाँले गर्नुभएको आधुनिक नेपालको कल्पना आजको नेपाली जनआकांक्षाअनुरूप भएबाट कुलचन्द्र एक दूरदर्शी महापुरुष मात्र नभई नेपाल राष्ट्रको बौद्धिक नेतृत्वको अग्रणी पनि हुनुहुन्थ्यो भन्नु अत्युक्ति हुँदैन ।

विलक्षण प्रतिभावान् कुलचन्द्रले संस्कृत साहित्यको मात्र होइन मातृभाषा नेपालीको पनि प्रशस्त सेवा गरेको देखिन्छ । उहाँका नेपाली रचनाहरूमा अलङ्कार चन्द्रोदय, स्वयंवैद्य, उपहार, तुलसीकृत रामायणको अनुवाद, उन्माद, राघवालङ्कार, शिवमहिम्नस्तोत्रको अनुवाद र संस्कृत-नेपाली शब्दकोश प्रकाशित भएका छन् । केही अरू कृतिहरू अझै अप्रकाशित अवस्थामा रहेका छन् । वैद्यवल्लभ, राघवालङ्कार र शब्दकोश उहाँको मृत्युपछि प्रकाशित भएका हुन् ।

धेरै महापुरुषहरूको चिनारी उनीहरूको मृत्युपछि भएको पाइन्छ । तर कुलचन्द्रलाई समकालीन विद्वद्वर्ग र उहाँका शिष्यहरूले उहाँको जीवनकालमै चिनेर सम्मान गर्न सकेका थिए । संस्कृतसाहित्यमा अभिरुचि राख्ने भारतीय विद्वत्समाजले उहाँलाई 'विद्याभूषण' र 'साहित्यमणि' जस्ता उपाधि दिएर विभूषित गरेको थियो । समकालीन नेपाली अग्रणी कविहरूले उहाँलाई गुरुको आसन दिएर उहाँको प्रतिष्ठा बढाएका थिए । बनारसको नेपाली विद्वत्समाजले उहाँलाई 'महाकवि'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

को उपाधिले सम्मानित गरेर अभिनन्दन गऱ्यो तर त्यस बेलासम्ममा कुलचन्द्र साह्रै कमजोर भइसक्नुभएको थियो । उच्चातिउच्च सम्मान पाएर विभूषित हुनुभए पनि कुलचन्द्रमा घमण्ड थिएन । स्वाभिमान र घमण्डको फरक उहाँको चरित्रबाट चरितार्थ हुन्थ्यो उहाँले लेख्नुभएको छ :

मुलायमी साथ लिएर सर्वदा
वचन् नबिङ्ने गरी बोल्नुपर्दछ ।
मुलायमीमा पनि सत्यता रहोस्
भनेर होस् राख्नु अवश्य पर्दछ ।।

महत्त्व छाडी मसिना भयौं भने
सबै जना आदरपात्र बन्दछौं ।
बेसै छ मार्सी, तर चित्तले भने
समुद्रफेनै बढिया छ भन्दछौं ।।

उहाँलाई आफ्नो अन्तिम समय नजिकै आउन लागेको पूर्वाभास थियो । केही समय बाँकी छँदैमा उहाँले संन्यास लिने मनसुवा लिनुभयो । केही वर्ष पहिले नै उहाँले लेख्नुभएको थियो :

कुनै कसैमा र कुनै कसैमा
कुन् कसैमा व्यवसाय गर्छन् ।
कुन् वस्तु हो लौ, सुख भन्नुपर्ने
यथार्थ यो पण्डितजी बताऊ ।।

कनक् र कान्ता प्रिय छन् तथापि
आखिरमा पीर गभीर दिन्छन् ।
ठूलाबडाले अनुभव् गरेको
विरक्ति नै हो, सुख यो बढाऊ ।।

उहाँलाई मधुमेहको रोग ता साधारण खालको थियो तर कम्मरमा भएको एउटा डल्लो फुटी बारम्बार रगत र पीप आउँथ्यो । शल्यक्रिया (अप्रेसन) गरेर त्यसलाई काटेर फाल्नुबाहेक त्यसको कुनै दिगो उपचार थिएन । तर त्यस बेलामा एक त असी वर्षको वृद्ध, त्यसमा पनि मधुमेहको रोगी भएकाले कुनै पनि सर्जनले सो अपरेसन गर्ने हिम्मत गर्न सकेका थिएनन् । अहिले अड्कल गर्दा त्यो कुनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्बुद नभई एउटा 'पायोजेनिक ग्र्याल्नुलोमा' अर्थात् एकप्रकारको बिग्रेको फोडा थियो जस्तो लाग्छ ।

मृत्यु हुने दुई दिन अघिसम्म पनि उहाँ एक्लै उठेर शौचालय जान सक्नुहुन्थ्यो । नेपाली शब्दकोश लेख्दै हुनुहुन्थ्यो, होशमै हुनुहुन्थ्यो । श्रीरामको भजन सुन्दै संवत् २०१५ मार्ग अष्टमी (४ डिसेम्वर १९५८) मा ब्राह्ममुहूर्त उषाकालमा उहाँको आत्मा शिवलोकतर्फ प्रस्थान भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक अञ्जलि

(प्रथम संस्करणबाट)

प्रकृतिको आनन्दवनमा चिरकालदेखि विभिन्न रूप आकार न्यूनाधिक वासनाहरू लिएर अनन्त फूल फूली रहेका छन्। गगनमण्डलका ताराहरू सरह यता उता छरिई रहेर व्यक्त अव्यक्त प्रकाशद्वारा केवल प्रकृतिको उपासनामा नै ती आफूलाई कृतार्थ मान्दैनन्, किन्तु बिन्दु बिन्दु जल आफूसमा मिलेर साना ठूला स्रोत जलाशयका रूपमा भूमिको आँत रसाइदिने भएझैं उपयोगी भई सौभाग्यवान् हुन चाहन्छन्, यस निमित्त कुनै उपभोग–कुशलको शुभ दृष्टि पाउँन प्रतीक्षा गरी रहन्छन्। तिनको भावना साकार गराइदिने कुनै प्रतिभावान्को दृष्टि पर्दा चयन शोधन योजन आदि संस्कारद्वारा मनोहर झुप्पा गजरा माला तोरण वन्दनवार आदि नवजीवनमा परिणाम हुन्छ; जुन जीवन कुनै आदरणीय प्रतीकको संमान, कुनै भव्य भवन भूमिको शृङ्गार, कुनै सरस आत्माको विनोद, यस्तै विविध उपयोगले सुजीवन बनी लोकप्रिय हुन्छ। यस जीवनमा कलाकारको अन्तर्भावना अव्यक्तबाट व्यक्त भएको हुन्छ। कलाकारले कलालाई, कलाले कलाकारलाई साकार चिरजीवन दिलाउँछ। कला नै कलाकारको प्रतीक बनेर चिरस्थायी संमानको उपभोग गर्दछ।

यी दृश्य फूलजस्तै, किंवा सोभन्दा पनि माथिल्लो तहका कानहरूद्वारा उपयोग लिइने सुवर्णमय फूल–अनन्त वाङ्मयाकाशमा चिरकालदेखि विकसित रहेर ती पनि कुनै गुम्फन–कलाँ–कुशलको हातमा परी शुभ जीवन पाउने अवसर बारम्बार चाहिरहन्छन्। अतीत कालदेखि असङ्ख्य पटक उपयुक्त हुँदै रहेपनि ती कहिल्यै ओइलाउँदैनन्, नयाँ नयाँ विन्यासको रूपमा सदा ताजा नै देखिन्छन्। मूल अवयव परिमित भए पनि योगको विभिन्नतारूप प्रस्तारले गर्दा असङ्ख्य थुङ्गा बनेका छन्, ती थुङ्गामा फेरि विन्यास–कौशलले गर्दा असङ्ख्य माथि अनन्तता पनि थपिन्छ। विभिन्न कक्षाका गुम्फनकला–प्रेमीका भावनामय कल्पनामा केही विचित्रता देखिएमा मूल्याङ्कन उक्लन्छ।

यो गुम्फनकला शास्त्रीय र लौकिक विषयलाई लिएर दुइ भागमा विभक्त छ। हुनता शास्त्रीय पनि लौकिक, लौकिक पनि शास्त्रीय हुनशक्दछ, तथापि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शास्त्रीयमा भित्री सूक्ष्म लक्ष्य लिएर अन्तर्मुख, लौकिकमा बाहिरी स्थूल लक्ष्य लिएर बहिर्मुख गुम्फन यही विशेष छ। शास्त्रीय लक्ष्य भएको गुम्फनमा आन्तर विचारधाराको गहीरो आस्वाद असाधारण कक्षामा रही अधिकार पुगेकाले मात्र र, लौकिक लक्ष्य भएको गुम्फन आन्तर भावनाको रसले लफलफाउँदो भएमा त्यसको मधु–मधुर स्वाद योग्यताअनुसार धेरथोर सर्वसाधारणले लिन शकिने हुन्छ। शास्त्रीय विषय पनि लौकिक साँचोमा ढालिएको गुम्फन सहृदय–प्रिय हुने गर्दछ। गुम्फनमा शब्द र अर्थ यी बाहिरी भित्री दुइ तह हुन्छन्। निपुण पुरुषको योजना–कुशलताले दुवै तहमा विन्यास र भङ्गीका विशेषले मनोहर बुट्टाहरू पर्न शक्तछन्, तिनै बुट्टाहरू शोभा बढाउने अलङ्कार कहलाउँछन्। आलङ्कारिक परिस्थितिमा नवीनता हृदयाकर्षक हुन्छ। यस्तो विशिष्ट गुम्फन–भावनामय नैसर्गिक स्फुरण शिक्षा तत्परताहरूको साध्य, हार्दिक उल्लासको साधन भएर उत्कर्षको प्रभा वरपर फिंजाउन समर्थ हुन्छ। निपुण नर्तकले उही कुरा विभिन्न भावका साँचामा ढाली मिल्दा अभिनयद्वारा नाना स्वाद दिने गराएझैँ कुशल गुम्फकले उही विषय आलङ्कारिक भङ्गीद्वारा नव नव स्वरूपमा उतारी भावुकको हृदय प्रफुल्लित पार्दछन्। सर्वसाधारण उनै शब्द हुन्, उनै अर्थ हुन्, तिनलाई विभिन्न विन्यास र शैलीमा ढालेर नव नव मधुर आस्वादन दिलाउने गराउँनु प्रतिभाको करामात मानिन्छ। यसैमा कुशलता अभिव्यक्त हुन्छ।

यस्तै गुम्फन–कुशलहरूका श्रेणीमा साहित्याचार्य विद्वच्छिरोमणि कुलचन्द्र गौतमजीको विशिष्ट स्थान छ। उहाँको संस्कृत–कवित्व भागवतमञ्जरी, गङ्गागौरव, हरिवरिवस्याहरूमा उत्कृष्ट कक्षाको देखिन्छ। प्राचीन विशिष्ट कविहरूका रचनामा पाइने प्रौढि र माधुर्यको प्रभाले ती कृति समुज्ज्वल छन्। उहाँको कवित्वको गौरव नेपालमा मात्र सीमित नभई भारततर्फका विद्वत्समाजमा पनि आदृत र प्रख्यात छ।

आफ्नो त्यो कुशलताको उपयोग नेपाली–भाषा–कवित्वतर्फ पनि गरी अलङ्कारचन्द्रोदय भन्ने एक आलङ्कारिक कविता अगि प्रकाशित गरी उहाँले मातृभाषामा श्रद्धा जनाउँनुभएको हो, अरू फुटकर भाषा श्लोक रचनाहरू पनि प्रकाशित छन्। उहाँले आफ्नो वाग्विभूतिको सदुपयोग गर्ने उद्देश्यले अन्तिम वयमा उम्लेर आउने भक्ति–रसमा भिजेका भावतन्तुहरूको योगबाट प्रेमीहरूलाई प्राचीन शैलीका अलङ्कारहरूको परिचयसमेत गराउँने गरी यो राघवालङ्कार नामक स्तवकाव्य मातृजगत्मा आफ्नो स्मारक प्रतीक रचना गर्नुभयो। यो अप्रकाशित अवस्थैमा छोडी केही महिना अगाडि ८३ वर्षको उमेरमा उहाँ काशीमा शिव–सायुज्य प्राप्त हुनुभयो। यसमा मधुर पदविन्यास, विभिन्न भङ्गी, भावगाम्भीर्यहरू साथमा लिएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदर्श प्रकृति–पुरुषप्रति श्रद्धाको प्रवाह आलङ्कारिक विभिन्न गतिमा बहेको पाइन्छ। प्रसङ्गवश सनातन–संस्कृतिसम्बन्धी केही विषयहरू पनि अङ्कित छन्। नेपाली वाग्देवीको शृङ्गारभूषणरूप यो स्तव–काव्यको प्रकाशन प्राच्य आलङ्कारिक शैलीको परिचय गराउँदै मातृभक्तहरूलाई आनन्ददायी र, दिवङ्गत आत्मालाई पनि सन्तोषप्रद हुनेछ भन्ने नेपाल एकेडेमीको धारणा छ।

पण्डितजीका चतुर्थ पुत्र सुशिक्षित लक्ष्मीनाथ गौतमले अप्रकाशित अवस्थामै पिताजीले छोडी जानुभएको यो ग्रन्थ प्रकाशनार्थ अर्पित गर्नुभएको हुनाले उहाँका प्रति पनि नेपाल–एकेडेमी आभारी छ।

मातृभूमि र भाषाको गौरव बढाउँने विशिष्ट विद्वान् तथा शिक्षा–समयदेखिका प्रेमी सतीर्थ्य समेत श्रीकुलचन्द्र गौतमजीको ज्ञान तप वय तीनै वृद्धताको स्मारक प्रतीक यस ग्रन्थको मुद्रणसम्बन्धी काममा यत्किञ्चित् भए पनि समय दिन पाउँदा व्यक्तिगत पनि हार्दिक आनन्द लागेको छ। उहाँको सत्कृतिका उज्ज्वल धारामा आफ्नो त्रुटिका मलिन रेखा पनि अङ्कित भए हुनन्, ती पनि सहृदयहरूको कृपारसले धोइनेछन् भन्ने आशा राख्तछु।

सोमनाथ शर्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयानुक्रम

क्रम सं.	शब्दालङ्कार	पृष्ठ सं.	क्रम सं.	अर्थालङ्कार	पृष्ठ सं.
१.	वक्रोक्ति	१	२४.	कारणमाला	९६
२.	अनुप्रास	४	२५.	एकावली	९६
३.	यमक	९	२६.	मालादीपक	९७
४.	पुनरुक्तवदाभास	१५	२७.	अप्रस्तुतप्रशंसा	९७
५.	श्लेष	१६	२८.	समासोक्ति	१००
६.	प्रहेलिका	२१	२९.	आक्षेप	१०१
७.	बहिरालाप	२१	३०.	अर्थान्तरन्यास	११८
८.	अन्तरालाप	२१	३१.	विकस्वर	१२२
९.	बन्धचित्र	२२	३२.	विशेष	१२२
			३३.	सम	१२४
	अर्थालङ्कार		३४.	विषम	१२५
१०.	स्वभावोक्ति	२२	३५.	विधि	१२६
११.	उपमा	५४	३६.	प्रतिषेध	१२७
१२.	रूपक	६७	३७.	प्रौढोक्ति	१२७
१३.	परिणाम	७४	३८.	व्याघात	१२८
१४.	उल्लेख	७६	३९.	मिथ्याध्यवसिति	१२८
१५.	स्मरण	७७	४०.	विकल्प	१२८
१६.	दीपक	७८	४१.	लोकोक्ति	१२९
१७.	अतिशयोक्ति	८२	४२.	विचित्र	१२९
१८.	उत्प्रेक्षा	८४	४३.	असङ्गति	१३०
१९.	व्यतिरेक	८६	४४.	परिवृत्ति	१३१
२०.	व्याजस्तुति	८९	४५.	पर्यायोक्त	१३२
२१.	व्याजनिन्दा	९२	४६.	सार	१३३
२२.	अपह्नुति	९२	४७.	अन्योन्य	१३४
२३.	तुल्योगिता	९५	४८.	निदर्शना	१३४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रम सं.	अर्थालङ्कार	पृष्ठ सं.
४९.	हेतु	१३५
५०.	सूक्ष्म	१३८
५१.	लेश	१३९
५२.	उदात्त	१४२
५३.	परिकर	१४७
५४.	परिकरांकुर	१४७
५५.	यथासंख्य	१४८
५६.	दृष्टान्त	१४८
५७.	कारकदीपक	१४९
५८.	समुच्चय	१४९
५९.	पर्याय	१५०
६०.	अल्प	१५१
६१.	अधिक	१५१
६२.	असंभव	१५२
६३.	रत्नावली	१५२
६४.	गूढोक्ति	१५३
६५.	प्रत्यनीक	१५३
६६.	भाविक	१५४
६७.	पिहित	१५५
६८.	सामान्य	१५५
६९.	उन्मीलित	१५६
७०.	मीलित	१५६
७१.	तद्गुण	१५७
७२.	पूर्वरूप	१५८
७३.	युक्ति	१५८
७४.	अतद्गुण	१५९
७५.	निरुक्ति	१५९
७६.	छेकोक्ति	१६०
७७.	विनोक्ति	१६१
७८.	अनुज्ञा	१६२
७९.	उत्तर	१६२
८०.	उल्लास	१७४
८१.	अवज्ञा	१७६
८२.	विरोधाभास	१७६
८३.	परिसंख्या	२२६
८४.	प्रहर्षण	२४८
८५.	विषादन	२५०
८६.	काव्यार्थापत्ति	२५०
८७.	व्याजोक्ति	२५१
८८.	विवृतोक्ति	२५२
८९.	ललित	२५२
९०.	प्रस्तुतांकुर	२५२
९१.	समाधि	२५३
९२.	मुद्रा	२५३
९३.	रसवान्	२५४
९४.	प्रेय	२५५
९५.	ऊर्जस्वि	२५६
९६.	समाहित	२५७
९७.	भावोदय	२५७
९८.	भावसन्धि	२५८
९९.	भावशबलता	२५९
१००.	प्रमाण	२५९
१०१.	आशीः	२६३
१०२.	संसृष्टि	२६४
१०३.	सङ्कर	२६५
	उपसंहार	२६७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

॥ श्रीमन्मङ्गलमूर्तये नमः ॥

राघवालङ्कार

अलङ्कारचमत्कारपूर्ण श्रीराम-स्तव-काव्य

(लक्षण-उदाहरण-विवरणसहित)

(१) वक्रोक्ति अलङ्कार

यौटाले यौटा अभिप्रायले बोलेका वाक्यमा अर्काले श्लेष (अनेकार्थवाची शब्द) द्वारा अथवा काकु (स्वरभङ्ग) द्वारा अर्कै अभिप्राय लगाएर तदनुसार जवाब दिंदा वक्रोक्ति अलङ्कार हुन्छ, जस्तै –

भङ्गश्लेषवक्रोक्ति–१

(वसन्ततिलका)

श्रीरामका गुण म–गाउँछु मित्र ! तिन्का
मिल्छन् कहाँ गुण ? अलीकति लौ म लिन्छू ।
सर्वत्र छन् सुलभ छन् अनमोल जो छन्
तिन्का तिनै गुण सभक्ति सुनाइदिन्छू ॥१॥

ती सत्त्व गुण् र रजगुण् तमगुण् तिनै हुन्
यो जान्दछू तर उ ता अगुणै रहन्छन् ।
ठीक् हो, उता अगुण छन् र अगेय ती छन्
ऐले यता गुण लियेपछि गेय हुन्छन् ॥२॥

तात्पर्य– यहाँ प्रथम-वक्ताले बोलेका 'म गाउँछु' यो वाक्यमा द्वितीय-वक्ताले 'मगाउँछू, (झिकाउँछू)' यस्तो तात्पर्य लियेर तदनुसार 'तिन्का गुण कहाँ मिल्छन् ? म पनि झिकाउँछू' यस्तो जवाब दियेको छ । फेरी प्रथम-वक्ताले आफ्नु अभिप्राय खोल्न 'रामजीका गुण सर्वत्र छन्, सुलभ छन्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

अनमोल छन्, तिन्का तिनै गुण भक्तिसहित भयेर म गाइदिन्छु, (गाना गरेर सुनाइदिन्छू, सुन)' यो आशयले बोलेका वाक्यमा द्वितीय–वक्ताले 'तिनै गुण' यस्को '३ गुण' यस्तो तात्पर्य लिएर रामजीको निर्गुणता सिद्ध गर्न "उ ता अगुणै रहन्छन्, (रामजी ता निर्गुण (गुणातीत = शुद्ध ब्रह्मस्वरूप) रहन्छन् खास उन्का गुणै छैनन्, जती काम भयेका छन्, ती सबै मायाका काम हुन्, के गुण गाउँछौ ? तिमीले 'रामका गुण गाउँछु' भन्न जानेनौ" यो आशयले बोलेका वाक्यमा प्रथम–वक्ताले 'उता' यस्को भिन्नै तात्पर्य लगायेर "ठिक् भन्यौ, रामजी उता (निर्गुण = निरञ्जन = निराकार अवस्थामा) अगेय (गान गर्न नशकिने = वचनका अगोचर) छन्, ऐले यता (सगुण अवस्था लियेर लीलाविहार गर्न लागेका हालतमा गेय (गान = गुणकीर्तन गर्न शकिने र 'कोटिं त्यक्त्वा हरिं भजेत्' इत्यादि आर्ष उपदेशका अनुसार करोडौं कामको पनि वास्ता नराखेर गुणगानरूपी–भजन गर्न योग्य) छन् त्यसैले 'गुण गाउँछु' भनेको हूँ, तिमिले नै 'रामका गुण गाउँछु भन्न जानेनौ,' भन्न जानेनौ" यस्तो तात्पर्य देखाएको हुनाले लक्षणसमन्वय भयेको छ।

यहाँ 'म गाउँछु' यहाँ २ पदको १ पद पारेको, 'उ ता' यहाँ २ पदको १ पद पारेकोले भङ्गश्लेषमूलक–वक्रोक्ति पर्दछ।

अभङ्गश्लेषवक्रोक्ति–२

(वसन्ततिलका)

श्रीरामका गुण सुनेपछि दङ्ग पर्छौ ?
लोटेर पङ्क्तिर पर्दिन खूब गाऊ।
हे मित्र ! यो अति मनोहर अर्थ छान्यौ
श्रीराम हुन् पतितपावन खूब जान्यौ ॥३॥

यहाँ प्रथम–वक्ताले 'श्रीरामका गुण सुनेपछि तिमि दङ्ग पर्छौ ? (खूब खुशी हुन्छौ ? तिमी खुशी हुने भए मात्र म गाउँछू, नत्र अनधिकारीका अगाडिमा गुण गाउनु मुनासिव छैन)' यो अभिप्रायले बोलेका वाक्यमा द्वितीय–वक्ताले 'दङ्ग पर्छौ' यस पदको 'लोट्छौ = पछारिन्छौ, हिलामा लत्पतिन्छौ' यस्तो अर्थ लगाएर "श्रीरामका गुण सुनेपछि म लोटेर पङ्क्तिर पर्न जानेछैन, गाउ" यस्तो अभिप्राय देखायेमा फेरी प्रथम–वक्ताले "हे मित्र ! तिमिले 'दङ्ग पर्छौ' यस पदको बडो राम्रो अर्थ छान्यौ, श्रीरामका गुणको श्रवण गर्ने मानिस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दङ्ग पर्ने गरी लोटेर (पतित भयेर) पङ्कतिर पर्न जाने (पापाचरणमा फस्न जाने) हुँदैन श्रीरामजीको 'पतितपावन' भन्ने विरुदावलि तिमिले पनि खूब जानेका रहेछौ, तिमिलाई धन्यवाद छ, गुणश्रवण गर्ने अधिकार तिमिले देखायौ लौ सुन" भनेर आफ्ना उद्देश्यको अर्थबाहेक अर्को अर्थको श्लेषद्वारा अनुमोदन गरेको छ।

यहाँ 'दङ्ग, लोटेर, पङ्क', ई ३ शब्दमा अभङ्गश्लेष राखिएको छ।

भङ्गाभङ्गश्लेषवक्रोक्ति—३

(वसन्ततिलका)

सुन्देउ गाउँछु रमापतिको चरित्र
सुन् छैन मित्र ! सकियो, अवधान दिन्छू।
पाएँ अभीष्ट अब रद्द गर्‍यौ मलाई
सद्दे छँदै कसरि रद्द भयौ त भाई ॥४॥

यहाँ प्रथम-वक्ताले रामचरित्र सुनाउने खायश गरेर 'चित्तमा श्रद्धा नभए पनि मेरा मुलाहिजाले रामचरित्र सुनिदेऊ' यो आशयले 'सुन्देउ गाउँछु रमापतिको चरित्र' भनेको हो। रमापतिको चरित्र गाउन सुन् मागेको होइन तापनि द्वितीय-वक्ताले 'इन्ले मलाई श्रद्धाहीन भयेको व्यक्ति ठानीकन 'सुन' नभनेर 'सुन्देउ' भने- 'अब इन्लाई टेढा कुरा गरेर आफ्नु आशय झल्काउनुपर्‍यो', भन्ने आशयले 'सुन् छैन, सकियो, अवधान दिन्छु' भनेर अश्रद्धताको कारण ठहरिएको पूँजीपतित्वसूचक-सुन् सकियो, त्यसको बदलामा अब धान (धान्य) दिन्छु भनेर अवधान (एकाग्रता) दिने आशय झल्काएको हो। फेरी प्रथम-वक्ताले 'अभीष्ट (आफुले खोजेको अवधान = एकाग्रता) पाएँ, हे मित्र ! तिमिले मलाई रद्द (अति प्रसन्न) पार्‍यौ' भन्दा द्वितीय-वक्ताले आफ्नु आशय बुझेर प्रसन्न भयेका मित्रलाई रद्द शब्दको अर्को अर्थ (रद्द = रद्दी = वेकम्मा भन्ने) लिएर खुशीको ठट्टा गर्दै 'भाईसाहेब ! तिमी सद्दे (असल) छदाछदैमा रद्द (विकम्मा) कसरि भयौ ?' भनि प्रश्न गरेको हो।

यहाँ 'सुन्देउ, अवधान' यत्ति अंशमा भङ्गश्लेष, 'रद्द' यो अंशमा अभङ्ग-श्लेष परेकोले यो श्लोक भङ्गाभङ्गश्लेषवक्रोक्तिको उदाहरण हुन शक्तछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काकुवक्रोक्ति—४

(वसन्ततिलका)

यस्तो कराल कलिकाल बढेर आयो
श्रीरामको चरणचिन्तन लौ नगर्नू ?
संसार सागर अपार बुझ्रेर यस्मा
श्रीरामका चरणका भरमा नपर्नू ? ॥५॥

यहाँ स्वरभङ्गद्वारा 'श्रीरामको चरणचिन्तन अवश्य गर्नू, श्रीरामका चरणका भरमा अवश्य पर्नू' यस्तो अर्थ बुझिन्छ र काकुवक्रोक्ति पर्दछ।

(२) अनुप्रास

वर्णको आवृत्तिलाई अनुप्रास भन्दछन् । अनेक व्यञ्जनवर्णको एक आवृत्ति भयेमा 'छेकानुप्रास १', अनेकव्यञ्जनवर्णको अनेक पटक आवृत्ति र यौटा व्यञ्जनवर्णको अनेक आवृत्ति भयेमा 'वृत्त्यनुप्रास २' एकस्थानीय व्यञ्जनवर्णको मात्र आवृत्ति भयेमा 'श्रुत्यनुप्रास ३', श्लोकका विश्रामस्थानमा वर्णको आवृत्ति भयेमा 'अन्त्यानुप्रास ४', आदि र अन्तमा (विश्रामस्थानमा) वर्णको आवृत्ति भयेमा 'आद्यन्तानुप्रास ५', माझका वर्णको आवृत्ति भयेमा 'मध्यानुप्रास ६', अघिल्ला पाउका अन्तिम–वर्णको पछिल्ला–पाउका आदिमा आवृत्ति भयेमा 'शृङ्खलानुप्रास ७', वाच्यार्थ यौटै रहेर तात्पर्य मात्र भिन्न भयेका शब्दको आवृत्ति भयेमा 'लाटानुप्रास ८' हुन्छ। जस्तै–

छेकानुप्रास—१

(आर्या)

अब अन्त छैन करुणा, सन्तहरू व्यर्थ भूलमा पर्छन्।
शबरीमङ्गलदाता[1] जङ्गलवासी उनै दया गर्छन् ॥१॥

लङ्काधिनाथहन्ता[2] शङ्का–सन्ताप–हर्ता छन्।
कर्ता तिनै–जगत्का इनै[3] सबैका सहारा छन् ॥२॥

---

१. शबरी नाम भएकी नीच जातीय स्त्रीलाई संसारिजनदुर्लभ मुक्तिपद दिने वनवासी रघुवीर।

२. लङ्काको मालिक (रावण) लाई मार्ने रामजी शङ्कालाई पनि मार्नुहुन्छ।

३. 'इनै' को सहारा नपाई 'तिनै' बन्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ— सन्त–अन्त, मङ्गल–जङ्गल, लङ्का–शङ्का, हर्ता–कर्ता, यो अंशमा नकार–तकार, ङकार–गकार प्रभृति अनेक व्यञ्जनवर्णको १ आवृत्ति छ।

वृत्त्यनुप्रास—२

(अनुष्टुप्)

अवार्य[1] शौर्य जस्को छ धैर्य जस्को अहार्य[2] छ।
कार्य जस्को उदाहार्य[3] सर्वदा अनुकार्य छ ॥३॥
जनरञ्जनचातुर्य[4] जस्को माधुर्यपूर्ण[5] छ।
जस्का औदार्यको सीमा[6] अगम्य अविचार्य छ ॥४॥

यहाँ 'र् य्' ई अनेक व्यञ्जनवर्णको अनेक–आवृत्ति छ।

कुनै–कुनैले जानेका उनै श्रीरामचन्द्रको।
तमाम काम छाडेर नामकीर्तन गर्दछू ॥५॥

'नै' यो वर्णको र 'म' वर्णको अनेक–आवृत्ति छ।

(आर्या)

हर्षविषाद—हुरीका प्रवाहमा हर्दमै नवहौं।
हनुमानझैं हमेशा हजूरमा हाजिरै म रहौं ॥६॥

एक हकारको अनेक आवृत्ति छ।

---

१. हटाउन नशकिने [ब्रह्माण्डविजयी खर–दूषण–त्रिशिरा–कुम्भकर्ण–मेघनाद–रावणप्रभृतिले पनि श्रीरामजीको शौर्य हटाउन शकियेन]।

२. हर्न नशकिने [राज्यापहार, दण्डकारण्यमा चिरकालनिवास, जगत्प्रख्यात पराक्रम भयेका रावणसँग द्वन्द्वयुद्ध हुँदा पनि श्रीरामजीको धैर्य हरियेन]।

३. उदाहरण दिन लायक [श्रीरामजीका ब्रह्मण्यता–सत्यसन्धताप्रभृति सद्गुणबाट भयेका सबै कार्य 'ब्रह्मण्यः सत्यसन्धश्च रामो दाशरथिर्यथा' इत्यादि रूपले उदाहरण (आदर्श) मानिएका छन्]। प्रत्येक सज्जनले त्यो कार्यको अनुकरण गर्नुपर्दछ।

४. दुनिया राजी राख्ने बुद्धिमत्ता [दुनिया राजी पार्नाका निमित्त प्राणभन्दा प्यारी भयेकी जानकीजीलाई पनि परित्याग गरेर चातुर्यको—

५. माधुर्य देखाउनुभयेको छ।

६. औदार्यको अवधि [कडा २ तपस्या गरिकन ब्रह्माण्ड विजय गरेर रावणले कमायेको संपत्ति एकमुष्ट गरेर विभीषणलाई [illegible], कस्तो औदार्य ?]।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भवभञ्जन ! भगवन् ! भरताग्रज ! भूमिभारहर !
भारी भक्ति उभारी भलाइले भृत्यलाइ भर ॥७॥

एक भकारको अनेक आवृत्ति छ।

श्रुत्यनुप्रास—३

(अनुष्टुप्)

दीनता सन्तत लिने दीनले दिन्दिनै दिने।
सनातनी–सती–सीता–नाथले नति ती लिने ॥८॥

यहाँ सबै व्यञ्जनवर्ण दन्तस्थानीय मात्र राखेर आवृत्ति भयेको छ।

अर्थ— सन्तत (सँदै) दीनता लिने दीनले दिन्दिनै दिने (प्रतिदिन चढाइने) ती नति (चढाइयेका ती नमस्कार) सनातनी–सती–सीतानाथले (अविनाशिनी–पतिव्रता–जानकीजीका स्वामी (श्रीरामजी) ले) लिने (लिनुपर्छ)।

अथवा—

सनातनस्थिति लिने सती–सीताधिनाथले।
दिल्ले दिने हीनताले लेलान् लौ नति दिन्दिनै ॥९॥

यस्को अर्थ पूर्वश्लोकले गतार्थ छ।

अन्त्यानुप्रास—४

(शार्दूलविक्रीडित)

विद्वत्ता–गुणपूर्णता सदयता साथै हुने शौर्यले
सर्वोच्च–प्रभुता विचारपरता इत्यादिका वर्गले।
जो संयुक्त विराजमान रहँदा शोभा अपूर्वै थियो।
उन्कै कीर्तन गर्नलाई मनले उत्साह किंचित् लियो ॥१०॥

यहाँ प्रत्येक पादान्तमा वर्णावृत्ति प्रधान छ, बीच २ को वर्णावृत्ति गौण हो।

आद्यन्तानुप्रास—५

(वसन्ततिलका)

घेरा दिएर मनमा रहने प्रचण्ड
मेरा छ शत्रुहरूले वरवाद पारे।
के राज हुन्छ ? बढिया पण त्यो अखण्ड
हे राम ! बिर्सनुभयो कि ? दशाननारे ! ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection.

यहाँ प्रत्येक पाउका आदिमा र प्रथम-तृतीय, द्वितीय-चतुर्थ पाउका अन्तमा अनुप्रास परेको छ।

अर्थ— हे दशाननारे ! (हे रावणघातक = हे दुष्टसंहारक !) हे राम ! मेरा मनमा घेरा दियेका काम-क्रोध-लोभ-मोह-मद-मात्सर्यरूपी प्रचण्ड छओटा शत्रुले मलाई वरवाद पारे। 'शरण परेका प्राणिलाई अभय दिन्छु, मेरो यो व्रतै छ' भनेर विभीषण शरण पर्न आयेका वेलामा हजूरले आफ्ना पण (प्रण) को घोषणा गर्नुभयेको थियो, त्यस्तो असल पण हजूरले मेरा पालामा ऐले बिर्सनुभयो कि ? [अब मैले याद दिलाएँ] पक्क परेर किन राज भयेको ? [शरणागत भयेपछि करुणाकटाक्ष पाउनुपर्ने हो]।

मध्यानुप्रास—६[1]

(वंशस्थ)

समस्त साधारणका बयानमा
अनेक बाधा उपहार पाइयो।
विवेकका धारक रामभद्रको
तसर्थ आधार अनाथले लियो ॥१२॥

यहाँ प्रत्येक पाउका चतुर्थ पञ्चम वर्णमा अनुप्रास छ। अन्तको अनुप्रास गौण हो।

शृङ्खलानुप्रास—७

(वसन्ततिलका)

त्यो रूप अद्भुत महाप्रभुको उदायो।
पायो प्रकाश पृथिवीतलले प्रशस्त।
मस्त प्रभुप्रणयले[2] भइ कीश[3] जागे
भागे निशाचर मरे कति उग्रवेष ॥१३॥

१. कविताकामिनीका पादान्तलाई पाउजेबझैँ अलंकृत गर्ने अन्त्यानुप्रास जस्तै चूडामणिझैँ अलंकृत गर्ने र काञ्चीझैँ अलंकृत गर्ने ई २ भेद (आद्यनुप्रास-मध्यानुप्रास) मानेमा प्रत्यवाय लाग्नेछैन।

२. श्रीरामजीको प्रेम पाउनाले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. सुग्रीव, अङ्गद, हनूमान्प्रभृति वानरवर्ग।

शेष द्विजिह्वपतिले[1] शिर सब् उचाले
थाले सहर्ष भइ गाउन कीर्तिगाथा।
माथा झुकाइकन जीवसमूह सारा
आराधना हजुरको अनि गर्न लाग्यो ॥१४॥

भाग्यो विपद्‌गण समस्त थिएन पत्ता
सत्ता रहेछ तर आज चढ्यो ममाथी।
साथी कुनै पनि मिलेन ठूलो छ बाधा
आधारमा छु प्रभुको कति हात जोरू ? ॥१५॥

यहाँ अगिल्ला २ पाउका व्यञ्जनवर्णको पछिल्ला २ पाउका आदिमा आवृत्ति हुँदा शृंखला (सिक्री) का आकारले अनुप्रास पर्दछ। रचना टुङ्गियेपछि रचनाका आदिका २ वर्ण 'त्यो रू' जस्तै 'जोरू' परेको हुनाले यी ३ श्लोकको यौट संयुक्त सिक्री बन्दछ।

लाटानुप्रास—८

(वंशस्थ)

हजूर राजी रहँदा पनि प्रभो !
गुणी रहेका गुणहीन बन्दछन्।
हजूर नाराज हुँदा पनि प्रभो !
गुणी रहेका गुणहीन बन्दछन् ॥१६॥

यहाँ द्वितीय र चतुर्थ पाउको वाच्यार्थमा फरक छैन, 'हजूर राजी भइबक्सियो भने सत्त्व-रज-तम गुणले संयुक्त भएर संसारचक्रमा घुमिरहेका प्राणीहरू गुणहीन बन्दछन् (निर्गुण हुन्छन् = मुक्त हुन्छन्)। नाराज भइबक्सियो भने पनि गुणी रहेका गुण (अनेकानेक फाइदा गर्ने सद्‌गुण) हीन (तुच्छ = फायदा गर्न नशक्ने) र बन्द (रोकियेका) छन् (हुन्छन्)। यस्ता प्रकारले तात्पर्य मात्र फरक छ।

अथवा—

(अनुष्टुप्)

रामको करुणा पाए गुड गोवर बन्दछ।
त्यो नपाए पनी हेर ! गुड गोवर बन्दछ ॥१७॥

---

१. भूभारले आक्रान्त भयेका नागराज शेषजीले भार हल्का भई शिर उचाल्न पाये।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

अर्थ–

श्रीरामजीले कृपा गर्नुभयो भने गोवर जस्तो तुच्छ–व्यक्ति पनि गुड (सक्खर) जस्तो आदरणीय हुन्छ। त्यो कृपा नपाए पनि गुड जस्तो आदरणीय–व्यक्ति, गोवर जस्तो तुच्छ हुन्छ।

यहाँ वाच्यार्थ गुड–गोवर शब्दको एकै हो, उद्देश्य–विधेयभावको विभिन्नताले (तात्पर्य–भेदले) लाटानुप्रास पर्दछ।

(३) यमक

भिन्नभिन्न अर्थ भयेका व्यञ्जनवर्णको पहिला–क्रममा मिलेर आवृत्ति भयेमा यमक अलङ्कार हुन्छ। यस्मा प्रथम, द्वितीय, तृतीय, चतुर्थ र प्रथम–द्वितीय, प्रथम–तृतीय, प्रथम–चतुर्थ र द्वितीय–तृतीय, द्वितीय–चतुर्थ पाउमा यमक राख्नाले विशेष शोभा हुन्छ।

यमकका भेद अनेकानेक हुन शक्तछन्, तर अति गरेर यमक पारेका काव्य दुर्बोध हुनाले अधम श्रेणीमा गनिन्छन्। अर्थबोधमा ज्यादा कष्ट र विलम्ब नपर्ने यमकवाला काव्य बेसै हुन्।

साधारण यमक– १

(मालिनी)

भजन जनहितैषी रामको गर्न छाडी
अतिशय शयलैका हिँड्न लागें पछाडी।
लिन शकिन किन श्रीरामको भक्ति मैले
अब पछि पछितैमा प्राण जाला क्रमैले ॥१॥

पादयमक– २

(द्रुतविलम्बित)

भुवनजीवन ! जीव नचाउने
प्रकृति[1] छन् प्रबला प्रभुकी प्रिया।

---

१. सृष्टि स्थिति प्रलयकारिणी महामाया श्रीरामजीकी प्रियतमा हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कठिन–चक्करबाट बचाउने

हुन शकेन मबाट कुनै क्रिया[1] ॥२॥

यहाँ प्रथम–पाउमा 'जीवन'को अर्थभेद गरेर आवृत्ति छ।

यसै श्लोकमा यही–यमक द्वितीय–पाउमा राखिए पनि बेसै देखिन्छ, जस्तै–

प्रकृति छन् प्रबला प्रभुकी प्रिया

भुवन–जीवन ! जीव नचाउने।

हुन शकेन मबाट कुनै क्रिया

कठिन–चक्करबाट बचाउने ॥३॥

यही यमक तृतीय–पाउमा राखे पनि बेसै देखिन्छ।

कठिन–चक्करबाट बचाउने

हुन शकेन मबाट कुनै क्रिया।

भुवन–जीवन ! जीव नचाउने

प्रकृति छन् प्रबला प्रभुकी प्रिया ॥४॥

यही यमक चतुर्थ–पाउमा राख्ता झन् राम्रो देखिन्छ, जस्तै–

हुन शकेन मबाट कुनै क्रिया

कठिन–चक्करबाट बचाउने।

प्रकृति छन् प्रबला प्रभुकी प्रिया

भुवन–जीवन ! जीव नचाउने ॥५॥

यस्तै प्रकारले पाउ तलमाथि पार्दा पनि अर्थ संगति ठीक रहनुपर्दछ भन्ने कडा नियम छैन, यस्तो ता काकतालीय संयोग पर्दा पर्न गयेको हो। श्लोकका कुनै हिस्सामा मात्र रहे पनि यमक अलङ्कारै ठहरिन्छ, जस्तै–

सकल–मानव मान बढेपछी

हृदयमा अभिमान बढाउँछन्।

यि रघुनन्दन बन्दरलाइ लौ

प्रणय–साथ विमान चढाउँछन् ॥६॥

---

१. संसारचक्रबाट बचाइदिने कुनै शुभ कर्म।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ प्रथम पाउका मानव अंशमा मात्र यमक परेको छ, अर्थ टिप्पणीमा हेर्नु[1] ।

प्रभुसमान हुँदैन कतै पनी

हृदयमा दयमान कुनै पनी ।

जब विचित्र जयन्त–कथा सुनें

अनि यथार्थ यही मनले गुनें ॥७॥

यहाँ द्वितीय पाउका 'दयमा' अंशमा मात्र यमक छ, अर्थ टिप्पणीमा हेर्नु[2] ।

शरणमा म परें रघुनाथका

अब सबै भय नष्ट हुने भये ।

उनि विभीषण भीषण–शत्रुका

अनुज हुन् तर कुन् पदमा गए ? ॥८॥

यहाँ तृतीय–पाउका 'भीषण' अंशमा यमक छ। शरण पर्दा कट्टर शत्रु–रावणका भाइ भयेका विभीषण श्रीरामजीका दोस्तका दर्जामा पुगेका कुरा प्रसिद्धै छन् ।

सम छ जाड्य र ताप तसर्थ यो

हृदय मौसिममा सम नै भयो ।

उचित मन्दिर मिल्दछ लौ कहाँ

अब सदा बस दाशरथे ! यहाँ ॥९॥

यहाँ चतुर्थ–पाउका 'बसदा' अंशमा यमक छ, अर्थ टिप्पणीमा हेर्नु[3] ।

---

१. ब्रह्माण्डविजयी– रावणको विजय गर्नाले मान (इज्जत) को परमोच्च दर्जा (अजितपदवी) मा पुगिबक्सेका श्रीरघुवीरले लङ्काबाट फर्कंदा प्रेमका साथ वानरहरूलाई पनि आफ्ना साथमा विमान चढाएर ल्याउनुभयेको छ, उहाँलाई अभिमान कत्ति भएन।

२. जयन्त–कागले जानकीजीलाई ठूलो कष्ट दिने बदमाशी गरेको थियो, शरणागत भयेपछि त्यो प्राणदण्डबाट बच्यो, रामजी जस्तो दयमान (दयालु) कुनै व्यक्ति छैन।

३. मेरा हृदयमा जाड्य (मूर्खतारूपी जाडो) र ताप (आध्यात्मिक आधिदैविक–आधिभौतिक तापरूपी गर्मी) सम (बरोबर) छ। सर्दी–गर्मी बरोबर भएको ठाउँ (समशीतोष्ण देश) बस्नेलाई आनन्ददायक हुन्छ, यस्तो ठाउँ हत्पति पाइँदैन । भगवन् ! हे दशरथनन्दन ! (दशरथमहाराजाधिराजकुमार ! उष्णताप्रधानावधदेश–विहितविहार !) हे राम ! अब सदा सर्वदा यहीं बस्नुहोस् है ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवलमा अवलै रहिबक्सने

अबलमा अबलै रहिबक्सने।

हृदयमा रघुवीर उनै रहून्।

अबलका अपराध सबै सहून् ॥१०॥

यहाँ प्रथम-पाउको द्वितीय-पाउमा आवृत्ति छ। अवल (प्रत्येक-कुराले श्रेष्ठ भयेका) जनहरूका समाजमा अवलै रहने (सबै कुरामा सबैभन्दा श्रेष्ठ रहने), अबलमा (निर्धाहरूका समाजमा) अबलै (बलरहितै) रहने [निर्धा-दुब्लाका ऊपरमा बल देखाउने कुकर्म नगर्ने] उनै (दीनदयाल) रघुवीर हृदयमा रहून्, अबलले गरेका अपराध सबै सहून् (माफ गरून्)।

शरण-मारणमा क्षमता लिने

अब कुनै अरूको भर पर्दिन।

शरणमा रणमा क्षमता लिने

शरण राघव छन् अब मर्दिन ॥११॥

यहाँ प्रथम-पाउको तृतीय-पाउमा आवृत्ति छ। शरणागत भयेका दुःखीका ऊपर उपेक्षा गरेर त्यस्को सर्वनाश हुँदा पनि दया नगर्ने अरूको भरमा पर्दिन, शरणमा (रक्षण कर्ममा) र रणमा (युद्ध गर्न अघि सरेका शत्रुसँग भिड्ने काममा) क्षमता लिने (सामर्थ्यवान् भयेका = शरणागतको रक्षा पनि पूर्ण गर्न शक्ने, जोरी खोज्दै आएका दुष्टको संहार पनि पूर्ण गर्न शक्ने, दुवै कुरामा नहट्ने) श्रीरामजी मेरा शरण छन्, अब म मर्दिन।

'शरणरक्षणदक्षिण ! रक्ष माम्'

उचित मन्त्र हजार यही जपें।

अब जपौं कति लौ ? अतिदीन छू

शरणरक्षणदक्षिण ! रक्ष माम् ॥१२॥

'हे शरणरक्षणदक्षिण ! (हे शरणागत-जन-रक्षण-विचक्षण !) मां रक्ष' यस मन्त्रको हजार (१०००) जप भइसक्यो, कति जपौं ? म अतिदीन छु, [यो जपको दक्षिणा पाउँ, यो जप अन्तर्यामी हजूरको प्रेरणाले गरियेको हो, मैले ता 'शरण-रक्षणं दक्षिणा यस्य' यस्तो तात्पर्य सम्झेर जप गर्न थालेको हो, अब पर्खन शक्तिन, रक्षणरूपी दक्षिणा नदिईकन जप गर्न लगाईरहेदेखि प्रेरक (यजमान) रूपी हजूरका उदारतामा कलङ्क लाग्दछ, तसर्थ] शरणरक्षण-दक्षिण ! रक्ष माम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ प्रथम–पाउको चतुर्थ–पाउमा आवृत्ति भयेको छ।

फगत शक्तछु नाम हजूरको
म लिन, शक्तिन भक्ति लिन प्रभो !
मलिन शक्तिन, भक्ति लिन प्रभो !
कठिन पामर जीवनपूरको[1] ॥१३॥

द्वितीय पाउको तृतीयमा आवृत्ति छ।

अघि अघी भनियो रघुवीरको
भजन पूजन वन्द न लौ गरौं।
अब त पीर परेपछि धीर भै
भजन–पूजन–वन्दन लौ गरौं ॥१४॥

द्वितीय पाउको चतुर्थमा आवृत्ति छ।

हृदयमा रघुनन्दनका दुवै
चरणपङ्कज भक्ति लिंदै लियें।
अवर हीन अघी अघि नै थियें।
अव रहीन अघी अघि नै थियें [2] ॥१५॥

तृतीय पाउको चतुर्थमा आवृत्ति छ।

शृङ्खलायमक—३

(वंशस्थ)

"अतीव सौजन्यवती[3] पतिव्रता
व्रतानुरक्ता रघुवीर–सुन्दरी।

---

१. हे प्रभो ! म फगत हजूरको नाम लिन (नामोच्चारण मात्र गर्न) शक्तछु, भक्ति लिन (श्रवण–कीर्तन प्रभृति, ९ अङ्गले युक्त भएको पूर्ण भक्ति गर्न) शक्तिन। हे प्रभो! जीवनपूर नामक कुग्राममा जन्मेको पामर (गँवार) म मलिन (दलिन = भक्तिका अङ्ग भएका स्नानसन्ध्या पाठ–पूजा प्रभृतिमा परेशान हुन) शक्तिन, त्यस्तो भक्ति लिन कठिन पर्दछ ।

२. रघुनन्दनका दुइ (२) चरणकमल भक्तिपूर्वक हृदयमा लियें। अब म अवर (अधम–दुर्बल) हीन (चुत्थो) अघी (पापी) रहीन (रहने भइन) [त्यस्तो] अघि नै (चरणकमल नलिदैमा मात्रै) थियें। अघी (दुःखी) अघि नै (पहिले नै) थिएँ [अब दुःखी पनि छैन]।

३. सज्जनताले पूर्ण भएकी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दरी मलाई दयनीय[1]मा रहून्,

र हून् सबै वाञ्छित पूर्ण बेसरी"[2] ॥१६॥

शरीरधारी यति जो स्वचित्तमा

तमाम–चिन्ता नलिएर गाउलान्।

उ लाञ्छन[3]–त्याग गरेर लोकमा

कमाइ कीर्ति स्थिर मुक्ति पाउलान् ॥१७॥

अन्त्ययमक—४

(वंशस्थ)

प्रसन्न हुन्थ्यो मन रामचन्द्रको

विहारहारी[4]– निजराजकाजले।

विपत्ति हुन्छन् जति अन्यजन्य जो

सबै ति रैतीहरूका स्वयं जले ॥१८॥

अर्धमध्ययमक—५

(वसन्ततिलका)

उद्दण्ड–दुष्टहरुको भय त्यो धपाये

पाये अखण्ड सुख–संपति भक्ति लाये।

त्रैलोक्यनाथ–रघुनन्दनका कृपाले

पाले स्वधर्म सबले जय गर्न थाले ॥१९॥

पद्यमध्ययमक—६

(वसन्ततिलका)

जो जो दशास्यहरुका डरले सुकेथे

श्रीरामका समयमा सब ती पलाये।

---

१. दयापात्रमा।

२. यमक श्लेषहरूमा श–स, ब–व, र–ल को एकता पनि हुन्छ।

३. कलङ्क = वदनामी।

४. श्रीरघुवीरको मन आफ्ना राजकाज आफैले गर्दा प्रसन्न रहन्थ्यो, कुकुर र गिद्धको झगरामा पनि आफैले दृष्टि दिएर निसाफ गर्नुभएको हो। राजकाज गर्दा विहार (स्वच्छन्द सञ्चार) छुट्टै पनि अप्रसन्नता थिएन, उसको हुकुमले कर्मचारीबाट कुनै आपत्ति भएनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

लाएर भक्ति चरणम्बुजमा अनी ती
प्रीति–प्रपन्न भइ दर्शन गर्न आये ॥२०॥

आदियमक—७

(द्रुतविलम्बित)

अभयमा भयमा पनि साथमा
अहितमा हितमा पनि साथमा।
असुखमा सुखमा पनि साथमा
भवनमा वनमा पनि साथमा ॥२१॥

महलको परवाह नभै नभै
टहलमा रहने दिनरातका।
अटल हुन् प्रभु लक्ष्मण तेजिला
पटल नष्ट गरून् सब जाड्यका[1] ॥२२॥

(४) पुनरुक्तवदाभास

शब्द सुन्नेबित्तिकै पहिला–झमटमा शब्दार्थदोहरियेजस्तो भान पर्ने, विचार गर्दा शब्दार्थ भिन्नै ठहरिने भयेमा पुनरुक्तवदाभास नामक अलङ्कार हुन्छ, जस्तै–

(द्रुतविलम्बित)

कुशलमङ्गलवाञ्छित सर्वदा
रहिरहेर सदा करुणा धरी।
हृदयमा मनमाफिक – रूपले
स्थिति गरून् रघुनन्दन–सुन्दरी ॥१॥

---

१. हमेशा श्रीरामजीका हजूरमा हाजिर रहने लक्ष्मणजी तेजिला अटल (स्थिर) हुन्। तेजिला अटल–भएका लक्ष्मणजीका हजूरमा अरू–कुराको प्रार्थना गर्नु उचित होइन, जाड्यका (मूर्खतारूपी जाडोका) पटलले (समुदायले) म अकडिएको छु, 'त्यो जाड्यपटललाई नष्ट पारीदिउन्' यही प्रार्थना गर्दछु, [अटल भएपछी (मकल = वोरसी इत्यादिको पर्यायता लिएपछि) जाड्यको विध्वंस गर्नैपर्दछ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ कुशल–मङ्गल, सर्वदा–सदा, रहि–रहेर, हृदयमा–मनमा, यति अंशमा अर्थ दोहरिये जस्तो भान परेर सूक्ष्म–विचार गर्ने रसिकजनका समुक्षमा अर्थ भिन्नै ठहरिन आउँछ।

(५) श्लेष

एकै शब्दको अनेक अर्थ हुँदा र एकै–शब्दका अक्षरको खण्ड–खण्ड गरेर अनेक अर्थ हुँदा श्लेषालङ्कार हुन्छ। पहिला–प्रकारलाई अभङ्गश्लेष, दोस्रालाई भङ्गश्लेष भन्दछन्। अभङ्गश्लेष एकै प्रकारको हुन्छ। भङ्गश्लेष वर्ण, पद, लिङ्ग, भाषा, प्रकृति, प्रत्यय, विभक्ति, वचन यी ८ मध्येको कुनैलाई आश्रय गरेर रहने हुनाले ८ प्रकारको हुन्छ, जस्तै–क्रमैले–

अभङ्गश्लेष–१

(शालिनी)

मर्यादाको रक्षणै ठीक ठानी
पानी राख्ने गर्छ जाहेर बानी।
जानी–जानी जानकीजानि[1] जस्तो
हुन्छू भन्ने सिन्धु यो धृष्ट कस्तो ?[2] ॥१॥

यहाँ 'मर्यादा' शब्द र 'पानी' शब्दबाट २ अर्थ स्पष्टै बुझिन्छन्।

भङ्गश्लेष–२

(इन्द्रवज्रा)

गोभक्ति र ब्राह्मणभक्ति तुल्य
श्रीरामजीका मनमा छ भन्छन्।

१. जानकी जाया यस्य सः (जानकीजानिः = श्रीरामः)।

२. जानकीवल्लभ श्रीरामजीले मर्यादा (प्राचीन–धार्मिक स्थिति) को रक्षणै गर्नु ठीक ठानेर त्यस्का निमित्त पानी राख्ने वानी (क्षात्र तेज थाम्ने = पानीदार भएर रहने स्वभाव) जाहेर गर्नुभएको छ। त्यो देखेर सिन्धु (समुद्र) पनि वहाँजस्तै हुन्छु भन्ने साहसले मर्यादा (हद = किनारा) को रक्षणलाई (अनुल्लङ्घनलाई) ठीक ठानेर पानी राख्ने (ऊचा भएका आफ्ना जललाई रोकेर फैलिन नदिने) बानी (स्वभाव) जाहेर गर्न लागेको छ। लङ्कायात्राको सेतुबन्ध पर्वमा वहाँबाट कायल पारियेका समुद्रले वहाँकै नकल गर्नु अनुचित धृष्टता हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोवर्ग र ब्राह्मणवर्ग दानै
पाएर सन्तुष्ट सदा रहन्छन् ॥२॥

यहाँ 'दान' शब्दका अन्तिम अकारको र 'दाना' शब्दका अन्तिम आकार वर्णको 'दानै' यस शब्दमा श्लेष छ।

भङ्गश्लेष पदगत—३

(इन्द्रवंशा)

रु० मा अलग् एक म तङ्ग वासमा
रहेर हेराम ! विलाप गर्दछू।
छँदैछु सुग्रीवसमान सर्वथा
म नाथका साथ मिलाप गर्दछू[1] ॥३॥

यहाँ 'मतङ्गवासमा' यो यौटा पदको भङ्ग गरेर 'म, तङ्ग, वासमा', यसरी ३ पद पारेका छन्, 'रुमा' 'यो प्रथमान्त-एक-पदको बीचमा शून्य थपेर सप्तम्यन्त पार्ने भङ्ग पारेको छ।

भङ्गश्लेष लिङ्गगत—४

(इन्द्रवंशा)

त्रैलोक्यमा आफु-समान कीर्तिले
मैले पनी कीर्ति स-मान पाइन।
हे जानकीजीवन ! के डुलौं ? भनी
उस्ले र मैले अव चित्त लाइन[2] ॥४॥

यहाँ 'पाइन-लाइन' मा पुलिङ्ग-स्त्रीलिङ्गको श्लेष छ।

---

१. रुमा (सुग्रीव पत्नी) अलग थिइन् (बालीले जवर्दस्ती गरेर आफुले राखेको थियो) एक (एक्ला = प्रियाविरही) भयेर सुग्रीव मतङ्गवासमा (बालीले जान-नहुने मतङ्गाश्रममा) रहेर विलाप गरीरहेका थिए [त्यसै-अवस्थामा प्रभुजीले सुग्रीवको मित्रता गर्नुभएको हो]। म पनि रु० मा (रुपया-पैसामा) अलग छु (त्यतापट्टीबाट हटेको छु), एक (अकेलो) छु, तङ्ग (दुःखित भएर) वासमा (घरैमा) विलाप (शोक प्रकाश) गरीरहेको छु, अतएव म ठीक ठीक सुग्रीव जस्तै भएको हुनाले प्रभुजीसँग मित्रता गर्दछु, [समदर्शी प्रभुबाट मञ्जूरी पाऊँ, आगे देखा जायगा !]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. हे जानकीजीवन ! आफुसमान कोही छ की ? भनेर हजूरको कीर्ति त्रैलोक्यभरी

भाषाश्लेष–५

संस्कृत लेख

(सुन्दरी)

अतिदिक्क – निराशचित्त ! भो !
भगवन् ! नास्ति भयेन धीरता।
अलपत्त्र ! नपार ! मुक्तिमा–
हर है राघव ! यातना अव ॥५॥

भाषा लेख

अतिदिक्क निराश चित्त भो
भगवन् ! नास्ति भयेन धीरता।
अलपत्त्र नपार मुक्तिमा
हर है राघव ! यातना अव ॥६॥

संस्कृतपक्षको अर्थ

हे *अतिदिक्क*[1] *निराशचित्त* ! (सीमातिक्रान्त भयेर– अर्थात् अपरिमित भयेर निराश (तृष्णारहित) भयेको छ चित्त जसका यस्ता = अर्थात् हे वितृष्ण हृदय ! हे पूर्णकाम !) *भो भगवन्* ! (हे परमेश्वर !) *भयेन* (डरले गर्दा) *धीरता* (धैर्य) *नास्ति* (छैन)। हे *अलपत्त्र* ![2] (हे मुनि–जन–परिपालक !) हे *नपार* ![3] (हे पारवर्जित ! हे अनन्तगुणभूषित ! हे अनिर्वचनीय !) हे *राघव* ![4]

डुली; तर आफुसमान कोही पाइन [अन्यत्र डुल्ने ठाउ नै थिएन र डुलेका ठाउँमा फेरी] के डुलौं भनि [डुल्नलाई उस्ले] चित्त लाइन। कवि भइटेपलेको हुनाले मैले पनि कीर्ति समान खोज्नलाई बुद्धि दौडाएँ, तर पाइन र फेरि चित्त लाइन।

१. दिशः अतिक्रान्तं निराशं चित्तं यस्य, तत्सम्बुद्धौ।

२. न लपन्ति–न भाषन्ते इति स्वीकृतमौनव्रता व्यवहारविमुखा मुमुक्षवो योगिन एव अलपन्तः, ताँस्त्रायते मुक्तिदानेन रक्षतीति अलपत्त्रः श्रीरामः तस्य संबोधनम्। लपतौ शत्रन्ते कर्मण्युपपदे त्रायतेः कः प्रत्ययः।

३. नञर्थकेन नशब्देन बहुव्रीहौ निरवधिगुणवद्वाचकोऽपारपर्यायो नपारः सिध्यति।

४. संबोधनार्थेषु [illegible] है हे भो' इत्यमरः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(हे रघुकुलनन्दन !) *मुक्तिम्* (मोक्षकन) *आहर* (ल्याइदेऊ) *यातनाः* (ऐहलौकिक पारलौकिक सबै दुःखकन) अव[1] (मारिदेउ = नष्ट पार)।

भाषापक्षको अर्थ

[मेरो] चित्त *अतिदिक्क* (दिग्दार) र *निराश* (नाउमेद) भो। [किन भने ?] हे *भगवन्* ! *धीरता* (धैर्य) *नास्ति भयेन* (विल्कुल हुन शकेन, धैर्य राख्ने सबै प्रयत्न निष्फल भये) अब (हजूरको शरण परेपछी) *मुक्तिमा* (मोक्ष हाशील गर्ने कुरामा) *अलपत्र* (निरुपाय=निरवलम्ब=अगतिक) *न पार* । हे *राघव* ! *यातना* (वरत्र र परत्रका सबै दुःख) *हर हैं* ! (आग्रहपूर्वक प्रार्थना गर्छु, हरिदेउ, 'नाइँ' नभन)।

भङ्गश्लेष प्रकृतिगत—६

(शार्दूलविक्रीडित)

कस्को सिद्ध भयेन मन्सुब सबै त्यो दिव्य दर्बारमा
सीतारूप लिने जहाँ भगवती साक्षात् रहन्थिन् रमा।
खेद्दिन्छन् भनि दुष्ट–दुर्जन दबे लौ शिष्ट हाजिर्भये
सुन्दिन्छन् भनि अर्थि–याचक दुवै मौका मिलाई गये[2] ॥७॥

यहाँ 'खेत्–खेद्–सुन्' यो प्रकृतिका अंशमा श्लेष परेको छ।

भङ्गश्लेष प्रत्ययगत—७

(वंशस्थ)

सुकीर्ति सौजन्य समस्त–लोकमा
डुली, फिर्‍यो राघवतर्फ मार्गमा।

---

१. अवतेर्दण्डकपठिताद्धिंसाविवक्षया प्रार्थनायां लोटि मध्यमपुरुषैकवचने रूपम्।

२. श्रीरामजीका दर्वारमा दुष्ट र शिष्ट दुवैको मन्सूब सिद्ध (समाप्त = खतम, र परिपूर्ण) भयो, कसरी भने– दुष्टहरू खेद्दिन्छन् (धपाइ दिन्छन्, देश–निर्वासनरूपी दण्ड दिन्छन्) भनेर दबे (लुके–दुष्टता गर्न छाडे) तिन्को मन्सूब सिद्ध (खतम) भयो। शिष्टहरू पनि खेद्दिन्छन् (अवाद भएको जमीन् दिन्छन्–विर्ता पाइन्छ) भनेर हाजीर भये, तिन्को मन्सूब पनि सिद्ध भयो (खेत् पाउने प्रयत्न सफल भयो, खेत् पाये) अर्थि (माम्ला मुद्दावाला वादिप्रतिवादीहरू) सुन्दिन्छन् (कान दिएर बेहोरा बुझ्दछन्) भनेर मौका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अलीकती ता लुटियो तथापि यो
अखण्ड नै घुस्न गयेछ नाथमा[१] ॥८॥

यहाँ 'डुली' यो पदमा स्त्रीकर्त्री (सुकीर्ति) को पूर्णक्रियाबोधक भूत-कालका 'ई' प्रत्ययको र पुंस्कर्ता (सौजन्य) को क्त्वाप्रत्ययसमानार्थक अपूर्णक्रियाबोधक 'ई' प्रत्ययको श्लेष छ।

भङ्गश्लेष विभक्तिगत—८

(वंशस्थ)

जगन्नियन्ता रघुवीर रामले
प्रसन्नतापूर्वक ताप हर्दछन्।
रणादिले शेषफणा झुकाउने
समस्त भूभार निरस्त गर्दछन् ॥९॥

कर्तृकारकका प्रथमा–विभक्तिको र करणकारकका तृतीया–विभक्तिको श्लेष छ।

भङ्गश्लेष वचनगत—९

(उपजाति)

समर्थ यौटा प्रभु, दुःख दुःसह
प्रशस्त लक्खौं खलका खडै थिये।
तथाऽपि ती छिन्न र भिन्न नै भये
प्रजाहरूले स्थिति शाश्वती लिए ॥१०॥

'खडै थिये' यहाँ यौटा प्रभु र लक्खौं खलका दुःखको सम्बन्ध हुनाले एकवचनको र बहुवचनको श्लेष परेको छ।

मिलाइकन (झगरातगरा हेर्ने नियमित समयमा) गये, श्रीरामजीले सुन्दिनुभयो, याचकहरू पनि दान पुण्य गर्ने पूर्वाह्णको मौकामा गये, श्रीरामजीले तिन्लाई पनि सुन्दिनुभयो, सुन् पाउदा तिन्को मन्सूब पनि सिद्ध भयो।

१. सुकीर्ति सबै लोकमा डुली [उसले आफ्नु काम समाप्त गरी], सौजन्य सबै लोकमा डुली (डुलेर) राघवतर्फ फिर्‍यो, त्यो सौजन्य बायबायमा अलीकति लुटियो (यत्रतत्रका प्राणिले रामजीको सौजन्य केही लिए) तैपनि त्यो सौजन्य अखण्डितै रहेर (जत्तिको जत्ति) श्रीरामजीमा घुस्न पुगेछ, गजबैको घटना हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(६) प्रहेलिका

यौटा बाहिरिया-अर्थ स्पष्ट राखेर [जान्ने कथामा जस्तै] खास तात्पर्य गुप्त राखेमा प्रहेलिका हुन्छ। यो बोलीको विचित्रता मात्र हो [श्रोताहरू अर्थ बुझ्नालाई परेशान हुन्छन्, बुझेपछि पनि विशेष आह्लाद हुँदैन तसर्थ] यो अलङ्कारमा गनिंदैन भनि धेरैले भनेका छन्, तथापि नमुना, जस्तै-

(अनुष्टुप्)

रात आधा, तृतीयांश जोर मध्याह्नको पनि।
त्यही जप सदा मित्र ! यही तारक हो भनि ॥१॥

रात आधा (रा) मध्याह्नको तृतीयांश (म) जोर्दा 'राम' बन्दछ, तारक (संसारसागरबाट पार पुऱ्याउने- मुक्ति दिने) मन्त्र त्यही हो, त्यो जप।

(७) बहिरालाप

उत्तर (जवाब) मा कुनै इष्ट-शब्द आओस् भनेर गरेका प्रश्नवाक्यलाई बहिरालाप भन्दछन्, यो पनि वचन-विचित्रता मात्र हो, जस्तै-

रैशब्दको पहिलो रूप कुन् हो ?
के भन्दछौ भन लौ आफुलाई ?।
जुन् जुन् दिने जन हुन् लौ ति कुन् हुन् ?
जुन् एकपत्नीव्रति हुन् ति कुन् हुन् ? ॥१॥

उत्तर- राः × म × चन्द्र = रामचन्द्र

(८) अन्तरालाप

प्रश्नवाक्यैबाट उचित उत्तर आउँदा अन्तरालाप हुन्छ, यो पनि वचनको विचित्रता मात्र हो, जस्तै–

(अनुष्टुप्)

को हुन् रावणका हन्ता ? कुन् हुन् सन्तापहारक ?
सबै कस्ता रहून् भन्छौ ? राम, चन्द्र, खुशी रहून् ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(९) बन्धचित्र

नाना प्रकारका लौकिक वस्तुको चित्र बनायेर त्यसमा अक्षर दोहऱ्याई तेहऱ्याई पढिने गरी वर्णरचना गरेमा बन्धचित्र हुन्छ। यो बन्धचित्र वस्तु अनेक हुनाले अनेक प्रकारको हुन शक्तछ। उत्तम–मध्यम–अधम–अधमाधम यी ४ प्रकारका काव्य (रचना) मध्यमा यो बन्धचित्र काव्य चतुर्थ श्रेणीको अधमाधम काव्य हो। कविका शब्दार्थ ज्ञानको उत्कर्ष मात्र बुझाउने, पढ्ने–सुन्ने–बुझ्नेलाई विशेष आह्लाद नहुने, फगत निम्न–श्रेणीका बालकजस्ता कतिपय व्यक्तिलाई बाहिरिया आह्लाद गराउने हुनाले यो काव्य अधमाधममा गनिएको हो। यसमा पनि अर्थ–सौन्दर्यसमेत राख्न शकेदेखि यथोचित अधम–मध्यम–उत्तम यी ३ दर्जामा यो काव्य चढ्न शक्तछ।

(१०) स्वभावोक्ति

चर–अचर–यावद् वस्तुको यथास्थित (जस्ताको तस्तो) स्वरूप र क्रियाको वर्णनलाई स्वभावोक्ति भन्दछन्। कुनै वस्तुको स्वरूप र क्रियाको वर्णनले सहृदयहरूलाई (काव्यार्थको भावना (मनन) गर्दा २ बुद्धि परिपक्व भैसकेका रसिकहरूलाई) आह्लाद (अन्तःकरण पग्लेजस्तो भएर हुने आनन्द विशेष) भयो भने त्यो अलङ्कार हो। "छ छ पैसा तीनाना, छैन पैसा सबै बिराना" यस्तै किसिमका खाली तुक मात्र मिलाएका उक्ति सुन्दा दङ्ग पर्ने सज्जनलाई मात्र आह्लाद हुन्छ भने त्यो अलङ्कार होइन, अलङ्काराभास हो। अतएव अलङ्कृत रचना गर्न खोज्ने सज्जनले सर्वप्रथम स्वभावोक्तिको रचनैमा अभ्यास बढाउनु योग्य छ; यसमा अभ्यास पूर्ण भयो भने अरू अलङ्कारको निवेश गर्न ठूलो परिश्रम पर्दैन।

बाललीला गर्न लागिबक्सेका रघुनाथजीका रूप र क्रियाविषयको–

स्वभावोक्ति–१

(शालिनी)

मेघैजस्ता श्याम आफू उज्याला
चक्कर्वाला केश चिल्ला र काला।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंचित् किंचित् हास्यले खुम्चिँदामा
भन् देखिन्छन् पुष्ट लौ ! गोल गाला ॥१॥

छम्[1]छम् गर्ने पाउजेब् पाउमा छन्,
गम्की गम्की ठाउँको गर्व गर्छन् ।
किम्[2]किम् गर्ने किङ्किणी श्रोणिमा छन्,
तिन्ले उन्को निम्नता व्यक्त गर्छन् ॥२॥

बाजू बाला बाहुमा बस्न पाई
चुप्चापैका चालले चम्कदैछन्[3] ।
रक्षा गर्ने बन्न पायें म भन्दै
रक्षामाला कण्ठमा हल्लँदैछन्[4] ॥३॥

जस्मा लज्जद्वार दौर्भाग्यहारी
कज्जल्वाला त्यो नजर् पर्न जाला ।
पक्का त्यो ता मर्त्यलोकाधिपत्य–
भन्दा भारी मोजमा पर्न जाला ॥४॥

काक्खैमा ल्यूँ, प्रेमले पुल्पुल्याऊँ,
साक्खै पारौं प्रेम गर्ने तुल्याऊँ ।
यस्तै यस्ता मन्सुवा उठ्न लागे
लाग्दालाग्दै ती हजुर् भट्ट भागे ॥५॥

---

१. श्रीरामजीका पाउमा बस्न पाएका हुनाले दुवै पाउजेब आफ्ना गौरवको गर्वले गम्कीगम्कीकन दर्बारी– बोलीले 'छम्छम्' बोल्दछन् ।

२. पाउजेब बसेका ठाउँभन्दा माथी श्रोणि (कटि) मा बस्न पाउने किङ्किणी (घुँघुरा) हरू पाउजेबलाई हियाएर आफ्नो उच्चता देखाउन 'किम्किम्–' (केरे ? केरे ?) भन्दछन् ।

३. पाउजेब र किङ्किणीभन्दा माथी रहेका (पराक्रमावलम्ब– बलवान्–पुष्ट–बाहुमा जमेर बस्न पायेका) बाजू र बाला उत्तम–प्रकृतिवालाको सोवत पायेका हुनाले अवाजै–नदिइकन (चुप्चाप् रहेर पनि) चम्कीरहेका छन् ।

४. त्रैलोक्यको रक्षा गर्ने सकस्का रक्षाका निमित्त म खटियेर, कण्ठमा राखिएँ, कौसल्या महारानीले मेरो इज्जत सर्वोपरि पारिदिनुभयो, भनेर रक्षामालाहरू खुशीसाथ कण्ठमा हल्लीरहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फर्की फर्की हेर्दछन् खिस्स गर्दै
सेता सेता दन्त देखाउँदैछन् ।
छीय छीय बाहुली टेकिटेकी
सानू सानू जानुले ती दगुर्छन् ॥६॥

आफ्नै मर्जी आफु तामील गर्छन्
मेरा अर्जी सुम्पिएका लिंदैनन् ।
कौसल्याका बालको चाल कस्तो ?
हेर्दै हर्छन् चित्त फिर्ता दिंदैनन् ॥७॥

स्वयंवर गर्न लागेको अवस्थाकी किशोरीजीका स्वरूप र क्रियाविषयको—

स्वभावोक्ति—२

(वसन्ततिलका)

ब्रह्माण्डकोटि–पतिकी गृहिणी हुनामा
जो योग्य हो उहि मनोहरता लियेकी ।
लज्जा र प्रीति दुइका वशमा परेका
चञ्चल् र निश्चल नजर् प्रभुमा दियेकी ॥८॥

आश्चर्यको विनयभार लियेर भारी
ढल्केर हंसहरुका गतिले हिंडेकी ।
सामू पुगेपछि अलौकिक गन्धवाला
माला उठाइ निहुरेर खडा भयेकी ॥९॥

सारा समाजहरुको हृदय प्रफुल्ल
पारेर संकुचित–भाव लिने भयेकी ।
श्री–श्रीमती–जनकभूपतिकी किशोरी
आनन्द मङ्गल गरून् मनमा रहेकी ॥१०॥

वनवासको आरम्भमा कौसल्या महारानीसँग बिदा भएर राजचिह्न (छत्र–चामरादि) ले रहित भइकन आफ्ना खोपीमा एक्लै आएका रघुवीरलाई देखेर झसङ्ग भएकी जानकीजीको र, कठोर वनवासको आज्ञा पाउँदा पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साविकै बमोजिम (निर्विकार) प्रफुल्ल (प्रसन्न) वदन रहेका रघुवीरको संवादलाई लिएर रचेको—

आदर्शदम्पति स्वभावोक्ति—३

जानकी—

(ललित)

मणिमनोहर प्राणनाथको
मुकुट माथमा छैन के भयो ?
विमल–चन्द्रको तुल्यता लिने
धवल–छत्र त्यो छैन के भयो ? ॥११॥

चमर हम्कने सूचना दिने
जन कुनै पनी छैन के भयो ?
सचिवपुत्रको राजपुत्रको
दल पछीपछी छैन के भयो ? ॥१२॥

प्रिय ! सवारि यो काम के परी ?
यसरि खुद् यहाँ एकलै भयो ? ।
समय यो थियो राजकाजको
प्रिय ! हुकुम् हवोस् लौन के भयो ? ॥१३॥

श्रीराम—

धरणिनन्दिनि ! प्राणवल्लभे !
यसरि झस्कने छैन कारण ।
सुन सबै कुरा छोट्करी गरी
गर विचारले धैर्य–धारण ॥१४॥

'भरत–भाइको सर्वदा भलो
रहिरहोस्' यही भावना थियो ।
सब–जना मिली माहिली मुमा
खुशि गराउने योजना थियो ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विनुपरिश्रमै देव दाहिनो
हुन गयो बुझ्यौ ? आज मोज भो।
मधुरवादिनी ! प्राणवल्लभे !
हृदयको रहर् बल्ल पूर्ण भो ॥१६॥

"वननिवासका चौध वर्षको
अवधिका पछी फर्कि आउँनू।
भवनमा रही स्नेह- संझने
भरत-भाइमा प्रेम लाउँनू ॥१७॥

वननिवासमा योगिको चलन्
समुझदारले नित्य गर्दछ।
तदनुसारका अन्नवस्त्रको
उचित-योजना गर्नुपर्दछ ॥१८॥

प्रकृतिले थियौ साधु सर्वदा
अब त भेषले साधुता धर।
निजनिवासको वासना त्यजी
विजन-वासमा शीघ्रता गर" ॥१९॥

यहि हुकुम् मिल्यो श्रीबुबाज्युका
निकटमा रही श्रीमुमाज्युको।
सुकृत-सिद्धिको वृद्धि गर्दिने
यहि हुकुम् बुझें चित्तले निको ॥२०॥

प्रियतमे ! तिमी बस्न पाउँछ्यौ
वस मुमाज्युको साथ पाउँछ्यौ।
भवनमा रही चौध वर्षको
पछि नछुट्टिने भेट पाउँछ्यौ ॥२१॥

सरल पुत्रको यो वियोगमा
तरल चित्तको त्यो विषादमा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बस मुमाज्युको चाकरी गरी
हृदयमा सदा धीरता धरी ॥२२॥

अधिकवृद्धता शोकमग्नता
प्रणयपूर्णता तिन् विपत् परे।
कुशल छौ स्वयं स्नेह गर्दछ्यौ
समयको सुसार् सासुको गरे ॥२३॥

सुख र दुःखको हेतु भाग्य हो
यति तिमी स्वयं जान्दछ्यौ प्रिये !
मन दह्रो गरी माहिली–मुमा–
तरफमा पनी चाकरी दिये ॥२४॥

जब नरेशता दिन्छ ईशले
तब मनुष्यमा जोश भर्दछ।
'इनि उनै न हुन्' भन्नु हुन्न है !
उचित चाकरी गर्नुपर्दछ ॥२५॥

नअडने हुँदा स्वप्न झैं हुने
समयका तरफ् ध्यान खूब् दिए।
उदय–अस्तमा सूर्यविम्बको
प्रतिदिनै तिमी धारणा लिए ॥२६॥

जानकी–

(स्वागता)

प्राणनाथ ! वनवास दिएमा
स्वीकृति[1] प्रभुजिको भइहाल्यो।
मातृ–भक्ति पितृ–भक्ति दुवैमा
पूर्णता सँगसँगै हुन थाल्यो ॥२७॥

'धर्मरक्षण अवश्य सबैले
गर्नुपर्दछ' भनि प्रभुजीको।

१. मञ्जूरी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुन्दथें हुकुम सो पनि आज
देख्न पाउँछ समस्त समाज ॥२८॥

भर्तृभक्ति अबलाहरुको हो
धर्म सो उचित राख्न म पाऊँ।
प्राणनाथ ! यति बिन्ति छ मेरो
साथसाथ म पनी वन जाऊँ ॥२९॥

श्रीराम–

अर्व[1]–खर्व गिरिमा र बगर्मा
राजराजवधु[2] ! राजकिशोरी[3] !
दिन्दिनै विनुबलै विनुबानी
पैदलै तिमि हिँडौलि कसोरी ? ॥३०॥

जानकी–

'भूमिपालहरुकी म बुहारी
छोरि' यो मति कदापि म लिन्न।
अर्व–खर्व गिरिमा र बगर्मा
हिँड्छु कत्ति पनि दुःख म दिन्न ॥३१॥

श्रीराम–

ढङ्गिको गहनता[4] रहनाले
मार्ग छैन कुश कण्टक हुन्छन्।
झाडिमा तिमि हिँडौलि कसोरी ?
जङ्गली पनि तहाँ पुगि रुन्छन् ॥३२॥

जानकी–

झाडिमा म हिँडनेछु अगाडि
कुल्चि–कुल्चि कुश कण्टक माडी।

१. ऊचानीचा (ओवडखावडवाला) पहाडमा।
२. महाराजाधिराजकी बुहारी।
३. राजाकी छोरी (मैया)।
४. बाक्लोपना।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त–अन्त त उचालि पछ्यौरा
हम्कि–हम्कि हिँडुला म पछाडी ॥३३॥

श्रीराम–

सिंह बाघ चितुवा गज गैंडा
भालु दुंसि वृक वानर अर्ना।
डुल्दछन् कसरि जाउलि ? वन्मा
सोच लौ प्रियतमे ! तिमि मन्मा ॥३४॥

जानकी–

स्त्रीसमाज सब जो नहुनाले
हुन्छ दुर्बल निरन्तर खिन्न।
भर्तृभक्तिमय शक्ति छ तेही,
बाघ–भालुहरूको भय लिन्न ॥३५॥

"भर्तृ तोषण बराबर[1] अर्को
केहि छैन पुरुषार्थ[2] सतीको।
भुक्ति–मुक्ति सजिलैसँग भेट्ने
यै छ रम्य पथ[3] बुद्धिमतीको ॥३६॥

भर्तृभक्तिमय शक्ति लियेर
चित्त निर्मल गरी रहनाले।
पापदेखि अरुको भय केही
मानिदैन कुलजा–महिलाले ॥३७॥

हुन्छ जिन्दगि सती–युवतीको
वन्दनीयतम[4] लज्जतदार[5]।

---

१. पतिलाई प्रसन्न राख्नु जस्तो।
२. सिद्ध गर्नु पर्ने कुरा।
३. राम्रो बाटो।
४. वन्दनीयतम (खूब–नमस्कार खूब तारीफ गर्न योग्य भएको)।
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
५. खूब शोभित।

भर्तृ–मातृ–पितृको कुल जम्मै
हुन्छ उज्ज्वल र इज्जतदार" ॥३८॥

नाथ ! यी वचन नित्य मुमाका
सुन्दथें र मनमा स्थिर गर्थें ।
आज बाघहरुको डर मानी
साथ जान किन लौ पछि सर्थें ? ॥३९॥

श्रीराम–

दुष्ट–राक्षस बराबर डुल्छन्
खोजिखोजिकन मानिस खाने ।
लौ कसोरि ? तिमि नै भन मैले
स्त्री लिएर सँगमा वन जाने ॥४०॥

जानकी–

यौवराज्य–गृह–वस्त्रहरू झैं
अस्त्र शस्त्र पनि के हरिये की ? ।
पर्शुराममदमोचन[1] गर्ने
बुद्धि–बर्कत जफत् गरिये की ? ॥४१॥

सुन्दथें म मखको रखवाली
नाथबाट उहिल्यै गरियेको ।
माग्दछू म त इजाजत[2] खाली
नाथ साथ रहँदा भय केको ? ॥४२॥

श्रीराम–

हेर कोमल लता तिमिजस्ता
शुक्तछन् कसरि ? ठाउँ बदल्दा ।
यो बुझेर अब जिद्दि नगर्नू
छैन बल् किन वृथा अघि सर्नू ? ॥४३॥

---

१. क्षत्रियकुलघाती–परशुराम जस्ताप्रबल पराक्रमी वीरपुरुषको घमण्ड तोडिदिने।
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
२. आज्ञा।

जानकी—

स्वामिसेवन–रसायन–सेवा[1]
दिन्दिनै अलिअली गरि गर्छु।
त्यत्तिले हृदयको बल बढ्दा
साथ जान वनमा अघि सर्छु ॥४४॥

श्रीराम—

कन्द–मूल–फल–फूल मिलेमा
मात्र भोजन यथेच्छ गरिन्छ।
नत्र भोक र थकाइ दुवैले
राजपुत्रि ! अलपत्र परिन्छ ॥४५॥

जानकी—

कन्द–मूल–फल–फूल मिलेमा
शेष खाइ रहुँला म उज्याली।
नत्र ती चरणपद्म पखाली
खाउँला म चरणामृत खाली ॥४६॥

श्रीराम—

भोकले शिथिलता हुन जाँदा
चित्तमा [2] मलिनता पनि होला।
जिद्दि मात्र गरि अर्ति नमानि
प्राणप्यारि ! पछि्तो पछि होला ॥४७॥

जानकी—

प्राणनाथ सँगमा हुन आए
भोकले शिथिलता किन देला ?
हाजिरी हजुरमा दिन पाए
चित्तले मलिनता किन लेला ? ॥४८॥

---

१. पतिको सेवारूपी रसायन (नातागती हटाएर शरीरमा बलस्फूर्ति बढाइदिने रसादि औषधि) को सेवा–उपयोग।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. अँध्यारोपना।

श्रीराम—

मास वर्ष पनि होइन प्यारी !
चौध वर्ष उहिं डल्लिनुपर्छ[1] ।
त्यो परिस्थिति त होश–हवासै
शूरवीरहरुको पनि हर्छ ॥४९॥

जानकी—

चौध वर्ष अवधि प्रभुजीको
साथ मिल्दछ भने कति हो र ?
नत्र होइन भने दिन यौटै
हुन्छ कल्पसरि दीर्घ कठोर ॥५०॥

श्रीराम—

बन्धुवर्ग सखिवर्गहरूका
माझमा अझतलक् किन काट्यौ ।
एक मात्र मसँगै रहि वन्मा
बस्न सुन्दरि ! अहो ! किन आँट्यौ ? ॥५१॥

स्नेह गर्छ सबले तिमिमाथी
छन् यहाँ मधुरभाषिणि ! साथी ।
धृष्टता नगर, कष्ट छ झाडी,
लौ यहीं बस दुराग्रह छाडी ॥५२॥

जानकी—

बन्धुवर्ग र सखीहरु सारा
साथमा प्रिय हुंदा प्रिय हुन्छन् ।
अन्यदा[2] इ सब सम्मुख पर्दा
दर्दले अधिक आँसु चुहुन्छन् ॥५३॥

---

१. खुम्चिनु।
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
२. अरू बखतमा (प्रिय साथमा नभयेका वेलामा) ।

अश्रु–धौत–गृहको स्थितिभन्दा[1]
झाडिको स्थिति दिनेछ सुविस्ता।
यो बुझेपछि यहाँ किन बस्नू ?
कष्टमा हजुरले किन कस्नू ? ॥५४॥

श्रीराम—

सासुका चरणमा रहनाले
योग्य योग्य उपचार[2] हुनेछन्।
धीरता हृदयमा स्थिर धर्नू
पीर कत्ति पनि प्यारि ! नगर्नू ॥५५॥

जानकी—

बक्सिनेछ समयोचित शिक्षा
पूज्य सासुहरुबाट यथेष्ट।
झल्झली स्मृति हुँदा उनिबाटै
झन् हुनेछ अधिकाधिक कष्ट॥५६॥

पालिये दृढ गरी प्रभुबाटै
वेदवाक्य र सनातन धर्म।
फालियेपछि म कारण हुन्छु
त्यस् निमित्त पनि नाथ ! म रुन्छु॥५७॥

आर्यपुत्र ! अझ सप्तपदीका[3]
मन्त्रवाक्य मनभित्र छदैछन्।
'लौ नजाउँ त' भने पनि तिन्ले
घोचिघोचि अति कष्ट दिनेछन्॥५८॥

---

१. आँसुले पखालियेको घरमा बस्नुभन्दा।

२. सुर्ता मेटाउने अनेक उपाय।

३. विवाहविधि हुँदा सप्तपदाक्रमणकर्ममा वरले वधूका पाउको बूढोऔला समातेर पढ्नुपर्ने– 'हे वधू ! तिमि मेरो सदा अनुसरण गर्ने (पछि लाग्ने) होऊ (भये)' यस्तो अर्थ भएको वेदमन्त्र।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'दुःख पाउलि' भनेर हजुरको

यो हुकुम् हुनु बडो करुणा हो ।

'लौ' भनेर रहनू यहिं मेरो

क्रूरता अधमता जडता हो ॥५९॥

श्रीराम—

'स्वामिको वचनपालन गर्नू'

भर्तृभक्ति पहिलो यहि नै हो ।

'शक्तिको उचित तौल नगर्नु'

भूल भारि भय–मूल यही हो ॥६०॥

जानकी—

मोजमा वचनपालन गर्नू ?

कष्टका समयमा पछि सर्नू ?

यस्ति भक्ति लिन ता मन पापी

नाथ ! सम्मति दिँदैन कदापि ॥६१॥

भोक–प्याससहितै रहि डुल्दै

साँझमा प्रभु गुफातिर पस्ने ?

तृप्त भैकन जहानहरूका

माझमा भवनभित्र म बस्ने ?॥६२॥

वृक्ष–वल्कल[1] जय–मुकुटयदि[2]

योगि–योग्य प्रभु धारण गर्ने ? ।

रोजिरोजिकन रोज बदल्ने

वस्त्र भूषण म लौ मन पर्ने ? ॥६३॥

कन्द–मूल–फल–फूल कदाचित्

पाउँदा प्रभुजि भोजन गर्ने ?

भक्ष्य–भोज्य बढिया अघि राखी

चाखिचाखि जिउनार म गर्ने ? ॥६४॥

---

१. रुखका बोक्राको वस्त्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. जटाको जूरो ।

आर्द्र–शुष्क–तृणपर्णहरूका[1]
खोजमा प्रभु कुटीतिर डुल्ने ?
तारका चपल तुङ्ग पलङ्मा[2]
मोजमा म ढुकुटीनिर झुल्ने ? ॥६५॥

चर्रचर्र चिरिदिन्छ कलेजा
यो भविष्य–घटना पनि ऐले।
वर्तमान–रहने हुन जाँदा
खप्नु के गरि ? कसो गरि मैले ॥६६॥

श्रीराम–

शील–शास्त्र–मतिशालिनि ! सीते !
त्यो स्वधर्म तिमिले लिन खोज्यौ।
भाग्यलभ्य सब वैभव छाडी
झाडिमा मसँग रल्लिन रौज्यौ ॥६७॥

आर्यनन्दिनि ! छ तुल्य दुवैको
वर्णधर्म तर मुख्य हुनाले।
'कष्ट काटि पतिधर्म बचाऊँ'
भन्नुपर्दछ सती महिलाले ॥६८॥

अग्नि–विप्र–सुर साक्षि गराई
'गर्छु रक्षण' भनी पति बन्नु।
छन् जहाँ कठिन कष्ट हजारौं
'लौ उहीं हिंड' कसो गरि भन्नू ? ॥६९॥

स्त्री सुरक्षित रहे सुर–पितृ–
बन्धुवर्ग सब राजि रहन्छन्।
यी अनादृत हुँदा त तिनैका
कोपले विविध दुर्गति हुन्छन् ॥७०॥

---

१. चिसा–सुकेका–घाँस–पातका।
२. चपल (हल्लने) तुङ्ग (अग्लो) पलङ्मा (खाटमा)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लालनीयतम[१] देह छ तिम्रो
मालतीकुसुम–कोमल[२] प्यारी !
ग्रीष्मका समयमा कसरी त्यो
बच्न शक्तछ ? चहारिचहारी ॥७१॥

पद्मगात्रि[३] ! पृथिवीपति–पुत्रि[४] !
प्रेयसि[५] ! प्रचुर[६] शीत परेमा।
पाउले तिमि हिँडौलि कसोरी ?
हिँड्नु ता पर रहोस्न अडौली ? ॥७२॥

देह–रक्षण गरेर घरैमा
खाउ लाउ बस मन् नडुलाऊ।
कोल–भिल्ल–महिलासरि छैनौ
प्यारि ! यो ढिपि चटक्क हयऊ ॥७३॥

दुःखका शिखरतर्फ कुँदेमा
सौख्यका शिखरबाट हठैले।
हुन्छ के गति ? यति स्वयमेव
जान, भन्नु किन पर्दछ ? मैले ॥७४॥

देहको स्थिति बुझीकन मेरी
गेहलक्ष्मि ! शुभ संमति लेऊ !
'निर्दयी–अबुझ–कामुक[७] भन्ने
तुच्छ लाञ्छन[८] मलाइ नदेऊ ॥७५॥

---

१. खूब लाड–प्यार–हिफाजत गर्न योग्य भएको।
२. चमेलीको फूलजस्तो नरम।
३. कमलजस्तो शरीर भएकी !
४. राजकुमारि !
५. प्रियतमे !
६. धेरै।
७. कामुक (स्त्रीलम्पट)।
८. लाञ्छन (कलङ्क)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बल्लबल्ल शुभ आशिष पाएँ
श्रीमुमासित बिदा भइ आएँ।
बातचीत सकिये भनि ठान्छु
लौ नआउ बस है ! अब जान्छु ॥७६॥

जानकी–

'लौन आउ बस' अक्षर यत्ती
गर्दथे अमृतवर्षण पैले।
कालकूट विष वर्षन लागे
नाथ ! अक्षर इनै किन ? ऐले ॥७७॥

आर्यपुत्र ! प्रभुका करुणाले
मन्सुवा सकल सिद्ध गरायें।
आज दैव विपरीत हुनाले
बिन्तिमा कठिन ठक्कर खायें ॥७८॥

धर्म–कर्म गरदा सँग बस्ने
हक् मलाइ प्रभुल्यैन दियेको–।
हो भने विपिनमा सँग बस्ने
राय आज किन हो नदियेको ? ॥७९॥

"सर्वसद्गुणविशिष्ट[१] जुवाईं
लोकरक्षणसमर्थ[२] जुयएँ।
पीर छैन अब केहि मलाई
ब्रह्म–चिन्तन अखण्डित पाएँ" ॥८०॥

यो प्रहर्षमय उक्ति बुबाको
संझिसंझि घर बस्नुपरेमा।
खप्नु के गरि ? कसो गरि ? मैले
खेद दोबर भएर अडेमा ॥८१॥

---

१. सबै सद्गुणले संयुक्त भएका।
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
२. सबैको रक्षा गर्न शक्ने।

भैगयो ! सकलरक्षकलाई
पत्निरक्षण अशक्य भएमा ।
यो गरें जिरह जिद्दि निकासी
माफ पाउँ मतिहीन म दासी ॥८२॥

गाथको टहल दिन्दिन गर्दै
नाथ ! साथ रहने सुख मागें ।
यो अचिन्तित विपत्ति परेमा
चित्त विह्वल हुँदा मुख लागें ॥८३॥

यो व्यतिक्रम[1] ठुलो ठहरेमा
पाउ पर्छु प्रभुको र म रुन्छु ।
माफ पाइन भने पनि फेरी
पाउ पर्छु कृतकृत्य म हुन्छु ॥८४॥

भन्नुभो हजुरले 'गृहलक्ष्मी'
त्यत्तिले सफल जन्म गरायें ।
आजका वचनले 'अब बाँच्नु,
मर्नु तुल्य छ' भनेर ठमायें ॥८५॥

प्राण छन् हजुरका चरणैमा,
खिन्न हुन्न म गिरे पनि चोला ।
प्राणनाथ ! यिनलाई नछाडी
साथ साथ लगिबक्सनुहोला ॥८६॥

श्रीराम—

(वंशस्थ)

अहो ! महीनन्दिनि ! निश्चला रही
मलाई पाऱ्यौ तिमिले निरुत्तरै ।
सुशीलताशालिनि[2] ! लौ हिँड प्रिये !
खुशी रहौली सँगमा निरन्तरै ॥८७॥

---

१. व्यतिक्रम–अर्घेली ।
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
२. असल–शीलस्वभावले सुशोभित भएकी ।

मुमाज्युका पाउ समाउ जाउ लौ
शुभाशिषै मात्र यथेच्छ ल्याउ है !
झिटी-मिटी झन्झट हुन् हटाइ ती।
छिटी छरीती भइ झट्ट आउ है ! ॥८८॥

कौसल्या-महारानीले श्रीरामजीका वनवासको विषयमा गरेको विलाप सुन्दा क्रोधान्ध भयेका लक्ष्मणजीको र, माता-कौसल्याजीको त्यस्तो मर्मदेही विलाप सुन्दा पनि निर्विकार रहेका श्रीरामजीको संवादलाई लिएर रचेको–

आदर्शभ्रातृस्वभावोक्ति–४

लक्ष्मण –

(वसन्ततिलका)

विश्वासपात्र हुन उच्च-विचार गर्ने
सच्चा मनीषिहरुको[१] र ठुला-बडाको।
दन्तीन्द्र-दन्तझइँ[२] हत्पति निस्कदैन
निस्क्यो भने बदलिदैन कदापि बोली ॥८९॥

दर्बारमा सचिव-मण्डलका[३] अगाडी
सामन्त-भूपति-समाज[४] समेत राखी।
भोली म दिन्छु युवराज्य भनी सुनाये।
सर्जाम सज्जित भयो दुनियाँ रमाये ॥९०॥

निर्मुक्तकण्ठ भइ गर्छ गुण-प्रशंसा
रैती र राजक-समाज समस्त जस्को।
उस्ता जगत्त्रितयपूज्य हजूरबाट
कस्तो विजाय हुन गो र सजाय यस्तो ? ॥९१॥

---

१. परिणामदर्शी (दूरदर्शी) भएका समुझदार मानिसको।

२. हात्तीको दाँतझइँ।

३. मन्त्रिवर्गका।

४. माण्डलिक राजाहरूको समाज।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गद्दी चढेर भरत प्रतिदिन् भवन्मा
राजाधिराज भइ मस्त भयेर झुल्ने ?।
रद्दीसरी गृहनिरस्त[1] भएर वन्मा
मेरा हजूर पनि दूर गयेर डुल्ने ? ॥९२॥

दिन्छू भनेपछि पनी किन दिन्न भन्नू ?
वास्तै थिएन कहिल्यै किन दिन्छु भन्नु ?
बेइज्जती अझ पुगेन भनेर वन्मा
लौ जाइजा भवन छाडि तुरन्त भन्नू ? ॥९३॥

संसार जान्दछ सबै, चरणानुयायी
भाई भये पनि म सेवक हूँ हजुर्को।
अन्याय यो सहन शक्तिन शक्तिशाली
खाली इजाजत मलाइ मिलोस् हजुर्को ॥९४॥

त्रैलोक्य सम्मिलित भैकन विघ्न गर्न
आओस्न हट्तिन सशस्त्र अगाडि सर्छु।
भाई म हूँ हजुरको अब यो विपत्ति
कत्ति प्रयास नपरेर परास्त गर्छु ॥९५॥

नाता र नीतिहरुको परवाह छाडे
बाबू न साबु उचितै व्यवहार गर्छु।
उन्का पवित्र हृदय–प्रिय–पुत्रलाई
आये भने म सुरलोक पुऱ्याइदिन्छु ॥९६॥

राज्याभिषेक लिइबक्सनुहोस् हजुर्ले,
जो जो अघी अघि सरीकन विघ्न गर्छन्।
ती दुष्ट–दुष्टहरुको छिनमा म संसं–
संहार गर्छु हुहुकुम् प्रभुको म पाऊँ ॥९७॥

श्रीराम–

प्यारे ! यसोरि नरिसाउन भाइ ! लच्छू !
यो जोश दोष–परिपूर्ण छ, यो न खोल।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. घरद्वारबाट बाहिर मिल्काइएको

मर्मै नजानिकन हानि भयो भनेर
यस्तो अवाच्य कहिल्यै मुखले नबोल ॥९८॥
हक्की र वीर हुनु अस्सल हो, परन्तु
आगे-पिछे सकल-हालत बुझ्नुपर्छ।
टुप्पो र छेउ नबुझेर उसै तुरन्त
झक्की हुने चलनले बरबाद गर्छ ॥९९॥
प्रेम-प्रपूर्ण भइ दर्द लियेर बोल्यौ
यो मर्दको प्रकृति सुन्दर हो खुशी छु।
वक्तव्य केहि छ म चित्त बुझाइदिन्छु
संक्षेपले सुनन शान्ति लिएर लच्छु ! ॥१००॥
प्राणै दियेर पनि धर्म बचाउनाको
हाम्रो कुलव्रत अखण्डित विश्रुतै छ।
'सत्यै ठुलो छ अरु धर्म सहस्रभन्दा'
यो शास्त्रवाक्य पनि मानित विश्रुतै छ ॥१०१॥
जुन् सत्यको व्रत लिएर बलिष्ठ बन्दा
अव्याहतेष्ट गति[1] पाउनुभो बुबाले।
अज्ञानि-मूर्खझइँ लाज नमानि आज
त्यै सत्य लौ कसरि ? छाड्नु मुलाहिजाले ॥१०२॥
उस्ता भयङ्कर शनैश्चरसम्मलाई
कायल् गराउनुभयो अघि जुन् व्रतैले।[2]
मेरा निमित्त चलचित्त भई बुबाले
त्यै सत्यको व्रत कसो गरि छाड्नु ? ऐले ॥१०३॥

---

१. स्वर्गादिलोकमा इच्छानुसार जैले भने पनि उही शरीरले जाने शक्ति।

२. कृत्तिका-मण्डलबाट शनैश्चर ग्रहले रोहिणी-मण्डलको भेदन गरेर सर्वसंहार हुने योग परेको जाहेर हुँदा महाराज दशरथले आफ्ना क्षात्रबल-शस्त्रबल-धर्मबलको भरोसामा सूर्यमण्डल-सोममण्डल-भौममण्डलभन्दा धेरै माथी रहेको शनिमण्डलमा रथारूढ भैकन पुगेर संहारास्त्रको प्रयोग गर्न लाग्दा शनैश्चर ग्रह कायल भयेर 'त्यस्तो पीडा दिने काम तिम्रो बहादूरीले खुशी भयेको हुनाले गर्ने छैन, वरदान माग' भनेको कथा स्कन्दपुराणमा लेखियेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदान्तका वचनबाट बखानियेको
त्यो सत्य वस्तु यहि सत्य लियेर मिल्छ।
सत्यै हुँदा सुकृतलोक खुला रहन्छन्
त्यो एक मात्र नहुँदा सब बन्द हुन्छन् ॥१०४॥

स्वर्गीय–युद्ध गरदै रहँदा छँदामा
जस्ले गरिन् विजय–दान र जीव–दान।
उस्ती सती–गुणवती–हृदयानुकूला–
कैकेयिको हृदयरञ्जन ठीक ठान ॥१०५॥

निर्भीकता दृढ लिएर अभूतपूर्व
त्यो भर्तृभक्ति लिन सङ्गरमा रमायिन्।
साफै म भन्छु सुन, केकयनन्दिनीले
आफैं स्वराज्य गुणगौरवले कमाइन्[1] ॥१०६॥

कैय्यौं यथेच्छ वर अर्पित गर्नुपर्थ्यो
प्राणेश्वरी हुन गयेपछि कैकयीमा।
दोटै मिले वर, तथापि रहे ति थाती,
कैकेयिलाइ कसरी म भनौं नजाती ? ॥१०७॥

---

१. अघी देवासुरसंग्राममा दैत्यवर्गले पिट्टा दिंदा हाहा पर्न गयो र इन्द्रले महाराज–दशरथलाई सहायताका निमित्त बोलाई पठाये, दशरथ स्वर्ग जान लाग्दा प्रेमपरायणा–क्षत्रियकुलनन्दिनी–कैकेयी महारानी पनि आग्रहका साथसाथ लागेर गइन्, घनघोर युद्ध गर्दागर्दै दशरथका रथको धुरा टुट्यो। लडाईमा एकतान भयेका राजाले देखेनन्, कैकेयीले देखिन्। पतिको ज्यान जोगाउनाका निमित्त धैर्यको पराकाष्ठा लियेर धुराको ठाउँमा आफ्नू हात पसालिकन धेरै बेरसम्म चुपचाप रहेर तिन्ले असह्य कष्ट सहिन्। दशरथको विजय भयो, दैत्य भागे। अनि दशरथले कैकेयीको बहादुरी देखे। 'धुरा टुटेर रथ वेकम्मा भयेको भय म बाँच्ने संभव थिएन, तिम्रा प्रशंसनीय सहायताले मैले १ प्राण पायें, दोस्रो विजय पायें, म प्रसन्न भयें, प्रिये ! केकयराजनन्दिनि ! २ वर इच्छानुसार माग' भनि दशरथले भन्दा पतिको प्राणत्राण र विजयलाभले परम संतुष्ट भयेकी कैकेयीले केही पनि मागिनन्, राजा खिन्न होलान् भन्ने शंकाले 'मलाई चाहियेको वेलामा २ वर बक्सेला, ऐले थाती रहून्' भनेकी थिइन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'साम्राज्य–शासन सरासर मै चलाऊँ,
नायेवका तरहले म हजूर पाऊँ'।
ई वर् लिये पनि हुने, गरिये ति थाती
उन्को अहो ! कति रहेछ ? विशाल छाती ॥१०८॥

'भोली दिनेछु' भनि भन्नुभयो मलाई
त्यो दानको विधि–विधान कुनै भयेन।
कैकेयिलाइ अघिबाट दिईसकेको
स्वर्गीय–दान अहिल्यै नदिई भयेन ॥१०९॥

संपूर्ण वैभव यथेच्छ, कुनै कुराको
कम्ती थिएन वरको अवसर् परेन।
लायक् भये भरत बल्ल र कैकयीले
यो खल्लबल्ल नमचाइ हुँदै भएन ॥११०॥

कैकेयिलाइ नदिई–न्हुने हुनाले
यो राज्यरूप वरदान मुनासिवै हो।
उप्रान्तको भयविनाश गराउनामा
मेरो तुरन्त वनवास मुनासिवै हो ॥१११॥

कैकेयिको चरित यो घटिया नठान,
भोला–भला–भरतको रचना नजान।
श्रीपूजनीय–पदपद्म पिताजिलाई
प्रीतिप्रपन्न भइ ईश्वर–तुल्य मान ॥११२॥

साक्षात् त्रिलोकपति इन्द्रसमेत जस्का
साहाय्यले निहतकण्टक राज्य गर्छन्।
उस्ता पिताजिसित वाद–विवाद गर्नू ?
लोकापवाद र अधर्म दुवै सुमर्नू ! ॥११३॥

जस्तो प्रबन्ध हुन जान्छ बुबाज्युबाट
त्यो हामिले सब शिरोपर गर्नुपर्छ।
कस्ले ! सहस्रजन–पूजितका कुरामा
टीका र टिप्पणि बहस् र उजूर गर्छ ॥११४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

जस्का बदौलत छ इज्जत यो, उनैका
आज्ञानुसार नचले पछि मात्र जान्छ।
मेरो विचार, 'वनवास विना कसुर्को
बेइज्जती ठहरिँदैन' भनेर ठान्छ ॥११५॥

प्राणाधिक प्रिय थियौं सब भाइ चारै,
जेठो म आदृत भएँ सबतर्फ सारै।
त्यस्तो मलाइ पनि छाड्नुभयो बुबाले
त्यो धर्म छाड्न हरगिज् नहुने हुनाले ॥११६॥

त्यस्ता स्थिरव्रत धुरन्धर सत्यसन्ध
त्रैलोक्यवर्ति – गुणकीर्ति हुने पिताको।
नाता लियेर वनमा रहँदा मलाई
स्वर्गीय – सुक्ख पनि तुच्छ हुनेछ भाई ॥११७॥

अर्को कुरा सुनन लक्ष्मण ! सुन्नुपर्ने
कस्तो परिस्थिति जगत्पतिले गरायो।
जस्मा परेर 'अवजस् कसरी लिने हो ?'
भन्ने गभीरतर पीर सबै हरायो ॥११८॥

हत्पत् प्रकाशित गरेर हिजो बुबाको–
'लौ यौवराज्य तिमिलाइ म दिन्छु भोली'।
भन्ने हुकुम् जब सुनें, म भयें झसङ्ग,
चिन्ता उठे, वदनबाट उठेन बोली ॥११९॥

"साथै गये भरत भाइ रमाइलाका,
कैले ति भाइसहितै भइ आइपुग्छन्।
निद्रा नदीकन समुत्सुकता लियेका
चिन्ता मदीय–मनमा प्रतिदिन् रहन्छन् ॥१२०॥

इन्कार गर्न त हुँदैनहुने कुरा हो,
स्वीकार गर्न पनि मुश्किलकै कुरा भो।
भर्सक् गरें शकिन, के गरुँ ? हड्बडैले
कर्तव्यको उचित निश्चय गर्न मैले ॥१२१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जन्म्यौं बढ्यौं प्रणयपूर्ण भएर खेल्यौं
खायौं पढ्यौं अनि विवाह गर्‍यौं सँगैमा।
छुट्टै हुँदा भरत भाइ, सुटुक्क गद्दी
मैले लिँदा प्रबल दुर्यश पर्छ मैमा ॥१२२॥

दुर्यश् मलाइ नपरोस् बरु राज्य जाओस्
यस्तै प्रबन्ध गरिदेउन हे विधाता !"।
भन्दै अनिद्रित रहेर निशा बितायें,
ऐले मनोरथ पुग्यो वनवास पायें ॥१२३॥

लक्ष्मण –

भैगो म जिद्दि अब गर्दिन राज्यलाई,
कैकेयि डङ्किनि गरोस् प्रभुको रजाई।
ठाडै रहेर अब हेर्छु विना बिजाई
को दिन्छ ? लौत ! वनवास हजूरलाई ॥१२४॥

श्रीराम –

भो भो नरन्क अब लक्ष्मण ! जान देऊ,
शिक्षा म दिन्छु अब शान्त भएर लेऊ।
क्रोध-प्रधान भइ शीतल शान्ति-मार्ग-
प्रध्वंस गर्न मनलाई नछाडिदेऊ ॥१२५॥

जो शान्तिमा सुख अनन्त अपार हुन्छ,
त्यस्को शतांश पनि राज हुँदा हुँदैन।
कर्मानुसार घनघोर विपत्ति आओस्,
त्यो शान्तका हृदयलाइ छुँदै छुँदैन ॥१२६॥

राजाधिराज हुन यत्न गरौंन भन्छौ,
सन्तोष छैन अब राजकुमारतामा।
राजाधिराजहरुका पदमा पुगेमा
डुल्नेछ चित्त भुवनत्रय-राजतामा ॥१२७॥

इच्छा नराख मनमा अति दीर्घ दीर्घ,
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
कर्मानुसार व्यवहार सबै चलाऊ।

यो स्वैरिणी छ सबकी यहि वैरिणी छ,
यस्लाइ भाइ ! हुशियार भई भगाऊ ॥१२८॥

बेइज्जती – तरफ ख्याल कुनै नराखी
फोहोरका विषयमा पनि जाइलाग्छे।
लच्छू ! निकै गर विचार, कुकुर्नि जस्ती
इच्छा पछीपछि अलच्छिनि आइलाग्छे ॥१२९॥

गर्छे अघाइन भने अनुहार अर्कै,
बल्छे धपक्क अति दारुण रूप लिन्छे।
यो प्रेमलाइ र भलाइ र लाजलाई
जम्मै जलाइकन भस्म गराइदिन्छे ॥१३०॥

यस्लाइ बाँधिदिनुपर्दछ, नत्र झट्टै
यो बाघिनी हुन गएर अगाडि सर्छे।
यस्ले कठोरतर शब्द – सहस्र गर्दै
झम्टेर पेट भरने व्यवसाय गर्छे ॥१३१॥

आनन्दको तिमि निरन्तर चाह गर्छौ,
सन्तोषलाइ मनभित्र लगेर राख।
प्यारे ! बताउन म शक्तिन, लौन शान्ति।
कस्तो रहेछ भनि गौर गरेर चाख ॥१३२॥

दाज्यू वृथा व्यथित-चित्त भयो भनेर
व्याकुल् भयौ र तिमि तुल्बुलियौ रिसायौ।
भाई ! म ता व्यथितचित्त कदापि हुन्न,
मेरा निमित्त तिमिले बरु दुःख पायौ ॥१३३॥

गन्थन् कती गरुँ ! अकण्टक राज्यभन्दा
मन्पर्छ कण्टक भए पनि वन् मलाई।
आयास[1] होस् तर गृहान्तर-वासभन्दा[2]
ज्यादा पसन्द वनवास भयो मलाई ॥१३४॥

---

१. तकलीफ।
२. घरभित्र बस्नु भन्दा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मण –

(मालिनी)

अनुचर[१] अनुजै[२] हूँ जिद्दिमा माफ पाऊँ,
विनय गरि हर्जुमा बिन्ति गर्छू म फेरी।
किन यसरि ! 'म जान्छू हुन्छ' मर्जी भयेको
प्रतिदिन वनवास्को दर्द हेर्दैनहेरी ॥१३५॥

वन पनि असलै हो केहि दिन् काइदाले
परिजनहरु[३] राखी साथमा बस्न पाये।
हृदय अदय[४] कस्तो ? पापिनी केकयीका
वश परिकन एक्लै बस्न वन्मा धपाए ॥१३६॥

प्रतिदिन फलफूलै कन्दमूलै कसोरी ?
तरुतल र गुफैको वास दिन्दिन् कसोरी ?
पहिरनु तरुवल्कल् चीर–चर्मै कसोरी
कुलिश[५] कसरि? पारिस् चित्त कैकेयि! मोरी! ॥१३७॥

श्रीराम –

जसरि बसिरहन्छन् प्राय एक्लै वनैमा
मुनिहरु फलफूलै खाइ वल्कल् लगाई।
त्यसरि म पनि बस्छु प्रीति राखेर वन्मा,
नगरन तिमि मन्मा पीर हे वीर ! भाई ! ॥१३८॥

---

१. पछ्याउने सेवक भएको।
२. भाई ।
३. नोकर चाकर प्रभृति।
४. दया कत्ति नहुने– निष्ठुर
५. वज्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धरणि–सलिल–तेज–श्वास–आकाश[1] जम्मा
भइकन रचिएको तुल्य देखिन्छ काया ।
'नरपतिसुत[2]' भन्ने ख्यालले मात्र भाई !
अरु जनहरु भन्दा गर्दछौं धेर माया ॥१३९॥

'सुख' भनि कहिने हो वस्तु 'चित्तप्रसादै'
बुझिकन ठहरेको 'दुःख' मन्को 'विषादै' ।
पुनरपि सुन, अर्थात् चित्त जस्मा रमायो
गुन र बुझ उसैले 'सुक्ख' को नाम पायो ॥१४०॥

फल सरस र मीठा मिल्दछन् वन् पसेमा
सहज लिन शकिन्छन् स्वेच्छया छानिछानी ।
अमृतसदृश ताजा यत्रतत्रै पवित्र
प्रतिसमय यथेच्छ स्वच्छ पाइन्छ पानी ॥१४१॥

हिँड दिनभरि भाई ! गर्मिको छैन चिन्ता,
पवन चलिरहेका गाछका छन् छहारी ।
सुतन तन नढाकी हुन्न लौ कत्ति जाडो
रुचिरतर[3] गुफा छन् कन्दरा छन् तयारी ॥१४२॥

सबतरफ सुनिन्छन् काकली कोइलीका
कुसुम समय लाग्दा[4] पञ्चम–स्वर् लियेका ।
वरपरतिर वर्षाकालमा षड्ज सुर्को
अति मधुर मजुर्को सुन्न पाइन्छ केका[5] ॥१४३॥

---

१. पृथिवी–जल–तेज–वायु–आकाशरूपी पञ्चमहाभूत ।
२. राजाका छोरा ।
३. चौपट्ट राम्रा ।
४. वसन्तऋतु आयेमा ।
५. मजुरको बोली ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जल विमल भयेका मन्दताले वहेका
नदितिर र तलाऊ–ताल–झर्नाहरूमा।
अतिशय मन हर्ने हेर्न पाइन्छ पद्मा –
दिक कुसुमहरूको दिव्य शोभा शरद्मा ॥१४४॥

दुइतिर छहराले घेरियेका र अग्ला,
तरु गहन भयेका, सम्म–चट्टानवाला–।
गिरितरफ सफर्को योजना गर्न पाई
अलिकति पनि हुन्न ग्रीष्मको ताप भाई ! ॥१४५॥

कुटिनिर धुनि बाली घाँसको गद्दि हाली
तरुल–सरुल पोली प्रेमले पेट पाली।
मुनिजन विपिनैमा बस्तछन् क्या मजाले
किन भनन ? इनैले जाड्य जम्मै निकाले ॥१४६॥

वनतिर मन हर्ने तीर्थ धेरै रहन्छन्
सकल दुरित तिन्मा स्नान गर्दा बहन्छन्।
मुनिहरु पनि तीर्थैं तीर्थमा ध्यान धर्छन्
जनन–मरण–जन्य–त्रासको नाश गर्छन् ॥१४७॥

यसरि विपिनवास्मा फाइदा देखिनाले
उजुर गरिन केही ठीक ठानेर आयें।
जबर भइ उठेथ्यो जोश तिम्रो र ऐले
अनुजवर ! सुमित्रापुत्र ! मैले बुझायें ॥१४८॥

म–सरि भरतजीमा प्रेम राखेर बस्नू,
'कसरि ? किन ?' नभन्नू, सर्वदा शान्त बन्नू।
विनय लिइ बुबाको चाकरी नित्य गर्दै
हृदय दिइ मुमाको खूब हेर्चाह गर्नू ॥१४९॥

विरह लिइ मुमाले दिक्क मानेर बस्ने
अवसर नदिए है ! चित्त राजी गराये।
अनुगत भरपर्दा दाहिना बाहु मेरा
तिमि रहिरहनाले पीर धेरै हराए ॥१५०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मण —

रहिन अघि, रहौंला आज छुट्टा म केको ?
उहि छ फगत मेरो जे छ इच्छा हजुर्को ।
भिरिकन अब डोको खन्ति, खुर्पा र खुर्पी
लिइकन पछि लाग्छू साथ साथै हजुर्को ॥१५१॥
'अनुगत[1] भर पर्दा दाहिना बाहु' भन्ने
विरुद[2] मिलि भयें म श्रेष्ठ संसारभर्मा[3] ।
हजुर यसरि एक्लै वन्वनैका सफर्मा
रहनु कसरि मैले खुम्चिई यै नगर्मा ? ॥१५२॥

श्रीराम —

मसँग तिमि हिँडेमा पीर पर्ला बुबामा
तिमि पनि नरहेमा कष्ट होला मुमामा ।
यहि बुझि तिमिलाई साथ लैजान मैले
शकिन र 'न रिसाऊ' भन्दछू लच्छु ! ऐले ॥१५३॥

लक्ष्मण —

प्रिय भरत छँदैछन् पीर केको बुवामा ?
म पनि यहिं रहेमा कष्ट होला मुमामा ।
हजुर फगत एक्लै दण्डकारण्य पस्ने
कसरि दुइ मुमाले प्राण राखेर बस्ने ? ॥१५४॥

श्रीराम —

भरत सहित छैनन् साथ शत्रुघ्न छैनन्,
म पनि हिंडिसकेको यो अवस्था भयेमा ।
फरक भइ बुबाको ख्याल बिल्कूल छाडी
तिमि कसरि सरासर् आउने लौ ? पछाडी ॥१५५॥

---

१. इच्छानुसार चल्ने, पछि लाग्ने ।

२. पदवी–उपाधि ।

३. पाठान्तर—
विरुद दिइ मलाई सर्वतः श्रेष्ठ गर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मण –

खबर असल यस्तो की गयो हो कि जाला
भरतहरु तुरन्तै गम्कँदै आउनेछन्।
परजन पर सारी मन्सुवा पूर्ण पारी
मिलिजुलिकन भारी हर्ष वर्षाउनेछन् ॥१५६॥

श्रीराम –

मुख मलिन गराई अश्रुधारा बगाई
वनगमन दियेको सिर्फ यौटै मलाई।
दिनदिन वन घुम्ने तीव्र तक्लीफतर्फ
प्रयतन किन गर्छौ ? व्यर्थ हे लच्छु ! भाई ! ॥१५७॥

लक्ष्मण –

युगल–युगल दोटा देखियौं चार भाई
सहचर कहलायौं चित्त यौटा गराई।
प्रकृतिकृत बलीयो प्रेमबन्धन् हटाई
कसरि ? र किन ? गर्ने आज छुट्टा मलाई ॥१५८॥

श्रीराम –

(वसन्ततिलका)

रैती र राजपरिवार सबन्धुवर्ग[1]
प्रीतिप्रफुल्ल तिमिमा मसमान हुन्छन्।
इन्लाइ कष्ट नपरोस् भनि यत्न गर्छु
मेरो मुराद बुझिदेउन ! भाइ ! लच्छु ! ॥१५९॥

लक्ष्मण –

प्यारो हुँदा हजुरको म सबै जनाको
प्यारो भएँ र अति दुर्लभ लाभ पायें।

१. पाठान्तर–
रैती र राजपरिवार र इष्टमित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यै ख्याल राखि मनमा अरुतर्फभन्दा[1]
यो प्रेमलाइ प्रभुमा अधिकै लगायें ॥१६०॥
यो प्रेम निश्चल भयेर लियें हजुर्मा[2]
माता पिताप्रभृति – मानवमा म लिन्न।
मेरा हजुर रहँदा म हजूर नै हूँ
एक्लै त हर्गिज हजूर ! म जान दिन्न ॥१६१॥

अर्को कुरा, हजुरका हँसिला मुहार्को
आज्ञामृतै पिउँन पाउँन पाउ पर्छु।
'लौ' यत्ति अक्षर सुने पछि दङ्ग पर्दै
आजै सँगै म पनि जाउँन ! बिन्ति गर्छु ॥१६२॥

श्रीराम –

लौ के गरौं ? यसरि आग्रह गर्न लाग्यौ,
माताजिको चरणवन्दन गर्न जाऊ।
लच्छू ! मलाइ तिमिले परवश् गरायौ
जाने भयौ मसँग सम्मतिसाथ आऊ ॥१६३॥

सीता र लक्ष्मणका साथमा श्रीरामजीको वनयात्रा हुँदा बाटबाटमा भेटियेका ग्रामनारीहरूको जनकनन्दिनीका हजूरमा गरियेको कौतुकपूर्ण जिज्ञासा र सरल-हृदया-प्रजावत्सला स्त्रीजनाचारपरायणा सीता महारानीको प्रत्युत्तर विषयको –

कुलीनमहिलास्वभावोक्ति – ५

(स्रग्विणी)

"छैन हात्ती पनी छैन घोडा पनी,
छैन गाडा पनी छैन डोली पनी।

---

१. पाठान्तर–
यै ख्याल सन्तत लिईकन अन्तभन्दा

२. पाठान्तर–
यो प्रेम हर्दम लिएर रहें हजुर्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पैदलै पाल्नुभो छैन जुत्ता पनी,
छैन यो दुःखमा दीनता तैपनी ॥१६४॥
मार्ग यो तेजले झल्लझल्लै भयो,
चक्चके चित्तको चक्चकी गैगयो ।
देश यो शुद्ध भो गाउँ यो धन्य भो,
भाग्य हाम्रो खुल्यो, आज दर्शन् मिल्यो ॥१६५॥
जङ्गली छौं सबै, बुद्धिले हीन छौं,
रूप देख्ता सबै चित्तमा छक्क छौं ।
माफ पाउँ कसुर्, पाउमा पर्दछौं,
स्वामिनि ! प्रीतिले सोधनी गर्दछौं ॥१६६॥
वीरझैं शूरझैं तेजिला छन् दुवै,
मेघको चन्द्रको श्री सबै हर्दछन् ।
साँहिनाले हुनन् ई हजुर्का कुनै,
लौन ! को हुन् हजुर् ? भन्नु के पर्दछन् ?" ॥१६७॥
मुग्धता नम्रता स्निग्धता झल्कने,
ई वचन् ग्रामका नारिका सुन्नुभो ।
प्रेमले भक्तिले भावनाले धनी
धन्य यी हुन् भनी चित्तले भन्नुभो ॥१६८॥
दन्तका कान्तिले नेत्रका दीप्तिले
उक्तिका शक्तिले स्नेह वर्षाउदै ।
'नाम हो लक्ष्मण ख्यात जो गौर छन्,
हेर देवर् उ हुन्, लौ बुझ्यौ ?' भन्नुभो ॥१६९॥
झुक्नुभो, क्यै वदन् वस्त्रका छेउले
छेक्नुभो त्यो अनी क्यै हसीलो गरी ।
नेत्रका कोणले हेर्नुभो क्यै अनी
नाथका गाथका तर्फ कर्के गरी ॥१७०॥
'देहका प्राणका नाथ यी हुन्' भनी
बोल्नुभो स्पष्ट नै बोलिनन् पनी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभ्यताका कुनै कल्पका रीतिले
क्या मजा गर्नुभो श्रीकिशोरीजिले ॥१७१॥

(११) उपमा

आह्लादक (चमत्कारकारी) सादृश्य गराउने समानधर्म-सम्बन्धलाई उपमालङ्कार[1] भन्दछन्। उपमेय[2]-उपमान[3]-बोधक शब्द[4]-समानधर्म[5] ई ४ चारै कुरा राखेमा पूर्णोपमा हुन्छ। यी ४ मध्ये कुनै लुप्त पारेमा (नराखियेमा) लुप्तोपमा हुन्छ, जस्तै-

पूर्णोपमा—१

(शिखरिणी)

सुपूज्यै छन् मूर्ति द्विभुज सदया कृष्ण-सदृशी,
अपारै छन् नीति प्रबल गहिरी सिन्धु-सदृशी।
अनन्त ब्रह्माण्डाधिपति-प्रभुकी निश्चय गरी
पवित्रै छन् चङ्गा मति सरस गङ्गाजलसरी ॥१॥

यहाँ मूर्ति, नीति, मति, उपमेय हुन्। कृष्णमूर्ति, सिन्धु, (समुद्र), गङ्गाजल, उपमान हुन्। सदृशी, सरी, सादृश्यबोधक शब्द हुन्। सुपूज्यता, द्विभुजता, सदयता- अपारता, प्रबलता, गम्भीरता- पवित्रता, निर्मलता, सरसता- यी ३।३ समान धर्म हुन्।

धर्मलुप्तोपमा—२

(वसन्ततिलका)

श्रीरामको निखिल पाप खपुष्पजस्तो
दौःशील्य देखिन गयो शशशृङ्गजस्तो।

---

१. खाली-'देवदत्त यज्ञदत्तजस्तो छ' भन्दा सादृश्य बुझिन्छ, यस्ता वाक्यले विशेष आह्लाद हुँदैन। 'यिनको हात कमल जस्तो मुलायम छ' भन्दाखेरी अनौठा तरहले हातको सुकुमारता बुझियेर श्रोताका मनमा आह्लाद हुन्छ।
२. जस्मा सादृश्य बुझिन्छ, त्यो उपमेय हो।
३. जस्को सादृश्य बुझिन्छ, त्यो उपमान हो।
४. सादृश्य बुझाउने शब्द बोधक शब्द हो।
५. सादृश्य गराउने धर्म (गुण) समानधर्म हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारभर् सकलतर्फ नजर् दिंदामा
देखिन्न कोहि अरु लौ क्षितिपाल यस्तो[1] ॥२॥

यहाँ पाप, दौःशील्य (दुःशीलता), उपमेय हुन्। खपुष्प (आकाशमाथि फुल्ने फूल), शशशृङ्ग (खरायोको सिङ) उपमान हुन्। 'जस्तो' बोधक शब्द हो। अत्यन्ताभाववत्त्व धर्म हो तापनि त्यो राखियेको छैन, तथापि खषुष्प र शशशृङ्गझैं पाप र दौःशील्य बिल्कुल रहेनछ– भन्ने कुरा बुझिन्छ।

उपमानवाचक लुप्तोपमा—३

(वसन्ततिलका)

श्रीरामकी अमृतवृष्टि – समान दृष्टि
जस्ले अगण्य गरि पुण्य गरेर पायो।
त्यो तापतप्तकृत – पात कतै उडाई
हाँगाबिँगासहित भै हित भै पलायो[2] ॥३॥

यहाँ पहिलो आर्धीमा मृतोज्जीवनरूप धर्म लुप्त छ। दोस्रो आर्धीमा उपमान (वृक्ष) र वाचक (बोधक) शब्द (जस्तै इत्यादि) लुप्त छ।

---

१. यस श्लोकका उत्तरार्धमा 'यस्तो अर्को क्षितिपाल (राजा) देखिदैन' भन्नाले उपमान र धर्मको समेत लोप भयेर धर्मोपमानलुप्ता उपमा पर्दछ।

२. पहिला आर्धीमा कृपादृष्टि र अमृतवृष्टिको समानधर्म (मृतोज्जीवन) जगत्प्रसिद्ध हुनाले राखियेको छैन तापनि त्यस्को बोध हुन्छ र धर्मलुप्तोपमा पर्दछ।
पछिल्ला आर्धीमा उपमेय (कृपादृष्टि पाउने व्यक्ति) र त्यस्को धर्म (पलाउनु) मात्र राखियेको छ तापनि — "जस्तै तापतप्तकृत (घामले तप्त पारियेको) वृक्ष अमृतवृष्टि (जलवृष्टि) पायो भने, पात कतै उडाएर (सुकेका पात झारेर) हाँगाबिँगासहित पलाउँछ, त्यस्तै— अघीको दुःखी तापतप्त (सन्तापपीडित) भयेको व्यक्ति पनि श्रीरामजीको कृपादृष्टि पाएर कृतपातकतै (पाप गर्ने स्वभावै) उडायेर (छाडेर) हित भै (कल्याण भयेर) हाँगाबिँगासहित भै (सन्तान बन्धुवर्गले सहित भैकन) पलायो (सप्रदै गयो)" यस्तो अर्थ सहृदयका हृदयले स्पष्टै बुझिने हुनाले यो श्लोकको उत्तरार्ध उपमानवाचक–लुप्तोपमाको उदाहरण भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपमान–लुप्तोपमा—४

सन्ताप – शान्ति गरि हर्ष बढाउनामा
सन्तोष – वृद्धि गरि खेद हटाउनामा।
दीनाधिनाथ – रघुनाथ – समान अर्को
कोही सकस् पनि मिलेन कुनै जगत्मा[1] ॥४॥

यहाँ 'रघुनाथ–समान अर्को मिलेन' भन्नाले उपमानलोप स्पष्टै छ। सन्ताप–शान्ति, हर्षवृद्धि, सन्तोषवृद्धि, खेदनिवृत्तिरूप धर्म र रघुनाथरूप उपमेय पनि राखियेको छ। बोधक समानशब्द छँदैछ।

विपर्यासोपमा—५

(वसन्ततिलका)

श्रीरामकीर्तिसित शारदचन्द्रिकाले
भद्रै नहेरिकन झट्ट गरी मितेरी।
फापेन पूर्ण–थिइ घट्न तुरन्त लागी,
फाप्यो डबल् भई निरन्तर कीर्ति जागी[२] ॥५॥

यहाँ उपमेयरूप भयेकी कीर्तिलाई उपमान तुल्याएर उपमानोपमेयभावको विपर्यास (उल्ट्येपना) गरेको र उपमा राखिएको छ।

---

१. संस्कृत व्याकरणका आधारमा मानियेका श्रौती–आर्थी–समासगता–तद्धितगता–णमुल्गता–क्यच्क्यङादिगता इत्यादि उपमाका भेदपट्टी उपेक्षा गरेर प्राचीन संस्कृत ग्रन्थमा दण्डीप्रभृतिले देखाइयेका भेद देखाइनेछन्। अरू २ अलङ्कार पनि प्राचीन ग्रन्थानुसार राखिनेछन्। सूक्ष्मदृष्टि दिइकन तत्तदलङ्कारको तत्तदलङ्कारमा अन्तर्भाव नगरेर अलङ्कारका प्रपञ्च मात्र देखाइनेछन्।

१. 'प्रायः भद्रा हुने पूर्णिमाका दिनमा (आफ्नू उन्नति भयेका मौकामा) चन्द्रमाकी चन्द्रिकाले भद्रै नहेरीकन (साइतको वास्ता नराखेर) श्रीरामजीको कीर्तिसित मितेरी गरी' भन्नाले न्यूनगुणवती भयेकी चन्द्रिका उपमेय हुन आई, अधिकगुणवती भयेकी कीर्ति उपमान भई। मितेरी गर्न तंसियेकी चन्द्रिकालाई नटेरियेकी भद्राको दोष लाग्यो र भोलीपल्टैदेखि त्यो घट्न लागी। अर्काको आग्रहले मितेरी गर्ने, स्वयं मितेरीको वास्ता नराख्ने– अधिकगुणवती कीर्तिलाई ता त्यो मितेरी फाप्यो, भद्राको दोष कत्ति लागेन र त्यो कीर्ति पहिलेभन्दा दोबर उज्याली भएर जागी (देदीप्यमान भयी)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्योन्योपमा (उपमेयोपमा वा)—६

(वसन्ततिलका)

श्रीरामको यश हिमालयतुल्य, उस्को
साँचो समान यश, यो प्रकटै बुझिन्छ।
त्यो शैलराज यशभित्र छ डल्लियेको
चौतर्फ नै यश छ बाहिर फैलियेको [१] ॥६॥

यहाँ यश र हिमालयको परस्परमा उपमानोपमेयभाव देखाइयेको छ।

नियमोपमा—७

(वसन्ततिलका)

त्रैलोक्यमा जति पदार्थ थिए उज्याला
ती संझिसंझि यशको तुलना गरेमा।
त्यो क्षीरसागर भने सम हुन्छ यश्को
अर्को पदार्थ सम छैन कदापि यस्को ॥७॥

क्षीरसागरको र यशको नियम(निश्चय)का साथ उपमानोपमेयता बुझिन्छ।

अन्योन्यनियमोपमा (किंवा उपमेयोपमा)—८

(स्रग्विणी)

रामकी कीर्तिको तुल्यता खोजदा
चन्द्रमा देखियो, छैन त्यो अन्त ता।
चन्द्रको तुल्यता रामकी कीर्तिमा
भक्तले पाइयो भन्दछन् सन्त ता ॥८॥

चन्द्र र कीर्तिको नियमका साथ परस्परमा उपमानोपमेयता स्पष्टै छ।

---

१. 'यश हिमालयको साँचोसमान छ' भन्नाले श्लेषद्वारा 'यश हिमालयको साँचो (हिमालय पगालेर हाल्ने वस्तु)' भन्ने गूढ अर्थान्तर बुझियेपछि, त्यस्को समर्थनको निमित्त– 'पगालियेको हिमालय ऐले डल्लो परेर यशभित्र रहेको छ, साँचोचाहिने यश डल्लियेका हिमालयभन्दा बाहिरपट्टी चारैतरफ फैलियेको छ' यस्तो तात्पर्य स्पष्ट गरेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनियमोपमा—९

(वसन्ततिलका)

श्रीरामकी प्रकृति शीतल ताप हर्ने,
जो चन्द्रकी प्रकृति सो पनि ताप हर्ने।
इन्को परस्पर मिलान गराउनामा
प्रायः परोइन सुशिक्षितलाइ धामा ॥९॥

यहाँ उपमाको सामग्री देखाएर पनि नियम (निश्चय) पूर्वक उपमानोपमेयता देखायेको छैन।

समुच्चयोपमा—१०

(स्रग्विणी)

नामले चन्द्रको तुल्यता क्यै थियो
कामले चन्द्रको तुल्यता भर्दियो।
नाथका साथमा यो कुरा देखियो
भक्तका भाग्यले क्या मजा गर्दियो ॥१०॥

यहाँ नाम र काम दुवैको समुच्चय(समुदाय)ले उपमानोपमेयभाव रहेको छ।

अतिशयोपमा—११

(वसन्ततिलका)

आकाशमा स्थिति गरेर उदाइ राती
ती चन्द्रिका जसरि ताप समस्त हर्छिन्।
त्रैलोक्य ढाकिरहने दिन रात सेती –
ई– कीर्तिले पनि उसै गरि ताप हर्छिन् ॥११॥

उपमेय–कीर्तिमा उपमान–चन्द्रिकाको भन्दा गुणातिशय (त्रैलोक्य-व्यापकता र अहोरात्र शुक्लतारूप गुणको आधिक्य) देखायेर पनि उही उपमानको तापहरणरूप–धर्मले सादृश्य देखाइयेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्प्रेक्षितोपमा–१२

(शार्दूलविक्रीडित)

गाम्भीर्यादि विराजमान रहने श्रीजानकीनाथकी
ठूली–कीर्तिसमान मै हुन गयें भन्छिन् अरे चन्द्रिका।
साक्षात् क्षीरसमुद्र कीर्तिसरिको मिल्नेछ खोजै गरे,
शेखी व्यर्थ गरिन् विचार नगरी ती मूर्ख भैछन् हरे ! ॥१२॥

यहाँ प्रकृत उपमान चन्द्रिका–बाहेक अर्को उपमान क्षीरसमुद्रको उत्प्रेक्षा (सम्भावना) गरेर त्यससँग सादृश्य देखायेको छ।

अद्भुतोपमा–१३

(शार्दूलविक्रीडित)

कैले पूर्ण हुंदा कलङ्कमयता कैले हुने बेपता
यस्तो छाडन चन्द्रले अब बुझी छाडे भने भैगयो।
त्रैलोक्यै द्युतिले सनाथ गरने श्रीनाथका वक्त्रको
मिल्ला साम्य पनी, उसै अघिसरे गिल्ला सरासर् भयो ॥१३॥

यहाँ श्रीपति (भगवान् रामचन्द्र) का मुहारको र तह लागेका चन्द्रको सादृश्य दिनलाई अनौठा (अद्भुत) कल्पना गरिएको छ।

मोहोपमा (किंवा भ्रान्तिमान्)–१४

(सुन्दरी)

दिननाथ भनेर दीप्तिले
भुलि धर्ना दिइ दीननाथमा।
अति दीप्त तसर्थ गाथ त्यो
हुन आयो दिनमा र रात्रिमा ॥१४॥

यहाँ दीप्ति (उज्ज्वलता) लाई दीननाथ (श्रीरामजी) मा दिननाथ (सूर्य) को मोह (भ्रम) देखाएर दीननाथ र दिननाथको सादृश्य बुझायेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संशयोपमा—१५

(उपेन्द्रवज्रा)

यि राम हुन् की भरतै यि हुन् लौ ?
भनेर सन्देह गरेर भारी।
खडाखडै छन् प्रभुका अगाडी
अरण्य – भूमण्डलका अनाडी ॥१५॥

यहाँ दण्डकारण्य-निवासी अनाडी (अज्ञानी) का संशयद्वारा श्रीरामजी र भरतजीको रूप-सादृश्य देखाइयेको छ।

निर्णयोपमा—१६

(वंशस्थ)

जताततै उज्ज्वलता बढाउँदै
कहाँ रहन्थी अब चन्द्रचन्द्रिका।
सदा रहन्छे स्थिर यो, तसर्थ यो
उ- चन्द्रिका होइन कीर्तिचन्द्रिका ॥१६॥

यहाँ निर्णयद्वारा चन्द्रिका र कीर्तिको सादृश्य बुझाइएको छ।

श्लेषोपमा—१७

(सुन्दरी)

स्थिरता धरि खूब फैलिने
दुनियाँको परिताप हर्दिने।
प्रभुकीर्ति जगत्प्रसिद्ध छन्
प्रभुकै बुद्धिसरी विशुद्ध छन् ॥१७॥

अभङ्गश्लेषद्वारा कीर्ति र बुद्धिको उपमानोपमेयता देखाइयेको छ।

समानोपमा—१८

(वसन्ततिलका)

पीयूषवृष्टि गरि दृष्टि सहर्ष हर्ने
जम्मै कला तमनिवारक साथ धर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संझौँन पूर्णशशिमण्डलतुल्य नीको
देदीप्यमान मुखमण्डल रामजीको ॥१८॥

यहाँ कला शब्द र तम शब्दका अभङ्गश्लेषद्वारा भिन्न धर्मको अभेद देखायेर (चन्द्रकलाको र वैज्ञानिक कलाको, अन्धकारको र अज्ञानको एकता गरेर) मुखमण्डलको र शशिमण्डलको सादृश्य देखाइयेको छ।

निन्दोपमा—१९

(वसन्ततिलका)

जो चन्द्रिकासँग समान भयें म भन्दै
श्रीरामकी विमल कीर्ति घमण्ड गर्छिन्।
आफ्ना स्वरूप गुणको पनि बोध तिन्मा
कत्ती रहेनछ वृथैव अगाडि सर्छिन् ॥१९॥

यहाँ उपमेय–कीर्तिको आफ्ना स्वरूपको पनि ज्ञान नभैकन, 'चन्द्रिकाको समानता पायें' भनेर घमण्ड गर्नुरूपी दोष देखाएर निन्दा झल्काईकन सादृश्य देखायेको छ।

प्रशंसोपमा—२०

(वसन्ततिलका)

गोलोकवासि – हरिका चरणाग्रदेखी
पैदा भएर हरका शिरमा रहेकी।
भागीरथी – भगवती र पवित्रतामा
श्रीरामकीर्ति पनि तुल्य छ जाँचिदामा ॥२०॥

यहाँ पवित्र भयेका गोलोकमा वस्ने–पवित्रतर भयेका हरिका, पवित्रतम भयेका पाउमा जन्मेर, अति पवित्रतम भयेका शङ्करजीका शिरमा रहनाले अतिअति पवित्रतम भयेकी भागीरथीको र श्रीरामकी कीर्तिको सादृश्य देखाइयेको छ।

आचिख्यासोपमा—२१

(वसन्ततिलका)

श्रीरामको भुज र विश्रुत कल्पवृक्ष
सम्झ तुरन्त अब अक्षर खुल्न लागे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जे जे भयो, अब भयो भवितव्य यस्तै
मेरो रहेछ, अरुले नहुनू मजस्तै[1] ॥२१॥

श्रीरामजीका भुजदण्डको र कल्पवृक्षको तुल्यता देखाउने सुरसार मात्र गरियेको छ र आचिख्यासा(विवक्षा)द्वारा सादृश्य बुझिन्छ, स्पष्ट देखायेको छैन।

विरोधोपमा र सौहार्दोपमा—२२

(रथोद्धता)

चन्द्रको कमलको मुहारको
जो छँदैछ झगडा विचित्रको।
त्यो बुझेर प्रभुको प्रतापले
मित्रता गरिरहेछ सूर्यको[2] ॥२२॥

यहाँ विरोधद्वारा मुहारको चन्द्रको कमलको सादृश्य बुझिन्छ, सौहार्द (मैत्री) द्वारा प्रतापको र सूर्यको सादृश्य बुझिन्छ।

प्रतिषेधोपमा—२३

(स्वागता)

अव्यवस्थित भयेर रहन्छौ,
त्यो कलङ्क लिइ दर्शन दिन्छौ।
रामचन्द्रसमता लिन शक्ति
छैन चन्द्र ! किन लालच गर्छौ ? ॥२३॥

यहाँ सादृश्यको निषेधद्वारा सादृश्य बुझिन्छ।

---

१. श्रीरामजीको भुज र कल्पवृक्ष संझने बित्तिकै मुखबाट 'ई दुवै तुल्य छन्' भन्ने आशयका अक्षर खुस्कन लागे [अब रोकिने छाँट छैन] लौ के गरौं ? त्यो तुच्छ कल्पवृक्षको उपमा दिने साहस यो उल्लू मनले गरीहाल्यो, बितेका कुरामा कति अपसोस गरौं, जे जे भयो भयो, मेरो भवितव्य यस्तै रहेछ [रामजीका हजूरमा म अनुचितवादी हुन गयें] अरूले साहस गरेर झटपट केह्री बोलीकन मजस्तो अनुचितवादी नहुनू।

२. चन्द्र उदायेमा कमल खुम्चिने, मुहारका अगाडी चन्द्र र कमल दुवै फीका हुन जाने हुनाले विरोध बुझिन्छ, तदद्वारा सादृश्य पनि बुझिन्छ। प्रभुकै प्रतापले सूर्यलाई मित्र बनायेको हो भन्नाले प्रतापको र सूर्यको सादृश्य पनि बुझिन्छ।

CC0. Nepal Sanskrit Academy, Kathmandu Collection.

चटूपमा—२४

(वसन्ततिलका)

त्यो कल्पवृक्ष अति दुर्लभ लाभ गर्ने,
त्यो बाहु सर्वसुलभै रहि दुःख हर्ने[1]।
लौ के गरौं ? अरु कुनै उपमा नपाई
त्यो तुल्य त्यो छ भनि भन्छु मनै नलाई ॥२४॥

यहाँ चटु (खुशामते कुरा) ले बाहुमा सर्वसुलभतारूप गुण देखायेर पनि अर्को उपमान खडा गर्न नशकेर उही– दुर्लभतादोषले दूषित भयेका कल्पवृक्षको सादृश्य लाचारीले देखाइयेको छ।

तत्त्वाख्यानोपमा—२५

(उपजाति)

'श्रीरामको जङ्गलमा खडा हुने
यो गाथ हो, होइन कल्पवृक्ष यो।
उदार हुन् बाहु यि डार होइनन्'
सुनेपछी यो किन भक्त भुक्किनन् ? ॥२५॥

यहाँ वनवासी भक्त तपस्वीहरूको भ्रान्ति कल्पना गरेर साँचा कुराले श्रीरामजीको र बाहुको तत्त्व (यथार्थता) बनाईकन गाथमा वृक्षको, बाहुमा डार (हाँगा)को भ्रान्ति हटाईकन सादृश्य देखाइयेको छ।

असाधारणोपमा —२६

(वंशस्थ)

'उदारतामा रहने प्रभुत्वमा
क्षमा लिएका बलमा विवेकमा।
त्रिलोकमा राम–समान राम छन्'
यिनै कुरा वेद बखान गर्दछन् ॥२६॥

यहाँ रामजी उदारता प्रभृति सबै कुराका हकमा रामजीजस्तै छन् [उपमा दिन पाइने (साधारण) होइनन्, ई असाधारण (लोकोत्तर) छन्] भनेर रामजीलाई

१. खुशामते कुराले मात्र बाहुलाई सर्वसुलभ भनेको हो, वास्तवमा त्यो अति दुर्लभै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

उपमान पनि उपमेय पनि मानेर सादृश्य दिइटोपलेको छ, सादृश्य वस्तुतः सदृश अर्को वस्तु नभै हुन शक्तैन, अतएव रामजी उपमारहित (अनुपम) छन् भन्ने कुरा आखीरमा बुझिन आउँछ। यही अलङ्कारलाई कोही 'अनन्वया-लङ्कार' पनि भन्दछन्।

अभूतोपमा—२७

(वसन्ततिलका)

जो कामधेनु - बलि - कल्पलताहरूको
औदार्यपुञ्ज छ उही सम हुन्छ यस्को।
यस्तो कवीश्वरहरू बरु तर्क गर्छन्
औदार्यका विषयमा अरु छक्क पर्छन् ॥२७॥

यहाँ हुनै नशक्ने कल्पवृक्षप्रभृति ३ वस्तुको औदार्यको यौटा थुप्रो कल्पना गरेर रामजीका औदार्यको सादृश्य दिइयेको छ।

असम्भावितोपमा—२८

(वसन्ततिलका)

अत्यन्त तेज–परिपूर्ण छ चित्त जस्को
उस्बाट शान्त–करुणारस निस्कँदामा।
श्रीसूर्यबाट हिमको अतिवृष्टि जस्तो
ठानेर विस्मित भयो लठुवा मजस्तो ॥२८॥

यहाँ अत्यन्त तेजस्वी भयेका रघुवीरका चित्तबाट निस्केका करुणा रसलाई उपमेय गरायेर सूर्यबाट निस्केका असम्भावित–हिमवृष्टिलाई उपमान गरायेको छ।

बहूपमा—२९

(सुन्दरी)

अवधेश्वरका कुमारका
करुणापूर्ण मुखारविन्दको।
समता विदितै छ दाखको
महको र फुलका अनारको ॥२९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यौटा उपमेय मुखारविन्दका अनेक उपमान (दाख, मह, अनार) राखियेका छन्।

विक्रियोपमा—३०

(भुजङ्गप्रयात)

सुधासिन्धुको तर् झिकी त्यो जमाई
मथी त्यो सबै साफ मक्खन् बनाई।
रचेको झईं त्यो मुहार् रामजीको
ननीको भयो लौन कुन् प्राणिलाई ? ॥३०॥

यहाँ उपमेय मुहारको मौजूद कुनै उपमान नपायेर कृत्रिम (चित्तका कल्पनाले मात्र खडा गरेको) उपमान (सुधासिन्धुको तर जमायेर बनायेको मक्खनलाई) खडा गरेर सादृश्य दियेको छ।

वाक्यार्थोपमा—३१

(वसन्ततिलका)

जस्तै अभीष्ट परिपूरण गर्न पाई
राजी रहन्छ सुरलोक पुरन्दरैले
मन्सूवपूर्ण रहँदा नरलोक उस्तै
राजी रहन्छ रघुवंश धुरन्धरैले ॥३१॥

यहाँ वाक्यार्थको बोध भइसकेपछि सुरलोकको र नरलोकको, पुरन्दरको (इन्द्रको) र रघुवंशधुरन्धर (राम) को उपमानोपमेयता बुझिन्छ।

प्रतिवस्तूपमा (साधर्म्यभित्तिका)—३२

(वसन्ततिलका)

संसारमा प्रभुसमान दया भयेको
अर्को नरेश कविले किन पाउँदा हुन् ?
प्रख्यात कल्पतरु ईश्वरले बनाए
यौटै समर्थ किन धेर बनाउँदा हुन् ? ॥३२॥

यहाँ २ वाक्यार्थको विम्ब-प्रतिविम्ब जस्तो साधर्म्य (नपाउनुरूप समान धर्म) राखेर उपमा दियेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतिवस्तूपमा (वैधर्म्यभित्तिका)—३३

(वंशस्थ)

प्रसन्न हुन्छन् प्रभुकै पदाब्जका
प्रसादको प्राप्ति भयेपछि प्रजा ।
हरे ! कहाँ पाउँछ ? चन्द्रले विना
चकोरले चिन्तित चीजको मजा ॥३३॥

यहाँ पाउनु र नपाउनुरूप वैधर्म्य (भिन्न-धर्मता) राखेर रामजीका पदाब्जको र चन्द्रको, प्रजाको र चकोरको, प्रसादको र चिरचिन्तित-चन्द्रकिरणको, विम्ब-प्रतिविम्बभावले सादृश्य बुझिन्छ।

तुल्ययोगोपमा—३४

(वसन्ततिलका)

त्रैलोक्यका सब हटइ अदृष्ट कष्ट
वैकुण्ठनाथ प्रभुबाट रहन्छ रक्षा ।
भूलोकका सकल कष्ट हटइ दृष्ट
साकेतनाथ प्रभुबाट रहन्छ रक्षा ॥३४॥

यहाँ रक्षणरूप एक कार्यमा सहयोग देखाएर वैकुण्ठनाथको र साकेतनाथ (अयोध्याधीश श्रीराम) को उपमानोपमेयता बुझिन्छ।

मालोपमा—३५

(स्रग्विणी)

चन्द्रमा रात्रिले, रात्रिमा चन्द्रले,
कान्तिमा रात्रिले, रात्रिमा कान्तिले ।
नाथले कीर्तिमा, कीर्तिले नाथमा,
तुल्यताले भयो रम्यता लोकमा ॥३५॥

यहाँ माला उनेझैँ गरेर परस्पर संलग्न पारीकन उपमानोपमेयता देखाइयेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेतूपमा—३६

(स्रग्विणी)

धैर्यले भूमिको, तेजले सूर्यको,
शानले सिंहको, तुल्यता लेखियो।
रामका दानको तुल्यता संझदा
पक्क पर्छन् सबै अक्कलै रोकियो[1] ॥३६॥

यहाँ सादृश्य बुझाउने धर्मलाई हेतु पारेर ('धैर्य हुनाले, तेज हुनाले, शान (रोब) हुनाले' यस्तो गरेर) भूमिप्रभृतिलाई उपमान गरायेको छ, राम उपमेय हुन्।

धेरै भूल गरें हूँला उपमाका प्रपञ्चमा।
क्षमा अवश्य गर्नेछन् जानकीनाथले ममा॥

(१२) रूपक

उपमानको र उपमेयको अभेद (एकता) गर्दा रूपकालङ्कार हुन्छ, यस्का पनि व्यस्तरूपक–समस्तरूपक–सकलरूपक–अवयवरूपक–अवयविरूपक इत्यादि अनेक प्रकार हुन्छन्, जस्तै—

व्यस्तरूपक—१

(वसन्ततिलका)

श्रीरामका चरणपङ्कज हुन् तिनैमा
मेरो मन भ्रमर होस घुमीरहेको।
उन्को मुहार शशिमण्डल हो र तेतै
ताकीरहोस् मनचकोर खुशी रहेको ॥१॥

यहाँ पङ्कजरूप उपमानको र चरणरूप उपमेयको, भ्रमररूप उपमानको र मनरूप उपमेयको, शशिमण्डलरूप उपमानको र मुहाररूप उपमेयको,

१. काटिकाटिकन मस्तक छट्टै चौध लोक लुटि जो हुन आयो।
एकमुष्ट गरि त्यो धन झट्टै वीरको अञ्जली किन पायो ?॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चकोररूप उपमानको र मनरूप उपमेयको अभेद गरेको छ। उपमानवाचक शब्दको र उपमेयवाचक शब्दको व्याकरणप्रसिद्ध समास गरेको छैन र व्यस्त (समासरहित) रूपक पर्दछ।

समस्तरूपक—२

(पुष्पिताग्रा)

अघि कठिन सभीतिता पिशाची
हृदयगृहान्तरमा गयेर नाची।
अब भय तय भै गये हराये,
प्रभुमय सूर्य झलक्क लौ उदाए ॥२॥

यहाँ सभीतिता (भीति) रूप उपमेयको र पिशाचीरूप उपमानको, हृदयरूप उपमेयको र गृहान्तररूप उपमानको, प्रभुरूप उपमेयको र सूर्यरूप उपमानको अभेद गरेको छ। उपमेयवाचक शब्दको र उपमानवाचक शब्दको कर्मधारय समास पनि गरेको छ।

सकलरूपक—३

(देवरवरतनु, शक्वरीजातीय)

अङ्गुलि दश दल, दश वरिपरि छन्
केसर नखरुचि, – मय सुललित छन्।
दिक्पति पशुपति शिरतिर रहने
श्रीपति पद–जल, रुह कति शुभ छन् ॥३॥

यहाँ प्रधान उपमेय श्रीपतिका पाउको कमलसँग अभेद गरेर उपमेयका अङ्ग– अङ्गुलीनखरुचिरूप उपमेयको समेत दश दल र केसररूप उपमानसँग अभेद गरेको छ। सकल कुराले कमलजस्तै भयेका श्रीपतिका चरण दिक्पालहरूका र शिवजीका शिरमाथि रहनैपर्छ।

अवयवरूपक—४

(द्रुतविलम्बित)

हृदय–पङ्कज फुल्ल हुने गरी
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
अधर–पल्लव कम्पित गर्दछन्।

अब भने कृतकृत्य भयौं भनी
मुनिहरू प्रभुका अघि सर्दछन् ॥४॥

यहाँ मुनिरूप अवयवीको कसैसँग अभेद गरेको छैन, फगत तिनका अवयव हृदय र अधरको पङ्कज र पल्लवसँग अभेद गरेको छ।

अवयविरूपक—५

(मालिनी)

सरस नयन टल्पल्, ओठ थर्थर् चलेको,
मुखकमल उज्यालो, हर्ष गर्ने गराई।
मधुर अमृत जस्तो चित्त जस्को छ, उस्को
जयजय भनि सारा भक्त गर्छन् बधाई ॥५॥

यहाँ मुखमण्डलरूप अवयवीको कमलसित अभेद गरेको छ, त्यस्का अवयव नयन र ओठको कसैसित अभेद गरेको छैन।

एकाङ्गरूपक—६

(रथोद्धता)

रक्तरक्त नखकान्ति फैलिने
पाणि–पद्म अतिरक्त नै थियो।
मुष्टिमा सब लिएर रामले
रक्त रैयत गराइबक्सियो ॥

यहाँ अवयवी श्रीरामजीको कसैसित अभेद नगरेर वहाँको एक मात्र अङ्ग पाणिको पद्मसित अभेद गरेको छ।

युक्तरूपक—७

(रथोद्धता)

दन्तकान्तिमय–पुष्प फैलिंदा
लोचन–भ्रमरले मजा दिये।
राम ! दर्शन हुँदा मुहारको
भक्तले अजबको मजा लिये ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ दन्तकान्तिको र पुष्पको अभेद गरेर लोचनको र भ्रमरको अभेद

गर्दा (पुष्प-पुञ्जका समीपमा भ्रमर रहनैपर्ने हुनाले) युक्तता (मुनासीवी) रहेको छ।

अयुक्तरूपक—८

(रथोद्धता)

दन्तकान्तिमय-चन्द्रिका छँदा
नेत्ररूपि-कमल प्रफुल्ल छन्।
गर्छ दर्शन धनी र निर्धनी
क्या अपूर्व-घटना भयो भनी॥

यहाँ दन्तकान्तिको र चन्द्रिकाको अभेद गरेपछि प्रफुल्ल रहने नेत्रको कमलसित अभेद गर्नु अयुक्त (बेमुनासिव) थियो तापनि [चन्द्रिका रहेको बेलामा कमल खुम्चिनुपर्ने हो तापनि] वस्तुतः कमलै स्वरूप भए पनि नेत्रले प्रफुल्लता लिये, चन्द्रिका छँदै थियो, अतएव यो अयुक्त घटना अपूर्व हो।

विषमरूपक—९

(उपजाति)

श्रीरामको गाथ छ कल्पवृक्ष,
मुहार हो चन्द्र जगत्प्रसिद्ध।
हुँदो छ यढै रहि वैरि पक्ष
त्यो दीर्घ-बाहुद्वयबाट विद्ध॥९॥

यहाँ विषमताले (सिल्सिला नमिल्ने तरीकाले) गाथको र कल्पवृक्षको, मुहारको र चन्द्रको अभेद गरेको छ, बाहुद्वयको कसैसित अभेद गरेको छैन। तथापि अर्थ-सौन्दर्य रहेकै छ।

सविशेषणरूपक—१०

(वंशस्थ)

सजीसजाऊ-गजमा खडा रही
गदा लिने गाथ उदार नाथको।
मणि-प्रभापूर्ण सुमेरु-शृङ्गमा
रही फलेको उहि कल्पवृक्ष हो॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ–गाथको र कल्पवृक्षको अभेद देखाउँदा ती दुवैका विशेषणांशमा पनि अभेद बुझिन्छ र "सजीसजाऊ भयेको गज, मणिका कान्तिले पूर्ण भयेको सुमेरुशृङ्ग हो, गदा कल्पवृक्षको झुण्डिएको फल हो, बाहु हाँगा हो, खडा रहेको गाथ कल्पवृक्ष हो" यस्तो बोध हुन आउँछ।

हेतुरूपक–११

(वंशस्थ)

हितार्थिताले सबका पिता प्रभु
प्रतापले सूर्य भयेर जो तपे।
विनाश सर्वत्र भयान्धकारको
हुँदा प्रजाले 'जय जीव' यो जपे ॥११॥

यहाँ अभेदमा कारण भयेका समान धर्मलाई हेतु गराएर (हितार्थी हुनाले, प्रतापी हुनाले इत्यादि रूपले) प्रभुको पितासित र सूर्यसित अभेद गरेको छ।

श्लिष्टरूपक–१२

(वंशस्थ)

छुट्यो सबैको तम अल्लमल्लमा,
तमाम उल्लूहरु भीतिले भुले।
प्रताप–सूर्य प्रभुको उदाउँदा
जहाँ तहाँका–कलिका स्वयं खुले[1] ॥१२॥

यहाँ तम, उल्लू, काकलिका शब्दमा श्लेष राखेर प्रतापको र सूर्यको अभेद गरेको छ।

---

१. सूर्य उदाउँदा सबैको तम (अन्धकार) छुट्तछ (हट्तछ), तमाम उल्लूहरू (सबै लाटकोसेरा = भुल्काहरू) भीतिले [दिवान्ध (दिउसो आँखा नदेख्ने) हुँदा भएको डरले] अल्लमल्लमा भुल्ने हुन्छन् (अन्योलमा परेर आफ्नु आश्रयको समेत पत्ता नपाउने हुन्छन्), जहाँतहाँका कलिका (फूलका कोपिला) स्वयं खुल्दछन् (आफैं विकसित हुन्छन्)। प्रभुको प्रताप उदाउँदा पनि सबैको तम (घमण्ड) छुट्यो, तमाम उल्लूहरू (जम्मै बदमाशहरू) भीतिले भुले (डरले आत्तिएर वेहोश भए), जहाँतहाँ (सर्वत्र) काकलिका (मधुर–प्रिय वचन) स्वयं (विना प्रेरणा) खुले (उच्चारण गरिन लागे)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपमारूपक—१३

(वंशस्थ)

प्रचण्डतापूर्ण प्रताप–सूर्य जो
अखण्ड नै भारतखण्डमा भयो।
मिलेर मैत्री वडवाग्निले गरे
तरेर यो सागर पारमा गयो ॥१३॥

यहाँ उपमेय प्रतापको र उपमान सूर्यको रूपक (अभेद) गरेपछि उपमेय प्रतापको र उपमान वडवाग्निको मैत्रीद्वारा विपर्यासोपमा बुझिन्छ।

विरुद्धरूपक—१४

(ललित)

दिन हुँदा पनि स्पष्टता लिने
उदयको मजा दिन्दिनै दिने।
गजब गर्दछिन् कीर्ति–चन्द्रिका
सकल दुष्टको शान्ति हर्दछिन् ॥१४॥

यहाँ कीर्तिको चन्द्रिकासित अभेद गरेर चन्द्रिकाका विरुद्ध धर्म (दिनमा पनि स्पष्ट हुनु, दिन्दिनै उदाउनु, दुष्टको शान्ति हर्नु, यी ३) देखाइयेका छन्।

व्यतिरेकरूपक—१५

(मञ्जुभाषिणी)

मनका मनोरथ बढाउँदै गये
जड कल्पवृक्षसित देवताहरू।
नचिताउँदै पनि बरु कृतार्थ नै भये
प्रभु कल्पवृक्षसँग मानिसै बरु ॥१५॥

यहाँ कीर्तिको चन्द्रिकासित अभेद गरेर चन्द्रिकाका विरुद्ध धर्म (दिनमा पनि स्पष्ट हुनु, दिन्दिनै उदाउनु, दुष्टको शान्ति हर्नु, यी ३) देखाइयेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आक्षेपरूपक—१६

(स्वागता)

जो उदाउन गयेपछि जम्मै
वैरिको वदन हुन्छ अँध्यारो।
त्यो प्रताप किन सूर्य भनेको ?
हीनबुद्धि कवि को छ ? बनेको ॥१६॥

यहाँ प्रतापको र सूर्यको सर्वसम्मत अभेद (रूपक) गरेमा वैरिका वदनको अँध्यारो रहनुरूप हेतु देखायेर रूपकको आक्षेप (अनौचित्य कथन) गरेको छ।

समाधानरूपक—१७

(स्वागता)

त्यो उदाउन गयेपछि जम्मै
वैरिको मुख भएछ अँध्यारो।
हो प्रताप उहि सूर्य उज्यालो
भाग्यहीन मुख हुन्छ अँध्यारो ॥१७॥

यहाँ भाग्यहीनताले अँध्यारोपनाको समर्थन गरेर पूर्वोक्त रूपकको समाधान गरेको छ।

तत्त्वापह्नवरूपक—१८

(वंशस्थ)

कडा मनोहर् दुइ दीर्घ डार हुन्,
उदार यी बाहु अवश्य होइनन्।
नवीन ती पल्लव गुच्छ लाल हुन्,
विशाल पञ्जा इदमित्त्थ होइनन् ॥१८॥

बडो अनौठा फल हो सुपक्व त्यो
अनर्थ मीठो, मृदु ओठ होइन।
चुहीरहेको रस त्यो तदीय हो
अमोलको, बोलि अवश्य होइन ॥१९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उ देवतै हो रसपान पाउने
वरीपरीको परिवार होइन।
म भन्दछू लौ त्यहि कल्पवृक्ष हो,
उ–रामको गाथ किमर्थ होइन ॥२०॥

यहाँ बाहु १, पञ्जा २, ओठ ३, बोली ४, परिवार ४, गाथ ६ रूपी तत्त्व (सत्य) उपमेय वस्तुको अपह्नव (अपलाप,निषेध) गरेर क्रमैले डार (हाँगा) १, पल्लव–गुच्छ २, फल ३, रस ४, देवता ५, कल्पवृक्ष ६ रूपी उपमानको अभेद गरेको छ।

रूपकरूपक—१९

(आर्या)

मुख–कमलै–पीठ गरी जहाँ रहिन् शारदादेवी।
उन्कै बखान गर्दा धकाउँछन् शारदादेवी[1] ॥२१॥

यहाँ श्रीरामजीका मुखको र कमलको अभेद (रूपक) गरेर मुखकमल पारेपछि फेरी त्यो मुखकमलको र पीठ (देवतास्थान) को अभेद (रूपक) गरेको हुनाले रूपकमाथी रूपक पर्दछ।

(१३) परिणाम

उपमान मानिएको वस्तु उपमेयरूपले परिणत भएर मात्र (उपमेयको रूप लिएर मात्रै) प्रकृतकार्योपयोगी इष्टकार्यमा उपयुक्त भयेको वर्णन गर्दा परिणामालङ्कार हुन्छ, जस्तै—

(वंशस्थ)

पयोधिको बन्धनरूप यो कृपा
अपारका श्रीरघुवीरको भयो।

---

१. 'शारदा यस्य वदने' इत्यादि वचनका अनुसार श्रीरामजीका वदनमा शारदाको निवास छँदैछ, उनै रामजीको बयान गर्न कुनै शारदाको सेवक (कवि) अघि सऱ्यो भने 'आफ्नी मालिकिनीका मालिकको बखान जस्तै भयेर त्यो हुस्सू लण्ठ ठहरिन्छ।' त्यही कुरा बुझेर शारदासेवी कविहरू उत्सुकताले रामजीको बयान गर्न अघि सरे पनि धकाउँछन् (धक मान्दछन्) र अण्डवण्ड बोल्दछन्। तथापि त्यो बोली विनोदरूपले श्रीरामजीलाई मन पर्नेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सभक्ति-सश्रद्ध हुने समाजको
प्रपञ्चमा बद्ध हुने डरै गयो ॥१॥

यहाँ उपमान मानियेको कृपारूपी वस्तु पयोधिबन्धन (सेतुबन्धन) रूपी उपमेयका रूपले परिणत भयेर मात्र बद्ध-समाजलाई बन्धमुक्त पार्ने काममा उपयुक्त भयेको वर्णन गरिएको छ। बद्ध भयेका समाजलाई अर्का तरहको कृपा उपयुक्त हुने थिएन।

अथवा-

(इन्द्रवंशा)

यो सेतुको बन्धनरूप लोकमा
श्रीरामजीको उपकार फैलियो।
सश्रद्धतारूप लिएर लोकको
श्रीराममा प्रत्युपकार फैलियो[1] ॥२॥

यहाँ बद्ध भयेका लोकलाई उपयुक्त भयेको सेतुबन्धनरूपी-उपकार र प्रत्युपकारान्तरमा (अर्को प्रत्युपकारमा) निरपेक्ष भयेका श्रीरामजीलाई उपयुक्त भयेको ('दुनियाँले श्रद्धापूर्ण भयेर दर्शन-स्पर्शन गरिदियो भने आफुले गरेको उपकार सफल भयो, मैले प्रत्युपकार पायें, नत्र मेरो परिश्रम निष्फल छ, भन्ठान्ने रामजीलाई चाहियेको) सश्रद्धतारूप प्रत्युपकारको वर्णन गरियेको छ।

---

१. सेतुमारभमाणस्तु तत्र रामेश्वरं शिवम्।
संस्थाप्य पूजयित्वाऽऽह रामो लोकहिताय च ॥
प्रणमेत् सेतुबन्धं यो दृष्ट्वा रामेश्वरं शिवम्।
ब्रह्महत्यादिपापेभ्यो मुच्यते मदनुग्रहात् ॥
सेतुबन्धे नरः स्नात्वा दृष्ट्वा रामेश्वरं हरम्।
संकल्पनियतो भूत्वा गत्वा वाराणसीं नरः ॥
आनीय गङ्गासलिलं रामेशमभिषिच्य च।
समुद्रे क्षिप्ततद्भारो ब्रह्म प्राप्नोत्यसंशयम् ॥
(अध्यात्मरामायण ६।४।१-४)
इत्यादि वचनले सेतुबन्धन संसारबन्धन फुकाउने वस्तु हो भन्ने कुरा स्पष्टै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

(१४) उल्लेख

यौटै वस्तुमा धेरै व्यक्तिले अनेक तरहको उल्लेख (समुझ) गरेको वर्णन गरेमा र यौटै वस्तुमा यौटा–व्यक्तिले स्थानको भेद गरेर अनेक तरहको उल्लेख गरेको वर्णन गरेमा पनि उल्लेखालङ्कार हुन्छ, जस्तै–

(सुन्दरी)

अति सुन्दरमूर्ति धर्म हुन्
भनि धर्मप्रिय[1] भक्त भन्दछन्।
सुकुमार शरीर काम हुन्
भनि शौकीन–कुमार भन्दछन्॥१॥
सकलार्थ–समर्थ अर्थ हुन्
भनि अर्थी जनसार्थ[2] भन्दछन्।
परमार्थ यिनै यथार्थ हुन्
भनि निर्विण्ण[3] मुमुक्षु भन्दछन्॥२॥
विकराल कठोर काल हुन्
भनि जाली शठसङ्घ[4] भन्दछन्।
सशरीर दया यिनै न हुन्
भनि दुःखार्दित[5] दीन भन्दछन्॥३॥
धृतमूर्ति अभीति नीति हुन्
भनि रीतिप्रिय रैति भन्दछन्।
अविनश्वर[6] बोधराशि हुन्
भनि निर्मोह[7] मुनीन्द्र भन्दछन्॥४॥

---

१. धर्ममा प्रीति गर्ने धार्मिक भक्तहरू।
२. अर्थार्थी–मानिसका समुदाय।
३. वैराग्य पूर्ण भयेका मोक्षार्थीहरू।
४. अनेक जाल गर्ने वदमाशहरू।
५. दुःखले पीडित भयेका संसारीहरू।
६. कहिल्यै नाश नहुने ज्ञानपुञ्ज।
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
७. अज्ञान हटयेका मुनीश्वरहरू।

रघुनन्दन कुन् स्वरूप हुन् ?
किन यो निर्णयमा वृथा परौं ?
निज सर्वस्वरूप[८] चित्तले
बुझि सोझो भइ भावना गरौं ॥५॥

यहाँ यौटै–रघुनन्दनजीमा धार्मिक प्रभृति अनेक व्यक्तिले धर्मत्वादि अनेक रूपले गरेको उल्लेख देखाइयेको छ।

(द्रुतविलम्बित)

हृदयमा सदय, स्थिर बुद्धिमा,
वचनमा दृढ, निष्ठुर युद्धमा।
यि रघुवीर–समान कुनै पनी
हुन शकेन चतुर्दश लोकमा ॥६॥

यहाँ यौटै रघुवीरमा स्थान–भेदले अनेक तरहको उल्लेख देखाइयेको छ।

(१५) स्मरण

कुनै चीजको साक्षात्कारले तत्तुल्य अर्का चीजको स्मरण भयेको वर्णन गर्दा स्मरणालङ्कार हुन्छ, जस्तै–

(स्रग्विणी)

शब्दले अर्थको अर्थले शब्दको
काव्यनिर्माणमा लौ ! सहारा दियो।
जानकी–जानिको जानकीको तथा
नित्य–सम्बन्ध त्यो चित्तले संझियो ॥७॥

यहाँ परस्पर आश्रित भयेका शब्द र अर्थका अनुसन्धानले तत्तुल्य (परस्पराश्रित) जानकीजानि (जानकीपति श्रीराम) को र जानकीका स्मरणको वर्णन गरिएको छ।

---

८. आफ्ना सर्वस्व स्वरूप र, आफ्ना मतमा सर्वरूप।
ब्रह्मैवेदं जगत्सर्वं नेह नानास्ति किंचन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(१६) दीपक

जाति–गुण–क्रिया–द्रव्यवाचक शब्द एक ठाउँमा राख्ता अनेक ठाउँमा अन्वय (सम्बन्ध) हुने भयेमा (एक ठाउँमा राखेका दीपले अनेक ठाउँमा उज्यालो पारेझैँ हुन गयेमा) दीपकालङ्कार हुन्छ। यस्का अनेक भेद हुन्छन्, जस्तै–

जातिदीपक–१

(स्वागता)

राममा विमुख–चित्त हुनाले
वित्त–कान्ति–मतिहीन भयेको।
जीव हुन्छ निजको भजनैले
वित्त–कान्ति–मतिपूर्ण भयेको ॥१॥

यहाँ जातिवाचक–जीवशब्दको वित्त–कान्ति–मतिहीन शब्दमा र वित्त–कान्ति–मतिपूर्ण शब्दमा सम्बन्ध भयेको छ।

गुणदीपक–२

(वसन्ततिलका)

जस्मा सुकीर्ति र दया रहँदा, थिये रे
जम्मै दिशा र मुख सज्जनका उज्याला।
उस्ता प्रसिद्ध–रघुनन्दनलाइ छाडी
कस्का पछाडि ? किन को रुनलाई जाला ? ॥२॥

यहाँ सुकीर्ति र दयारूप गुणको क्रमैले दिशामा र मुखमा सम्बन्ध भैकन उज्याला शब्दमा पनि सम्बन्ध भयेको छ।

क्रियादीपक–३

(वसन्ततिलका)

पत्र, प्रसून, फल, नीर, चढाइएको
प्रेम प्रशस्त छ भने रघुवीर लिन्छन्।
त्यत्ती लिएर मनमाफिक भक्तलाई
धर्मार्थकाम परमार्थसमेत दिन्छन् ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ लिन्छन्, दिन्छन् यी २ क्रियापदको क्रमैले पत्र-प्रसून-फल-नीरमा र धर्म-अर्थ-काम-परमार्थमा अन्वय छ।

श्लिष्टक्रियादीपक-४

(वसन्ततिलका)

मोक्षार्थि-सज्जन र वानर-वर्गलाई
जस्ले विशालतर सेतु बनाइ तारे।
उन्ले दशास्य र दिगीश्वर-वर्गलाई
अत्युग्र सङ्गर गरीकन दङ्ग पारे ॥४॥

यहाँ 'तारे' (मुक्त पारे- पारी पुर्‍याए) यो श्लिष्ट क्रियापदको क्रमैले मोक्षार्थिसज्जन र वानरसैन्यमा सम्बन्ध छ। 'दङ्ग पारे' (पछारे- खुशी पारे) यो श्लिष्टक्रियापदको दशास्य (रावण) र दिगीश्वर वर्ग (इन्द्रादि दशदिक्पाल) मा सम्बन्ध छ।

द्रव्यदीपक-५

(मञ्जुभाषिणी)

करुणावतार ! भरताग्रज ! प्रभो !
हरिबक्सियो सकल भार भूमिको।
गरिबक्सियो सुकृतको र वेदको
विपुल प्रचार कुलरीति-नीतिको ॥५॥

यहाँ भरताग्रज (राम) रूप- द्रव्यको हरिबक्सियो र गरिबक्सियोमा अन्वय छ।

मालादीपक-६

(स्रग्विणी)

कीर्तिले देशको, देशले रैतिको
रैतिले भक्तिको, भक्तिले भूपको।
भूपले कीर्तिको रम्यता जो दियो
योग यो नाथका साथमा नै थियो ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ रम्यता (सुन्दरता) को देश–रैति–भक्ति–भूप (राजा)–कीर्तिमा सम्बन्ध गरायेर, पछिल्ली कीर्तिको कारणस्वरूपा अघिल्ली कीर्तिमा सम्बन्ध गरायेर दीपकमाला बनेकी छ।

विरुद्धार्थदीपक–७

(वसन्ततिलका)

जुन् गाथ जङ्गल दिंदा पनि दङ्ग पर्ने
देख्ता, परे दशरथ–क्षितिपाल मूर्छा।
त्यै गाथ सुन्दर निरन्तर संझनाले
मोक्षार्थिका किन छुटे किन ? मोह मूर्छा ॥७॥

यहाँ 'जङ्गल दिंदा पनि (वनवास दिंदा पनि) दङ्ग पर्ने (खुशी हुने) भयेको रघुनन्दनको जुन् गाथ देखेर दशरथ मूर्छित भये, त्यही गाथ संझीरहनाले मोक्षाभिलाषीहरूको मोहरूपी मूर्छा छुट्यो' भन्नाले यौटै गाथले विरुद्ध २ कुरा गरेको (कसैलाई मूर्छित, कसैलाई मूर्छामुक्त गर्नु) देखाइयेको छ।

एकार्थदीपक–८

(वसन्ततिलका)

संपूर्ण हर्छ दुनियाँहरुको विषाद
खीचेर लिन्छ सबको शुभ धन्यवाद।
निःशेष लुट्तछ कवीश्वरको घमण्ड,
कस्तो प्रताप रघुनन्दनको प्रचण्ड ॥८॥

यहाँ प्रतापको अर्थ एकै भयेका 'सम्पूर्ण हर्छ, खीचेर लिन्छ, निःशेष लुटछ्' यस्ता ३ क्रियामा अन्वय छ।

श्लिष्यर्थदीपक–९

(वसन्ततिलका)

अत्यन्त शीतल निशाकर–तुल्य गोरी
आनन्द–कन्द–रघुनन्दनकी पियारी।
सीता कुलीन–महिलाहरुका मनैमा
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
डुल्छिन् सुकीर्ति र सुनीति तिनै भुवन्मा ॥९॥

यहाँ सीता, सुकीर्ति, सुनीति, यी ३ का विशेषणाश्लिष्ट भयेर एकै आकारले सीता–प्रभृति तिनोटैमा लागीकन 'डुल्छिन्' यो क्रियामा सम्बद्ध भयेका छन्[1]।

अर्थावृत्तिदीपक–१०

(वसन्ततिलका)

दुर्वृत्त – राक्षस जगत्पतिले हटाये,
सद्वृत्त – साधुजनले अति वृद्धि पाये।
सत्कर्म – धर्म अति मात्र बढेर आये,
संसारका सुजनले शुभ–कीर्ति गाये ॥१०॥

यहाँ 'अति वृद्धि पाये, अति मात्र बढेर आये' यी २ समानार्थक क्रियाको क्रमैले साधुजनमा र सत्कर्म–धर्ममा सम्बन्ध छ।

पदावृत्तिदीपक–११

(वसन्ततिलका)

बेहद्दको छ करुणा सब रैतिमाथी
देखेर यो सकल सज्जन रद्द हुन्छन्।
श्रीरामको र अरुको तुलना गरेमा
बेकामका अरु सबैहरु रद्द हुन्छन् ॥११॥

यहाँ 'रद्द हुन्छन्' (खुशी हुन्छन्) र 'रद्द हुन्छन्' (रद्दी फ्याँक्न लायक हुन्छन्) यसरी अर्थ भिन्न पारेर दोहऱ्याइयेका पदको सज्जनमा र अरू सबैहरूमा सम्बन्ध छ।

उभयावृत्तिदीपक–१२

(वसन्ततिलका)

श्रीरामको स्तुति गरौं कसरी ? स्वयं ती
फर्के र भूमितलको स्थिति गर्न लागे।

१. सीताजी–अत्यन्त शीतल (सौम्यस्वभावा), चन्द्र जस्तै श्वेतवर्णा, रामकी पियारी छन्, ती कुलीन (खान्दानी) महिला (स्त्री) हरूका मनमा मात्र डुल्दछिन्। सुकीर्ति–अत्यन्त शीतल (परमाह्लाददायिनी) चन्द्रोज्ज्वला र रामकी प्यारी छन्। सुनीति पनि अत्यन्त शीतल (जनानुरञ्जनतत्परा) निर्दोषा र रामकी प्यारी छन्, यी दुवैओटी भने स्वर्ग–मर्त्य–पाताल तिनै लोकमा डुलीरहेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्दण्ड–लण्ठ–दशकण्ठ र कुम्भकर्ण
वैकुण्ठको स्थिति अकुण्ठित गर्न लागे ॥१२॥

यहाँ 'स्थिति गर्न लागे' यसरी दोहऱ्याइयेका वाक्यको पद र अर्थ दुवैमा आवृत्ति भएर श्रीराममा र दशकण्ठप्रभृतिमा सम्बन्ध रहेको छ।

(१७) अतिशयोक्ति

लोक प्रचलित–सबैले अनुभव गरेका कुरालाई बढाएर अनौठा तरहले बोल्नालाई अतिशयोक्ति भन्दछन्। यो अलङ्कार ५ प्रकारको मानियेको छ, जस्तै–

रूपकातिशयोक्ति–१

उपमेय नराखेर उपमान मात्र राख्दा पनि उपमेयको बोध हुने भयेमा रूपकातिशयोक्तिहुन्छ, जस्तै–

(तूणक)

कल्पवृक्ष पक्षपातहीन पूर्ण जो थियो
सो दयालु दैवले प्रकाशमान गर्दियो।
दुःख शोक सर्वथा समस्त अस्त नै भये
कोटि कोटि धन्यवाद भक्तले दिँदै गये ॥१॥

यहाँ उपमेय–श्रीरामजीको गाथ नराखेर पनि उपमान–कल्पवृक्षैबाट मनोरथपूरण गर्ने उपमेयरूप श्रीरामको बोध हुन आउँछ।

भेदकातिशयोक्ति–२

उही–वस्तुलाई अर्कै हो भनेर वर्णन गर्दा भेदकातिशयोक्ति हुन्छ, जस्तै-

(वसन्ततिलक)

गाम्भीर्य–धैर्य–करुणा–सदसद् विवेक
माधुर्य–शौर्य–हरुको स्थिति रीति अर्कै।
औदार्यपूर्ण–रघुनन्दनको अमन्द–
आनन्दको जनक मूर्ति र पूर्ति अर्कै ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ उही (लोकप्रसिद्ध) अभिन्न (एकै) गाम्भीर्यप्रभृतिलाई अर्कै हो भनेर भेद देखाइकन पूर्वोक्त वस्तुको महत्त्व बढाएको छ।

यद्यर्थकल्पितातिशयोक्ति–३

'यसो भए यसो हुने थियो' भन्ने तरीकाले कुनै वस्तुको गुणाधिक्य कल्पना गरेमा यद्यर्थकल्पितातिशयोक्ति हुन्छ, जस्तै–

(वसन्ततिलका)

जाज्वल्यमान भइ नित्य रहे भने ता
श्रीको प्रताप समताकन पाउनेछन्।
यस्तै गरी तपन अस्त भए भने ता
यी न्यून छन् भनि सबै जन गाउनेछन्॥३॥

यहाँ 'तपन (सूर्य) निरन्तर उदाईरहे भने श्रीरामका प्रतापको तुल्यता पाउनेछन्, नत्र प्रतापभन्दा कम छन् भनेर गाइनेछन्' भन्नाले प्रतापको सूर्यभन्दा अधिक स्थिरतायुक्त तीव्रता बुझिन्छ।

अक्रमातिशयोक्ति–४

कारण र कार्यको क्रमलाई छाडेर (कार्यसिद्धिको शीघ्रता बुझाउन) अर्घेला कुरा गरेमा अक्रमातिशयोक्ति हुन्छ। पहिले कार्यसिद्धि पछि कारणप्राप्ति भयेमा र कारण र कार्यको सहोत्पत्ति भयेमा यो अलङ्कार मानियेको छ, जस्तै—

(उपजाति, वंशस्थ र इन्द्रवंशा)

असल् असल्–सन्ततिले र प्रीतिले
ठुला ठुला संपतिले र कीर्तिले।
अगाडि संपन्न भए प्रजाहरू
कृपाकटाक्ष प्रभुका पछी मिले॥४॥
जगत्त्रयत्राण गरौं त लौ भनी
ती बाणधारा रघुवीरका छुटे।
सनाथता साथ लिएर तत्क्षणै
मन्दोदरीका करका चुरा फुटे॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

यहाँ पहिला श्लोकमा– कृपाकटाक्ष पायेपछि असल सन्तति–प्रीति–संपत्ति–कीर्ति पाउनुपर्नेमा पहिल्यै सन्ततिप्रभृतिको प्राप्ति वर्णन गरेर कार्यसिद्धिको शीघ्रता बुझाइयेको छ।

दोस्रा श्लोकमा– रघुवीरका बाणधारा छुटेपछि केही समयका पछिबाट (रावणवधानन्तर) मन्दोदरीका चुरा फुट्नुपर्नेमा बाण छुट्नु र चुरा फुट्नु साथै दखाइयेको छ।

असम्बन्धातिशयोक्ति–५

सम्बन्ध नभयेका कुराको सम्बन्ध देखाउँदा असम्बन्धातिशयोक्ति हुन्छ, जस्तै–

(वसन्ततिलका)

गर्थ्यो उमेद रघुनन्दनको प्रताप
सातै–समुद्र सुख–साथ शुकाउनाको।
मन्दोदरीप्रभृतिका भरिला नजर्को
जाबो–झरी पनि सुकेन पत्याउला को ? ॥६॥

यहाँ सप्तसागर शोषण गर्ने उमेदको संबन्ध नभयेका प्रतापमा उमेदको संबन्ध देखाएर प्रतापको उग्रता बुझाइयेको छ।

(१८) उत्प्रेक्षा

एक प्रकारको वस्तुलाई अर्कै प्रकारको संभावना गर्नु (संझनु, ठान्नु) लाई उत्प्रेक्षा भन्दछन्, यस्मा यौटा वस्तुलाई अर्को वस्तु संझदा द्रव्योत्प्रेक्षा १, अकारणलाई कारण संझदा हेतूत्प्रेक्षा २, अफललाई (अप्रयोजनलाई) फल संझदा फलोत्प्रेक्षा ३, यी ३ भेद मुख्य मानिएका छन्। जस्तै –

वस्तूत्प्रेक्षा–१

(वसन्ततिलका)

'भूलोकका सुजनका हितका निमित्त
के ? कल्पवृक्ष परमेश्वरले बनाये'।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

यस्तै वितर्क अब गर्दछ नित्य चित्त
श्रीरामजी हृदयमा जब पर्न आए ॥१॥

यहाँ श्रीरामजीरूपी वस्तुमा कल्पवृक्षरूपी वस्तुको संभावना (समुझ) देखाइयेको छ।

हेतूत्प्रेक्षा–२

(वंशस्थ)

पसन्द जो मण्डल हुन्छ चन्द्रको
प्रतिक्षण क्षीण हुने भए पनी।
म तर्क गर्छु प्रभु – रामचन्द्रको
अलीकती– नाम निमित्त हो भनी ॥२॥

यहाँ चन्द्रमण्डल पसन्द हुनामा (मन पर्नामा) रामचन्द्रका नामको अलीकति हिस्सा 'चन्द्र' यो कारण होइन तापनि कारण संझियेको छ।

(वसन्ततिलका)

ब्रह्मन् ! प्रणम्य गरि ईश्वरलाई राम–
रूपी गराइकन निर्मल कीर्ति पायौ।
शायद् अकीर्ति रहला भनि कामधेनु–
चिन्तामणिप्रभृतिलाइ लग्यौ लुकायौ ॥३॥

यहाँ ब्रह्माजीले प्रार्थना गरीकन ईश्वरलाई रामरूपी गरायेर पायेको सुकीर्ति मौजूद छदाछदैमा चिन्तामणि कामधेनुलाई प्रकट राखेका खण्डमा रामचन्द्रभन्दा निकृष्ट भयेका तिन्का स्थितिले आफ्नु अकीर्ति रहला भन्ने डरका कारणले तिन्लाई लुकायेको होइन तापनि त्यही डर कारण मानियेको छ।

फलोत्प्रेक्षा–३

(वसन्ततिलका)

दुर्वृत्तजन्य–दुरुपद्रव – अग्नि बल्दा
त्यो आर्तनाद जनले जब गर्न थाले।
संझन्छु पुण्यजनका – महिलाहरूले
गर्दै त्वरा नजरमा डहरा रचमाले ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ राक्षसाङ्गनाहरूले नजरका छहरा खसालेको अत्याचाररूपी- आगो निभाउनका निमित्त होइन तापनि त्यही फल (निमित्त) संभिएको छ[1] ।

(१९) व्यतिरेक

उपमानमा र उपमेयमा केही फरक देखाउँदा व्यतिरेकालङ्कार हुन्छ । यस्मा यौटा-धर्मले फरक देखाउँदा 'एकधर्मव्यतिरेक १', श्लेषवाला-कुनै-शब्दले फरक देखाउँदा 'श्लिष्टोभयव्यतिरेक २', श्लेष नभयेका शब्दले फरक देखाउँदा 'शुद्धोभयव्यतिरेक ३', आक्षेप(व्यङ्ग्य)द्वारा फरक देखाउँदा 'आक्षेपव्यतिरेक ४', फरकलाई हेतु (कारण) पार्दा 'हेतुव्यतिरेक ५', फरक मात्र देखाएर न्यूनाधिक्य नदेखाउँदा 'अनुभयपर्यवसायिव्यतिरेक ६', उपमेयमा आधिक्य देखाउँदा 'उपमेयाधिक्यपर्यवसायिव्यतिरेक ७', उपमानमा आधिक्य देखाउँदा 'उपमानाधिक्यपर्यवसायिव्यतिरेक ८', सादृश्य दिएर पनि उपमानमा नभयेको कुनै धर्म उपमेयमा देखाउँदा 'सजातिव्यतिरेक ९', यस्ता ९ भेद मुख्य छन्, संस्कृतव्याकरणका अनुसार शाब्द आर्थ इत्यादि भेद देखायेर २४ भेद देखाइन्छन् । क्रमैले-जस्तै-

एकधर्मव्यतिरेक-१

(इन्द्रवज्रा)

गम्भीरताले र अपारताले
थाले 'समै' भन्न सबै जनाले ।
श्रीरामको सागर तुल्यतामा
बाधा दियो केवल मिष्टताले ॥१॥

यहाँ श्रीरामको र सागरको गंभीरता र अपारताले तुल्यता देखिन्छ तापनि यौटा मिष्टताले फरक पार्‍यो, राम मिष्ट (मीठा) छन्, सागर खारा छ ।

---

१. दुर्वृत्तजन्य (दुराचारी-दुष्टबाट पैदा भएको) दुरुपद्रव-अग्नि (अत्याचाररूपी आगो) बल्दाखेरी जनहरूले आर्तनाद गर्न थाले (सबै जना त्राहि त्राहि गर्न लागे) । त्यसै वेलामा पुण्यजनका महिलाहरूले (राक्षसका स्त्रीहरूले) ['धर्मात्माका स्त्रीवर्गले' भन्ने अर्थ अलीकति झल्काउनुपर्छ] त्वरा गर्दै (हत्पताउँदै) नजरका छहरा (२।२ आँखाका जलधारा) खसाले [त्यो अत्याचाररूपी आगो निभ्यो] । यो यौटै श्लोकले रामावतारको [illegible] संक्षेपले बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्लिष्टोभयव्यतिरेक–२

(शार्दूलविक्रीडित)

त्यो श्री गर्न र हर्न शक्त– रहने स्वच्छन्दता–शक्तिले
त्यो तत्तद्गुणगौरवग्रहणले त्यो भक्त–वात्सल्यले।
कंसाराति–दशास्यघाति दुइमा सिद्धै थियो एकता,
प्रद्युम्नप्रियता रहेन र यता भन्नै पर्‍यो भिन्नता ॥२॥

यहाँ 'अरू सबै कुराले कंसाराति (कृष्ण) र दशास्यघाति (रावणारि राम) को तुल्यता भयेमा 'प्रद्युम्नप्रियता' यो श्लिष्ट शब्दले फरक पारेको छ [श्रीकृष्ण प्रद्युम्नप्रिय (आफ्ना पुत्र भयेका प्रद्युम्नका प्यारा र प्रद्युम्नलाई प्यारो गर्ने) हुनुहुन्छ, श्रीरामजीमा प्रद्युम्नप्रियता छैन प्रद्युम्नकामदेवलाई प्यारो मान्ने (कामलम्पट) हुनुहुन्न।]

शुद्धोभयव्यतिरेक–३

(स्वागता)

गुप्त–मूर्ति हरि हुन्, रघुवीर
व्यक्त–मूर्ति भइ राज हुनाले।
भेद हुन्छ गुणले प्रभुताले
तुल्यतै छ बलले करुणाले ॥३॥

यहाँ हरिको र रघुवीरको अरू कुराले तुल्यता भएर श्लेष नभयेका गुप्तमूर्ति, व्यक्तमूर्ति शब्दले फरक पारेको छ।

आक्षेपव्यतिरेक–४

(स्वागता)

आउँछन् निकट याचक–धारा
पूर्ण गर्दछ मनोरथ सारा।
तुल्य कल्पतरुले हुन थाले
भेद गर्छ निजको जडताले ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

यहाँ आक्षेप गरिएका विवेकिताले गर्दा कल्पवृक्ष र रघुवीरको तुल्यतामा

फरक पार्‍यो। कल्पवृक्षमा जडताको खोट लाउँदा रघुवीर अर्थात् विवेकी रहेछन् भनेर त्यसै (शब्द प्रयोग नगरे पनि आक्षेपद्वारा) बुझिन्छ।

हेतुव्यतिरेक–५

(वसन्ततिलका)

चिन्ता गरेपछि सबै जनलाई चिन्ता–
हट्ने गरेर सहजै कृतकृत्य गर्ने।
चिन्तामणि प्रकट पत्थर हो तसर्थ
श्रीनाथ ! छैन समता लिन यो समर्थ ॥५॥

यहाँ फरक गराउने वस्तु (पत्थरपना–जडता) लाई स्पष्ट खोजेर चिन्तामणिको र रामजीको फरक देखायेको छ।

अनुभयपर्यवसायिव्यतिरेक–६

(वसन्ततिलका)

सीतापति प्रभु महीतलमा रहन्छन्,
शीतांशु केवल नभस्तलमा रहन्छन्।
यो न्यूनता–अधिकता कहिँदैन, तस्मात्
सादृश्य पूर्ण छ भनी कविराज भन्छन् ॥६॥

यहाँ सीतापतिको र शीतांशुको न्यूनाधिक्य नदेखाएर दुवैमा फरक पारेको छ।

उपमेयाधिक्यपर्यवसायिव्यतिरेक–७

(वसन्ततिलका)

अत्यन्त–दुर्गम–गिरीश्वरमा पुरारि
साकेतका सुगम–भूतलमा खरारि।
यत्ती फरक् छ भनि पण्डितवर्ग भन्छन्,
श्रद्धालु सात्त्विक भएर समान गन्छन् ॥७॥

यहाँ पुरारि (शङ्कर) जीको गिरीश्वरमा (कैलासमा) वास हुनाले सुलभ भयेका खरारि (रामजी) को सुलभतारूपी गुणले आधिक्य देखाइयेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपमानाधिक्यपर्यवसायिव्यतिरेक–८

(तोटक)

उ चतुर्भुज छन् सुररूप हरि
द्विभुजै प्रभुजी नरनन्दन छन्।
तर कारण भन्न म शक्तिन लौ !
किन हो ? किन हो ? इनि नै प्रिय छन् ॥८॥

यहाँ उपमेय नरनन्दन–रघुवीरको द्विभुजता र मनुष्यकुमारताले न्यूनता र देवतारूपताले र चतुर्भुजताले उपमानरूप हरिमा आधिक्य देखाएर फरक पारेको छ।

सजातिव्यतिरेक–९

(वसन्ततिलका)

तप्तैछु नाम भगवन् ! प्रभुको कथंचित्
ऐकाग्र्यको अवसरै कहिल्यै मिलेन।
बल्दो छ निश्चल दवानलतुल्य मेरो
तापत्रय प्रबल यो कहिल्यै निभेन ॥९॥

यहाँ तापत्रयको तुल्यता दवानल (डढेलो) सँग देखायेर दवानलमा नरहने 'निश्चल रहेर कहिल्यै ननिभ्नु' रूप धर्मले फरक पारेको छ। दवानल सदा रहँदैन, निभ्दछ।

(२०) व्याजस्तुति

पहिलो झमट्मा निन्दा झल्कने विचार गर्दा स्तुति गरेको ठहरिने १, अथवा पहिलो झमटमा स्तुति झल्कने विचार गर्दा निन्दा ठहरिने २ भयेमा र यौटाको स्तुति गर्दा अर्काको स्तुति ३, यौटाको स्तुति गर्दा अर्काको निन्दा ४, यौटाको निन्दा गर्दा अर्काको स्तुति ५, बुझिने भयेमा व्याजस्तुति हुन्छ, जस्तै–

(मञ्जुभाषिणी)

'प्रभु सर्वपालक कृपाल छन्' भनी
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
किन वृद्ध बालक उसै कराउँछन् ?

रघुवीरका चरणमा पुगे पनी
किन पीर दीनहरूका हराउँछन् ? ॥१॥

यहाँ 'रघुवीरका चरणमा पुगेपछि दीन–दुःखीहरूका पीर हराउँछन् भने वहाँलाई 'सर्वपालक' कसरि भन्नू ? [वहाँले पीरको पनि पालन गर्नुभयेको भये सर्वपालक भन्नु ठीक थियो, वहाँको अगाडीमा दुःखीका पीर हराउँछन् (पालित हुँदैनन्), वृद्धबालकहरूको विना–समुझको हल्ला मात्र हो]' यस्तो निन्दा पहिला झमटमा झल्केर आखीरमा 'रघुवीरका चरणको शरण पर्ने वित्तिकै दुःखीका सबै पीर हराउँछन्, रघुवीरको करुणा चिरसेवा खोज्दिनन्' यस्तो स्तुति बुझिन्छ।

अथवा–

(शार्दूलविक्रीडित)

पीठै कत्ति नपाइ दुश्मन मरे आशा धरेका सबै
यस्तो यो रघुवीरको कृपणता खासा प्रसिद्धै थियो।
को जानोस् ? किन हो ? कवीन्द्रहरुका सत्याग्रहि–व्यूहले
'यस्तै हो इदमित्त्थ' भन्न नहुने औदार्यमा दिल् दियो ॥२॥

यहाँ 'आशाले आयेका (अन्नार्थी–याचक भयेर उपस्थित भयेका) दुश्मनहरू प्रभुबाट पीठै नपाउँदा (अदना–गरीब गुरुवाले नित्य खाइने जाबो पीठोसम्म पनि नपाएर) मरे। प्रभुको यस्तो कृपणता खूब प्रसिद्ध थियो, तथापि प्रभुको औदार्यको वर्णन गर्नलाई कवीन्द्रहरूले बथानका बथान एकमत भैकन सत्याग्रह गर्न लागे। वस्तुतः त्यो 'औदार्य वर्णन गर्न लायेकको थिएन। हुल्याहा–कविहरूले 'औदार्य वर्णन नगरीकन छाड्ने होइनौं' भनेर त्यस्तो सत्याग्रह गरेको किन हो किन हो ?' दैव जानोस् यस्ता तरहले प्रारम्भमा प्रभुको निन्दा झल्केर श्लेषालङ्कारका मद्दतले 'आशा धरेका (आशा गुर्जारूपी राजचिह्नले सुशोभित भयेका ठूलाठूला) दुश्मनहरू युद्धमा प्रभुको पीठै नपायेर (युद्धमा पीठ नदेखाउने– वीरधुरन्धर प्रभुको पीठ देख्न नपायेर) मरे। प्रभुका औदार्यको वर्णन बडेबडे कवीन्द्रहरूले पनि गर्न शकिँदैन, त्यो औदार्य यस्तै छ भनेर भन्न नशकिने (अनिर्वचनीय) छ' यस्ता तरहले प्रभुकै स्तुति (तारीफ) बुझिन्छ।

(मालिनी)

प्रभु ! रघुवर ! उस्तो उग्र–संग्राम गर्दा
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
पनि फगत हजुर्को बाहुले नाम पायो।

अभय भइ सुबाहु क्रोधका साथ आयो
अभिमुख मुख बायो धाम झट्टै कमायो ॥३॥

यहाँ पहिला झमटमा रामजीका बाहुको 'त्यस्तो उग्र संग्राम गर्दा पनि बाहुले नाम मात्र पायो' [प्रत्येक वस्तुले त्यसै पाइने नाम लडाई गरेर पायो भने के पायो ? लडाई निष्फलै भयो] यस्ता तरहले निन्दा बुझिन्छ।

'सुबाहु (राक्षस) ले निर्भय भएर क्रोधका साथ संमुख आएर मुख बाउनाका साथ वैकुण्ठधाम पनि कमायो' (ठूलो पुरुषार्थ गर्‍यो) यस्ता तरहले सुबाहुको स्तुति (तारीफ) बुझिन्छ। आखीरमा– 'के के न गरौंला' भनेर आयेको त्यो क्रूर राक्षस आउनेबित्तिकै ठहरै मर्‍यो, कस्तो उल्लू रहेछ' भनेर सुबाहुको निन्दा र 'जगत्प्रसिद्ध पराक्रमी [नामका ढाँचाले आफुभन्दा बलीयो होला भन्ठान्नुपर्ने] सुबाहुलाई रघुवीरका बाहुले तुरन्तै मारिदियो, क्या बात ! ठुलो नाम (इज्जत) कमायो' भनेर बाहुको स्तुति बुझिन्छ।

(मन्दाक्रान्ता)

जस्ले गर्भग्रहण गरदा ध्वस्त पारिन् जगत्का
पश्चाद्भावी[1] अतिशय कडा गर्भ पीडा[2] करोडौं।
ती कौसल्याका चरणकमलद्वन्द्व संझेर मन्मा
कल्याणार्थी रसिक–जन हो ! हर्षले हात जोडौं ॥४॥

यहाँ श्रीमती कौसल्या महारानीको स्तुति गर्दा संसारतारक श्रीरामको स्तुति बुझिन्छ।

(मञ्जुभाषिणी)

यति सुन्दरी यति उमेरकी यति
पालनीय सुकुमारतावती[3]।
जनकात्मजा मतिमती हठै गरी
पतिका पछी पछि गइन् कठैवरी ! ॥५॥

---

१. पछी हुने।

२. गर्भवासमा पाइने दुःख।

३. हिफाजत गर्न योग्य भयेको सुकुमारता भयेको (यस्तो सुकुमार शरीर छ, नजाऊ, कसरि जान्छ्यौ ? भन्नुपर्ने)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ वननिवासका निमित्त रघुवीरका पछिपछि हिंड्न लागेकी जनकनन्दिनीका सौन्दर्य–यौवन–सौकुमार्य–सुबुद्धिप्रभृतिको स्तुति (प्रशंसा) गर्दा दशरथप्रभृतिको निन्दा [कठैवरी ! शब्दले] बुझिन्छ।

(इन्द्रवज्रा)

हे मन्थरे ! राज्यविघात गर्दा,
शत्रुघ्नका लात इनाम पायौ।
जङ्गल्निवासीहरुका तपस्या,
हयउनाको अवसर् जुययौ ॥६॥

यहाँ 'राज्यविघात गर्दा लात पायौ, जङ्गलनिवासी मुनिहरूले तपस्या छाड्नुपर्ने अवसर पनि ल्याइदियौ, यो काम गर्ने तिमी निन्दनीय छौ' भनेर मन्थराको निन्दा गर्दा– दर्शन मात्रले कृतार्थ पारिएका अरण्यनिवासी मुनिहरूले तपस्याको वास्ता नराखेर सेवा गरियेका रघुवीरको पूर्ण–स्तुति (प्रशंसा) बुझिन्छ।

(२१) व्याजनिन्दा

यौटाको निन्दा गर्दा अर्काको निन्दा बुझियेमा व्याजनिन्दा हुन्छ। जस्तै–

(वसन्ततिलका)

वीसौं यही विषम विक्रमको शताब्दी
भो जन्मकाल भगवन् ! यति दिन् बिताएँ।
प्रश्नानपेक्ष छ चरित्र समस्त मेरो
बिन्ती गरौं कति ? हरे ! गति माग्न आयें ॥७॥

यहाँ अशान्तिमय भयेका– विक्रमका वीसौं शताब्दीको (संवत् २००० को) निन्दा गर्दा चरित्रका बारेमा प्रश्नै गर्न नपर्ने (तँ कस्तो छस् ? के गर्छस् ? के के गरेको छस् ? भनेर सोध्नै नपर्ने) अधमाधम कुनै मानिसको निन्दा बुझिन्छ।

(२२) अपह्नुति

कुनै वस्तुको अपलाप (अपह्नव, निषेध) गरेर अर्कै वस्तु हो भनेर वर्णन गर्दा अपह्नुति अलङ्कार हुन्छ। यसमा सादृश्य व्यङ्ग्य भइरहन्छ। यौटाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपह्नव गरेर अर्काको विधान गर्दा 'शुद्धापह्नुति १', हेतु देखाएर अपह्नव गर्दा 'हेत्वपह्नुति २', कुनै वस्तुका धर्मको अन्यत्र आरोप गर्नाका निमित्त अपह्नव गर्दा 'शुद्धपर्यस्तापह्नुति ३', हेतु देखायेर त्यसो गर्दा 'हेतुपर्यस्तापह्नुति ४', कसैसँग कसैले रहस्य-कुरा गर्न लागेमा तेस्रो कुनै व्यक्तिले शङ्का गर्दा सत्य कुरा लुकायेर अर्कै कुरा प्रकाशित गर्दा 'छेकापह्नुति ५', छलवाचक शब्दको प्रयोग गरेर यौटाको अपह्नव र अर्काको विधान गरेमा 'कैतवापह्नुति ६' यस्ता ६ भेद यसका हुन्छन्, जस्तै क्रमैले—

शुद्धापह्नुति-१

(ललिता)

भूलोकका सकल अंश अंशमा
पातालमा र सुरवर्ग-लोकमा।
घुस्ने टमाटम यि रामकीर्ति हुन्
जुन् भन्दछन् मनुज जुन् ति मूर्ख हुन्॥१॥

यहाँ जुन (चन्द्रिका) को अपह्नव गरेर रामकीर्तिको विधान गरेको छ।

हेत्वपह्नुति-२

(ललिता)

भूलोकका सकल-खण्ड-खण्डमा
पातालमा र सुरवर्ग लोकमा।
ती फैलिने धवल रामकीर्ति हुन्
त्यस्तो अखण्ड कहिल्यै रहन्छ ? जुन्॥२॥

यहाँ अखण्ड रहनुरूप हेतु देखाएर जुनको अपह्नव र कीर्तिको विधान गरेको छ।

शुद्धपर्यस्तापह्नुति-३

(रथोद्धता)

'शुद्ध चन्द्र हिमपिण्ड हो' भनी
मूर्खले यदि भने, भने भने।
शुद्ध चन्द्र प्रभु रामचन्द्र हुन्
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
सत्कवीन्द्रहरुले भने भने॥३॥

यहाँ आह्लादकत्व–धर्मको राममा आरोप गरेर चन्द्रमामा त्यो धर्मको अपह्नव गरेको छ। परन्तु त्यो आह्लादकत्वरूप हेतु देखाइयेको छैन।

हेतुपर्यस्तापह्नुति–४

(रथोद्धता)

शुद्ध चन्द्र उहि रामचन्द्र हुन्,
तापको त्रितय हर्दछन् भने।
शुद्ध चन्द्र हिमपिण्ड हो भनी
मूर्खले यदि भने भने भने॥४॥

यहाँ तापत्रयहरणरूप– हेतु देखाएर चन्द्रमामा चन्द्रत्वको अपह्नव गरेर राममा आरोप गरिएको छ।

छेकापह्नुति–५

(वंशस्थ)

छुट्यो सबै ताप असह्य जो थियो,
हुँदै गयो उज्ज्वलता जता तता।
मिलेछ है दर्शन रामको कता,
बयान यो गर्दछु चन्द्रको म ता॥५॥

यहाँ २ मित्रका संवादमा रामजीको दर्शन पाउँदा हुन गयेका हालतको प्रस्ताव भइरहेको वेलामा तेस्रो व्यक्तिले आयेर खोजीनीति गर्न लाग्दा त्यस्लाई छऱ्याउनाका निमित्त रामदर्शन वृत्तान्त छिपायेर चन्द्रदर्शनवृत्तान्त देखाइयेको छ।

कैतवापह्नुति–६

(सुन्दरी)

जब ईश नरेश–पुत्रका
छलले भूतल–भार हर्दछन्।
तब निर्जरवर्ग कीशका
मिषले खिज्मत खूब गर्दछन्॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ छल–मिष–शब्दद्वारा 'रामजी ईश हुन्, नरेशपुत्र (राजकुमार मात्र)

होइनन्, कीशहरू (वानरहरू) निर्जरवर्ग (देवगण) हुन्, मामूली वानर होइनन्' यस्तो अपह्नव गरेको छ।

(२३) तुल्ययोगिता

प्रकृत (वर्णनीय) अनेक वस्तुको यौग्य धर्ममा सम्बन्ध भयेको वर्णन गर्दा १, अप्रकृत अनेक वस्तुको यौग्य धर्ममा सम्बन्ध भयेको वर्णन गर्दा २, हितमा र अहितमा वृत्तितुल्यता (समान व्यवहार) भयेको वर्णन गर्दा ३, र ठूला ठूलाहरूको तुल्यताले यौग्य कसैको कर्म देखाउँदा ४, तुल्ययोगितालङ्कार हुन्छ, जस्तै—

(वंशस्थ)

छुटेन सन्ताप अनन्त नै रह्यो
प्रतापमा र प्रभुका विपक्षमा।
हटेन आह्लाद अखण्ड नै रह्यो
प्रजाहरूमा प्रभुका स्वपक्षमा ॥१॥

यहाँ प्रकृत-वर्णनीय प्रताप र विपक्ष यी २ को सन्ताप-सत्तारूप यौग्य धर्ममा सम्बन्ध छ, त्यस्तै प्रकृत-वर्णनीय प्रजा र स्वपक्ष (आत्मीय) यी २ को आह्लादसत्तारूप यौग्य धर्ममा सम्बन्ध छ।

(इन्द्रवज्रा)

श्रीजानकीवल्लभको अमूल्य
औदार्य संभ्केर विचार गर्दा।
प्राचीन, ऐले रहने, पछीका,
संपूर्ण हुन्छन् क्षितिपाल फीका ॥२॥

यहाँ अप्रकृत (अवर्णनीय) ३ थरी क्षितिपालको (राजाको) फीकापनामा (औदार्यको न्यूनतामा) संबन्ध छ।

(शालिनी)

मुद्दावाला रैतिका वर्ग आउन्,
या दुश्मन्का कट्टर व्यूह आउन्।
दोटैलाई छिन्दिने नीति नीको
तत्कालैमा देखियो रामजीको ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ हित (प्रजावर्ग) र अहित (दुश्मनको समूह) दुवैमा 'छिन्दिनु (मुद्दाको फैसला दिनु, काटेर दुइ टुक्रा पार्नु) रूप तुल्य व्यवहार देखाइयेको छ।

(शार्दूलविक्रीडित)

जो जो पालन–पोषण प्रभृतिमा स्थानादिदानादिमा।
पीछ्य पर्न यथेच्छ वस्तुहरुको इच्छा धरी धाउँछन्।
तिन्का संमुखमा स्वयं भगवती श्रीजानकीका पति
सप्तद्वीपवती तथा वसुमती साक्षात् सँगै आउँछन्॥४॥

यहाँ धरा (पृथ्वी) को तुल्यताले प्रजाको पालन पोषणप्रभृतिमा रामजीको सहयोग देखाइयेको छ।

(२४) कारणमाला

उत्तरोत्तर गरेर कार्य–कार्यलाई कारण–कारण देखाउँदा कारणमाला हुन्छ, जस्तै–

(तोटक)

मतिले नय भो, नयले स्थिति भो,
स्थितिले बल भो, बलले धन भो ।
धनले जन भो, जनले सुख भो,
प्रभुको गुण यो मनमा स्थिर भो॥१॥

यो मालाका पहिला गुच्छमा– मति कारण, नय कार्य, भयेको छ। द्वितीय गुच्छमा– नय कारण, स्थिति कार्य छ। तृतीय गुच्छमा– स्थिति कारण, बल कार्य छ। चतुर्थमा– बल कारण, धन कार्य छ इत्यादि।

(२५) एकावली

गृहीतमुक्त (लिँदै छाडिँदै) गरेर अर्थ परम्परा बढायेमा एकावली हुन्छ, जस्तै–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(तोटक)

प्रभुमा महिमा[1] गरियो गुणले,
प्रभुले कुलमा महिमा[2] गरियो।
करुणावरुणालयका कुलले
पृथिवीभरिमा महिमा[2] गरियो ॥१॥

यहाँ गुण, प्रभु, कुल, यी ३ को गृहीतमुक्त रीतिले कुरा लम्यायेको छ।

(२६) मालादीपक

यौटा धर्मको अनेकमा संबन्ध हुने गरी यही एकावली राखियेमा पनि पूर्वोक्त (१६ नम्बरको) दीपकभन्दा विलक्षण मालादीपक हुन्छ, जस्तै—

(तोटक)

गुणले प्रभुमा, प्रभुले गुणमा,
गुणले प्रभुले प्रभुका कुलमा।
गुणले प्रभुले कुलले महिमा
गरियो सब यो धरणीतलमा ॥१॥

यहाँ महिमा गर्नु रूप–एक धर्ममा गृहीतमुक्त रीतिले गुण, प्रभु, कुल, यी ३ को संबन्ध देखाइयेको छ।

(२७) अप्रस्तुतप्रशंसा

अप्रकृतको वर्णन गर्दा प्रकृतको वर्णन झल्कने भयेमा अप्रस्तुतप्रशंसा–लङ्कार हुन्छ। यसमा–कार्यको प्रस्ताव गर्दा कारण बुझिएमा १, कारणको प्रस्ताव गर्दा कार्य बुझिएमा २, सामान्यको प्रस्ताव गर्दा विशेष बुझिएमा ३, विशेषको प्रस्ताव गर्दा सामान्य बुझिएमा ४, तुल्यको प्रस्तावले तुल्यान्तर बुझियेमा ५ समेत ५ भेद हुन्छन्, जस्तै क्रमैले—

---

१. महिमा (चाख, ठूलो इच्छा)।

२. महिमा (महत्त्व, इज्जत)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शार्दूलविक्रीडित)

'आए वानरवीरवर्ग–सहित श्रीराम हाजीर्भई
सीता सुम्पनुहोस् उपाय अब ता लाग्दैन कौनै अरू।'
भन्दा दाज्यु भनाउने अधमले निर्धक्क धिक्कार् गरी
ठोक्यो लात समस्त मन्त्रिहरुका सामुन्यमा के गरूँ ? ॥१॥

यहाँ विभीषणको आगमनका प्रस्तावमा त्यस्को कारण– रावणको दौर्जन्य (दुष्टता) देखाइयेको छ।

(स्रग्धरा)

खाना–पीना सबैका प्रतिदिन नहुने भैगए, छैन निद्रा,
बर्बर आँसू नजर्मा, चकित भइ लियो चित्तले ध्यान–मुद्रा।
कैले छन् चुप्प, कैले मुख मलिन गरी, पापिनी–कैकयीका
हक्मा, गर्छन्, हजारौं नगरजनहरू खालि गाली ननीका ॥२॥

यहाँ रामवनवासरूप कारणको प्रस्तावमा त्यस्को कार्य प्रजाको दुरवस्था देखाइयेको छ।

(स्वागता)

कन्द–मूल–फल केवल खाई
वल्कलाम्बर कठोर लगाई।
रामका विरहले घर छाडी
बस्तछन् भरत हेर अगाडी ॥३॥

यहाँ भ्रातृप्रेमको सामान्य प्रस्तावमा भरतजीको भ्रातृप्रेम विशेषरूपले देखाइयेको छ।

लोभ लालच कदापि नगर्नू,
दागदेखि बहुतै पर सर्नु।
यो चरित्र लिनु मानवता हो,
अन्यथा रहनु दानवता हो ॥४॥

यहाँ भरतजीका भ्रातृप्रेमको विशेष प्रस्तावमा सामान्यरूपले भ्रातृप्रेम देखाइयेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शिखरिणी)

थियो छायावाला, सरल सबमा लायक थियो,
निराशामा पाऱ्यो, अनि पछि अनौठासित फल्यो।
उडे कच्चा, पक्का नभइ, फल ती झक्कड चल्यो,
त्यसैका धक्काले अतिशय ठुलो दर्खत ढल्यो ॥५॥

यहाँ खूब अग्लो, छाया भरपूर भयेको, ढीलो फल्ने, फलेका फूल परिपक्व हुन नपाउँदैमा खूब ठुला झक्कड (हुरी) ले ढलेका वृक्षको अप्रकृत (अवर्णनीय) वृत्तान्तबाट प्रकृत भयेको–सुशोभित भईकन सर्वोपरि रहेर नाउमेद हुने अवस्थामा (बुढेसकालमा) दैवी उपाय (पुत्रेष्टि) द्वारा ४ पुत्र पैदा गराइकन तिन्को प्रौढ अवस्था नआउँदैमा, मन्थरा–कैकेयीका उत्पातले यौटा पुत्र पनि साथमा नरहेका वेलामा प्राण परित्याग गर्ने दशरथको वृत्तान्त झल्कन्छ।

अथवा–

(रथोद्धता)

दुष्टजन्तुहरुका दवावले
फुल्दथ्यो दम असह्य वेगले।
सामवात रुचिहीन गर्दथे
वाक्क व्याक्क सब छक्क पर्दथे ॥६॥
देववर्ग नरवर्ग सर्वदा
यत्रतत्र सब आकुलै थिए।
रामबाण जब निस्कँदो भयो
ती–विपत्तिहरुले बिदा लिए ॥७॥

यहाँ अप्रकृत रामबाण (औषधविशेष) को वृत्तान्तबाट प्रकृत रामजीको बाण–वृत्तान्त बुझिन्छ[1] ।

---

१. 'खराब जन्तु (क्रिमि–जुका) को दवाव (आक्रमण) ले गर्दा खूब दम फुल्दथ्यो, आमवातले सहित भएर रुचिहीन (क्षुधारहित) भएका रोगीहरू वाक्कव्याक्क (वमन) गर्दथे, [रोगको प्राबल्य देखेर] छक्क पनि पर्दथे, रामबाण औषधको आविष्कार भएपछि ती सबै विपत्ति हटे' यस्तो अप्राकृत वृत्तान्तबाट–'देववर्ग र नरवर्गहरूको दुष्ट जन्तु (राक्षस) का दवावले (प्राबल्यले) [भाग्नुपर्दा] दम फुल्दथ्यो, ती रुचिहीन भएर (निरुपाय भएर) सामवात (सान्त्ववचन) गर्दथे, ती राक्षसका अत्याचारले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(२८) समासोक्ति

प्रकृत वस्तुको वर्णन गर्दा अप्रकृत वस्तु झल्केमा समासोक्ति हुन्छ। यस्मा प्रकृत व्यवहारबाट अप्रकृत व्यवहार झल्केमा 'तुल्यव्यवहारसमारोप-समासोक्ति १', प्रकृतका र अप्रकृतका विशेषण तुल्य भयेमा 'तुल्याकार-विशेषणसमासोक्ति २, प्रकृत र अप्रकृतको वैधर्म्य हुँदा पनि प्रकृतबाट अप्रकृत झल्कने भयेमा 'अपूर्वसमासोक्ति ३' यस्ता ३ भेद मानियेका छन्, जस्तै–

तुल्यव्यवहारसमारोपसमासोक्ति –१

(मालिनी)

परसरि अरिसेना खुम्चिये अङ्ग उस्का
पख पख अब भन्दै मस्कँदै कोहि आयो।
भयरहित हजुर्को जोशिलो हो प्रताप
प्रभुवर ! तर उस्ले खूब खामोश खायो ॥१॥

यहाँ प्रकृत–युद्धयात्रा (लडाईका निमित्तको प्रस्थान) मा शत्रु हटेका खबरले त्यस्का ऊपर प्रभुका प्रतापको (अर्थात् फौजको) आक्रमण (हमला) नभयेको वृत्तान्तबाट अप्रकृत स्वयं कामातुर भएर उपस्थित हुनाका साथ परसरेर (रजस्वला भएर) अङ्ग खुम्च्याएर रहेकी (हातपाखुराहरू खुम्च्याइकन संकुचित भयेकी) अभिसारिका स्त्रीको अवस्था कसैले बताइदियेपछि त्यस्का उपर आसक्त नहुने तेजस्वी–धार्मिक यौवनमस्त पुरुषको वृत्तान्त झल्कन्छ। यहाँ अरिसेना शब्दका स्त्रीलिङ्गले यस्तो भाव खडा गराएको हो।

वाक्कव्याक्क (आजीत) भएर छक्क पर्दथे, रामजीको बाण ठोक्राबाट निस्केपछि तिनका ती सबै विपत्ति नष्ट भए' यस्तो प्रकृत रामबाण–वृत्तान्त झल्कन्छ। रामबाण औषधका पूर्वोक्त गुण वैद्यशास्त्रमा देखाइयेका छन्–

(१) **रोचनः कफकुलान्तकारकः श्वासकासवमिजन्तुनाशनः।**
दीयते तु मरिचानुपानतः सद्य एव जठराग्निदीपनः॥

(२) **संग्रहग्रहणिकुम्भकर्णकं सामवातखरदूषणं जयेत्।**
वह्निमान्द्यदशवक्त्रनाशनो रामबाण इति विश्रुतो रसः ॥ (भावप्रकाश)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तुल्याकारविशेषणसमासोक्ति —२

(इन्द्रवज्रा)

हाँगा–बिंगा खूब हुने फलेको
सन्ताप हर्ने अति फैलिएको।
यो वस्तु ता जो अति पुण्य गर्छन्,
ती पाउँदैछन्, अरु हिस्स पर्छन्॥ २॥

यहाँ तुल्यविशेषणका प्रभावले प्रकृत रामवृत्तान्तबाट कल्पवृक्षको वृत्तान्त झल्कन्छ।

अपूर्वसमासोक्ति —३

(वंशस्थ)

सदैव मीठो रहने जता पनी,
अनी सदा श्रीसहितै हितै हुने।
छँदैछ खासा परिपूर्ण वस्तु लौ!
अशक्त प्यासा किन हो ? अहो ! हुने॥३॥

यहाँ प्रकृत रामवृत्तान्तबाट समुद्रवृत्तान्त झल्कन्छ, तर अपूर्वरूपले झल्कन्छ। किनभने ? 'समुद्र मीठो छैन, रामजी जताततै मीठा हुनुहुन्छ, समुद्रमा आजकाल श्री छैनन्–समुद्रमन्थन भयेमा बाहिर निस्केकी बाहिरै छन्, रामजीमा श्री सर्वदा रेहकी छन्' यस्ता तरहले झल्केको समुद्रमा भन्दा प्रकृतमा गुणाधिक्य रहनाले यो अपूर्व समासोक्ति हो।

(२९) आक्षेप

आफुले भनेका कुराको आफैले आक्षेप (निषेध) गर्दा र केही कुरांको आक्षेपका निमित्त (व्यङ्ग्य पारेर बुझाउनाका निमित्त) केही कुराको आक्षेप (निषेध) गरेमा आक्षेपालङ्कार हुन्छ। आक्षेप्य (व्यङ्ग्य पारेर बुझाउन आटेको वस्तु) अनन्त हुनाले यो अलङ्कार अनन्त प्रकारको हुन्छ। यस्लाई नवीन आचार्यहरूले ध्वनि र गुणीभूत व्यङ्ग्यमा अन्तर्भाव गरेका छन्। प्राचीन आचार्य (दण्डिप्रभृति) ले केही प्रपञ्च देखायेका छन्। तदनुसार केही भेद–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उक्तप्रतिषेधाक्षेप—१

(पुष्पिताग्रा)

भगवति ! अब लौन ! कामधेनो !
जनिगर देवि ? दया लिएर आऊ।
पख पख, अब संझिए दयालु
प्रभु – रघुनन्दन, भैगयो नआऊ ॥१॥

यहाँ आफुले गरेको कामधेनुका आह्वानको आफैले निषेध गरेको छ। 'रघुनन्दनको मनोरथपूरकता कामधेनुको भन्दा बढ्ता छ' यो कुरा आक्षेप्य (व्यङ्ग्य) हो।

भूताक्षेप—२

(मालिनी)

मधुर वचन यौय, भक्तका चित्त लाखौं,
किन-किन वचनैले चित्त ती चित्त पार्‍यो।
रघुवर ! सब गर्छन् यो कुरा के पत्याऊँ ?
'नुन ? न च' नगरौं लौ ठीक हो चित्त हार्‍यो ॥२॥

यहाँ भूतकालको अपत्यारलाई आक्षेप गरेर (चित्त भयेको हुनाले मनले हारेछ, ठीकै हो भनेर) प्रभुका वचनको मनोहरतालाई आक्षेप्य पारेको छ।

भविष्यदाक्षेप—३

(वंशस्थ)

अधीर भै चित्त ! तँ पीर गर्दछस्
प्रचण्ड धेरै यम – दण्ड संझदा।
बडा दयालू रघुवीर छन् बुझिस् ?,
नहड्बडाईकन संझि सर्वदा ॥३॥

भविष्यत्कालका यमदण्डको आक्षेपद्वारा प्रभुको भक्तवत्सलता आक्षेप्य गराइयेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्तमानाक्षेप—४

(भुजङ्गप्रयात)

मुनासीवको काम कैल्यै दिंदैनौ,
बखत्मा पनी कत्ति हाजिर् हुदैनौ ।
बुझ्यौ ? आज उप्रान्त धर्ना नदेऊ,
तिमी रोगि छौ चन्द्र ! आराम लेऊ ॥४॥
झकाझक् तिनै लोकलाई गराई
सबैका सबै तापलाई हटाई ।
सदा सर्वदा हाजिरी दिन्छु भन्दै
बुझ्यौ ? जानकीनाथकी कीर्ति आई ॥५॥

यहाँ वर्तमान कीर्तिले वर्तमान चन्द्रको आक्षेप छ । 'कीर्तिको प्रकाश चन्द्रप्रकाशभन्दा श्रेष्ठ छ' यो आक्षेप्य हो ।

कालत्रयाक्षेप—५

(स्रग्विणी)

जन्मदेखी यता जानकीनाथका
कर्णमा पूर्ण छन् वाक्य नै नीतिका ।
अट्टछौं की भनी आउने कूटका
हट्टछन् कल्पना जालका चालका ॥६॥

यहाँ जानकीनाथका कर्णको नीतिवाक्यपूर्णताले कूट–कपटवाला वचनका प्रवेशको आक्षेप त्रैकालिक बुझिन्छ, रामजीको राज्यशासनदक्षता आक्षेप्य छ ।

धर्माक्षेप—६

(वंशस्थ)

हजूरकी शीतल कीर्ति भक्तले
जहाँ तहाँ हे रघुवीर ! गाउँछन् ।
सुनेर निर्विघ्न विपक्षपक्षमा
अहो ! पसीना किन ? विघ्न आउँछन् ॥७॥

यहाँ शीतलतारूप धर्मको आक्षेप छ, कीर्तिको अद्भुतता आक्षेप्य छ ।

© Sri Nepal Sanskrit Academy, Kathmandu Collection

धर्म्याक्षेप—७

(वंशस्थ)

विरोधको छैन कुरा कतै पनी,
चराचर प्रेम–मयै छ सर्वथा।
जतातितै हे रघुनाथ ! तैपनी
प्रताप घुम्दो छ हजूरको वृथा ॥८॥

यहाँ विरोधधर्मवाला (विरोधी) को आक्षेप छ, रघुनाथजीको लोकरक्षण जागरूकता आक्षेप्य छ।

कारणाक्षेप—८

(वंशस्थ)

बल्यो प्रताप प्रलयाग्नितुल्य त्यो,
निशाचर–व्यूह विषादमा गए।
मजा भयो लौ रघुनाथका प्रजा
जतातता शीतलता लिने भए ॥९॥

यहाँ दाहकत्वरूप कारणको आक्षेप भयेर रघुनाथजीको भक्त–पक्षपात आक्षेप्य छ।

अनुज्ञाक्षेप—९

(वंशस्थ)

समक्षमा त्यो प्रभुका प्रतापको
स्वयं खडा हुन्छ भने खडा रहोस्।
बुझी बुझी मूर्ख भएर वैरिले
कडा–कडा काम गरे गरीरहोस् ॥१०॥

यहाँ अनुज्ञा (संमति) को आक्षेप छ, प्रभुका प्रतापको उग्रता आक्षेप्य छ।

परुषाक्षेप—१०

(वंशस्थ)

'तँ जङ्गली होस् र डराउछेस्' भन्यौ
मलाई लौ भालु–समान नै गन्यौ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सरासरै जाऊ म भालु नै भयें
लडी लिनेछौ तिमि आज अप्सरा ॥११॥
नसीव मेरै घटिया रहेछ नी !
रहन्छु राजी अब जे भए पनी ।
भनेर मन्दोदरिले दशास्यका
समक्षमा रूक्ष भई सफा भनी ॥१२॥

यहाँ मन्दोदरीका परुष (निष्ठुर) वचनद्वारा रावणका मरणको आक्षेप छ, रामजीको अजय्यता आक्षेप्य छ।

अनादराक्षेप—११

(वंशस्थ)

'भलाइको दौलतको र मानको
मलाइ इच्छा छ अली अलीकति ।
अनर्थ इच्छा पतिका चिरायुको
रहन्छ, मेरो यहि हो सदा गति ॥१३॥
बसे बस, प्राणसमान छौ, गये
सरासरै जाउ, कराउँछौ कति' ।
भनेर मन्दोदरिले रिसाउँदै
निकालि हाली मुखकी सरस्वती ॥१४॥

यहाँ मन्दोदरीको अनादरद्वारा रावणका मरणको आक्षेप छ, आक्षेप्य पूर्ववत् हो।

मूर्छाक्षेप—१२

(वंशस्थ)

'गयें' भनेको सुनि मूर्च्छिता भई
लडेर जागी अनि हर्ष गर्दथी[1] ।

१. विरहभीरु भएकी विपक्षपत्नी गयें (जान लागें) भनेको सुन्दैमा मूर्छा परेर धेरै बेरसम्म लडी, व्युँझदाखेरी पतिलाई देखेर 'गइकन वापस आइपुगेछन्' भन्ने ख्यालले खूब खुशी भई, पतिले फेरी 'गयें' भन्यो, फेरी उही हाल, फेरी उही हाल, यस्तो हुँदाहुँदैमा पतिको पनि दुर्गति भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विपक्ष–पत्नी पतिको यसै गरी
गरी गरी जोश र होश हर्दथी ॥१५॥

यहाँ विपक्ष–पत्नीको मूर्च्छाद्वारा युद्धयात्राको आक्षेप छ। प्रभुको भयङ्करता आक्षेप्य छ।

अमङ्गलाक्षेप—१३

(वंशस्थ)

'परेछ मौका, अघि सर्छु युद्धमा,
म मर्द–छू लौ, हटुँला वृथा किन ?
यसोरि गाह्रो मनमा नमानन !
प्रिये ! उज्यालो मुखले बिदा दिन' ॥१६॥
सुनेर यो वाक्य विपक्षकी वधू
स्वयं भनेको पतिले घडी घडी।
भरङ्ग मन्मा भइ भारि भीतिले
रुँदै रुँदै भूतलमा उसै लडी ॥१७॥

यहाँ आफ्नै अमङ्गलवचनद्वारा (म मर्दछु, पुरुष = मर्द हूँ) भन्ने आशयले बोलेको वाक्यबाट 'म बाँच्तिन' भन्ने बिच्छुकी वचन निस्कन गएकोले वक्ताका मरणको आक्षेप छ। श्रीरामको युद्धविजय आक्षेप्य छ।

गुणाक्षेप—१४

(वंशस्थ)

'गजक्कको चाल घमण्ड हो, त्यही
थपक्क पैले पर सार्नुपर्दछ।
हितार्थिले सस्मित–पूर्वभाषिता
लियेर सर्वप्रिय बन्नुपर्दछ ॥१८॥

आफ्नु हित चाहने मानिसले कसैसँग भेटघाट हुँदा हँसीलो मुख गरेर पहिले बोल्ने बानी गरेर सर्वप्रिय हुनुपर्दछ। 'स्मितपूर्वाभिभाषिता' भनेर यो गुणको खूब सरहनी शास्त्रले गरेको छ। गजक्क परेर आफ्नु महत्त्व देखाउन खोज्नु ता घमण्ड हो। त्यस्तो चाललाई सर्वप्रथम पर सार्नु (हटाउनु) पर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

फुलेर उम्लेर बगेर पापको
विपाक जम्दा 'अघमण्ड' बन्दछ।
हुँदा अपभ्रंश समाज आजको
अशुद्ध उस्लाइ 'घमण्ड' भन्दछ ॥१९॥

मनमा रहेका पापको विपाकावस्थामा (परिपक्व हुने वेलामा) त्यो पाप फुल्दछ (बढ्दछ) अति उम्लन्छ (पोखिन खोज्दछ) अनि बग्दछ (बाहिर निस्कन्छ), अनि सारो (कडा) भएर परापमान गर्ने दुर्वचनको रूपले प्रकट हुन्छ। अर्थात् भित्र रहेको पाप प्रकट भएर बाहिर निस्केको दुर्वचन अघ (पाप) रूपी अशुद्ध वस्तुको माडा (मण्ड) हुनाले 'अघमण्ड' हो, त्यही वस्तुको उच्चारणमा कालान्तरले अपभ्रंश (अशुद्धि) हुँदा 'घमण्ड' यस्तो रूपान्तर हुन आयेको हो, यसको मूल कारण पाप पनि अशुद्ध वस्तु हो, 'घमण्ड' शब्द पनि अशुद्ध हो । वास्तवमा- पापको माडा-स्वरूप भयेका दुर्वचनलाई 'घमण्ड' नभनेर 'अघमण्ड' भन्नुपर्दछ।

विनीतताको र गुणाढ्यभावको
विचार राखेर बनाउ दम्पती ।
छोरा र छोरी भइ मान-संपति
खडा हुनेछन् सहजै बुझ्े यति ॥२०॥

गुणाढ्यभावको (गुणपूर्णतारूपी पुरुषको = गुणाढ्य भयेका विद्वान्‌को) र विनीतताको नम्रताको - 'विनी' नाम भयेकी तता (नेवारनन्दिनी) को खूब विचार राखेर दम्पति बनाउ (अर्थात् गुणपूर्ण भएर विनीत (विनयपूर्ण) होऊ) त्यो दम्पतिबाट मान (इज्जत, आदर) रूपी छोरो र संपत्तिरूपी छोरी सहजै जन्मनेछन् (अर्थात् गुणले पूर्ण भएर नम्रता लियौ भने सज्जन सुपात्र कहलाउनेछौ र सर्वत्र आदरणीय भएर संपत्ति जम्मा गर्न शक्नेछौ, खाली गुणाढ्य भएर नम्रता नलिने दुर्जन भयौ भने पूर्वोक्त-फाइदाबाट वञ्चित हुनेछौ ।

बढाइएकी विनयालवालमा
गुणावलीरूपलता प्रतानिनी ।
जतातता कल्पलतासमानता
लिएर हुन्छे सकलार्थसाधिनी ॥२१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुणावली (सद्‌गुणपंक्ति) रूपी लता विनयरूपी (नम्रतारूपी) आलवालमा (क्यारी–गमलाप्रभृतिमा) बढाइई भने प्रतानिनी हुन्छे (फैलिन्छे–झाँगिन्छे) र जतातती पुगेर कल्पलता (चिताइएको कुरा पुरा गरिदिने स्वर्गीय लहरा) जस्तै भएर सकल मनोरथ पूर्ण गर्ने हुन्छे। जिनतिन उमारेकी लतालाई कुठाउँका घेरामा राख्यौ भने त्यो बढ्न शक्तिन र फलदायिनी हुन शक्तिन।

विद्याहरूको बलको र वित्तको
सीमा कुनै निश्चित छैन सर्वथा।
सबै कुरामा परिपूर्ण छू भनी
घमण्ड विद्वज्जनले लिनू वृथा ॥२२॥

विद्वज्जनले (समुझदार भयेका मानिसले) विद्या–बल–वित्तमा म सर्वोपरि छु भन्ने घमण्ड लिनु व्यर्थै हो।

सबै कुरामा परिपूर्णता लिने
फगत् उनै विश्रुत छन् जगत्पति।
अत्यल्प आधार मिलेर फुर्किने
सिद्रासरीका जन छन् कती कति ॥२३॥

सर्वसद्‌गुणनिधान (असल–असल गुणका खानी = सर्वसद्‌गुणपूर्ण) ता केवल एउटा जगत्पति (ईश्वर) मात्र छन्। अलीकति गुण हुँदैमा फुर्किने (दङ्ग पर्ने व्यक्ति ता अलीकति पानिमा फुर्किने क्षुद्र माछा (सिद्रा) सरी धेरै छन्।

चढ्यो भने इज्जतको र सख्यको
शरीरको स्मेत समाप्ति गर्दछ।
छ सर्पभन्दा पनि दर्प दारुणै
प्रमाण यस्मा किन खोज्नुपर्दछ ॥२४॥

सर्प शरीरमा चढ्न आयो भने शरीरको नाश गर्दछ– त्यत्तिकै हो। दर्प (घमण्ड) चढ्यो भने इज्जतको सख्य (मित्रता = मेल) को र आखीरमा शरीरको पनि समाप्ति (नाश) गर्दछ। 'दर्प सर्पभन्दा दारुण (भयङ्कर) छ' भन्ने कुरामा प्रमाण खोज्नै पर्दैन– 'यही दर्प चढ्नाले ब्रह्माजीको नाती, पुलस्त्य महर्षिको छोरो महान् तपस्वी बलवान् भएका रावणको इज्जत नष्ट भएर वदनामी भयो, भाईसँग विरोध भएर आखीरमा शरीर पनि रहेन' भन्ने कुरा संसारप्रसिद्धै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जित्यौ भने क्रोध, जित्यौ जगत्त्रयै
मिल्यो तिमीलाई अजातशत्रुता।
हार्‍यौ भने जन्म गुमाउने भयौ
लड्दै र भिड्दै बहुधा जतातता ॥२५॥

यौटा क्रोधलाई जितेपछि त्रैलोक्यै जितिन्छ र 'अजातशत्रु' भन्ने ठुलो पदवी पाइन्छ। क्रोधसँग हारेपछि (क्रोधी भएपछि) जहाँतहाँ लड्दैभिड्दै रहनुपर्दछ र दुर्लभ मनुष्यजन्म मुफ्तमा गुमाइन्छ [शान्ति र सुख कहिल्यै पाइदैन]।

अनर्गल–क्रोध अनर्थ शत्रु हो
भनेर त्यस्कै वध गर्नुपर्दछ।
त्यसो नगर्दा त्यसकै प्रभावले
निर्बीज भै जीव समूह मर्दछ ॥२६॥

'उच्छृङ्खल (रोकटोक गर्न नशकिने) क्रोध ठुलो शत्रु हो' भन्ने दीर्घ विचार गरेर सर्वप्रथम त्यसै क्रोधको वध गर्नुपर्दछ (रिस मार्नुपर्दछ)। त्यसो नगरेका खण्डमा (रिस मार्न नशकिएमा) त्यही क्रोधको प्रभावले जीव (मनुष्यादि प्राणि) को समूह (वथान) निर्बीज भइकन (बिउसमेत मासिने गरी) मर्दछ।

अचम्म ! जस्का मनमा उदाउँछ
स्वयं उसैलाइ हरे ! नचाउँछ।
पितालगायत् गुरुसम्ममा पनी
कृतघ्न यो क्रोध जुलुम् मचाउँछ ॥२७॥

क्रोध जसको मनमा उदायो सर्वप्रथम उसैलाई नचाउँछ (आकुल–व्याकुल पारेर यताउति दौडाउँछ) यो अचम्मको कुरा हो। जन्मदातालाई तुरन्त बढेर पिर्ने कृतघ्न भयेको (आश्रयदानको गुन नमान्ने) यो क्रोध अरूको के कुरा बाबू लगायत पूजनीय भयेका गुरुसम्ममा पनि जुलुम (अत्याचार–भर्त्सना–तर्जना–ताडना इत्यादि) मचाउँछ (फैलाउँछ) [पाजी कृतघ्न क्रोधलाई मार्नैपर्छ]।

विरोधी हो इन्द्रियको समाज यो
गिराउने यत्न सदैव गर्दछ।
विवेक राखेर सहाय साथमा
निरोधरूपी दम गर्नुपर्दछ ॥२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै इन्द्रिय आफ्ना आफ्ना विषयमा जीवलाई जगाउन तानातान गरेर हैरान पार्दछन्। एकाग्र भएर आत्मचिन्तन गर्न नदिने विरोधी (शत्रु) हुन्। विवेक (कर्तव्य निर्णय) लाई साथ राखेर (विवेकवान् भएर) निरोधरूपी दम (रोक्नुरूपी दण्ड) गर्नुपर्दछ [विरोधीलाई कैद गर्नैपर्दछ]।

बडो चमत्कार अपारको छ यो,
विना दमै इन्द्रिय-चक्र चल्दछन्।
विवेकवाला दम पाउँदा भने
अनेक छन् तापनि टप्प अड्दछन्॥२९॥

ई इन्द्रियचक्र (इन्द्रियवर्ग र इन्द्रियरूपी चक्र, चक्का) दम नपाएमा (विरोध नपाएमा र चलाउने क्रिया नपाएमा) चलीरहन्छन्। दम (निरोध) पाएमा टप्प अड्दछन्। घटीयन्त्रका चक्रभन्दा विलक्षण (अनौठा) स्वभाव भएका छन्। ई चल्नाले हरदम दुःख पाइन्छ, इनलाई दम दिएर राख्नुपर्दछ।

जयाभिलाषी जनले मनोजको
यथोचितै सेवन गर्नुपर्दछ।
मनुष्यले लम्पटता लियो भने
यताउता लत्रनु मात्र पर्दछ॥३०॥

'पछिसम्म आफ्नो कल्याण रहोस्' भन्ने खायश गर्ने सज्जनले मनोज (कामदेव)को सेवा (उपभोग) यथोचितै गर्नुपर्दछ। लोककल्याणाभिलाषी दिव्यदृष्टि भयेका महर्षिहरूले बताए बमोजिम धर्म-अर्थ-काममा परस्पर बाधा नपर्ने गरि (अर्थात् कामोपभोग गर्दा धर्माचरणमा र अर्थार्जनमा बाधा नपर्ने गरि, त्यस्तै धर्माचरण गर्दा अर्थार्जनमा र कामोपभोगमा बाधा नपर्ने गरि, त्यस्तै-अर्थार्जन गर्दा धर्माचरणमा र कामोपभोगमा बाधा नपर्ने गरि) त्रिवर्गको सेवा नगरेर र मनुष्यले धर्मको र अर्थको वास्तै नराखीकन मनोजसेवामा (कामोपभोगमा) मात्र लागेर लम्पटता (तदेकतत्परता) लियो भने, त्यो लम्पटले आखीरमा जतातत्तै लत्रनुपर्दछ, पहिलेको फूर्ति देखाउन शक्तैन। लम्पटलाई यता र उता लतारेको कुरा सर्वविदितै छ।

जित्यो भने मन्मथलाइ धैर्यले
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
समस्त-संसार परास्त गर्दछ।

मथ्यो मनै मन्मथले कहीं भने
अनेक आपत्ति सुमर्नुपर्दछ ॥३१॥

मन्मथ (कामदेव) लाई धैर्य लिएर जित्न शक्ने (मन्मथविजयी महात्माले) संपूर्ण संसारै जित्यो भन्नुपर्दछ त्यो व्यक्ति मन्दाकिनीनन्दन (गाङ्गेय भीष्मपितामह) र पवनकुमार-हनुमान्जी जस्तै अजय्य हुन्छ। होइन मन्मथैले मनलाई मथ्यो (जित्यो) भने अनेकानेक आपत्ति बिहोर्दै त्यो व्यक्ति (हरुवा) बित्यो (खतम भयो)।

शहुर्हुने सज्जनवर्ग सर्वदा
समस्त सादा स्थितिमा रमाउँछन्।
भडक् भडक्मा भरिशक्य भट्कने
भरे भरे भारि विपत् कमाउछन् ॥३२॥[1]

बुद्धिमान् मानिसले खुवाई लवाई प्रभृति सबै कुरामा सादगी (सादापना) राखेर त्यसैमा रमाउनु (आनन्द मान्नु) पर्दछ। अत्यावश्यक नभयेका वस्तुको मात्र उपयोग गर्ने (भडकदार) व्यक्तिले भडक भडकमा यथाशक्ति भड्कदा भड्कँदै आखीरमा भारी विपत्ति भोग्नुपर्दछ।

विषै न हो किल्विषमूल लोभ यो
अकिल् हुनेले यति बुझ्नुपर्दछ।
अलुब्ध अक्षुब्ध भएर भाग्यको
स्वधर्मले उन्नति गर्नुपर्दछ ॥३३॥

पापहरू प्रायः लोभमूलकै हुन्छन् । त्यसो हुनाले किल्विषको (पापको) मूल (जरो = कारण) भएको लोभ विषै (जहरै) हो। "किल-संभावनया विषम् गरलम्" यस्तो व्युत्पत्ति गर्दा पृषोदरादि गणका आश्रयले सिद्ध हुन आएको किल्विषको मूल (कारण) भयेको लोभ पनि विषै हो, त्यसलाई उखेलिदिएर अलुब्ध (लोभशून्य) अक्षुब्ध (स्थिरचित्त) भइकन स्वधर्मको रक्षण गर्दै भाग्यको उन्नति गर्नुपर्दछ, लोभले अन्याय गरिकन कमाएको अर्काको संपत्ति संपत्ति होइन विषै हो।

---

१. भडकका विषयको विस्तृत विचार अलङ्कारचन्द्रोदयका आक्षेपालङ्कारको (११३-११९) पृष्ठमा देखाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जहाँ भलो उल्टिन जान्छ पापले
बुझ्यौ ? तहाँ जन्मन लोभ आउँछ।
मनुष्य उस्मा परि वश्य भो भने
अवश्य विघ्नै गरि दुःख पाउँछ ॥३४॥

पापका प्रभावले भलो (कल्याण) उल्टिन (उल्ट्ये हुन = घोप्टिन) जान्छ र लोभ जन्मन्छ, लोभ उठेर आयो भने कल्याण उल्टियो। कल्याण उल्टिएपछि निराधार भएर निन्दनीय जिन्दगी बिताउनुपर्दछ।

निरन्तरै घुम्दछ भाग्यचक्र यो
भनेर मन्मा दृढ गर्नुपर्दछ।
मितैसरी प्राणिसमूहमा सदा
हितैषि-जन्ले हित मात्र गर्दछ ॥३५॥

आफ्नै हित चाहने मानिसले 'भाग्यचक्र निरन्तर घुमीरहन्छ, आजको सुखी-धनी-मानिस भोली-पर्सी दुःखी कङ्गाल हुन जान्छ' भन्ने कुरा मनमा दृढ राखेर सबै प्राणीलाई मितै (मित्रै) जस्तो प्रेमी बनाएर उसको हित गर्न सधै प्रवृत्त हुनुपर्दछ।

दारिद्र्य दुःखाकुल दीन वर्गमा
दयार्द्रता दर्शित गर्नुपर्दछ।
जतातते क्लेशसमेत दीनता
डुलीरहन्छे भनि बुझ्नुपर्दछ ॥३६॥

दुःख र दीनता ई २ चीज कहिल्यै नछुट्टिने दम्पति (जोई-पोई) जस्ता भएर डुलीरहन्छन्, ई आज छिमेकीका घरमा आयेछन्, भोली-पर्सीतिर हाम्रा घरमा आइपुगे भने हाम्रो के गति होला ? मगन्ता भएर कसको ढोका ढुक्न जाउँला ? भन्ने दीर्घविचार गरेर बुद्धिमान्-धनवान्-मानिसले दुःखी-दीनहरूका उपरमा दयालुता देखाउनुपर्दछ [खाली मुखले 'कठैवरी' भनेर दयालुता सुनाएर काम चल्दैन, आर्थिक-कायिक दयालुता देखाउनुपर्दछ]।

स्वशक्ति-कन्या उपकार-पात्रमा
सहर्ष सुम्पेर कृतार्थ बन्दछन्।
दिल्दार-सज्जनहरु धर्मलाइ नै
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
बलिष्ठ दौहित्र छँदैछ भन्दछन् ॥३७॥

दिल्दार (उदार चित्त भयेका) सज्जनहरू आफुले पैदा गरेकी शक्तिरूपिणी कन्यालाई परोपकाररूपी पात्र (वर) मा सहर्ष सुम्पेर कृतार्थ हुन्छन् (यथाशक्ति परोपकार गरेर कृतकृत्य हुन्छन्) र ती दुई कन्यावरको सङ्गम हुनाका साथ जन्मेको धर्मरूपी दौहित्र (सद्योजात-छोरीको छोरो) जन्मनैबित्तिकै बलियो भएर मौजूदै छ भनेर ढुक्क पर्दछन्। वास्तवमा त्यस दौहित्रले भलैभलो गर्दछ, अरू दौहित्र जस्तो वैगुनी हुँदैन।

परोपकारै पुरुषार्थ हो भनी
त्यो मार्गमा सज्जनवर्ग पस्तछन्।
समानताले परकीय दुःखका
उद्धारमा कम्मर खूब कस्तछन् ॥३८॥

सज्जनहरू खाली विद्या-वित्त कमाउँदैमा आफूलाई पुरुषार्थी ठान्दैनन्, परोपकार गर्नु सच्चा पुरुषार्थ हो भनेर अर्काको दुःख निवारण गर्नलाई हर्दम कम्मर कसीरहेका हुन्छन्।

सदा उज्यालो रहि जो सकस् सही
परार्थको तत्पर हुन्छ यत्नमा।
गनिन्छ गदगद् भइ सभ्यवर्गले
त्यही सकस् मात्र मनुष्य-रत्नमा ॥३९॥

अनेकानेक सकस (कष्ट) परिआउँदा पनि तिनलाई सहेर उज्यालो भएर (प्रसन्न-उज्ज्वलवदन भएर = झर्को नमानेर आफ्नु परम कर्तव्य सिद्ध गर्ने मौका परमेश्वरले दिये भन्ठानेर) परार्थको यत्नमा (अर्काका निमित्तको कोशीसमा) जो तत्पर रहन्छ, त्यही सकस (मानिस) लाई सभ्यवर्गले (भले आदमीका समाजले) हर्षगद्गद भएर मनुष्यरत्नमा (श्रेष्ठ मनुष्यमा) गणना गर्दछ ['मनुष्यरत्न' हुन इच्छा गर्नेले रत्नले झैं अनेक कष्ट सहेर अर्काको उपकारको निमित्त उज्यालो भइरहनुपर्दछ]।

मिलीजुली प्रेम लिएर जिन्दगी
बिताउनू सज्जनको स्वभाव हो।
सशङ्क गुर्राउनु केहि पाउँदा
स्वजातिमा मानिसको स्वभाव हो ॥४०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही वस्तुको लाभ हुने मौकामा अर्काले उछिट्याउला भनेर स्वजातिमा गुर्राउनू (ङ्यार्रगुर्र गर्नु) मानिसको भाव (कुकुरको प्रकृति) हो। मिलीजुली प्रेमसाथ जिन्दगी बिताउनु मनुष्यको स्वभाव (आत्मीयता–अभिन्नता) हो।

सदैव सच्चा व्यवहारमा रही
सदैव उच्चापन रोज्नुपर्दछ।
अनेक उच्चारण सत्य शब्दको
लुच्चापनाको अनुमान गर्दछ ॥४१॥

मानिसले व्यवहारमा सच्चापन (सत्यता) लिएर हर्हमेशा उच्चापन (उच्चता इज्जत) रोज्नुपर्दछ। वातन्पीछे 'सत्य सत्य' भनेर किरिया हाल्न लाग्यो भने सत्य शब्दको अनुप्रयोग नगरियेको वाक्यबाट 'यो कुरा भूठो रहेछ' भन्ने अनुमान हुन्छ [वृथा शपथ नगर, सच्चा व्यवहार गरेर शिष्टतालाई स्पष्ट पार]।

उच्चा गराएर समाजमा सदा
बचाउने बान्धव एक सत्य हो।
लुच्चा बनाएर विपत्ति–चक्रमा
नचाउने वैरि असत्य मात्र हो ॥४२॥

सत्यको आश्रय गर्ने मानिस समाजमा उच्चा (ठूलो) मानिन्छ, त्यस्तो सत्य सत्यवादीलाई विपत्तिबाट पनि बचाउँछ र त्यो मात्रै सच्चा बान्धव हो। असत्य (भूठोपन) भने असत्यवादीलाई लुच्चा (वञ्चक) पारेर विपत्ति–चक्रमा (अनेकानेक विपत्तिमा) पारेर यता र उता नचाउने हुनाले वैरी हो [वैरी नबढाऊ, बान्धवको हिफाजत गर]।

मुलायमी साथ लियेर सर्वदा
वचन् नबिभ्ने गरि बोल्नुपर्दछ।
मुलायमीमा पनि सत्यता रहोस्
भनेर होस् राख्नु अवश्य पर्दछ ॥४३॥

चित्तमा नबिभ्ने (चित्त नदुखाउने) गरी मुलायम पारेर बोलेका वचनमा पनि सत्यता अवश्य रहोस् भनेर होश राख्नुपर्दछ [मुलायमी गर्दागर्दै असत्यवादी हुन नपरोस्, होश राख।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महत्त्व छाडी मसिना भयौ भने
सबै जना आदर–पात्र बन्दछौ।
बेसै छ मार्सी तर चित्तले भने
समुद्रफेनै बढिया छ भन्दछौ ॥४४॥

महत्त्व (घमण्ड) छाडेर मसीना (नम्र) हुँदा सबै जना आदरपात्र (आदरणीय) हुन्छौ। यो कुरा मैले भनिरहनुपर्दैन, अल्लि खस्रो भएर गुणकारी (गुनी) भयेको मार्सीधानको चामलभन्दा मसीनु भयेको समुद्रफेनको चामललाई तिमि नै बढिया भन्दछौ, सो बुझ।

यथार्थताले गरिने प्रदानले
समृद्धिको वृद्धि अवश्य गर्दछ।
विशुद्ध–चित्तत्व लिएर वित्तको
सुपात्रमा अर्पण गर्नुपर्दछ ॥४५॥

यथोक्त गरिकन (देश–काल–पात्रको ज्ञान राखेर) गरेका प्रदानले (उत्कृष्ट दानले) पूर्वपुण्यकर्मार्जित–संपत्तिको वृद्धि अवश्य गर्दछ, तर विशुद्धचित्तत्व (शुद्धचित्तता) लिएर वित्त (धन) लाई सत्पात्रमा अर्पण गर्नुपर्दछ, खाली चित्तलाई मलिन पारेर देश कालको र पात्रको विचारै नराखेर गरेका दानले पूर्वोक्त फल दिँदैन।

"अरू कसैले शत–गुण् सहस्र–गुण्
दिँदैन यस्ले भरपूर गर्दछ"।
भनी लगानी गरि दानको सदा
समृद्धिको वृद्धि सुमर्नुपर्दछ ॥४६॥

लगानी गर्दा शयकडा दशौंद–विशौंदसम्म पाइने हो, अन्यत्र लगानी गर्दा धनवृद्धि ता परै रहोस् प्रायः धनको मूलनाश हुन्छ (लगानीमा लगाएका धनले गलानी दिलाउँछ) पात्र छानेर गरेका दानरूपी लगानीले दिएका धनको शयगुण बढता र हज्जारगुण बढता पनि दिन्छ र दातालाई भरपूर गर्दछ भन्ने कुरामा शास्त्रीय वचनलाई प्रमाण मानेर दान गर्नैपर्छ।

'मार्छौ भने मार्दछु, राख्तछौ भने
राख्नेछु' भन्ने पण छ स्वधर्मको।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वधर्म–संरक्षणका प्रमादको
माफी दिने नीति छ विश्वनाथको[1] ॥४७॥

'मार्नेलाई मारिदिनु, राख्नेलाई राखिदिनु (रक्षित गर्नु)' यस्तो स्वधर्मको पण (प्रतिज्ञा) छ। स्वधर्म-संरक्षण गर्दा भयेका प्रमाद (भूलचूक) को श्रीविश्वनाथ (ईश्वर) माफी दिनुहुन्छ (क्षमा गर्नुहुन्छ) अर्थात् जुनसुकै धर्मको पनि ठीकठीक आचरण गर्न प्रायः शकिँदैन, आफ्ना सनातन धर्मको यथोक्त पालन गर्न शकिंदैन भनेर परधर्मपट्टि लाग्यो भने त्यो परधर्मको पनि यथोक्त पालन गर्न शकिँदैन। स्वधर्मको श्रद्धापूर्वक यथाशक्ति पालन गर्दा त्यसमा हुनजाने भूलचूकलाई ईश्वरले क्षमा गर्दछन् र त्यो स्वधर्म संपूर्ण (अखण्डित) हुन जान्छ। 'बड़े-बड़े ज्ञानीहरूले गरिएका ठुलाठुला यज्ञहरूमा पनि प्रमाद (भूलचूक) रहन्छ, साधारण पुण्यकर्ममा पनि भूलचूक हुँदै रहन्छ। त्यसमा ईश्वरले क्षमा गर्दछन्' भन्ने शास्त्रवचनमा विश्वास राखेर स्वधर्ममा स्थिर रहनुपर्दछ।

स्वधर्ममा स्थैर्य लिएर जिन्दगी
बिताउनू सज्जनको स्वभाव हो।
यताउता शाल्मलितूलतुल्यता
लिएर उड्नू मतिको अभाव हो ॥४८॥

स्वधर्ममा स्थिर रहने मानिसलाई सबैले सज्जन भन्दछन् [अर्थात् अन्यथा गर्नेलाई दुर्जन भन्दछन्–दुर्जन भन्ने पदवी लिन हुँदैन।] त्यसो नगरेर स्वतन्त्रताको घमण्डले परधर्ममा लागेर स्वधर्मको त्याग गर्‍यो भने परधर्मको पालन पनि यथार्थ गर्न नशक्ता तद्धर्मीय मानिसको दृष्टिमा तुच्छ ठानिन लाग्दछ र फेरि अर्को धर्मपट्टि लाग्नुपर्दछ, त्यो धर्मको पनि यथार्थ पालन हुन नशक्ता उस्तै गति हुन्छ, र फेरि (अर्का धर्ममा) लाग्नुपर्दछ। एवं रीत्या शाल्मलीतूलतुल्यता (सिमलका भुवाको सादृश्य) लिएर उडीरहनु मतिको अभाव (मूर्खता) हो।

---

१. प्रमादात् कुर्वतां कर्म प्रच्यवेताऽध्वरेषु च।
स्मरणादेव तद्विष्णोः संपूर्णं स्यादिति श्रुतिः ॥
नाऽलङ्कर्मीणतां याति यद् विहाय महामखाः।
नामाच्युतस्य तत् प्रोक्तं प्रायश्चित्तशताधिकम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेर सत्सङ्ग, बुझेर शास्त्रको
रहस्य, मन् निर्मल गर्नुपर्दछ।
भरे र भोली नभनेर संभ्रमी
भई भवाम्भोनिधि तर्नुपर्दछ॥४९॥

अध्यात्मचिन्तन गर्दा भरे गरौंला भोली गरौंला नभनेर संभ्रमी भएर (हत्पते–हड्बडाउने भएर) संसार–समुद्र तर्नुपर्दछ (भुक्तिलाभ गर्नुपर्दछ)।

अरिष्टका संकटका विनाशमा
समृद्धिका जीवनका विकासमा।
यथार्थको दानसमानको कुनै
पदार्थ नै छैन पदार्थमध्यमा॥५०॥

अरिष्ट (प्राणबाधक दशा) र संकट (कष्टकारक व्यावहारिक आपत्ति) यी २ को नाश गर्ने कामना, समृद्धि (संपत्ति) र जीवन (आयुष्य) को विकास (वृद्धि) गर्नामा दान बराबरको अर्को पदार्थ छैन [कडा ग्रहदशा लागेमा र अनेक लौकिक कष्ट परेमा दान गर, गरीबीले सताएमा र आयु बढाउने इच्छा भएमा पनि दान गर, दानले सर्वारिष्ट–शान्ति हुन्छ]।

यिनै कुरा केवल गर्नुपर्दथे
हितैषिले सज्जन हो ! म गर्दिन।
स्वयं प्रविष्टै तिमि छौ स्वधर्ममा
म पिष्टपेषण्तिर कत्ति पर्दिन॥५१॥

भनेर जस्ले करुणार्द्रचित्त भै
भने स्वयं रय्यतका समाजमा।
भुलोस् भ्रमझैं नडुलोस्न चित्त यो
कुनै उनैका चरणारविन्दमा॥५२॥

यी श्लोक प्रजा प्रेमी–श्रीरामजीका उक्तिरूपले दिएका छन्। यहाँ आफुले गरेका कुराको आफैले सकारणक आक्षेप पनि गरेको छ र 'उक्तप्रतिषेधाक्षेप' पर्दछ। यो आक्षेपबाट श्रीरामजीमा रहेका व्यवहारदक्षता, मधुरभाषिता, सत्यवादिता, दीनवत्सलता, भोगविभाजकता, अक्रोधिता, अलुब्धता, धार्मिकता, परोपकारिता, सत्यव्यवहारिता, सत्यप्रियता,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आडम्बरविमुखता, जितेन्द्रियता, दानशीलता, उपदेशकुशलता, प्रजावत्सलता यी गुण आक्षेप्य (गम्य) भएका बुझिन्छन्।

निन्दाक्षेप–१५

प्रतापले लौ गरिएछ वैरिकी
जती जती हो सब खण्ड खण्ड नै।
किन ? प्रभो ! राम ! अकीर्ति वैरिको
जगद्भरीमा भरियो अखण्ड नै ॥५३॥

अकीर्तिको सत्ताले प्रतापको निन्दा आक्षेप्य (गम्य) भएर श्रीरामजीका सत्य–सन्धताको आक्षेप बुझिन्छ।

(३०) अर्थान्तरन्यास

समर्थनीय (समर्थन गर्नुपर्ने, अर्थात् त्यसै नपत्याइयेर प्रमाणबाट सिद्ध गर्नुपर्ने) कुराको समर्थन (साधन) गर्दा 'अर्थान्तरन्यास' हुन्छ। यस्मा समर्थन गर्ने वाक्यका कुरा सबैले मानियेका (जगद्व्यापी) छन् भने 'विश्वव्यापी अर्थान्तरन्यास १', समर्थनवाक्यका कुरा जगद्व्यापी नभएर कहीं कहीं मात्र रहने छन् भने 'विशेषस्थ अर्थान्तरन्यास २', श्लेषद्वारा मात्र समर्थन हुन शक्ने (अन्यथा समर्थन नहुने) भएमा श्लेषाऽऽविद्ध अर्थान्तरन्यास ३', समर्थन वाक्यबाट अयोग्य–कुराको समर्थन भएमा 'अयुक्तार्थान्तरन्यास ४', योग्य कुराको समर्थन भएमा 'युक्तार्थान्तरन्यास ५', श्लेषद्वारा योग्य कुराको समर्थन भएमा 'श्लिष्टयुक्तार्थान्तरन्यास ६', योग्य र अयोग्य कुराको समर्थन भएमा 'युक्तायुक्तार्थान्तरन्यास ७', योग्य कुराले अयोग्य कुराको समर्थन भएमा 'विपर्ययार्थान्तरन्यास ८' यस्ता ८ भेद मानिएका छन्। जस्तै–

विश्वव्यापी अर्थान्तरन्यास–१

(पुष्पिताग्रा)

हित अहित बुझेर दङ्ग पारी
त्रिभुवन बीच घुम्यो प्रताप भारी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कदर हुन गयो विना किचोला,
कदर धुरन्धरको कहाँ न होला ? ॥१॥

यहाँ 'प्रतापको तीनै भुवनमा कदर भयो' भन्ने कुरालाई 'धुरन्धरको कदर सर्वत्र हुन्छ' भन्ने तात्पर्य भयेको–चतुर्थ पाउले समर्थन गर्दछ । रामजीको–विवेकी–प्रतापले हित (मित्र) हरूलाई दङ्ग (प्रसन्न) पाऱ्यो, अहित (शत्रु) लाई पनि दङ्ग (पछारियेका) पाऱ्यो । हित–अहितको दुवैलाई यथोचित दङ्ग पार्न शक्ने त्यो प्रताप धुरन्धर (सबै कामको भार लिन शक्ने) हो, अतएव सर्वत्र त्यसको कदर (आदर) भयो ।

विशेषस्थ अर्थान्तरन्यास–२

(पुष्पिताग्रा)

सुख सकल बढे विपत्ति पीर
प्रचुर हटे रघुवीरका कृपाले ।
गुणिजनहरु दुःख मात्र हर्छन्
उदय हुँदा उपकार मात्र गर्छन् ॥२॥

यहाँ पहिला–आध्रीका कुरालाई दोस्रा–आध्रीका विशेष कुराले समर्थन गरेको छ । दुःख मात्र हर्नु र उपकार मात्र गर्नु गुणिजनको विशेषता हो ।

श्लेषाऽऽविद्ध अर्थान्तरन्यास–३

(स्रग्धरा)

प्रख्यातै हो जगत्मा प्रभु–रघुवरको बाहु अत्यन्त सोझो
वेगिन्ती–दुष्ट आए नहटिकन लड्यो जीत यस्ले कमायो ।
यस्तो यो चाल यस्को नबुझि किन ? कुनै चित्तमा छक्क पर्छन्
सोझाको ईश्वरैले उचित–समयमा पूर्ण–साहाय्य गर्छन् ॥३॥

यहाँ यौटा बाहुको अगणित दुष्टलाई परास्त गर्ने कुरा अप्रत्येय (नपत्याइने समर्थन नगरी नहुने) हुनाले र त्यस कुराको फगत–श्लेष भयेको 'सोझाका सहाय ईश्वर' यो कुराले समर्थन गरेको छ । अर्थ वेग्लै भये पनि 'सोझाका सहाय ईश्वर हुन्छन्' भन्ने वाक्यबाट 'हात सोझा थिये, ईश्वरको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सहायता पायेछन् र वेगिन्ती दुष्टलाई परास्त गरेछन्, ठीकै कुरा हो, ईश्वरको सहायताले कुन कुरो हुन शक्तैन ?' यस्तो समर्थन भयेको छ।

अयुक्तार्थान्तरन्यास—४

(वसन्ततिलका)

कस्तो प्रताप रघुनन्दनको उज्यालो
यस्ले गर्‍यो अहितको मुख खूब कालो।
स्वातन्त्र्य पूर्ण गरि हात लिएर बस्ने
स्वेच्छानुसार सब गर्दछ को छ कस्ने ? ॥४॥

यहाँ उज्याला–वस्तुले उज्याला–वस्तुलाई कालो पारेका कुराको समर्थन 'पूर्णस्वतन्त्रता पाउने व्यक्ति इच्छानुसार काम गर्दछ, त्यसको स्वच्छन्दतालाई बन्द गर्ने को छ र ?' यस्तो अयोग्य कुराले गरेको छ।

युक्तार्थान्तरन्यास—५

(स्रग्धरा)

घट्ने–बढ्ने कलङ्की भइकन रहने चन्द्रमाले जगत्का
सारा सन्ताप हर्छन् अभिमुख रहने नेत्रको शान्ति गर्छन्।
नाता पूज्यातिपूज्य–प्रभुजनहरुका नामको मात्र पर्दा
छोय–मोयहरूले कनिकुथि गतिला–काम गर्नैन पर्छन् ॥५॥

यहाँ सन्तापहर्तामा, शान्ति गर्नामा पूर्णशक्तिमान् नभयेका चन्द्रमाले सो काम गरेका कुराको समर्थन– 'ठूलाठूला इज्जतदार प्रभुहरूको नाम मात्रको नाता (अति–सानु नाता = तुल्य–नामांशको नाता) परेका सानातिना–व्यक्तिले पनि औकात नाघेर कनिकुथि गतिला नाम गर्नैपर्छन्' यस्तो युक्त (मुनासीव) कुराले गरिएको छ।

श्लिष्टयुक्तार्थान्तरन्यास—६

(स्रग्धरा)

'आगोभन्दा प्रताप प्रबलतम तमोनाशकारी कडा हो'
भन्ने तात्पर्यवाला अति मधुर कुरा सत्यता साथ चल्थे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाह्रै मास प्रताप प्रभु–रघुवरको गाइयेकै रहन्थ्यो
साह्रै चम्कीरहेका घर घर रहने दुष्ट सुन्थे र गल्थे ॥६॥

यहाँ – 'प्रताप आगोभन्दा कडा हो' भन्ने कुराको समर्थन श्लेष भयेका 'टाढा २ घरघरमा रहेका दुष्टहरू यत्रतत्र सर्वदा गाइयेका प्रतापको रापले चम्कीरहेका (उज्याला) सुन्थे (सुवर्ण थिए) र गल्थे (पग्लन्थे)' यस्तो वाक्यले गरिएको छ। आगोभन्दा प्रताप कडा नभये टाढाका दुष्ट किन सुन्थे, किन गल्थे ? आगाले नगीचैको सुनलाई गलाउँछ।

युक्ताऽयुक्तार्थान्तरन्यास–७

(वंशस्थ)

प्रताप चौपट्ट गरेर ताप लौ
गरे गरोस् कट्टर–वैरिवर्गमा।
सुकीर्तिका केवल नाम मात्रले
पनी कलेजा सहसा सबै जले ॥७॥
स्वभावले शुद्ध रहेर शीतल–
प्रकाश गर्ने रघुवीर–कीर्तिको।
कठोर बर्ताव विपक्ष–पक्षमा
विचार गर्दा ठहरिन्न की ? निको ॥८॥

यहाँ प्रतापले ताप गर्नु योग्य समर्थन हो, कीर्तिले कलेजा जलाउनामा कीर्तिको ननिकोपनाले समर्थन भयेको छ।

विपर्ययार्थान्तरन्यास–८

(वसन्ततिलका)

श्रीरामको उदय मात्र सुनेर जस्का
साक्षात् स्वयं हृदयले पनि ताप गर्ला ?
त्यस्ता ति दुष्टहरुलाई विरोध पर्दा
उन्को प्रताप किन ताप घटाइ गर्ला ? ॥९॥

यहाँ प्रतापले ताप गर्नुरूपी योग्य कुराले आफ्नै हृदयले ताप गर्ने अयोग्य कुरामा समर्थन गरेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(३१) विकस्वर

समर्थन गर्नुपर्ने वाक्यको समर्थन गर्दा पनि चित्त नबुझेर समर्थनको पनि समर्थन गर्नुपरेमा विकस्वरालङ्कार हुन्छ, जस्तै–

(वंशस्थ)

असीम–सौजन्य–विवेक–वारिधि
प्रतापशाली–प्रभुलाई पाउँदा।
यथार्थनाम्नी सुखले बसीबसी
भई अयोध्या–नगरी गरीयसी ॥१॥

यहाँ सौजन्यवान्, विवेकवान्, प्रतापवान्, रघुवीरलाई पाउँदा अयोध्यानगरी बसीबसीकन गरीयसी (साह्रै ठुली) भई, भन्ने कुरामा चित्त नबुझेर –

महत्त्वमा कारण योग्य–वस्तुको
परिग्रहै हो भनि लोक भन्दछन्।
ललाटमा सुन्दर बालचन्द्रमा
लिने हुँदा शङ्कर भालचन्द्र छन् ॥२॥

'योग्यवस्तु लिनाले महत्त्व पाइन्छ' यस्तो समर्थन गरियो। तैपनि चित्त बुझेन र शङ्कर र चन्द्रको दृष्यन्त दिएर पूर्वोक्त कुराको समर्थन पूर्ण गरेको छ।

(३२) विशेष

प्रसिद्ध आधार नहुँदा पनि आधेय (आधारमा रहने चीज) त्यसै रहेको वर्णन गर्दा १, यौटा दुष्कर कामको सिद्धि गर्दा अर्को कामको समेत सिद्धि भयेको वर्णन गर्दा २, यौटै वस्तु धेरै ठाउँमा रहेको वर्णन गर्दा ३, र अनेक समान वस्तुका मध्यमा रहनाले नचिह्निने भयेको वस्तु कुनै कारणले पछि चिह्निने भयेको वर्णन गर्दा ४ पनि विशेषालङ्कार हुन्छ, जस्तै–

(रथोद्धता)

दुष्ट–राक्षस र दैत्य दाउरा,
सिद्धिये सुनिदिनै छ यो कुरा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दन्दनै बलिरह्यो हजूरको
त्यो प्रताप रघुवीर ! दिन्दिनै ॥१॥

यहाँ आधार (राक्षस–दैत्यरूपी दाउरा) सिद्धियेपछि पनि आधेय (प्रतापाग्नि) दिन्दिनै दन्दन बलेको देखिनाले पहिलो विशेष पर्दछ।

(मत्तमयूर)

जङ्गल्बिच्मा लक्ष्मणले शूर्पणखाको
यौटे काटे नाक, मुनीश्वर्हरु आए।
लङ्का–वासी रावणका लौ ! दशगोय
काटे काटे नाक भनी खूब रमाए ॥२॥

यहाँ शूर्पणखाको यौटा नासिकाको छेदनले रावणका दश नासिकाको छेदन भयेको वर्णन गरेको छ र दोस्रो विशेष परेको छ।

अथवा–

साथी बन्दर पार तरून् लौ ! भनि यौटा
सागर्माथी खूब ठुलो पूल बनायौ।
संसार्भर्का जीव तरे दर्शन गर्दा,
यस्ले खूबी खूब गरी नाथ ! जनायौ ॥३॥

यहाँ बन्दरलाई तार्न बनाएका यौटा पूलले सारा जीव तरे भन्नाले दोस्रो विशेष पर्दछ।

(शार्दूलविक्रीडित)

पक्षीमा[1] तृण[2]–वृक्ष–गुल्महरुमा दंशादिका[3] वर्गमा
बन्दर्मा नरमा[4] सुपर्वहरुमा गन्धर्वमा[5] यक्षमा।
एकाकार–चिदेकरूप रहने श्रीजानकीनाथमा
माग्छू वृत्ति[6]–निवृत्तिका रहरले भेदा[7]–पराधक्षमा ॥४॥

---

१. अण्डज = चराचुरुङ्गीमा।
२. उद्भिज्ज = तृण–वृक्षहरूमा।
३. स्वेदज = डाँसहरूमा
४. जरायुज = वानरहरूमा
५. अयोनिज = देवादि वर्गमा
६. चित्तवृत्तिको निरोध होस् भन्ने ठूलो मनोरथले।
७. भेददृष्टि गरेवापतका अपराधको माफी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा–

झाडीमा घरमा बजारभरमा मैदानमा मार्गमा
रात्रीमा दिवसान्तमा दिवसमा प्रस्वापमा बोधमा ।
देखौछन् सदयै प्रसन्नवदनै जस्लाइ योगीहरू
उस्ता ती सुलभ प्रभुप्रति हटी सेवा म कस्को गरूँ ? ॥५॥

यहाँ यौटै वस्तु (श्रीजानकीनाथ) को धेरै ठाउँमा चैतन्यरूपले र ध्यानगोचर रूपले स्थिति देखाइयेको छ ।

(वंशस्थ)

यथार्थ हो यो, अथवा स्वरूप यो
प्रकल्पितै हो, भनि गौर गर्दछन् ।
उदार–वाणी प्रभुको सुनेपछी
अरण्यवासी मुनि मग्न पर्दछन् ॥६॥

यहाँ ध्यानगोचर भयेको स्वरूपमा मिश्रित भयेको प्रभुको सत्यस्वरूप प्रभुकी वाणीद्वारा चिह्निने भयेको देखाइयेको छ ।

(३३) सम

कुनै वस्तुको उचित घटना (योग्य योग) भयेको वर्णन गर्दा १, कार्यको कारणानुरूपता (कारणको जस्तै प्रकृति हुनु) को वर्णन गर्दा २, र जुन कुराको निमित्त जो उद्योग हुन्छ, त्यही उद्योगद्वारा अनायासैले त्यो कुरा सिद्ध भयेको वर्णन गर्दा ३ पनि समालङ्कार हुन्छ, जस्तै–

(वसन्ततिलका)

जस्तो छ मण्डल दुरुद्धर यो धराको
उस्तै प्रचण्ड प्रभुको भुजदण्ड देखी ।
टुट्यो घमण्ड गरि हुण्डर खूब गर्ने
उद्दण्ड दुष्टहरुको अतिशीघ्र सेखी ॥१॥

यहाँ प्रचण्ड भुजदण्डको र दुरुद्धर भयेका (उचाल्न मुश्किल पर्ने) धरामण्डलको योग्य योग (सुहाउने सम्बन्ध) स्पष्ट छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(रथोद्धता)

जो प्रचण्ड भुजदण्ड रामको
शत्रु कायल गराउँदो भयो।
त्यो प्रताप निजबाट जन्मँदै
शत्रु घायल गराउँदै गयो ॥२॥

यहाँ शत्रु कायल गराउने भुजदण्डबाट जन्मेका प्रतापले शत्रु घायल गराएर आफ्नो–कारण (भुजदण्ड) को अनुसरण गरेको छ।

नाम राख्तछु भनेर युद्धमा
जो विरुद्धहरु तम्सिदै थिए।
रामका जब समक्षमा पुगे
नामशेष गरि ती विनाशिए ॥३॥

यहाँ नाम राख्न खोज्ने शत्रुहरूले श्रीरामजीका अगाडी पुग्नेबित्तिकै नामशेष राखे। आफू सिद्धिएर आँटको काम सजिलैसँग गरेको स्पष्ट छ।

(३४) विषम

अनुचित घटना (अयोग्य योग) भयेको वर्णन गर्दा १, कारणानुसारी कार्य नभएर कारणस्वभावविपरीत भयेको वर्णन गर्दा २, र इष्ट–वस्तुको लाभ खोज्दा अनिष्ट वस्तुको लाभ भयेको वर्णन गर्दा ३ पनि विषमालङ्कार हुन्छ, जस्तै–

(स्रग्विणी)

वज्रको तुल्यता तीव्रतामा पनी
पुष्पको तुल्यता सौम्यतामा पनी।
वर्तमानै जहाँ चित्तमा देखियो
ती रहून् ध्यानमा जानकीका धनी ॥१॥

यहाँ श्रीरामजीका हृदयमा क्रूरता र सौम्यताको एकै समयमा घटना देखाइयेको छ [जानकीजीलाई धपाउनु र अर्को विवाह नगरेर उनैको सुवर्णमूर्तिलाई सहधर्मचारिणी (पत्नी) बनाएर अश्वमेध यज्ञ गर्नु, यी २ कुराले क्रूरता र सौम्यताको घटना देखिन्छ]।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शार्दूलविक्रीडित)

सीतावल्लभ ! रामभद्र ! भगवन् ! जस्को जगद्विश्रुत
त्रैलोक्याभयदानदीक्षित भुज त्यो जन्मदाता थियो।
मोट्ये त्यो अतुल प्रताप बलियो भूलोकमा फैलियो,
सासै फेर्न नपाउने हुन गयो वैरी उसै खाँदियो ॥२॥

यहाँ 'त्रैलोक्यको रक्षा गर्ने बाहुबाट जन्मेको प्रतापले आफू ढसमस्स भएर भूमण्डल ढाकीकन वैरिलाई सासै फेर्न नपाउने गरि खाँदिदिनु' यो कुरा कारण स्वभावविपरीत देखाइयेको छ।

(सुन्दरी)

जयलुब्ध भएर युद्धमा
भगवन् ! राक्षसवर्ग आउँथे।
रणदक्ष-दशास्य-पक्षका
सहसा ती क्षय मात्र पाउँथे ॥३॥

यहाँ जय खोज्दै आएका राक्षसवर्गले जय नपाएर क्षय पाएको स्पष्टै छ।

(३५) विधि

स्वतः (तेसै) जानियेका कुराको विधि (विधान-कथन) गरेर केही गम्भीर-अर्थ झल्कने भएमा विध्यलङ्कार हुन्छ, जस्तै-

(पञ्चचामर)

जहाँ जहाँ गएँ तहाँ, जहाँ तहाँ नजर्दियें
दयालुमा उदारमा प्रतापिमा सुशीलमा।
अरू अरू प्रभु प्रभु प्रमाण-सिद्ध यो भयो
तसर्थ चित्त दास भो, उदास भाव गैगयो ॥१॥

यहाँ 'अरू अरू हुन्, प्रभु प्रभु हुन्' भन्नाले स्वतः जानिएका कुराको विधान भएर अरूमा दयालुता प्रभृति सद्गुणको न्यूनता र प्रभुमा ती गुणको अधिकता रहेछ भन्ने कुरा विचारवान्का हृदयमा झल्कन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३६) प्रतिषेध

स्वतः (तेसै) 'होइन' भनेर जानियेका कुराको फेरी 'होइन' भनेर केही गम्भीर अर्थ झल्कने भएमा प्रतिषेधालङ्कार हुन्छ, जस्तै–

(वंशस्थ)

'यी रामजी हुन् अरु जीव होइनन्'
भनेर मन्मा दृढता भएपछी।
उमेदमा खेद हटाउँ लौ ! भनी
कता दगुर्नू ? अरुका पछीपछी ॥१॥

यहाँ जानिएका कुराको प्रतिषेधले 'श्रीरामजी भक्तवत्सल छन्' भन्ने कुरा बुझिन्छ।

(३७) प्रौढोक्ति

उत्कर्ष (आधिक्य) मा कारण नभयेका वस्तुलाई कारण कल्पना गर्दा प्रौढोक्ति हुन्छ, जस्तै–

(वसन्ततिलका)

श्रीरामको मन हिमालयमा रहेका
हेमन्तका–तुहिनको समता लिने हो।
हो हो, नुहेर पनि सागरले नटेर्दा
वर्षर्तुका बिजुलिको समता लिने भो[1] ॥१॥

जहाँसुकैको जैलेको भए पनि तुहिन (हिउँ) उत्तिकै ठण्डा रहन्छ, जैलेको भए पनि बिजुली उत्तिकै कडा रहन्छ तापनि ठण्ढापना र कडापनाको उत्कर्ष देखाउनाका निमित्त हिमालयका–हेमन्त ऋतु (मंसीर–पूस) लाई र वर्षाऋतुलाई कारण कल्पना गरिएको छ।

---

१. श्रीरामजी शान्त–शीतल प्रकृतिले ३।३ दिनसम्म बाटो माग्न समुद्रको प्रार्थना गर्न लाग्नुभएको थियो, परन्तु समुद्रले नटेर्दा[illegible] गर्न आरम्भ भयो भन्ने भान पार्ने हुनुभयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(३८) व्याघात

एक तरहको काम गर्ने वस्तुलाई अर्का तरहको काम गर्ने तुल्याएर वर्णन गर्दा व्याघातालङ्कार हुन्छ, जस्तै–

(शालिनी)

जुन् जङ्गल्का दृश्यले रामजीको
कोमल् त्यो दिल् रोज राजी रहन्थ्यो ।
ऐले तिन्ले घाउमा चुक् चुहाए
एक्ला त्यस्ता वीरलाई रुवाये ॥१॥

रोजरोज रामजीलाई राजी पार्ने जङ्गलका दृश्यले ऐले (सीतावियोग-समयमा) रुवाउनाले व्याघात पर्‍यो, विरह पीडित भयेका हुनाले रामजीका हकमा जङ्गलका दृश्यको रमणीयताले घाउमा चुक लाउने काम गर्‍यो ।

(३९) मिथ्याध्यवसिति

केही कुराको असंभवता देखाउनाका निमित्त अर्को असंभूत कुराको कल्पना गर्दा मिथ्याध्यवसिति अलङ्कार हुन्छ, जस्तै–

(वसन्ततिलका)

गाँजा उडाउँ र अफीमसमेत खाऊँ,
आलस्य भोक र पियास सबै हयऊँ ।
हूँ दिव्यदृष्टि, झलमल्ल परोक्ष देखौं,
श्रीरामका गुण समग्र–गरेर लेखौं ॥१॥

यहाँ 'श्रीरामका गुणको उल्लेख गर्ने काम असंभव हो' भन्ने कुरा बुझाउनाका निमित्त अर्को असंभूत कुरा (गाँजा पियेर, अफीम खायेर, आलस्य भोक–प्यास हटाइकन दिव्यदृष्टि भयेर परोक्ष कुरा झलमल्ल देख्नु) कल्पना गरिएको छ ।

(४०) विकल्प

परस्परविरोधी २ कुरामध्ये यौटाको ग्रहण गर्ने कुरा देखायेमा विकल्पालङ्कार हुन्छ, जस्तै–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(वसन्ततिलका)

की जानकीरमणका चरणारविन्द
सम्झेर नाम जप दिन्दिन गर्नुपर्छ।
की ता जरा–मरण–जन्म–विषाद–चिन्ता–
दौर्भाग्य–दुःख लिनमा अघि सर्नुपर्छ ॥१॥

जन्म–जरा–मरणप्रभृति लिन अघि सरेदेखी नामजप गर्नुपर्दैन, नामजप गरेदेखी जन्म–जरा–मरणप्रभृति लिन अघि सर्नुपर्दैन, यी २ कुरा परस्परविरोधी छन् । संसारी प्राणिले यी २ मध्येमा यौटाको ग्रहण अवश्य गर्नुपर्दछ, 'उ पनि नाई, उ पनि नाईं' भन्न अवश्य पाइँदैन ।

(४१) लोकोक्ति

दुनियाँमा चलेका उखानलाई वाक्ययोजनामा जोड्दा लोकोक्ति हुन्छ, जस्तै–

(शार्दूलविक्रीडित)

सीतावल्लभ ! बल्ल बल्ल भगवन् ! चैतन्य यो बक्सियो,
यस्को उन्नति छैन, यै प्रिय भयो, यस्कै फिकर्मा म छू।
लिस्टेको धन भ्कै सशङ्क मनले विस्पल्ट गन्दा पनी
उत्तीको उति नै कदापि नरहोस् यो प्रार्थना गर्दछू ॥१॥

यहाँ 'लिस्टेको धन विस्पल्ट गन' यो उखानलाई गर्भित पारेर वाक्ययोजना गरेको स्पष्टै छ ।

(४२) विचित्र

विल्कुल विरुद्ध भयेका उपायबाट फलसिद्धि भयेको वर्णन गर्दा विचित्रालङ्कार हुन्छ, जस्तै–

(तोटक)

'रघुनन्दनका–पदका–नखका
द्युतिका–नदिमा ननुहाइकन ।
शिर उच्च हुनेछ, पवित्र बनी
रहनेछ' भनी कहिल्यै नभन ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ 'रघुनन्दनका-पाउका-नखहरूको-कान्तिरूपी-नदीमा नुहाउँदा (झुकाउँदा र पखाल्दा) शिर सर्वत्र ऊचा र पवित्र हुन्छ' भन्ने कुरा अर्थात् बुझियेकोले 'नुहाउँदा ठाडो हुने, खुट्टाका पानिले पखाल्दा पवित्र हुने' बुझिनाले विचित्र पर्दछ।

(४३) असङ्गति

कारण र कार्यको भिन्नदेशता देखायेर चमत्कार देखाइयेमा-अर्थात् 'धञ्जेको सञ्जे, वैजेको नाक' जस्तो बुझिंदा पनि राम्रै भएमा १, एक थोक गर्न आँटिर अर्को थोक गरियेको वर्णन गर्दा २, र एकै ठाउँमा रहनुपर्ने कुरा भिन्न-ठाउँमा रहेको वर्णन गर्दा ३ समेत असङ्गति अलङ्कार हुन्छ, जस्तै-

(शार्दूलविक्रीडित)

संग्रामोत्सुक-वीरवानरहरू श्रीको हुकुम् पाउँदा
ठूलो वेग लिएर तत्पर भई लङ्कापुरीमा चले।
ताके राक्षसले गजब् हुन गयो थाकेर तत्कालमा
ती सब् ढुन्मुनिदै रणाङ्गण सबै ढाकेर झट्टै ढले ॥१॥

यहाँ बलिष्ठ-वानरहरू चल्ने (चलाचल गर्ने) ताक्ने (हेर्ने-प्रहारको लक्ष्य गराउने) राक्षसहरू थाकेर ढल्ने भयेकोले असङ्गति पर्दछ [चल्ने ढलेनन्, नचलेर हेर्ने ढले] ।

(वंशस्थ)

खडाखडै भूतलमा लडौं भनी
बडे बडे वीर अगाडिमा अडे।
परन्तु ती दुष्ट तुरन्त नै प्रभो !
पसारिए भूतलमा सबै लडे ॥२॥

खडाखडै लड्न आएका वीरहरू पसारियेर लडेका हुनाले असंगति पर्दछ। अथवा-

(वसन्ततिलका)

'जान्छू कमाउँछु लडी अब-जस् उज्ज्यालो'
भन्ने मुराद लिइ कट्टर वैरि आयो।
लड्दै पलायन गऱ्यो भगवन् ! दयालो !!
कालो अटूट अबजस् किन झट्ट पायो ? ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ 'अब उज्यालो जस कमाउँछु' भनेर आएको वैरिले पलायन गरेर (भागेर) कालो अवजस (मलिन अपकीर्ति) पायेकोले आँटको र कामको वैषम्य हुनाले असंगति पर्दछ।

(शार्दूलविक्रीडित)

ज्या दुश्मन्हरुमा रहन्छ, धनुले यी बाण बर्षाउछन्
ढाल्दिन्छन् अरिवर्गलाइ सहसा, तर्वार यी भिर्दछन्।
त्रैलोक्याननुभूत[1] अद्‌भुत कुरा श्रीराम दर्शाउँछन्
अप्रत्यक्ष[2]-विपक्षलाइ सहजै तर्साउँदै फिर्दछन्[3] ॥४॥

यहाँ धनु र ज्या (ताँदो) एकै ठाउँमा, ढाल तरवार पनि साथै साथ रहनुपर्नेमा श्लेषद्वारा भिन्न स्थानमा रहेको देखायेको हुनाले तेस्रो असङ्गति पर्‍यो।

(४४) परिवृत्ति

न्यून (कम) वस्तुको उत्तम (अधिक) सँग परिवर्तन (साटसाट) वर्णन गरिएमा परिवृत्ति अलंकार हुन्छ, जस्तै–

मैला भित्र हुने अमित्रहरुका चोला पुराना लिई
चोला दिव्य अलभ्य बक्सनुभयो हे राम ! संग्राममा।
कोलाहल् कतिले गरे 'अब कसो होला नि ?' भन्थे कती
भोला–भुच्चुक ता ढले धरणिमा टेलाउदैमा कती ॥१॥

---

१. त्रैलोक्यमा कसैले पनि अनुभव नगरेका।

२. सामुन्ने नआयेका शत्रुलाई यो खबरैले।

३. 'दुश्मन्हरूमा ज्या ! रहन्छ [दुश्मन्हरू आफ्नु हानि देखेर खिन्न भैकन ज्या ! ज्या ! ज्या ! मात्रै भन्न लाग्दछन्, किनभने ?] यी रामजी धनुले बाण वर्षाउँछन् [बाणका धारा वर्षन लागेपछि हानि बाहेक अरू कुरा केहि देखिँदैन]।
इनै रामजी कैले धनुर्बाण नलिएर तरवार पनि भिर्दछन्, परन्तु तरवार भिरे पनि अघि सरेर वैरिलाइ ढाल्दिन्छन् (गिराइदिन्छन्) [बाणको भन्दा छीटो काम तरवार गर्छ]' यस्तो अर्थ वास्तवमा छ तापनि श्लेषद्वारा बुझिने– 'दुश्मनहरूमा ज्या (ताँदो) रहन्छ, यी धनुले बाण वर्षाउँछन् आफू तरवार भिर्दछन्, वैरिलाई ढाल् दिन्छन् ('ढाल' नाउँ भएको तरवारको चोट रोक्ने चीज सुम्पन्छन्) यस्तो अर्थ लिएर तेस्रा–प्रकारको असङ्गति पर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ श्लेषद्वारा न्यून वस्तु (पुराना चोला) को उत्तम वस्तु (दिव्य-नयाँ-अलभ्य-चोला)को साटसाट बुझिन्छ। चोला शब्दले लाउने-वस्त्र र शरीर बुझाउँछ।

(४५) पर्यायोक्त

जुन कुरा व्यङ्ग्य गराउनुपरेको छ, त्यसलाई विलक्षण (अनौठा) वाक्यरचनाले झन् सुन्दर पारेर झल्काउँदा १, र कसैले कुनै निउँ (बहाना) ले इष्टसिद्धि गरेको वर्णन गर्दा २, पनि पर्यायोक्त हुन्छ, जस्तै—

(वंशस्थ)

स्वदेशमा दुःसह–चौध वर्षको–
अखण्डित–ग्रीष्म खडा हुने गरी।
अरण्यमा लग्भग उत्तिसम्मको–
प्रशान्त–हेमन्त उदाउने गरी ॥१॥

यहाँ रामजीका विरहले अयोध्यावासीहरू चौध वर्ष खूब सन्ताप गर्ने भये, वनवासी मुनि–कोल–किरातहरू लगभग चौध वर्ष रामदर्शनले शान्ति पाउने भये।

विषादसन्तप्त–कृशाङ्ग–कर्कशा
निशाचर–स्त्रीहरुमा जनंभरी।
गरंगरम् बर्बर पानि वर्षने
गरेर वर्षर्तु–बुझाउने झरी ॥२॥

खर–दूषण–रावण–कुम्भकर्णहरूका स्त्रीहरू जनंभरी–ताताताता आँसूको धारा प्रवाह गराउँदै रुने भये, भूभारहरण सिद्ध भयो।

वसन्त एघार–हजार–वर्षको
बडो मजादार जगद्भरी भरी।
जगत्त्रयैका उभयत्र सप्रने
उपाय सर्वत्र धरित्रिमा धरी ॥३॥

रामजीको राज्य–शासनकाल (एघार हजार वर्ष) सम्म प्रजाले सुख–शान्ति पाये। तीनै लोकका वरत्र परत्र सप्रने उपाय (धर्म) को प्रचार हुनाले अवतारको काम सिद्ध भयो।

निदानमा निष्क्रिय–चित्रगुप्तले
बिदा सजीलैसँग पाउने गरी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सनाथ वैकुण्ठ बनाउने उनै
अनाथका चिन्तनमा रहून् हरी ॥४॥

सबै जना भगवद्भक्त भये, यमराजको आफीस्मा ताल्चा लाग्यो, चित्रगुप्तको काम लुप्त भयो, श्रीरामजीको वैकुण्ठारोहण भयो, वहाँको ध्यान यो अनाथले गर्न पाओस् यस्ता प्रकारले श्रीरामचरित्रको व्यङ्ग्यद्वारा विलक्षण रीतले प्रदर्शन भयेको छ।

(उपजाति)

सुग्रीवका साथ मिलाइ मित्रता
घनिष्ठता सिद्ध गरेर आफुमा।
त्यस्तो पदत्याग गरी रहीरह्यौ
श्रीरामजीका पदपद्मयुग्ममा ॥५॥

सुग्रीवमन्त्रिन्! हनुमन्! हजूरका
अगाडिको छैन कुनै महामति।
म वन्दना गर्दछु, मूढधुर्य[१] छू
चातुर्य लौ! बक्सनुहोस् अलीकति ॥६॥

यहाँ सततरामसेवाभिलाषी भयेका हनूमान्‌जीले सुग्रीवको मन्त्रित्व लिने निउ गरेर आखीरमा रामजीको नित्य सेवारूपी–इष्टसिद्धि गरेको देखाइयेको छ।

(४६) सार

उत्तरोत्तर गरेर उत्कर्षको श्रेणी बढायेमा सार हुन्छ, जस्तै–

(वंशस्थ)

मुलूकमा भारतवर्ष सेव्य हो,
तहाँ यही उत्तरखण्ड सेव्य हो।
यहीं अयोध्यापुर सेव्य हो, तहाँ
ककुत्स्थको यो कुल सेव्य हो यहाँ ॥१॥

---

१. मूर्खधुरन्धर मखमूर्ख।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बलाढ्यता–युक्त अपूर्व सौम्यता
सलोभता–हीन उदारतादिले
मिले जुलेका रघुवीर छन् यहाँ
डुलेर जाने शरणार्थिले कहाँ ? ॥२॥

यहाँ उत्तरोत्तर गरेर श्रेष्ठताको श्रेणी बढाएर श्रेष्ठताको पराकाष्ठा रघुवीरमा विश्रान्त गरेको छ।

(४७) अन्योन्य

परस्परमा उपकार भयेको वर्णन गर्दा अन्योन्यालङ्कार हुन्छ, जस्तै–

(स्रग्विणी)

नामले रामको श्रेष्ठता देखियो,
रामले नामको श्रेष्ठता देखियो।
नामले रामले तुल्यता–वर्जित
श्रेष्ठता रामका कामको देखियो ॥१॥

राम–नामको परस्परमा महिमाभिवृद्धिरूप–उपकार देखाइयेको छ।

(४८) निदर्शना

तुल्य रहेका अनेक वाक्यार्थको एकता वर्णन गर्दा १, र कसैका कुनै-कार्यद्वारा कसैलाई केही उपदेश भयेको वर्णन गर्दा २ निदर्शनालङ्कार हुन्छ। पछिल्ला–भेदमा असल–कार्यद्वारा उपदेश भएमा 'सदर्थ निदर्शना', खराब कार्यद्वारा–उपदेश भएमा 'असदर्थ निदर्शना' हुन्छ, जस्तै–

(वंशस्थ)

घुमेर जो चौदह–वर्ष हर्षले
अरण्यको वास रुचाइबक्सियो।
प्रभो ! प्रजाका हृदयान्धकारमा
प्रदीप्त सो ज्योति जगाइबक्सियो ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

अरण्य (वनमा) चौध वर्ष सहर्ष बस्नुरूप वाक्यार्थको र पितृभक्तिको आचरण नजान्ने जनताका अन्धकारपूर्ण हृदयमा उज्यालो बत्ति बाल्नुरूप वाक्यार्थको एकता देखाइयेको छ।

(रथोद्धता)

जानकीरमणका पदान्तमा
वन्दना अमरवर्गले दिए।
मान विक्रम समीपवर्ति हो
यत्ति अर्ति अरुले स्वयं लिए ॥२॥

देवताहरूका बथानबाट वन्दना (साष्टाङ्गदण्डवत्सेवा र स्तुति) पाउनुरूप- श्रीरामजीको असल कार्यद्वारा अरू प्रजाप्रभृतिलाई 'मान (इज्जत) विक्रमसमीपवर्ति (पराक्रमका नगीचमा रहने) हो' (पराक्रम नदेखाई मान पाइँदो रहेनछ, रामजीले रावणवध गर्नेबित्तिकै देवताहरू आएर पाउमा वन्दना गर्न लागे, पहिले ता आउँदैनथे) यस्तो अर्ति (उपदेश) स्वयं मिलेको छ र 'सदर्थ निदर्शना' पर्दछ।

(वंशस्थ)

विराधजस्ता खलवर्ग रामका
विरोधले नष्ट भए कतीकती।
लियो त्यसैले उपदेश देशले
जतातता दुर्मतिको खतीखती ॥३॥

विराध-राक्षसजस्ता दुष्टहरूको नष्ट हुनुरूप कार्यद्वारा देशलाई 'दुर्मतिको जताततै खति (क्षति-हानि-नाश) हुन्छ' यस्तो उपदेश मिलेको हुनाले 'असदर्थ-निदर्शना' परेको छ।

(४९) हेतु

कुनै-कार्यका सिद्धिका निमित्त चमत्कारका साथ कारण राख्ता 'हेत्वलङ्कार' हुन्छ। हेतु (कारण) ५ प्रकारका हुन्छन्- निर्वर्तक (पहिले नभयेको कार्य पैदा गर्ने १), कारक (एक थोकलाई अर्को थोक पार्ने २) प्रापक (प्राप्ति गराउने ३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञापक (बुझाउने ४), उपपादक (उपपत्ति गर्ने–युक्ति सिद्ध गर्ने ५) यी ५ हेतुमध्यमा पहिलो निर्वर्तक हेतु अभावसाधक (अभावरूप–कार्य सिद्ध गर्ने १) र भावसाधक (भयेका वस्तुको सिद्धि गर्ने २) हुनाले २ प्रकारको छ, जस्तै क्रमैले–

अभावसाधक निर्वर्तकहेतु–१

(मालिनी)

दशवदनविजेता सर्वसंसारनेता–
सदयहृदय–सीतानाथको साथ पाये।
श्रम नगरि अयोध्यावास–गर्ने प्रजाले
जनन–मरणजन्य क्लेश नष्टै गराये ॥१॥

जनन–मरणजन्य क्लेशको नाश गर्नुरूप अभाव कार्य पैदा गर्ने रामरूप कारण निर्वर्तक कारण हो र यहाँ अभावसाधक निर्वर्तक हेत्वलङ्कार पर्‍यो।

भावसाधक निर्वर्तकहेतु–२

(मालिनी)

मुनिजनहरुजस्ता एकलै सौख्यसेवा–
विमुख भरत नन्दिग्राममा बस्न आए।
सरल भइ नढाँटी भ्रातृको भक्ति गर्ने
अति शुभ परिपाटी रैतिले जान्न पाए ॥२॥

यहाँ भरतजीको नन्दिग्राम निवासरूपी निर्वर्तक कारणबाट भ्रातृभक्तिको परिपाटी (काइदा) जान्नुरूपी–भाव कार्य पैदा भयेको हुनाले भावसाधक निर्वर्तक हेत्वलंकार पर्‍यो।

कारकहेतु–३

(शार्दूलविक्रीडित)

जो निःसार भनेर वृद्धहरुले छी छी गरेका थिए
त्यो संसार ससार गर्दिनुभयो श्रीजानकीनाथले।
साक्षाद्दर्शन नामकीर्तन हुँदा आनन्दका साथमा
पाये भुक्ति र मुक्ति दुर्लभ हुँदै संसारका जीवले ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu collection

यहाँ वृद्धहरूले निःसार भनेर ठहराइयेको संसारलाई ससार (सारवान्–उत्तमोत्तम) पार्ने–श्रीरामजी कारक (एक थोकलाई अर्को थोक पार्ने) हेतु हुनुभयेको हुनाले कारक हेत्वलङ्कार पऱ्यो।

प्रापकहेतु—३

(स्रग्विणी)

दुष्टका वर्गको कामना नष्ट भो,
शिष्टका वर्गको सिद्ध त्यो स्पष्ट भो।
धन्य धन्य ध्वनि प्राणिका वर्गको
स्वर्गका प्राणिका बोलिमा मिल्न गो ॥४॥

यहाँ दुष्टहरूका कामनाको नाश र शिष्टहरूका कामनाको सिद्धिरूप कारण धन्य धन्य ध्वनिको प्रापक (प्राप्ति गराउने) हेतु हुनाले प्रापकहेत्वलंकार पऱ्यो।

ज्ञापक हेतु—४

(स्वागता)

दुष्ट दण्ड गरि कष्ट सबैका
नष्ट पारिकन राज हुनाले।
चेतनामय–चराचर नेता
रामचन्द्र चिह्निए दुनियाले ॥५॥

यहाँ सकल दुष्टसंहार र सकल शिष्टरक्षणरूप कारण, रामजीका चैतन्यमयत्व र ईश्वरत्वको ज्ञापक (बोधक) हुनाले ज्ञापक हेत्वलंकार पऱ्यो। चेतन ईश्वर बाहेक सर्वदुष्टसंहार र सर्वशिष्टरक्षण हुन शक्तैन, रामजीबाट यी २ काम भए, तस्मात् 'रामजी चेतन ईश्वर हुन्' यस्तो अनुमान गर्नुपर्दछ।

उपपादक हेतु—५

(वंशस्थ)

प्रसन्न जस्का वदनारविन्दमा
सरस्वती नित्य निवास गर्दछिन्।
अवश्य उन्का गुणको यथार्थले
उनै भने वर्णन गर्न सक्छिन् ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ रामजीका वदनारविन्द (मुहार) मा नित्य निवास गर्नु-रूप कारण सरस्वतीले उनको गुणवर्णन गर्न शक्नामा उपपादक (उपपत्ति गर्ने) हुनाले उपपादक हेत्वलंकार पऱ्यो। खास रामजीका मुहारमा प्रसन्न भइकन रहने सरस्वतीले उनको गुणवर्णन गर्न शकिन्छ। अल्पबुद्धि-रामका स्वरूपको दर्शनै नपायेका मूर्खहरूको के ताकत ?' यस्तो उपपत्ति छ।

(५०) सूक्ष्म

कसैका शारीरिक चेष्टाबाट, अथवा आकारबाट कुनै कुराको बोध भयेको वर्णन गर्दा सूक्ष्मालंकार हुन्छ, जस्तै-

(वसन्ततिलका)

कोही गएन अरु तीर्थ विवेकवाला
प्रायः कृतार्थ हुन मुश्किल देखिनाले।
श्रद्धा हुने अखिल-लोक गए अयोध्या
मन्को मुराद परिपूर्ण हुने हुनाले ॥१॥

यहाँ अयोध्यागमनरूप शारीरिक चेष्टबाट रामदर्शनप्राप्तिद्वारा इष्टसिद्धि बुझिन्छ।

(स्रग्विणी)

जानकीनाथका साथको कामना
खिन्न-सौमित्रिको सिद्ध झैं संझियो।
पूसको चन्द्रझैं देखिएको वदन्
त्यो शरत्कालको चन्द्रझैं देखियो ॥२॥

यहाँ रामजीको मात्र वनवास सुन्दा खिन्न भएर पूस महिनाका हुस्सूले ढाकियेको चन्द्रमण्डलझैं अँध्यारो भयेको सौमित्रि (लक्ष्मणजी) को वदन (मुहार) पछीबाट शरत्कालको चन्द्रमण्डलझैं उज्यालो भयेको देखिनाले आकारबाट रामजीको साथमा वन जाने आज्ञा पाइयेको बुझिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(५१) लेश

दोषलाई गुण गरायेर १, अथवा गुणलाई दोष गरायेर २, वर्णन गर्दा र, अलीकति प्रकट भयेका कुरालाई कुनै उपायले गुप्त पारेको वर्णन गर्दा ३ लेशालङ्कार हुन्छ ।

(वंशस्थ)

"मुमाज्यु राजी गरि सत्यसन्धता
बुबाज्युको सिद्ध म गर्न पाउँछु ।
अलभ्य सद्भाव लिने ति भाइको
प्रसन्नताले प्रिय गर्न पाउँछु ॥१॥

अनेक सुन्दर् वन देख्न पाउँछू
गुफा गुफाभित्र म बस्न पाउँछु ।
महा–महात्माहरुको जहाँ तहाँ
अलभ्य सान्निध्यसमेत पाउँछु ॥२॥

शरीरको शोधन खूब गर्दिने
म तीर्थको सेवन गर्न पाउँछु ।
अनेक जातीय जताततै तहाँ
यथेष्ट ताजा फलफूल पाउँछु ॥३॥

अनिन्दनीयत्व सदा रुचाउँछू
म जिन्दगीभर् वनमा रमाउँछु ।
'छ धर्म सर्वोत्तम' भन्दछन् सबै,
त्यही त्यहाँ तत्पर भै कमाउँछु ॥४॥

फुकालिदिन्छू अब वस्त्र गात्रका,
म वृक्षका वल्कल मात्र लाउँछु ।
हटाउँछू झन्झट यो हजामको,
जटासटाले शिर यो सजाउँछु" ॥५॥

भनि प्रसन्नत्व लिएर सत्त्वको
विकास गर्ने प्रभुका पदाब्जमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

म भोगमा लोभ पुरा छुट्यउने
मुरादले चित्त सदा जुयउँछु ॥६॥

यो सन्दर्भमा श्री रघुवीरका उक्तिले वनवासमा हुने कडाकडा दोष पनि गुणरूप गराइएका छन्।

"सबै–कुराले परिपूर्ण यो महल्
टहल् मिलेसम्म रमाइलै थियो।
हजूरको यो वनवासको जिकर्
सुनें र यस्ले घनघोरता लियो ॥७॥

कृतज्ञ चित्रज्ञ विवेकि भक्तिमान्
निगाहले सेवक – वर्ग वेस छन्।
वियोगको दीर्घ–कराल कालमा
यिनै क्षते क्षार[1] समान बन्दछन् ॥८॥

पिता र माता ससुरा र सासुले
सुखै दिने भर्सख यत्न गर्दछन्।
तथापि इन्कै सहवासमा त झन्
वियोगका आँसु अनर्थ झर्दछन् ॥९॥

हजूर नै हेतु भयेर जन्मने
इ आँसु अन्यत्र कतै नपोखियून्।
भयें अहो ! आज म दूरवर्तिनी
तिनीहरू हर्दम हाजिरै रहून् ॥१०॥

हजूर मेरा हृदय–प्रदेशमा
कबोलिएको सहवास बक्सियोस्।
सहस्र–धारा गरि आँसु सर्वथा
तहीं झरून् यो वरदान बक्सियोस् ॥११॥

हुकुम् शिरोपर् प्रभुको म गर्दछू
हजूरमा केहि उजूर गर्दिन।

१. घाउमाथिको नूनजस्तो, चूक चस्काउने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वधर्म मेरो स्थिर यो रह्यो भने
छुटे छुट्येस् प्राण परन्तु मर्दिन" ॥१२॥
भनेर जस्ले पतिभक्तिको प्रथा
रुचाइथिन् ती मिथिलेशनन्दिनी।
कुलाङ्गनाका हृदयारविन्दमा
रहीरहून् मङ्गलबुद्धिदायिनी ॥१३॥

यो सन्दर्भमा श्रीरामजीबाट हरतरहले संझाउँदा बुझाउँदा पनि साथ छाड्न मञ्जूर नभयेकी किशोरीजीका उक्तिले भवननिवासका गुण दोष-गराइयेका छन्।

(ललित)

'सकलका इनै प्रेमपात्र हुन्'
भनि भने जहाँ गाधिपुत्रले।
'नभन है' भन्यो रामभद्रका
चपलता लिने एक नेत्रले ॥१४॥

अनि 'बुझ्यौ ? महाराज ! इ दुवै
अवधदेशका राजपुत्र हुन्।
इ पहिला घनश्याम राम हुन्
इ पनि लक्ष्मण श्वेतमूर्ति हुन् ॥१५॥

अति बलिष्ठ छन्, शूरवीर छन्,
मधुर छन् दुवै, योग्य-योग्य छन् !
गुणगणाढ्य छन्, प्रौढबुद्धि छन्,
वचन-रूपले चित्त हर्दछन् ॥१६॥

असुरवर्गका साथसाथमा
खतम यज्ञका विघ्नको गरे।
मसँग जो थिये अस्त्र-शस्त्र ती
विनु परिश्रमै प्रेमले हरे ॥१७॥

चरणले छुँदा ती शिलामयी
मुनिवधू भइन् [illegible]

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

अनि उनी गइन् हर्षगद्गदा
भइ पदाब्जको वन्दना गरी ॥१८॥
प्रचुर[१]–वीरको नाक भाँचने
हर[२]– पिनाक ई हेर्न खोज्दछन् ।
शशि[३]–दिनेशका साथसाथमा
सतत[४] नाचने कीर्ति रोज्दछन् ॥१९॥
भनि चिह्नाउँदा गाधिपुत्रले
जनकको जहाँ चित्त बाँधियो ।
उहि परात्पर–प्रीतिपात्रका
भजनको स्पृहा[५] भृत्यले लियो ॥२०॥

यहाँ विश्वामित्र मुनिका उक्तिले अलीकति प्रकट भयेको रामजीको–प्रेमपात्रता–रूप परमात्मभाव (ब्रह्मत्व) उनैका उक्तिले लौकिक कर्म देखायेर गुप्त पारियेको छ।[६]

(५२) उदात्त

आशय (अभिप्राय) को र ऐश्वर्यको महत्त्व वर्णन गरिएमा १, र प्रधान–वर्णनीय–वस्तुमा कोही ठुलो वस्तु अङ्ग (उपकारक) भयेको वर्णन गरिएमा २, उदात्तालंकार हुन्छ, जस्ता–

---

१. धेरै वीरहरूको।

२. शङ्करको धनु।

३. चन्द्र–सूर्यका।

४. निरन्तर

५. इच्छा।

५. जनक महाराजले रामजीको परिचय गर्न विश्वामित्र मुनिसँग 'इ को हुन्' भनि प्रश्न गरेको वेलामा विश्वामित्र मुनि रामका प्रेमले मस्त भयेका थिए। 'यी सबैका प्रेमपात्र (परमात्मा) हुन्' यत्ति भन्दैमा कुरा खुस्किहाल्यो । त्यत्तिकैमा समाजका माझमा आफ्नो परिचय दिन नचाहने (नरलीला–प्रकाशनार्थी) रामजीले चञ्चल नेत्रको सान गरेर त्यो कुरा बढाउन दिनुभयेन र चतुरशिरोमणि विश्वामित्रले कुरा मिल्ने गरी रामजीको साधारण परिचय गराइकन विशेष परिचयलाई गुप्त राखेको कुरा यो सन्दर्भमा देखाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(सुन्दरी)

रघुवीर ! उठाइबक्सियो
धरणीमण्डल बाहुदण्डले।
हृदयान्तरमा हजूरको
हरियो हार रहेन भारले ॥१॥

यहाँ गहनाले सिंगारिन नचाहने रघुवीरका आशयको महत्त्वको स्पष्टै छ।

(वसन्ततिलका)

श्रीशङ्करप्रभृति निर्जरवर्ग सारा
पर्खन्छ सादर हुँदै प्रभुको इशारा।
सेवा स्वयं भगवती त्रिजगज्जनित्री
गर्छिन् प्रसन्न-मनले मिथिलेन्द्र-पुत्री ॥२॥

हे नाथ ! सन्ततदयामय ! वाञ्छनीय
यो वैभवातिशय अन्त कहाँ म पाऊँ ?।
दृष्यन्त दिन्छु भनि लिन्छु विचार मन्मा
लाचार हुन्छु कसरी म कलम् चलाऊँ ? ॥३॥

यहाँ श्रीरामजीका ऐश्वर्यको महत्त्व स्पष्टै देखिन्छ।

जान्यौ ? जहाँ निकट शूर्पणखा गयेमा
त्यस्लाइ नै नकटिमा पहिली गराई।
आनन्दसाथ रघुनन्दन राज हुन्थ्यो।
त्यो स्थान पञ्चवटिको यहि हो नि भाई ! ॥४॥

यहाँ प्रधान वर्णनीय पञ्चवटीमा रामजीबाट भयेको शूर्पणखा-नासिकाच्छेदन-वृत्तान्त अङ्ग (अप्रधान) पारेको छ।

अथवा-

बर्बर् गिराइकन आँसु गला खुलाई
गर्दै विलाप रघुवीर डुलीरहेको।
यै हो प्रवर्षण गिरि प्रतिदिन् हजारौं।
झर्ना झरी झरि पवित्र रहीरहेको ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ प्रधान वर्णनीय प्रवर्षणपर्वतमा रघुवीरको विरहावस्थाको वर्णन अङ्ग (अप्रधान) पारियेको छ।

अथवा-

"वैदेहि ! एहि नयनं मयि देवि ! देहि"
भन्दै बरोबर जगत्पतिले डुलेको।
लौ हेर हत्पति दिँदैनदिने बिदा यो
पम्पा - सरोवर सरोज खिली खुलेको ॥६॥

यहाँ प्रधान वर्णनीय पम्पासरोवरमा श्रीरघुवीरको विरहविलाप अङ्ग (अप्रधान) पारियेको छ।

अथवा-

सभ्रातृ - मातृ - परिवार सपौरवर्ग
पैदल् जहाँ भरतजी अतिनम्र आये।
फर्काउने रहरले रघुनाथजीमा
प्रेमाश्रु साथ गरि बिन्ति जहाँ चढाए ॥७॥

सौभ्रात्र देखिकन वेस अपूर्वको त्यो,
लङ्केशको भय लिने सुरवर्ग थर्के।
आज्ञा र केवल खराउ लिएर शिर्मा,
फर्काउने भरतजी स्वयमेव फर्के ॥८॥

उप्रान्त शान्त रघुनन्दन वातवर्ष-
शीतोष्णका सकल दुःख जहाँ सहन्थे।
त्यो चित्रकूट यहि हो नि जहाँ हजारौं
जाज्ज्वल्यमान मुनिराजहरू रहन्थे ॥९॥

यहाँ प्रधान वर्णनीय भयेका चित्रकूट पर्वतमा भाई आमाहरू अरू परिवार नागरिकवर्गले सहित भइकन आएर प्रेमाश्रुपूर्ण भइकन रामजीलाई फर्काउनाको निमित्त प्रयत्न गर्ने भरतजीको चरित्र १, भाइभाइको त्यस्तो सौभ्रात्र (परस्परको भ्रातृ-प्रेम) देख्दा 'भरतको मुलाहिजाले रामजी फर्कन बेर छैन, अब लङ्केश (रावण) को डर हट्न आँटेन' भनेर डराएका देवताको चरित्र २, सत्यसन्ध रहेर भरतजीलाई वापस पठाइकन वनवासको कष्टसहन गर्ने रामको चरित्र ३ र मुनिराजहरूको चरित्र समेत ४ चरित्र अङ्ग गराइएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

अथवा–

जब्बर् बडा विकट मर्कटका करोडौं
सेना लियेर रघुवीर यहाँ सिधाये।
बाटो नपाइकन सागरका तटैमा
ती वीरले शिबिरको रचना रुचाये ॥१०॥

आयेर साञ्जलि यहाँ प्रभुका पदाब्ज
संभ्रान्त भैकन विभीषणले समाये।
तिन्लाई सत्त्वर कुनै नगरेर शङ्का
लङ्काधिपत्व–पदमा प्रभुले चढाये ॥११॥

शस्त्रास्त्रको स्मरणसम्म परै हटाई
सेवा कुशास्तरणमा बसि गर्न लागे।
तिन् रात तिन् दिन बिते व्रतले तथापि
टेरेन नीर–निधिले रघुवीर जागे ॥१२॥

'हिंसा म गर्दिन हमेशि भनेर यस्ले
हेप्यो र हुज्जत हुने अवसर् गरायो।
लौ ! देउ लौ ! शर–शरासन सज्ज पारी
खामोशले खुशि हुने रहरै हरायो ॥१३॥

दल्दल्समेत जल सागरको जलाई
बाटो फराक सजिलो गतिलो गराई।
साना ठुला दल अलग्ग अलग्ग पारी
पारी पुऱ्याउछु म पैदल फौजलाई' ॥१४॥

भन्दै जहाँ धनु लिएर तुरन्त उस्का
टंकारले सब जगत् बहिरो गराये।
जाज्ज्वल्यमान शर एकतहाँ मिलाये
ब्रह्माण्डपिण्ड रघुनन्दनले हिलाये ॥१५॥

मार्तण्ड निष्प्रभ भए, सहसा प्रचण्ड
आँधी चल्यो, दश दिशा भरिये धुलाले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डग्मग् भयो स्थल सबै जल खूब तात्यो।
जल्जन्तु तीरतिर वैरिन मात्र थाले ॥१६॥

बर्बर्गिस्यो नजरको जल, अङ्ग थर्थ–
हल्यो बल प्रभुजिको जब थाह पाये।
तिन्तर्फ पत्निहरुको दयनीय घेरा
लायेर सागर यहाँ अघि सर्न आये ॥१७॥

'भो ! भृत्य –रक्षणविचक्षण[1] ! रक्ष' भन्दै
तिन्ले पदाब्जयुगल प्रभुका समाए।
ब्रह्माण्डकोटि–पतिको करुणा उदायो
त्यस्तो व्यतिक्रम[2] थियो सब माफ पाये ॥१८॥

'ढुङ्गा मुढा सब शिरोपर गर्छु यौट
आश्चर्यको पुल बनोस्' भनि बिन्ति लाए।
त्यो बाणलाई प्रभुले द्रुमकुल्यदेश्का
उद्दण्ड दस्युहरुका दलमा गिराये ॥१९॥

पैले गरेर शिवको अचल प्रतिष्ठा,
निष्ठा स्वधर्मतिरको बहुतै सपारे।
चालीश कोश गजको दश खण्ड लामो
त्यो सेतु पाँच दिनमा परिपूर्ण पारे ॥२०॥

आनन्दले पवननन्दनमा चढेर।
निर्दैन्य शूर कपिसैन्य लिएर भारी।
विध्वंस गर्न दशकन्धरको भयेथ्यो
यै ठाउँबाट रघुनन्दनको सवारी ॥२१॥

यै तीरको फगत दर्शन मात्र गर्दा
मन्मा झलक्क रघुवीर उदाउँदैछन्।

---

१. हे भक्तरक्षाप्रवीण !।

२. अघी गरिएका पापका परम्परा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आँसू बनेर करुणारस वर्षदैछन्[1] ।
रोमाञ्चरूप सुकृताङ्कुर[2] उम्रँदैछन् ॥२२॥

यहाँ प्रधान भयेको रामेश्वर तीर्थको वर्णनमा ससैन्य रघुवीरको शुभागमन, शिबिरनिर्माण, विभीषणोपसर्पण, लङ्काधिपत्यप्रदान, सागराभ्यर्थना, रघुवीरोत्तेजना, जगद्व्याकुलता, सागरशरणागति, रघुवीर-कोपशान्ति, शिवप्रतिष्ठा, सेतुनिर्माण, युद्धयात्रा इन्को वर्णन अङ्गरूपले गरिएको छ।

(५३) परिकर

साभिप्राय (विशेष-मतलव बुझाउने) विशेषण राखेमा परिकरालङ्कार हुन्छ, जस्तै—

(वंशस्थ)

अभद्र होला कसरी र ? चित्तमा
प्रभुत्ववाला प्रभु रामभद्र छन्।
रहन्छ के को अब ताप लौ तहाँ ?
प्रतापशाली रघुवीर नित्य छन् ॥१॥

रामजीको विशेषण 'रामभद्र, प्रतापशाली' यी २ विशेषणले भद्र (कल्याण) प्राप्ति र तापहरणको सिद्धि बुझाउँछन्।

(५४) परिकराङ्कुर

साभिप्राय (विशेष-मतलव बुझाउने) विशेष्य राखेमा परिकराङ्कुर हुन्छ, जस्तै —

(वंशस्थ)

रमा जहाँ छन् जननी त्रिलोककी
पिता प्रतापी रघुवीर छन् जहाँ।

---

१. पाठान्तर-
आँसू बनेर सब दुस्कृत निस्कँदैछन्
२. पुण्यको टुसा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कमाइको पीर हुँदैन सर्वथा
रमाइलो रक्षण पाउँछौं तहाँ ॥१॥

जानकीजीको विशेष्यपद रमा शब्द (लक्ष्मीवाचक शब्द) र रामजीको विशेष्यपद रघुवीर शब्दबाट धनधान्यादि संपत्तिको र रक्षणप्राप्तिको सिद्धि बुझिन्छ।

(५५) यथासङ्ख्य

राम्रो क्रम राखेर पदपदार्थको रचना भयेमा यथासंख्य अलङ्कार हुन्छ, जस्तै—

(शार्दूलविक्रीडित)

विद्वद्वर्ग[१]–निशाचर[२]–क्षितिधर[३]–स्वीयाङ्घ्रिसेवी[४]–कन,
प्रीत[१]–ध्वस्त[२]–विलज्जित[३]–प्रमुदित[४] श्रीरामजी गर्दछन्।
आदर्ले[१], बलले[२], स्थिरत्वगुणले[३], ज्ञानादि[४] दानादिले
इच्छापूरक छन् र सज्जनहरू यिन्कै पिछा पर्दछन् ॥१॥

यहाँ श्रीरामजी विद्वद्वर्ग (१) लाई आदर (१) ले प्रीति (१) (खुशी) गर्दछन्, निशाचर (२) (राक्षसहरूलाई बल (२) ले ध्वस्त (२) गर्दछन् इत्यादि अङ्कका क्रमले पदपदार्थ राखेर रचना गरियेको छ।

(५६) दृष्यन्त

विम्ब र प्रतिबिम्ब जस्तो पारेर २ थरी वाक्य राखेमा दृष्टान्त हुन्छ, जस्तै—

(शार्दूलविक्रीडित)

यो भूमण्डलमा प्रसिद्ध रहने राजा हजारौं थिए
यस्को इज्जत लोकपूज्यचरण–श्रीरामबाटै थियो।
तारामण्डल तेजिला गगनका सारा उदाईरहून्
त्यस्का लज्जतको समग्र गरिमा शीतांशुले नै लियो ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

यहाँ पूर्वार्धको छायाजस्तो पारेर उत्तरार्ध राखियेको छ।

(५७) कारकदीपक

क्रमैले हुने अनेक क्रियामा यौटा कर्तृकारक (कर्ता) को संबन्ध भयेका कारकदीपक अलङ्कार हुन्छ, जस्तै–

(शालिनी)

जो जो सुन्छन् देख्तछन् पाउ पर्छन्
मन्का सारा मन्सुवा बिन्ति गर्छन्।
ती पुण्यात्मा नाथ ! साकेतवासी
हाँसी हाँसी आज संसार तर्छन् ॥१॥

यहाँ क्रमैसँग हुने सुन्नु, देख्नु, पाउ पर्नु, बिन्ति गर्नु, संसार तर्नु, इ ५ क्रियामा कर्तृकारक–साकेत (अयोध्या) वासीको सम्बन्ध स्पष्टै छ।

(५८) समुच्चय

एकै चोटी अनेक गुणको आविर्भाव १ र, अनेक क्रियाको सिद्धि भयेको वर्णन २ गरियेमा र, यौटै कारणबाट क्रियासिद्धि हुन शक्नेमा अनेक कारण देखाइयेमा ३, समुच्चयालङ्कार हुन्छ, जस्तै–

(शालिनी)

राता राता रामका नेत्र दोटा
काला काला वैरिका मुख् दशोटा।
एक्दम् यौटै कालमा देवताले
देखे, वर्षा फूलको गर्न थाले ॥१॥

एकै चोटी रातो र कालो गुणको आविर्भाव देखाइयेको छ।

(शार्दूलविक्रीडित)

निद्रा छुट्तछ, शान्ति हट्तछ, फगत् बढ्छ स्पृहा वित्तको,
तत्त्व प्राप्ति गरौं भनेर बहुधा दुष्कर्म झन् गर्दछन्।
जो जो श्रीरघुवीरका भजनको वैमुख्यमा पर्दछन्,
तत्त्वप्राप्ति नभै नभैकन तिनै निःसत्त्व भै मर्दछन् ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकै कालमा अनेक क्रिया (छुट्नु, हट्नु, बढ्नु, गर्नु, पर्नु, मर्नु) को सिद्धि भयेको छ।

(वसन्ततिलका)

स्नेहै लिएर रघुनन्दनले प्रजाका
संपूर्ण चित्त रसिला पनि खिच्न थाले।
गाम्भीर्य–शौर्य–करुणाहरुले मिलेर
औदार्य–धैर्यहरुले पनि हात हाले ॥३॥

यहाँ रघुनन्दनका स्निग्धमूर्तिबाट प्रजाको चित्त खिंच्ने काम हुन लागेमा गाम्भीर्य–शौर्यप्रभृतिले समेत मद्दत दियेको बुझिन्छ।[1]

(५९) पर्याय

यौटा वस्तुले पहिलो आधार छाडेर अर्को आधारको आश्रयण गरेको वर्णन गर्दा १, र यौटा आधारमा अनेक आधेय (रहने वस्तु) रहेको वर्णन गर्दा २ पर्यायालंकार हुन्छ, जस्तै–

(वंशस्थ)

थियो अघी जो भय शेष–नागमा
मनुष्यमा, किन्नरमा र देवमा।
सऱ्यो सबै त्यो प्रभुका प्रतापले
सरासरै राक्षसवीर–वर्गमा ॥१॥

(मत्तमयूर)

जुन् जुन् मन्मा भूतलवासी–जनताका
आधि–व्याधि–व्याकुलता खूब रहन्थे।

---

१. कुनै बालकले दुष्कर–काम गर्न थाल्यो भने त्यसका सहचर (साथी) ले मद्दत दियेर सहयोगको धर्म थाम्दछन्। किशोरमूर्ति–रामजीले स्नेह (प्रेमरूपी चिल्लोपदार्थ) लियेर प्रजाका रसिला (भक्ति–रसले चिप्ला भयेका) चित्त खिच्न थाल्नुभो। चिप्लो पदार्थ खिच्ता प्रायः खिच्ने–व्यक्ति पछारिन्छ, रामजी ता झन् चिप्लो–वस्तु लियेर चिप्लो वस्तु खिच्न लाग्नुभयो, यो काम दुष्कर हो। 'हैसेहोष्टे गर्नुपर्दछ' भनेर रामजीका सहचर भएका गाम्भीर्य–शौर्य–करुणा–औदार्य–धैर्यप्रभृति सद्गुणले पनि त्यो काममा हात लाये, चिप्ला भए पनि प्रजाका चित्त सबै खिचिये।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिन्मा आजै राम ! हजुर्का करुणाले
भक्ति–श्रद्धा–धार्मिकता उर्लन थाले ॥२॥

यहाँ पहिला श्लोकमा भयले ठाउँ सरेको र, द्वितीय श्लोकमा यौटै मनरूपी आधारमा आधि–व्याधि–व्याकुलतारूपी र, भक्ति–श्रद्धा–धार्मिकतारूपी–अनेक आधेय रहेको स्पष्टै छ।

(६०) अल्प

आधेयलाई (रहने चीजलाई) सानो कल्पना गरेर आधारलाई झन् सानो कल्पना गर्दा अल्पालङ्कार हुन्छ, जस्तै—

(वंशस्थ)

रहेर राजी अघि भक्तवर्गका
प्रफुल्ल–राजीवसमान–नेत्रमा।
हजूरको हे रघुनाथ ! गाथ यो
रहन्छ उन्कै हृदयाणुमध्यमा ॥१॥

यहाँ रघुनाथजीका गाथलाई सानो कल्पना गरेर भक्तवर्गका राजीव (कमल) जस्ता नेत्रमा अटाउने गराइकन भक्तको अणु (साह्रै सानो) हृदयका माझमा झन् सानु रूपले रहेको कल्पना गरियेको छ।

(६१) अधिक

ठूलो आधारमा पनि आधेय नअटाएको वर्णन गर्दा अधिकालंकार हुन्छ, जस्तै—

(वंशस्थ)

बढिन् बढ्तै रघुवीर ! भूमिमा
हजूरकी कीर्ति अहो ! अटाइनन्।
चढिन् सरासर् सुरलोकमा पनी
अनी पुगिन् पन्नगलोकमा[1] पनी ॥

---
१२०. पातालमा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(६२) असंभव

कसैबाट पत्याइन नशकिने काम भयेको वर्णन गर्दा असंभवालङ्कार हुन्छ, जस्तै—

(वंशस्थ)

बडे बडे दुर्मद[1] वीर आउँदै
लुरुक्क पर्दै पछिताउँदै गये।
अवीर[2]–उर्वीतल यो उड्छ लौ !
भुसुक्क भन्दै नृप[3] दिक्क भैं भये ॥१॥

अनी कुनै कोमल बालमूर्ति[4] ले
थपक्क आयेर पुलुक्क हेरियो।
जुरुक्क पारेर तनक्क तानियो
पटक्क भो चाप[5] चटक्क फेकियो ॥२॥

यहाँ किशोर अवस्थाका सुकुमारमूर्ति श्रीरघुनन्दनजीबाट बाणासुर–रावणप्रभृति जगत्प्रख्यात भयेका वीरवीरहरूले छुन पनि आँट्न नशकियेको शङ्करचाप (माहेश्वर धनु) को फुर्तीका साथ भञ्जन गरिबक्सेको वर्णन स्पष्टै छ।

(६३) रत्नावली

प्रसिद्ध क्रमले कुनै वस्तुको स्थिति वर्णन गरियेमा रत्नावली अलङ्कार हुन्छ, जस्तै—

(सुन्दरी)

रघुनन्दनका शरीरमा
रविको तेज छ, कान्ति चन्द्रको।

---

१. साह्रै ठूला घमण्डी भयेका।
२. वीर पुरुष कोही नहुनाले अवीरजत्तिको हलुको भएको पृथ्वीतल।
३. राजा जनक।
४. किशोर अवस्थाका रघुनन्दनले।
५. पणरूपले अगाडी राखियेको महेश्वरको धनु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थिति मङ्गलको छ सर्वदा,
बुधको छ प्रतिभा अपूर्वको ॥१॥
गुरुको गुरुता र काव्यको
कविता पूर्ण छँदैछ नित्यको ।
ग्रहसप्तक–योगले भयो
सकल ध्वंस विपक्ष–पक्षको ॥२॥

यहाँ क्रमैसँग श्लेषद्वारा रघुनन्दनका शरीरमा सूर्यादि सात ग्रहको समावेश देखायेर सप्तग्रही योगको घटनाले राक्षसवर्गको विध्वंस देखाइयेको छ ।

(६४) गूढोक्ति

यौटका उद्देश्य गरेर अर्कासँग केही कुरा गरेकोमा गूढोक्ति हुन्छ, जस्तै–

(वसन्ततिलका)

सन्ताप यो विविध रूप अनल्प[1] आयो,
कल्पन्छु, रुन्छु, करुणा गर, यो छुट्यऊ ।
प्रत्यक्ष भैकन 'न कल्प न कल्प' भन्दै
हे कल्पवृक्ष ! अब लौ अघि सर्न आऊ ॥१॥

श्रीरामजीको उद्देश्य गरेर कल्पवृक्षसँग कुरा गरेको छ ।

(६५) प्रत्यनीक

बलवान्–शत्रुसँग जोर नचलेर शत्रुका पक्ष (नातादार–सम्बन्धवाला) का ऊपर कसैले आक्रमण गरेको वर्णन गर्दा प्रत्यनीकालङ्कार हुन्छ, जस्तै–

(वंशस्थ)

जितेर षड्वर्ग खयइबक्सियो
मद– प्रमाथी[2]– दमलाइ साथमा !

---

१. धेरै ।
२. मदलाई पछीन शकने बलीया।

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

दगा धरेर प्रभुका गजेन्द्रको
चढ्यो मद क्रुद्ध भएर माथमा[1] ॥१॥

प्रभु–रघुवीरबाट परास्त भयेको मदले वहाँका उपरका क्रोधले वहाँको सवारी चलाउने गजराजका माथमा आक्रमण गरेको स्पष्ट बुझिन्छ।

(६६) भाविक

भूतकाल र भविष्यत्कालका वस्तुको साक्षात्कार (वर्तमानता) देखायेमा भाविक अलङ्कार हुन्छ, जस्तै–

(अनुष्टुप्)

सुवर्णका हरिणको माया–काया खतम् गरी।
माया लियेर जायाको पर्णशाला वरीपरी ॥१॥
घुम्ने संभ्रान्त विरही रहीकन दया धरी।
अद्यापि वर्तमानै छन् मेरा–नजरमा हरी ॥२॥

---

१. श्रीरघुवीरले षड्वर्ग (काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य) जितिबक्सनुभयो र–
मदेनान्धीकृताः सन्तः क्षयं याता यथा जनाः।
न तथान्यैर्बुभूषूणां प्रतिपक्षो महान् मदः ॥
यो नीति वचनका अनुसार षड्वर्गमध्येमा सर्वोपरि भयङ्कर शत्रु भएको मद (घमण्ड) ले धोका देला भन्ने शङ्काले–
निपातितानेकजनं दीपकैरविनाशितम्।
मदान्धकारं संहर्तुं दम एव दिवाकरः ॥
यो नीतिवचनको अनुसार मदको उल्ट्ये प्रकृति हुनाले (मद दम हुनाले) योग्य र बलवान् भएको दमलाई (इन्द्रिय निग्रहलाई–जितेन्द्रियतालाई) आठपहरिया वीर जस्तै गरायेर साथमा राखिबक्सियो। अतएव मदले रघुवीरमाथी आक्रमण गर्न कहिल्यै पनि शकेन [रघुवीर कहिल्यै पनि मदमत्त हुनुभएन] परन्तु त्यो दुष्टले दगा लियो र मूर्तिमान्–मदको रूप लिइकन रीसले चूर भयेर रघुवीरका सवारीका हात्तीका माथमा आक्रमण गर्‍यो। त्यो हात्तिका माथमा देखियेको मदजल उही परास्त भयेका–षड्वर्गमध्येका मदको रूपान्तर हो।
यहाँ २ प्रकारका मदको अभेदाध्यवसायले एकता गरेर यो गम्योत्प्रेक्षा राखियेर तन्मूलक प्रत्यनीकालङ्कार राखियेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ सीताहरण समयको भूतकाल वृत्तान्तलाई वर्तमान पारेको छ।

(वंशस्थ)

अखण्डसत्यव्रत ! नामकीर्तन
प्रसन्न ! हे राम ! भनेर जप्तछू।
पुगेर वैकुण्ठ सदा सुखी हुने
म आफुलाई झलमल्ल देख्तछू ॥३॥

यहाँ सत्यसन्ध भृत्यवत्सल श्रीरघुवीरका वचनानुसार भविष्यत्कालमा अवश्यम्भावी–भयेका आफ्ना वैकुण्ठवासको वर्तमानता देखाइयेको छ।

(६७) पिहित

कसैले अर्काको वृत्तान्त जानेर आफ्नो चेष्टाद्वारा त्यो वृत्तान्त प्रकाशित गरेको वर्णन गर्दा पिहितालङ्कार हुन्छ, जस्तै–

(अनुष्टुप)

फर्केका उज्ज्वल–मुख कुनै वानरका प्रति।
लामा बाहू पसारेर प्रेमालिङ्गन बक्सियो ॥१॥
झुल्क्याउँदै झ्यालबाट यढा यढा रहे पनी।
तारा–रुमाहरु सबै उफ्रे बेगर् खबर् पनी ॥२॥

यहाँ तीक्ष्ण बुद्धि भयेका व्यक्तिले मात्र बुझिने सीतानुसन्धान–वृत्तान्तलाई रामजीको वानरालिङ्गनरूप चेष्टा (हनुमान्जीलाई आलिङ्गन गर्ने काम) द्वारा बुझेर झ्यालमा बसेका तारा–रुमाप्रभृति सुग्रीवपरिवारले उफ्रनुरूपी चेष्टाद्वारा त्यो वृत्तान्त (सीता–वृत्तान्त) सुन्नालाई उत्सुक भयेका दूरवर्ती वानरवर्गमा प्रकाशित गरेको छ।

(६८) सामान्य

समान वस्तुमा रहेको कुनै वस्तु भिन्न (छुट्टै) देखिएर पनि नचिह्निने भयेमा सामान्यालङ्कार हुन्छ, जस्तै–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(वंशस्थ)

निरन्तर ध्यान धरेर नाथको
स्वरूप सर्वत्र समक्ष देखियो।
स्वरूप देख्ता प्रभुको यथार्थको
दया–सुधा–सागर ! भक्त भुक्कियो ॥१॥

ध्यान कल्पित रूपमा मिसिएर छुट्टै देखिएको रूप पनि चिह्निएको छैन ।

(६९) उन्मीलित

दूध पानीझैँ मिलेका कुनै वस्तुको भेद नदेखियेर कुनै कारणान्तरले भेद भेट्टाइने भयेमा उन्मीलितालङ्कार हुन्छ, जस्तै–

(मत्तमयूर)

सेतै पार्‍यो राम ! हजुर्का यशले लौ !
एकाकारै पर्वत भै भेद हराये।
छोरा – मैनाकाचल बाबूतिर आये,
छामी छामी बल्ल तुषाराचल पाये ॥१॥

यहाँ सीतान्वेषणको निमित्त हनुमान्जी आकाशमार्गले लङ्कातिर जान लागेका वेलामा सहायता दिये बापत इन्द्रले खुशी भएर मैनाकपर्वतलाई अभय दिएका थिये। अघी पर्वतहरूका पखेटा इन्द्रले काट्न लागेमा, मैनाकपर्वत भागेर समुद्रमा लुकेका थिये । अब रामजीको जय मनाउँदै बाबू–हिमालय पर्वतसित भेट गर्न आएको हुनुपर्छ।

कीर्तिको श्वेतताले एकाकार सेता पारियेका पर्वतमध्यमा रहेर नचिह्निने भयेका हिमालयपर्वत हिउँको शीतस्पर्शले चिह्निने भये।

(७०) मीलित

दूध पानीझैँ मिलेका कुनै वस्तुको भेद नदेखिने भयेमा मीलितालंकार
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
हुन्छ, जस्तै–

(वंशस्थ)

समस्तभूमीतलमा हजूरकी
अखण्ड कीर्ति स्थिरता लिँदै गइन् ।
दयासुधासागर ! शीतरश्मिकी
उ चन्द्रिका भिन्न नदेखिने भइन् ॥१॥

यहाँ दूध पानीको झैं कीर्ति र चन्द्रिकाको भेदै नदेखिने देखाइयेको छ।

(७१) तद्गुण

आफ्नो गुण छाडेर अर्काको गुण लिएको वर्णन गर्दा तद्गुण अलङ्कार हुन्छ, जस्तै–

(वंशस्थ)

निरन्तर ध्यान धरेर शम्भुको
स्वरूपमा चित्त रह्यो हजूरको ।
त्यसै हुनाले रघुवीर ! मूर्तिमान्
भयो र कर्पूरसमान यो भयो ॥१॥

चित्तले अमूर्तता छाडेर [सत्त्व-प्रधानताले कल्पना गरियेको] कर्पूरतुल्य श्वेतता लियो। कर्पूरगौर भयेका शङ्करको निरन्तर-ध्यान गर्ने चित्तले कर्पूरगौरता लिनु मुनासिवै हो 'ध्यानाद् ध्येयत्वमाप्नोति'।

अथवा–

नभस्तलश्यामल ! सङ्गरस्थिर !
प्रभो ! जगद्रक्षक ! वीर ! सुन्दर !
भइन् ति गौरी गिरिराजबालिका
हजूरको ध्यान धरेर कालिका ॥२॥

यहाँ–आकाश जस्ता श्यामशरीर भयेका, युद्धमा नहट्ने, लोकरक्षा गर्ने, रघुवीरको निरन्तर ध्यान गर्नाको प्रभावले गोरी भयेकी गिरिराजकिशोरीजी काली भयेर, युद्धमा नहट्ने, लोकरक्षा गर्ने, प्रचण्ड पराक्रमी, भयेकी हुनाले स्वगुणत्याग गरेर पतीका गुण ग्रहण गरेको स्पष्टै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(७२) पूर्वरूप

अर्को अवस्था हुँदा पनि पूर्वावस्थाको चलन देखिएको वर्णन गर्दा पूर्वरूप अलंकार हुन्छ, जस्तै—

(वंशस्थ)

अघी रहन्छन् अघहीन–वर्गमा
मजा उडाईकन शान्त–चित्त छन्।
बचेखुचेका ति कतै लुके पनि
पुरानु चाला अझ वैरि गर्दछन् ॥१॥

यहाँ श्लेषद्वारा वैरिको अवस्थान्तर भये पनि पूर्वावस्था देखाइयेको छ[१] ।

(७३) युक्ति

कसैले आफ्नु मर्म लुकाउनाको निमित्त केहि काम गरेर अर्कालाई छकाएको वर्णन गर्दा युक्त्यलङ्कार हुन्छ, जस्तै—

(वसन्ततिलका)

'रमा, रतीश, रमणै, रमणीय हुन्छन्'
हो की ? भनी रसिकले कहिल्यै सुनायो।
मारीच नीच 'क्षणभङ्गुर छन् इ' भन्दै
झट्टै उठ्यो अनि गुफातिर पस्न आयो ॥१॥

१. वैरीहरू पहिले— अघहीन वर्गमा (दुःख नहुने समाजमा) अघी (अग्रवर्ती सर्वप्रथम) थिये, ती मजा उडाउथे (पूर्ण–सुख भोग गर्दथे), शान्तचित्त (निर्भय हृदय) थिए। तिनै वैरीहरू [रघुवीरको विरोध पर्दा लडाइबाट भागेर लुकेका बेलामा] अघहीनवर्गमा (दुःखभोग गर्नुपर्नाले हीन (तुच्छातितुच्छ) भएका समाजमा) अघी (अग्रवर्ती) रहन्छन्, ती मजा उडाउछन् (सत्यानाश पार्दछन्) शान्त (ठण्ढाराम–निस्तेज) भएर चित्त (उत्तानो भयेर पल्टियेका) छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ मारीच-राक्षसले आफ्नो मर्म लुकाउन गुफातिर पसेर रसिकलाई छकाएको वर्णन गरिएको छ[1]।

(७४) अतद्गुण

अर्काको गुण लिनुपर्नेमा नलिएको वर्णन गर्दा अतद्गुणालङ्कार हुन्छ, जस्तै—

(वंशस्थ)

गडेर तीखो यश वैरिवर्गका
बडो धमीलो मनमा निकै बस्यो।
जगत्पते ! राघव ! अद्भुतै भयो,
भयेर भन् निर्मल फैलिँदै गयो ॥१॥

धमीला मनमा निकै बस्ने यशले धमीलोपना लियेन।

(७५) निरुक्ति

अर्को अर्थ भयेका नामको अर्थश्लेषद्वारा अर्को अर्थ कल्पना गर्दा निरुक्ति अलङ्कार हुन्छ, जस्तै—

(वंशस्थ)

'मदेखि अर्को कँहि कोहि छैन है'
भनी भनी त्यो तिमिलाइ निल्दछन्।

१. विश्वामित्रका यज्ञको विध्वंस गर्न आयेको मारीच राक्षस रघुवीरका बाणप्रहारले प्राणमात्रावशेष भइकन सयकडौं कोश पर समुद्रको किनारमा पछारिन पुगेपछी बकुल्लाभगत साधु बनेर वनवास गर्दथ्यो। रघुवीरको कडा बाण-प्रहारले कायल पारियेको हुनाले र-बाट उठेको (रकारादि) अरू वस्तुको नाम सुन्दा पनि भस्केर लुक्ने काम गर्दथ्यो। ऐले पनि 'रामा (सुन्दरी स्त्री), रतीश (कामदेव), रमण (रति) रमणीय हुन्छन्' भनेर कुनै रसिकले र आदिमा हुने धेरै नामको उच्चारण गरेको सुन्दा डरले भस्क्यो तापनि त्यो डर लुकाउनाका निमित्त बकुल्लाभगतले भन्न सुहाउने कुरा 'ई सबै वस्तु क्षणभङ्गुर (अनित्य) हुन्' भन्दै भट्ट उठेर गुफातिर पसीहाल्यो, 'ई साधु पूर्ण वैराग्यवान् रहेछन्, विषयका कुरा सुन्नेवित्तिकै उठेर हिंडे' यस्तो समुभ लिने रसिकजन छक्कियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यथार्थ छन् राघवजी निरन्तरै
डुलेर खोजेपछि मात्र मिल्दछन् ॥१॥

यहाँ 'रघुकुलोत्पन्न' भन्ने अर्थ भयेका 'राघव' शब्दको 'ठूलोमा सर्वोपरि भयेको माछो'[1] भन्ने अर्थ कल्पना गरिएको छ[2] ।

(७६) छेकोक्ति

लोकोक्ति (उखान) बाट केहि–गंभीर अर्थ बुझियेमा छेकोक्ति हुन्छ, जस्तै–

---

१. शय योजन ठूलो 'तिमी' नामक माछो छ, त्यस्लाई निल्न शक्ने तिमिङ्गिल माछो छ, त्यस्लाई निलिदिन शक्ने 'तिमिङ्गिल–गिल' माछो छ, त्यस्लाई सुलुक्क निल्न शक्ने राघव माछो छ–

अस्ति मत्स्यस्तिमिर्नाम शतयोजनविस्तृतः ।
तिमिङ्गिलगिलोऽप्यस्ति तद्गिलोऽप्यस्ति राघवः ॥

२. राघव (राम) ले ज्ञानको उपदेश गर्दा सर्वत्र 'मदेखि अर्को कहि कोहि छैन' भनेर 'त्यो' भनिने प्रथम पुरुषको–विषय भयेका पदार्थ र 'तिमि' भनिने मध्यम पुरुषको विषय भयेका पदार्थलाई निलेर (निगरण गरेर = मिथ्या हुन् ति दुवै छैनन् भनेर) उत्तम पुरुषको विषय भयेको म (आत्मा) लाई सत्य बताउनुभएको छ [अर्थात् संसारमा देखियेर ३ भागमा विभक्त भयेका व्यवहार–गोचर हुने ३ प्रकारका पदार्थमध्येमा 'अहम्' भनेर भनिने (म–आत्मा) सत्य हो, भेददृष्टिले देखिने त्यो र तिमि भनिने पदार्थ मिथ्या हुन् भन्नुभएको छ] । उनै ज्ञानोपदेशक–राघवजी निरन्तर डुलेर (घरद्वार छाडेर) खोजेपछि (सत्सङ्ग गरेर जिज्ञासा गरेपछि) मात्र मिल्नुहुन्छ, त्यस्ता ती राघवजी त्यो तिमिलाई (जगत्प्रसिद्ध–शतयोजन प्रमाण भएको ठुलो माछालाई) निलिदिने र मदेखि ठूलो प्राणी कहीं कोही छैन भन्ने समुझ भयेको र खोजियेको पक्षमा, समुद्र मध्यका कुनै समुद्रमा फेला पर्ने 'राघव' नामक माछा स्वरूपै हुनुहुन्छ, रघुका सन्तान भन्ने क्षुद्र नाताले वहाँलाई राघव भनेको होइन ।

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसंभवम् ॥

इत्यादि प्रमाणले महत्तम मत्स्य–राघव नै रामस्वरूप परमात्माको अवतार राघव हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(वंशस्थ)

दलेर पोलेर पिटेर मन्परी
गरी परीक्षा अरुको गरे गर।
अकब्बरी अब्बल सुन् घसी घसी
लकीर गर्दै किन भर्दछौ कसी ? ॥१॥

यहाँ 'अकबरी सुनलाई कसी लाउनु पर्दैन' यो उखानलाई गर्भित पारेर 'अरू भले आदमीको हरतरहले जाँच गरे पनि रघुवीरजीको जाँच गर्नुपर्दैन, वहाँको विशुद्धता विश्वविश्रुत छ' यो अर्थ बुझाइयेको छ।

(७७) विनोक्ति

केहि कुरा नहुनाले कुनै वस्तुको उत्तमता भयेको १, र केहि कुरा नहुनाले कुनै-वस्तुको तुच्छता भयेको २ वर्णन गर्दा विनोक्ति हुन्छ, जस्तै—

(पृथ्वी)

विना विरस-रीतिले वचनको, विना लोभले
अगाध-नृप-नीतिको, कपटले विना चित्तको
सुधामय-नजर् हुने अवध देशका नाथको
रहन्छ रमणीयता अदयता विना गाथको ॥१॥

यहाँ विरसरीति (रूखो बर्ताव) प्रभृति नहुनाले वचनप्रभृतिको उत्तमता छ।

(भुजङ्गप्रयात)

विना धर्मको वित्त वेकाम हुन्छ,
विना धैर्यको चित्त वेकाम हुन्छ।
दुवै यी कुराको पुरा मर्म जानी
यथोचित् चलन् रामजी गर्नुहुन्छ ॥२॥

यहाँ धर्म-विना वित्तको, धैर्य-विना चित्तको तुच्छता देखाइयेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(७८) अनुज्ञा

दोषमा केही गुण देखेर त्यसै दोषको खायश गरेको देखाउँदा अनुज्ञा अलङ्कार हुन्छ, जस्तै–

(वंशस्थ)

प्रभो ! यथावस्थित छू र भज्दछू
यथेष्ट–संपत्ति मिले म भुल्दछू।
रहेर संपत् फल मिल्छ के ? सफा,
नफा विपत्मा छ यही रुचाउँछू ॥१॥

यहाँ विपत्तिरूप दोषमा हरि–भजनरूप गुण देखियेकोले विपत्तिको खायस देखाइयेको छ।

(७९) उत्तर

प्रश्न गर्दै उत्तर दिँदै गरेर वाक्यरचना गरेमा १, प्रश्नको र उत्तरको एकै आकार पारेर वाक्यरचना गरेमा २, र उत्तर–वाक्य विलक्षण (अनौठा) राखेर त्यसद्वारा प्रश्नको अनुमान हुने भएमा ३, उत्तरालङ्कार हुन्छ, जस्तै क्रमैले–

(उपजाति)

कुनै कसैमा र कुनै कसैमा,
कुनै कसैमा व्यवसाय[1] गर्छन्।
कुन् वस्तु हो लौ सुख भन्नुपर्ने
यथार्थ पो पण्डितजी ! बताऊ ॥१॥

कनक[2] र कान्ता[3] प्रिय छन् तथापि
आखीरमा पीर गभीर[4] गर्छन्।

---

१. उद्योग।

२. सुन चाँदी प्रभृति द्रव्य।

३. स्त्री।

४. गहीरो–छुलो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठुला बडाले अनुभव् गरेको
विरक्ति[1] नै हो सुख यो बढाऊ ॥२॥

छुटे कुनै दुःख, कुनै परेनन्,
कुनै भरे भोलि छुट्यउनेछु।
रहीरहेको कहिल्यै नछुट्ने
कुन् दुःख हो दारुण[2]? यो बताऊ ॥३॥

अनन्त[3] नानाविध वस्तु खोजी
लियेर बाना[4] सुखको लुकेको।
आसक्ति[5] हो दारुण दुःख जान्यौ ?
विरुक्तिको शक्ति भए हटाऊ ॥४॥

'हटाउँ आसक्ति' भनेर मैले
विरक्ति ल्यायें तर त्यो अडेन।
विरक्तिको स्थैर्य[6] हुने उपाय
भिजो नमानेर सबै सुझाऊ ॥५॥

अतीत[7] मा झैं क्षण–भङ्गुरत्व[8]
अनागतैमा[9] पनि देखिहाल्यौ।
असार संसार बुझेर यस्कै
विचारमा हर्दम चित्त लाऊ ॥६॥

विरक्तिका छन् अवसर् हजारन्
विचार–धारा वहँदै रहन्छन्।

---

१. वैराग्य।
२. कडा।
२. अनेकानेक र अनेक प्रकारका ।
४. आकार।
५. विषयमा लम्पटता।
६. स्थिरता।
७. भूतपूर्व वस्तुमाझैं ।
८. प्रतिक्षण नष्ट हुने स्वभाव।
९. भविष्यद्वस्तुमा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अङ्दै नअङ्ने हुनगो विरक्ति,
विपत्ति[1] यस्तो किन भो ? बताऊ ॥७॥
विरक्ति–देवी बलहीनताले[2]
सहायको खायश खूब गर्छिन् ।
न छाड तिन्लाइ निराशताले
द्यौभक्तिको आड जबर् तुल्याऊ ॥८॥
विरक्ति चाञ्चल्य[3] हुँदा विरक्तै[4]
भई रहेथें, तिमिले त ऐले ।
भलो भन्यौ, भक्ति पदार्थ कुन् हो ?
यथार्थ यो चिह्नपर्‍यो चिह्नाऊ ॥९॥
ठुलाबडामा गरिँदै रहेको
जो प्रेम हो भक्ति भनिन्छ सोही ।
अनित्यमा तत्परता नराखी
त्यो भक्ति नित्य प्रभुमा लगाऊ ॥१०॥
कुनै कसैका भरमा रहन्छन्,
कुनै कसैबाट कृतार्थ हुन्छन् ।
कुन् हुन् प्रभु ? स्पष्टतया बताऊ,
दयालु छौ संशय यो हयऊ ॥११॥
ग्रहर्क्ष[5]–तारागण–चन्द्र–सूर्य–
पर्जन्य[6] पृथ्वी[7] हरूका नियन्ता[8] ।

---

१. आपत् ।
२. बल भएकी नहुनाले ।
३. वैराग्य स्थिर नभएको हुनाले ।
४. दिक्कै ।
५. ग्रह नक्षत्र ।
६. मेघ ।
७. भूगोल ।
८. आफ्ना इच्छानुसार नियमित राख्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समर्थ पक्का प्रभु ईश्वरै हुन्,
तसर्थ तिन्मा तिमि भक्ति लाऊ ॥१२॥

कोशीस् पुरापुर् गरियो तथापि
कौ नै कुराको रहरै पुगेन।
लौ लाउँला भक्ति त, भक्तिबाट
पाइन्छ के के फल ? सो बताऊ ॥१३॥

मनुष्यको जन्म कृतार्थ गर्ने,
संसारका क्लेश अशेष[1] हर्ने।
भुक्ती र मुक्ती पनि भक्तिबाटै
पाइन्छ, जाँगर् पहिले चलाऊ ॥१४॥

प्रशस्त संपत्ति थियो, जनाना
नाना रकम्का सँगमा रहन्थे।
म चिन्दछू भुक्ति त, मुक्ति मात्र
स्वरूपले चिन्दिन, त्यो चिह्नाऊ ॥१५॥

वेदान्त-वेत्ताहरुले चिह्नेर
मुमुक्षु[2]-सज्जन्हरुमा भनेको।
जो ऐक्य[3] हो ईश्वरको र आफ्नो
मुक्ति त्यही हो मनले ठमाऊ ॥१६॥

धनादिमा[4] बिल्कुल दिल् दियेका
जनादरैमा[5] बहुतै भुलेका।
पामर्[6] मजस्ता जनले कसोरी
त्यो ऐक्य गर्ला त ? अकिल् खुलाऊ ॥१७॥

---

१. संपूर्ण, सबै।
२. मुक्तिको इच्छा गर्ने।
३. एकता।
४. धन दौलत-जहान वस्तुप्रभृतिमा।
५. मानिसले गरेका आदरमा।
६. गँवार, कुत्सित।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकान्तका आसनमा बसेर
एकाग्रताको स्थिरता गरेर ।
कि नित्य 'सोऽहम्' भन चित्तले नै,
किता अहंभाव[1] पुरा हराऊ ॥१८॥

छाडा रहेको अति चक्चके यो
हच्कन्छ मेरो मन यस्कुरामा ।
कसो गरौं ? मुक्ति दिने सजीलो
अर्को कुनै जुक्ति भये जनाऊ ॥१९॥

घटाउ आलस्य र मन् बढाऊ,
पुराण–गीतातिर कान लाऊ ।
शरण्य छन् ईश्वर जाउ पाउ
समाउ, तिन्मा तिमि मन् जमाऊ ॥२०॥

मेरा सबै संशय नाश गर्ने
प्रयासले पुण्य ठुलो कमायौ ।
कस्ता कती ईश्वर छन् ? बताऊ,
शरण् परौंला पहिले चिह्नाऊ ॥२१॥

ती सच्चिदानन्द अनन्त शक्ति
कूटस्थ[2] भक्ति–प्रिय एउटै छन् ।
स्वयं उनैले चिह्निये चिह्निन्छन्,
लौ यत्ति ऐले मनमा बसाऊ ॥२२॥

ती सच्चिदानन्द र शक्तिशाली
एकै रहेछन् यति ता बुझायौ ।
शरण् म पर्छु, अब लौ बताऊ
पता म खोजौं प्रभुजी कता छन् ? ॥२३॥

---

१. अहङ्कारको सत्ता ।
२. नित्य–निर्विकार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठूलो दिदृक्षा[1] मनको जतायौ,
खोज्यौ भने दर्शन पाउनेछौ।
ती सर्वतोव्यापक[2] छन् जगत्मा,
कता बताऊँ म ? जतातता छन् ॥२४॥

खोज्दै रहन्छन् 'प्रभुलाइ देखें'
भन्ने कुनै सज्जन देखिँदैनन्।
जतातता व्यापक छन् जगत्मा
भने हमेशा किन देखिँदैनन् ? ॥२५॥

अगाडिका चीज् पनि दृष्टि गाडी
हेर्दै नहेरे पछि देखिँदैनन्।
ती देखिँदैछन् तर दृष्टि तीखो
गरी कसैले पनि हेरिँदैनन् ॥२६॥

झलक्क झट्ट प्रभुलाइ देख्ने
त्यो दृष्टि तीखो कसरी हुने हो ?
झर्को नमानीकन तोकियेको
उपाय सोझै बुझिने सुझाऊ ॥२७॥

उपाय अर्को त कुनै नजर्को
तीखोपनामा कहिँ पाइँदैन।
कृपा–कटाक्षै छ उपाय तिन्कै,
तस्मात् तिनैलाई तिमी रिझाऊ ॥२८॥

रिझाउने काम बडो कडा हो,
रिझाउनाकै उपदेश गर्छौ।
कुन् कुन् तरीकासँग काम कुन् कुन्
गर्‍यो भने ती प्रभुजी रिझिन्छन् ? ॥२९॥

१. दर्शन गर्ने इच्छा।
२. सबै ठाउँ ढाकी रहेका।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आम्नायमा[1] र स्मृतिमा[2] कहेका
तथा सदाचार[3] भनी चलेका।
वर्णाश्रमाचार[4] यथोक्त[5] गर्दा
प्रपन्न–पाल[6] प्रभुजी रिझिन्छन् ॥३०॥

कुनै भियाइन्न, कुनै शकिन्न,
कुनै त केही पनि–जानिंदैन।
वर्णाश्रमाचार यथोक्त गर्नु
अशक्य भो, जुक्ति कुनै बताऊ ॥३१॥

वर्णाश्रमाचार यथोक्त सारा
यस्कालमा दुष्कर[7] छन् तथापि।
तिनै यथाशक्ति गरेर तिन्कै
आराधनामा मन खूब लाऊ ॥३२॥

पुष्पादि वस्त्रादि उपायनादि[8]
तयार गर्दा उपचार[9] सारा।
आराधनामा धन चाहिने भो
उपाय अर्को सजिलो बताऊ ॥३३॥

आराधनामा धनको जरूरी
रहन्न, भक्ति स्थिर गर्नुपर्छ।
केवल् जलैले तुलसीदलैले
प्रसन्न हुन्छन् प्रभुजी पत्याऊ ॥३४॥

---

१. वेदमा।
२. धर्मशास्त्रमा।
३. शिष्टजनले गरी आएका हुनाले।
४. चार वर्ण, चार आश्रमका आचार।
५. वेदशास्त्रले भने बमोजीम–शिष्टहरूले गरेबमोजिम।
६. शरणागतको रक्षा गर्ने।
७. गर्न मुश्कील पर्ने।
८. भेटी दक्षिणाहरू।
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
९. सेवा–आजापूजा।

यदाकदा[1] दुर्घटना घटेर[2]
दुवै[3] कुरा दुर्घट[4] भैदिएमा।
बसी बसी गर्न हुने रसीलो
उपाय केही सजिलो बताऊ॥३५॥

बिल्कुल् नराखीकन शक्तिशाठ्य[5]
आचारको रक्षण मुख्य राखी।
श्रद्धा[6] र विश्वास[7] लिएर मन्मा
हे राम ! हे राम ! भनेर गाऊ॥३६॥

सहस्र नारी नरले कराये
हे राम ! हे राम ! भनेर गाये।
परन्तु केही फल देखियेन,
उपाय त्यै हो अब के पुगेन ?॥३७॥

उठेन रोमाञ्च, बगेन आँसु,
कराउँदा गद्‌गदता भएन।
गडेन मन्, चञ्चलता हटेन,
उपाय त्यो पूर्णतया पुगेन॥३८॥

उपायको खास[8] अपूर्णतामा
समक्ष[9] को लक्षण के रहन्छ ?।
लहैलहैका भलमा बगेका
अबोधमा बोध हुने गराऊ॥३९॥

---

१. कैलेकाहीं।
२. पैदा भएर।
३. जल र तुलसीदल।
४. जुटाउन मुश्कील पर्ने।
५. भएको शक्ति लुकाउने वदमाशी।
६. आदर।
७. पत्यार।
८. मुख्य।
९. प्रत्यक्ष देखिने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नचाहिने लोचनको नचाई
चाञ्चल्य मन्को कहँदैरहन्छ।
चिच्याहटै मात्र सुनिन्छ चर्को,
अर्को कुरा दैवसितै सुध्याऊ ॥४०॥

श्रद्धा लिँदै आसनमा बसिन्छ,
तुरन्त अन्तैतिर मन् कसिन्छ।
उत्पात यस्तो हुन आउँदामा
कुन् शान्ति गर्ने विधि हो ? बताऊ ॥४१॥

झल्याक्झुलुक्का भरले उठेको
पल्याक्पुलुक्ले बरबाद गर्छ।
तसर्थ एकान्ततिरै रमाऊ,
किंवा नजर्मा तिमि पट्टि लाऊ ॥४२॥

उपायमा अक्सर[1] देखियेका
अपूर्णताको पहिचान पायें।
उपाय त्यो पूर्ण गराउनामा
उपाय कुन् हो ? अब सो बताऊ ॥४३॥

संकीर्तनाद्युत्थित-दोष-हारी[2]
निरन्तर-व्यग्र-जनोपकारी[3]।
उपाय भारी प्रभुल्यै भनेको
समाहित-ध्यान[4] छ त्यो जमाऊ ॥४४॥

ईश्वर् निराकार निरञ्जनै छन्
भन्ने कुरामा दृढता गरायौ।
समाहित-ध्यान विना-स्वरूपै
कसोरि गर्ने अब सो बताऊ ॥४५॥

---

१. बहुधा-प्रायः।
२. कीर्तनप्रभृति सत्कर्म गर्दा आइ-लागेका दोष हर्ने।
३. हमेशा व्याकुल रहने मानिसको उपकार गर्ने।
४. अविच्छिन्न पारेर (निरन्तरता राखेर) नटुटाई गरेको ध्यान।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वर् निराकार भई रहेका
　　　　जगत्त्रयी–रक्षणका निमित्त।
अनेक आकार लिई रहन्छन्,
　　　　कुनै उनैमा तिमि ध्यान लाऊ ॥४६॥

ती सत्य–सङ्कल्प अनन्त–शक्ति
　　　　संकल्पले रक्षण गर्न शक्छन्।
अनेक आकार लिनै परेको
　　　　दर्कार के हो ? अब सो बताऊ ॥४७॥

ईश्वर् अजन्मा[1] पनि 'जीव' झट्टै
　　　　चिह्नुन् मलाई भनि जन्म लिन्छन्।
रामादि कृष्णादि सबै तिनै हुन्,
　　　　तिन्कै भजन्मा तिमि भक्ति लाऊ ॥४८॥

स्वयं निराकर रहीरहेका
　　　　ती गर्न शक्छन् सबको भलाई।
'चिह्नाउँदैनन् किन आफुलाई'
　　　　भनेर सन्देह भयो मलाई ॥४९॥

अध्यासको[2] नाश गराउनामा
　　　　अभ्यास गर्ने दृढ भक्त पाई।
चिह्नाउँछन् खास् उनि आफुलाई
　　　　औतार् लियेका अरु भक्तलाई ॥५०॥

त्यस्ता तिनैको भवताप हर्ने
　　　　हिमाग्रगामी महिमा[3] सुनायौ।
कुन् भक्तले के फल भक्तिबाट
　　　　पाए कसोरी अब सो बताऊ ॥५१॥

१.　जन्म नलिएका = अज।

२.　तद्भिन्नमा तद्बुद्धि–भ्रान्ति–अज्ञान।

३.　हिउँभन्दा अगाडी जानेले, हिउँभन्दा शीतल, ताप हर्नामा हिउँलाई जित्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यिनै कुरा पूर्ण गराउनामा
पुराणको संचय मौजुदै छ।
सुनेर जन्मान्तर–नाश गर्ने
उन्कै भजन्मा तिमि भक्ति लाऊ ॥५२॥

यथाकथंचित् गरिंदैछ भक्ति
परन्तु केही फल पाइँदैन।
त्यस्मा असद्भाव कुनै भयो की ?
सद्भक्तिको वास्तवता बताऊ ॥५३॥

कायेन वाचा मनसा भयेका
सत्कर्मले श्रेय अवश्य दिन्छन्।
पूजा उनैको, गुण–गान् उनैको,
चिन्तन् उनैको, गरिने गराऊ ॥५४॥

जाने बुझेको कुलमा चलेको
पूजा कथंचित् गरिंदै रहन्छ।
विषाद हर्ने गुण–गान गर्दा
हर्षाश्रु झर्ने नमुना सुनाऊ ॥५५॥

'हे ऋद्धि–सिद्धि–प्रिय ! एकदन्त !
हेरम्ब ! लम्बोदर ! सिन्धुरास्य !
हे पार्वती–नन्दन ! हे गणेश !
कृपाकटाक्ष प्रभुको म पाऊँ ॥५६॥

हे पुण्डरीकाक्ष ! पवित्रकीर्ते !
मुकुन्द ! मुक्तिप्रद ! मुग्धमूर्ते !
हे शेषशय्याशय ! कैटभारे !
कृपाकटाक्ष प्रभुको म पाऊँ ॥५७॥

हे जानकी–जीवन ! रम्यमूर्ते !
हे राम ! हे राघव ! पुण्यकीर्ते !
हे दीनबन्धो ! दशकन्धरारे !
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.
कृपाकटाक्ष प्रभुको म पाऊँ ॥५८॥

हे कृष्ण ! हे भक्त-सतृष्ण ! शौरे !
हे कंस-विध्वंसन ! वासुदेव !
हे देवकी-नन्दन ! हे मुरारे !
कृपाकटाक्ष प्रभुको म पाऊँ ॥५९॥

हे त्र्यक्ष ! हे भक्षित-कालकूट !
श्रीकण्ठ ! हे कुण्ठित-काल-शक्ते !
हे चन्द्रमौले ! हरेर ! मन्मथारे !
कृपाकटाक्ष प्रभुको म पाऊँ ॥६०॥

हे पार्वती-वल्लभ ! शूलपाणे !
दक्षाध्वर-ध्वंसन ! नीलकण्ठ !
हे देव-देव ! त्रिपुरासुरारे !
कृपाकटाक्ष प्रभुको म पाऊँ ॥६१॥

श्रद्धा र सद्बुद्धि बुझेर मैले
यो गान गर्ने नमुना सुनायें ?
नाना प्रकार्को हुनशक्छ गाना,
यै गाउँ, यस्तै अथवा बनाऊ ॥६२॥

हितोपदेष्ठ्य जन देखिएनन्
तिमीसरीका पृथिवीभरीमा।
समाहित-ध्यान जमाउनाको
कुनै तरीका बढिया बताऊ[1] ॥६३॥

समाहित-ध्यान जमाउनामा
प्रेमी भयेछौ बढियै कुरा हो।
बताउँदैमा बुझिंदैन सप्फा,
आयेर हेरे अब आज जाऊ ॥६४॥

---

१. यो गान गर्दा पनि कामक्रोधलोभादिले व्याकुलता गरेमा तिन्लाइ जित्ने मन शान्त गर्ने उपाय केही छ भने बताऊ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(अनुष्टुप्)

रामको पाउ छाडेर कस्ले अभय पाउँछ ?
रामको पाउ छाडेर कस्ले अभय पाउँछ ? ॥६५॥

यहाँ पहिलो आधी प्रश्न हो, दोस्रो उत्तर हो। उत्तर वाक्यमा काकु (स्वरभङ्ग) गर्दा 'रामका पाउ छाडेर कसैले पनि अभय पाउँदैन' यस्तो उत्तर हुन आउँछ।

अथवा–

राम को हो ? बल त्यही, मेरो विध्वंस पारने ?
वानरै वानरैले नै मेरो शक्ति गिराउने ? ॥६६॥

यो रावणले युद्धारम्भमा रामका अगाडी गरेको गर्जना हो।

रामको हो बल त्यही, मेरो विध्वंस पारने ।
वानरै वानरैले नै मेरो शक्ति गिराउने[1] ॥६७॥

यो रामजीबाट उठेको प्रतिध्वनिस्वरूप उत्तर हो।

(पृथ्वी)

दयालु र सिपालुमा विभवमा र औदार्यमा
विवेक र विचारमा सकल लोकका मध्यमा।
उनै जनकनन्दिनी–रमण एक छन् सर्वथा
कुनै कृपणको बुझ्यौं शरण पर्न जानू वृथा ॥६८॥

यो उत्तर वाक्यबाट 'दुःख पाएछौ, कसैको शरण पर्न किन जाँदैनौ ?' यस्तो कसैको प्रशनवाक्य रहेछ भन्ने अनुमान हुन्छ।

(८०) उल्लास

यौटाको गुणबाट अर्कोलाई गुण भयेको १, यौटाको दोषबाट अर्कोलाई दोष भयेको २, यौटाको गुणबाट अर्कोलाई दोष भयेको ३, यौटाको दोषबाट अर्कोलाई गुण भयेको ४ वर्णन गर्दा उल्लासालङ्कार हुन्छ, जस्तै–

---

१. टिप्पणी–
दशास्यको गर्जन यो पुग्यो रामगुफातिर।
प्रतिध्वनिस्वरूपेण फेरि फर्क्यो उतैतिर॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(भुजङ्गप्रयात)

शरत्कालका चन्द्रको विम्ब–जस्तो
वदन् रामको झट्ट वन्मा उदायो।
हट्यो दुष्टको त्रास अत्यन्त कालो,
उज्यालोपना सन्तमा खूब आयो ॥१॥

यहाँ श्रीरामजीका वदनको उज्ज्वलतायुक्त–उदयरूप गुणले सन्तका समूहमा उज्ज्वलतारूप र त्रासनाशरूप गुण हुन आएको छ।

(वंशस्थ)

कठोर तापज्वर खूब फैलियो
हजूरबाट प्रतिपक्षपक्षमा।
त्यसै बखत्मा पनि सन्निपातले
गरेन उन्का परिवारमा क्षमा ॥२॥

यहाँ शत्रुपक्षको सन्तापज्वररूप–दोषबाट शत्रुका परिवारमा सन्निपातरूप असाध्य दोष हुन आएको छ।

प्रचण्ड दुर्धर्ष अखण्ड फैलियो
प्रताप लोकत्रयभित्र वेगले।
कडाकडा ती रघुनाथ ! नाथका
अमित्र मात्रै क्षतिपात्र भै गले ॥३॥

यहाँ श्रीरामजीको प्रतापरूपी त्रैलोक्यव्यापी गुणबाट कडाकडा शत्रुवर्गमा क्षतिपात्र भयेर गल्नुरूप दोष हुन आएको छ।

जहाँ प्रजापीडक–दुष्ट–वर्गले
सजाय पाए घटिया स्वभावले।
तहाँ–तहाँ नाथ ! मजा हुँदै गयो
प्रजाहरूमा प्रभुका प्रतापले ॥४॥

यहाँ दुष्टहरूको सजाय पाउनुरूप दोषबाट श्रीरामजीका प्रजाहरूमा मजा (परमानन्द) पाउनुरूप गुण हुन आएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(८१) अवज्ञा

यौटाको गुणबाट अर्कोलाई गुण नभयेको १, र यौटाको दोषबाट अर्कोलाई दोष नभयेको २ वर्णन गर्दा अवज्ञालङ्कार हुन्छ, जस्तै–

(वंशस्थ)

कथा–सुधा जो शुभ यौवराज्यकी
प्रजाहरूका रसनाग्रमा बसिन्।
व्यथा हजारौं दिन जानकीपते !
ति मन्थराका किन कानमा पसिन् ? ॥१॥

श्रीरामजीका यौवराज्याभिषेकका कथा (खबर) का गुण (आनन्द) बाट घर्फोरा–मन्थरा–दासीलाई गुण नभयेको स्पष्टै छ।

हजुर् उदाएपछि दुष्ट–वर्गको
मुखै अँध्यारो मन झन् अँध्यारो।
भयो र हे राम ! रहेन शिष्टको
मुखै अँध्यारो मन झन् अँध्यारो ॥२॥

दुष्टवर्गका मुखको र मनको मालिन्यरूप दोषबाट शिष्टवर्गमा मुखमालिन्यरूप दोष नभयेको स्पष्टै छ।

(८२) विरोधाभास

पहिलो झमटमा शब्दार्थको विरोध (अयोग्यता) झल्केर आखीरमा विरोध नठहरिने भएमा विरोधाभास अलङ्कार हुन्छ। जाति–गुण–क्रिया–द्रव्य ई ४ को परस्पर विरोध वर्णन गरिन्छ र यसका १० भेद हुन्छन्, जस्तै क्रमैले–

(वसन्ततिलका)

श्रीरामका विरहले सहसा भएको
त्यो मृत्यु नै अमृतरूप भएर आयो।
मौजूद छन् ति अजरामर आजसम्म
राजाधिराज अवधेश्वर पुण्यकीर्ति ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ मृत्युत्व–अमृतत्व, २ भिन्न जातिको एकता विरुद्ध छ।

श्रीरामजीको विरह हुँदा तुरुन्तै भयेको दशरथ महाराजको मृत्युले अमृतको एकता पायो [मृत्यु पनि अमृत भयो] किनभने ? ती राजाधिराज–अवधराज–दशरथजी आजसम्म सज्जन समाजका चित्तमा अजर–अमर भएर मौजूद छन्। आफ्नो सत्यसन्धता कायम राख्नका निमित्त प्राणाधिकप्रिय–भएका रामजीलाई जङ्गलतर्फ बिदा गरेर आफ्ना प्राणलाई तुरन्त बिदा गर्ने, मर्दा पनि राम–राम–रामको बोली कायम राख्ने दिगन्तकीर्ति दशरथ राजा कीर्तिशरीरले बाँचीरहेका छन् ।

होचा भएर गिरिराज समस्त आए
गाम्भीर्य शून्य भइ सागर सात आए।
वाचा खुलेन कविको उपमा नपाई
लाचार भै प्रभु अतुल्य भनेर गाए ॥२॥

यहाँ गिरित्व सागरत्व जातिको अनुच्चत्व गाम्भीर्यहीनत्व गुणसँग विरोध छ र जाति–गुण–विरोध पर्दछ।

प्रभु (रामजी) को वर्णन गर्न खोज्दा उहाँको धीरोदात्तनायकत्वव्यञ्जक दिलको उच्चता र गम्भीरताको सर्वप्रथम स्मरण हुन आउँदा कविका मनले ती दुवै गुण (उच्चता र गम्भीरता) धारण गर्ने २ व्यक्तिलाई मात्र बोलायो, उच्चता धारण गर्ने गिरिराज हिमालयप्रभृति जम्मै कुलपर्वत आए, आउन त आए, तर ती सबै होचा ठहरिए उपमानयोग्य भएनन्। गम्भीरता लिने ७ सात समुद्र पनि आए, ती पनि गाम्भीर्यहीन ठहरिए। कविले उपमा–दिने रहर पुर्‍याउन शकेनन् र हत्पति बोली खुलेन। फत्फते बानी लिएका तिनीहरू लाचार भएर 'प्रभु (रामजी) अतुल्य (अनुपम) हुनुहुन्छ' भनेर गाउन लागे।

हे जानकीरमण ! बाण अतीव सोझा
चोखा थिए हजुरका इदमित्थ पक्का।
तिन्ले कसो गरि चिरे अरिको कलेजा
स्त्रीवर्गमा पनि दिए किन ? तीव्र धक्का ॥३॥

सोझा र चोखा भयेका बाण–जातिको कलेजा–चिरिदिनु, स्त्री–वर्गमा तीव्र (कडा) धक्का दिनु विरुद्ध छ।

सृष्टि–स्थिति–प्रलय ईक्षणले क्षणैमा
गर्ने हजूर जगत्को हित गर्न लागी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धन्-जन् भुलेर भगवन् ! भइबक्सियो लौ !
वन्‌वन् डुलेर रहने नर दुःखभागी ॥४॥

ईश्वररूप द्रव्य नरत्व-जातिमान् भएर रहेकोले द्रव्य-जाति विरोध छ।

(वंशस्थ)

तिनै म संभन्छु पदाब्ज दिन्दिनै
पुगेर जस्ले छिनमा छुँदा-छुँदै।
शिला अँध्यारी, गतिली प्रभामयी
भएर नारी पतिलोकमा गई ॥५॥

अँध्यारी (काली) शिला पनि प्रभामयी (तेजस्विनी) नारी (अहल्या) भई भन्नाले अँध्यारोरूप गुणको र प्रभामयत्व गुणको एकता विरुद्ध छ।

अनन्त-माधुर्य-हुने शरीर त्यो
किशोरिजीका जब दृष्टिमा पर्‍यो।
हठी-पिताका पणका फसादले
विषादको आँसु जमीनमा झर्‍यो ॥६॥

माधुर्य गुणले युक्त भयेका रघुवीरका शरीरले किशोरी (सीताजी) का दृष्टिमा परेर आँसु झारिदिनु गुण क्रिया विरोध हो।

कठोर उस्ता जमदग्निपुत्र ती
समक्ष जस्का पुगि मक्खन नै भए।
हरे ! उनै मङ्गलमूर्ति रामजी
प्रसन्न भै जङ्गलतर्फ गै गए ॥७॥

कठोरतारूपी गुणले युक्त भएको परशुरामरूपी द्रव्य रामजीका अगाडी पुगेपछि मक्खन (अतिकोमल) भएको हुनाले गुण-द्रव्य विरोध पर्दछ।

प्रयत्नले राम नफर्कने-कुरा
सुमन्त्रले वापस भै भनेपछि।
शरीर तातो र चिसो नरेशको
भयो तुरन्तै नगरी अघीपछी ॥८॥

दशरथ नरेशको शरीर 'रामजी प्रयत्न गर्दा पनि फर्कनुभएन' भन्ने कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

सुमन्त्रले सुनाएपछि 'एकदम तातो र चीसो भयो' भन्नाले तातो र चीसो हुनु क्रियाको परम्पर विरोध पर्दछ। यहाँ अक्रमातिशयोक्तिको आश्रयण गरेर २ क्रियाको सहभाव देखाइएको छ।

समुद्र त्यो भीषण–जन्तु–सन्तति
व्याकीर्ण विस्तीर्ण गभीर नै थियो।
प्रभो ! कुनै–किङ्करले हजूरको
सरासरै गोष्पद–रूप गर्दियो ॥९॥

समुद्ररूप यौटा द्रव्यको गोष्पदरूपता (गाईका खुरले बनाएका खाल्डाको रूप) लिनु (तत्समान अति सानो हुनु) रूप क्रियाविरुद्ध छ। 'गोष्पदीकृतवारीशम्' भनेर हनुमान्जीको समुद्रोल्लङ्घनलाई गोष्पदोल्लङ्घन मानेकै छ।

टिपेर जस्ले तृण–खण्डलाई नै
प्रचण्ड ब्रह्मास्त्र गरे कदाचन।
उनै महावीर–धुरीण रामको
तुला लिने वीर कुनै छ ? लौ भन ॥१०॥

यौटा तृणखण्डरूप द्रव्यको ब्रह्मास्त्ररूप द्रव्यभाव विरुद्ध छ। रामजीले सीताजीलाई तकलीफ दिने कागको रूप लिने इन्द्रपुत्र जयन्तलाई जमीनमा रहेको यौटा तृण टिपेर बह्मास्त्र मन्त्रले अभिमन्त्रित गरिकन छाडिदिंदा के अवस्था भएको हो ? त्यो कुरा रामायण–प्रेमी जनमा विदितै छ।

यस्ता प्रकारका १० भेदमध्येमा विरोधाभासका चमत्कारकारी सबै भेद अन्तर्गत हुन्छन्। यसका रचनामा निपुणता भयो भने अरू अलङ्कारको रचना सुगम हुन्छ। अभ्यासार्थ उदाहरण–

कैय्यौं पुर[१] ग्राम[२] र खेट[३] आदिका
आवादिले भूतल ढाकिए पनि।
बाये सजीलो परलोकसम्मको
यौटै थियो निर्मल रामराज्यमा ॥११॥

---

१. पुर (नगर)।

२. ग्राम (गाउँ)।

३. खेट (खेतीवालाको वस्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै जना सनातन वैदिक मार्गमा चलेका थिए, रामराज्यको समयमा पाखण्डको प्रचार थिएन । आबादी बढदा पनि बाटो योटै रहनु विरुद्ध कुरा हो ।

किंवा—

नगर ग्राम हरूको आबादी बढदा पनि ।
योटै बाटो थियो सोभ्रो सबैको रामराज्यमा ॥

अनेक भाषा व्यवहार मार्गका
पृथक्–पृथक् प्रान्तपिछे रहे पनि ।
परेन कैल्यै पनि बोलिमा फरक्
कतै कसैको पनि रामराज्यमा ॥१२॥

भाषा भिन्न भए पनि बोलीको फरक थिएन, अर्थात् मुखले बोलेको कुरामा अन्यथा हुँदैनथ्यो र सबै जना महात्मा–पदवीमा रहेका थिए, मुखले बोलेको कुरामा अन्यथा गरेर दुरात्मा हुने चालमा कोही चलेका थिएनन्[1]। भाषा भिन्न भए पनि बोली योटै हुनु विरुद्ध कुरा हो ।

किंवा—

अखण्ड भूमण्डलमा भाषा भिन्न भए पनि ।
फरक् थिएन सर्वत्र बोलीको रामराज्यमा ॥

हिताभिलाषी–जनका समाजले
सदाचरण्ले सहितै रहे पनि ।
पायो, सहारा श्रुतिशास्त्रको लिंदै
चिताइएको गति रामराज्यमा ॥१३॥

रामराज्यको जनसमाज सदाचरणयुक्त (सदाचारसंपन्न र खुट्टावाला = स्वयं हिंड्न शक्ने) थियो । कर्तव्याकर्तव्यको निर्णय गर्नुपर्दा शास्त्रैको भर पर्दथ्यो र शास्त्रले बताएका बाटमा लागेर चिताएको गति (लोकान्तरमा पाइने सद्गति) पाउथ्यो[2] चरण भैभैकन अर्काका सहाराले गति पाउनु विरुद्ध कुरा हो ।

---

१. **मनस्येकं वचस्येकं कर्मण्येकं महात्मनाम् ।**
मनस्यन्यद् वचस्यन्यद् कर्मण्यन्यद् दुरात्मनाम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. **तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।** (श्रीमद्भगवद्गीता)

अनेक–विद्या–कुशलत्व पाउने
नपाइने–सत्त्व सदा हुने पनि ।
स्वभाव जानेर सदा डराउँथे
स्वधर्मदेखिन् सब रामराज्यमा ॥१४॥

अनेकानेक–विद्यामा पारङ्गत भएको र नपाइने (अतिदुर्लभ) सत्त्व (बल) हुने मानिस पनि 'राख्ने (रक्षा गर्ने) लाई राख्तछु (रक्षा गर्दछु), मार्नेलाई मार्दछु' भन्ने स्वधर्मको स्वभाव जानेर स्वधर्मदेखी डराउँथे । स्वधर्ममा केहि त्रुटि हुन गयो भने हाम्रो कल्याण कदापि हुनेछैन भनेर स्वधर्मरक्षणमा सावधान रहन्थे ।[1] विद्याशक्तिसंपन्न–मानिसले स्वधर्मदेखि डराउनु आधुनिक रीतिको विरुद्ध कुरा हो ।

श्रीरामजी नीति लिएर सर्वदा
साम्राज्यका शासनमा जुटे पनि ।
जहाँतहाँ भूतलमा अनीतिता
छुटेन कैल्यै पनि रामराज्यमा ॥१५॥

रामजीले नीतिका–साथ राज्यशासन गर्न थालेपछि भूतलमा सर्वत्र अनीतिता (ईतिराहित्य–अतिवृष्टि–अनावृष्टिप्रभृति ६ ईति, देशोपद्रव) को अभाव थियो[2] । नीति लिएर शासनमा जुटेपछि पनि अनीतिता रहनु विरुद्ध कुरा हो ।

---

१. **यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः ।**
(जुन वस्तुको आचरणले भुक्ति मुक्ति पाइन्छ, धर्म त्यही हो)
धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ॥
'राखे राख्तछु मारे मार्दछु' भन्ने छ धर्मको धर्म ।
त्यो धर्म रक्षित रहोस्, नरहोस् त्यस्का विरोधमा कर्म ।

२. **अतिवृष्टिरनावृष्टिर्मूषकाः शलभाः शुकाः ।**
अत्यासन्नाश्च राजानः षडेता ईतयः स्मृताः ॥
नीतिविज्ञानरहिते नृपे धर्मानपेक्षिणि ।
षडेता ईतयो राष्ट्रं प्रबाधन्ते मुहुर्मुहुः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किवां-

रामले नीतिका साथ राजकाज गरे पनि।
अनीतिता यत्रतत्र रहेथ्यो रामराज्यमा॥

द्विबाहुता साथ लिएर रामले
साना-ठुला काम चलाइए पनि।
न चिम्लिने निर्भय चारु चक्षु ता
चारै थिए निश्चय रामराज्यमा ॥१६॥

द्विबाहु-रामजीको चक्षु (नेत्र) चार (४) हुनु विरुद्ध कुरा हो। वास्तवमा नीतिकुशल हुनुभएका रामजीले राज्यतन्त्रको भार उठाएपछि चार (जासूस) रूपी चक्षुले लोकनिरीक्षण गर्न लागेर कीर्तिमान् हुनुभयो[1] चार-चक्षु नभएका राजा द्विचक्षु भए पनि लोकवृत्तान्तमा नितान्त अनभिज्ञ हुन्छन्।

मिलेर राजाहरुले र रैतिले
स्ववर्गको धर्म चलाइए पनि।
हट्ने कुरा दूर रहोस् न ! हल्लदै
हल्लेन कैल्यै पनि रामराज्यमा ॥१७॥

राजा-मन्त्री-सेनापतिप्रभृति र सबै रैती मिलेर आफ्ना-आफ्ना वर्गको धर्म चलाइएको (चालू राखिएको) थियो। त्यसरी चलाइएको धर्म हट्नु ता परै रहोस्, हल्लदा पनि हल्लेन (अकम्पितै रह्यो)। धेरै जना मिलेर चलाइएको (घच्घच्याइएको) वस्तु स्वस्थानबाट डेग नचल्नु, हल्लदै नहल्लनु विरुद्ध कुरा हो।

किंवा-

चलाउनामा धेरैले प्रयत्न गरिए पनि।
वर्णको धर्म हल्लेन कहिल्यै रामराज्यमा॥

'चारै खडा वर्ण रहून् जमीनमा'
भन्ने हुकुम् सादर मानिए पनि।
'लौ वर्ण यौटा थपियो हरे !' भनी
हल्ले पताका पनि रामराज्यमा ॥१८॥

---

१. गन्धेन गावः पश्यन्ति वेदैः पश्यन्ति पण्डिताः।
चारैः पश्यन्ति राजानश्चक्षुर्भ्यामितरे जनाः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चारै वर्ण ब्राह्मणादि खडै रहून् (इनको पतन नहोस्, इ जाग्रत रहून्) यस्तो राजकीय नियमलाई सबैले आदरसाथ मानेका थिए र चारै वर्ण खडा रहेका थिए, राजकीय नियमको उल्लङ्घन कहीं भएन। पताकाहरूमा पाँच वर्ण (रङ्ग) खडा भएकाले नाम मात्रको विरुद्ध कुरा भयो तापनि जड पताकाहरू पनि 'अरूहरूले हामीलाई पञ्चरङ्गी (पञ्चवर्णा) बनाएर खडा गरिदिए, राजकीय नियमको उल्लङ्घन हामीबाट भएको ठहरियो भने हाम्रो के गति होला ? हरे !' भन्ने दहसतले हल्लीरहेका हुन्की ?' भन्ने तर्कसम्म गर्न शक्ने समुझदार मानिस नियमोल्लङ्घन को गर्दो हो ?

किंवा—
चारै वर्ण खडा गर्ने कडा नियममा पनि।
पाँच वर्ण हुने हल्ले पताका रामराज्यमा ॥

'खरा रहून् आश्रम चार राज्यमा'
भन्ने हुकुम् निश्चल देखिए पनि।
थिए यथोक्तै मधुरै जहाँ–तहाँ
हजारहाँ आश्रम रामराज्यमा ॥१९॥

'आश्रम (ब्रह्मचर्य–गार्हस्थ्य–वानप्रस्थ–संन्यासका ४ अवस्था) खरा (आश्रमविहित धर्मलाई ठीक ठीक राख्ने) रहून्' भन्ने राजकीय हुकुम अटल रहेमा पनि खराको (कडाको) विरुद्ध मधुर र चारको विरुद्ध हजारौं आश्रम तपस्विनिवास रहनु विरुद्ध कुरा हो।

किंवा—
चार आश्रमको आज्ञा वेदको मानिए पनि।
यथोक्त आश्रम थिए हजारौं रामराज्यमा ॥

अखण्डित प्रेम–सहानुभूतिको
प्रवाहधारा वहँदै रहे पनि।
अपूर्व सुक्खै सबतर्फ देखियो
थियो यही अद्भुत रामराज्यमा ॥२०॥

अविच्छिन्न रहने प्रेमले सहानुभूति (परस्पर सहयोग) को धारा (परम्परा) बगीरहेको (चलीरहेको) हुनाले सबैलाई सुक्खै थियो। परस्पर प्रेम–पराङ्मुख भएर सहानुभूति नपाउँदा दुःख पाउने कोही थिएन। धारा बगीरहेमा पनि सबैतिर सुक्खै (सुक्खा नै) देखिनु विरुद्ध कुरा हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा—

अखण्ड प्रेमको धारा वहँदै रहँदा पनि ।
सुक्खै सर्वत्र देखिन्थ्यो अनौठा रामराज्यमा ॥

ठुलाबडामा पुरुषार्थ साधक
प्रचण्ड सामर्थ्य रहीरहे पनि ।
स्ववाक्यको लङ्घन गर्न हिम्मतै
रहेन कैल्यै पनि रामराज्यमा ॥२१॥

प्रचण्ड सामर्थ्य हुने पुरुषमा आफ्ना वाक्यको उल्लङ्घन गर्न हिम्मत नहुनु विरुद्ध कुरा हो । वास्तवमा ठुलाबडाहरू जस्तोसुकै अडचन परे पनि अनेकानेक आपत्ति आइलागे पनि, आफुले बोलेको कुरालाई सत्य गराई छाड्दथे 'त्यसो भनेथें तापनि त्यसो हुन शक्तैन' भनेर अप्रामाणिकतालाई आश्रय दिँदैनथे र यशस्वी थिए ।

किंवा—

ठुलाबडाले सामर्थ्य अखण्डित रहे पनि
स्वोक्तिको खण्डन कतै गरेनन् रामराज्यमा ॥[1]

यथेच्छ संपत्ति र मान पाउँदा
सबै निराकाङ्क्ष रहीरहे पनि ।
परस्पर प्रीति–सहानुभूतिको
छँदैथियो खायश रामराज्यमा ॥२२॥

निराकाङ्क्ष (अनिच्छु) भएकाले खायश (इच्छा) गर्नु आपाततः विरुद्ध कुरा हो । वास्तवमा रामराज्यका मानिस सब तरहले ठूला भए पनि परस्पर प्रीतिको र सहानुभूतिको अमूल्य–सुखबाट वञ्चित थिएनन् र समग्र राष्ट्र आनन्दमय भएको थियो ।

---

१. **विश्वासपात्र हुन उच्च–विचार गर्ने**
सच्चा मनीषिहरुको र ठुलाबडाको ।
दन्तीन्द्रदन्तझईं हत्पति निस्कँदैन
निस्क्यो भने बदलिँदैन कदापि बोली ॥

महतां वदनाद्वाचो नाञ्चन्ति सहसा बहिः ।
अक्ताश्च न पराञ्चन्ति द्विरदानां रदा इव ॥ (पण्डितराज गजन्नाथ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा–
सबै बली सबै आढ्य सबै पूज्य भए पनि।
अन्योन्य प्रीतिमा प्रीति रहन्थ्यो रामराज्यमा ॥

प्रभावले शिक्षित भावको सदा
उपद्रवाभाव उदाउँदा पनि।
बढेर सौजन्य अनर्थ खाँदियो
दियो यसैले सुख रामराज्यमा ॥२३॥

सबै शिक्षित भएका हुनाले सर्वत्र उपद्रव (मार-पीट-दङ्गा-फसाद इत्यादि) को अभावै थियो (शिक्षितबाट अनेक उपद्रव हुँदैनथे) सौजन्य (सज्जनता) ज्यादै बढेको हुनाले खाँदियो (खुकुलो नभएर टमाटम भयो)। जसका बदौलत उपद्रव नष्ट भएथे, उही सौजन्य खाँदियो (भकुरियो) भने उपद्रवको अभाव थियो भन्नु विरुद्ध कुरा हो,- खाँदिएका सौजन्यले सुख दिनु झन् विरुद्ध कुरा हो।

किंवा–
निरुपद्रवता मात्र यत्रतत्र रहे पनि।
ज्यादा बढेको सौजन्य खाँदियो, रामराज्यमा ॥

समाजमा कर्म सदा शुभै शुभै
श्रुति स्मृति प्रेरित भैरहे पनि।
हटेन सर्वत्र अरिष्ट सर्वथा
कैल्यै कसैको पनि रामराज्यमा ॥२४॥

श्रुति स्मृतिले बताइएका शुभ कर्म भैरहे पनि अरिष्ट (अशुभ-खटका) नहट्नु विरुद्ध कुरा हो। 'जस्तोसुकै कडा अरिष्ट (खटका) भए पनि शुभकर्म (जप-पाठ-पूजा-दान प्रभृति) ले हटतछ' भनि श्रुति स्मृतिले भनेको छ, त्यो नहट्नु विरुद्ध र अद्भुत कुरा हो। वास्तवमा शुभकर्म भैरहेको हुनाले अरिष्ट (भलो-कल्याण) हटेन[1]।

---

१. अरिष्ट शब्द शुभ-अशुभ दुवैको वाचक हो।
अरिष्टं तु शुभाशुभे (अमरकोश)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा–

प्रजाहरूले सर्वत्र शुभै कर्म गरे पनि।
अरिष्टै मात्र देखिन्थ्यो सबैको रामराज्यमा॥

कृतार्थ गर्ने सुकृत प्रचारले
निर्विघ्नताका गुण फैलिए पनि।
विघ्नै बढे रय्यत राजि नै रहे
यिनै थिए अद्भुत रामराज्यमा॥२५॥

संसारलाई कृतार्थ गराउने धर्मको पूर्ण प्रचार रहेको हुनाले निर्विघ्नताका गुण (सबै काम सरासर सिद्ध हुँदा हुने फाइदा) फैलिएका थिए। रैतीहरू विघ्नै बढे (ज्यादा पनि भए, संपन्न पनि भए) ती राजी रहेका थिए। विघ्नै बढेमा (अन्तराय बढेमा) रैती राजी रहनु विरुद्ध कुरा हो।

किंवा–

निर्विघ्नता भूतलमा सर्वथा फैलिए पनि।
विघ्नै बढे थिए राजी दुनिया रामराज्यमा॥

'राम प्रजा रञ्ज नगर्न लाग्नुभो
प्रजा कुनै रञ्ज नभैनभै पनि।'
भनी सबैले जयवाद गर्दथे
सधन्यवाद ध्वनि रामराज्यमा॥२६॥

'प्रजाहरू रञ्ज (नाराज–नाखुश) थिएनन्, तैपनि रामजी प्रजालाई रञ्ज नगर्न (नाखुश नपार्न) लाग्नुभो' भनेर दुनिया 'रामजीले पिष्टपेषण गरेर (रञ्ज नभयेकालाई रञ्ज नपार्ने काम गरेर) पनि आफ्नु लोकरक्षा–व्रतलाई सुदृढ गराउनुभयो' यस्तो समुझ लिएर हर्ष गद्‌गद भैकन धन्य ! राम ! रामजीकी जय ! भन्दथ्यो। दुनियाको समुझअनुसार रञ्ज नभएकालाई रञ्ज नगर्नु विरुद्ध कुरा हो। वास्तवमा रामजीले प्रजालाई रञ्ज (नाखुश) नगर्ने उद्देश्य लिनुभएको थिएन, प्रजाको रञ्जन (अनुरक्तीकरण) को उद्देश्यता थियो।

किंवा–

प्रजा रञ्ज न गर्नामा राजा व्यग्र रहे पनि।
प्रजाहरू कुनै रञ्ज थिएनन् रामराज्यमा॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यथोक्त लेखा गरि पाँच भागमा
विभागले दौलत बाँडिए पनि।
कृपण्सरीको कँहि यो जगद्भरी
रहेन दाता–जन रामराज्यमा ॥२७॥

"आफ्ना धनको पाँच (५) भाग लाएर १ भाग धर्म–कर्मका निमित्त, १ भाग कीर्ति राख्नाका निमित्त, १ भाग धन बढाउने काम (व्यापारप्रभृति) का निमित्त, १ भाग आफ्ना खाना–पीना ऐश आरामका निमित्त, १ भाग आफ्ना कुलकुटुम्बहरूको सहायताका निमित्त, खर्च गर्ने नियममा रहनाले यो लोक परलोक दुवैमा आनन्दै आनन्द मिल्दछ" भन्ने–

धर्माय यशसेऽर्थाय कामाय स्वजनाय च।
पञ्चधा विभजन् वित्तमिहाऽमुत्र च मोदते॥

यो वचनको अनुसार चल्ने रामराज्यका प्रजाहरू धनको ५ अंश दान गर्दथे (धर्मदान–कीर्तिदान–अर्थदान–कामदान–स्वजनदान हुन्थ्यो) तापनि ती दानीहरू कृपण जस्ता दानी ठहर्दिनथे। "शास्त्रले भने मुताबीक धनको ५ अंश दान गर्नु कत्रो बहादूरी हो र ? तिन्ले ५ तर्फको वास्ता राखेर यो लोक परलोक सपारीकन आफ्नु स्वार्थसिद्धि गरे। सञ्चित दौलतलाई आँखी पारेर लुट–पीट भोग्नुपर्ने दुरवस्था ल्याएनन्" यत्ति भनिन्थ्यो, एतावता ती दानी कृपण जस्ता दानी भएनन्, किनभने ? आफ्नु धर्म–अर्थ–काम–मोक्ष सिद्ध गर्न शक्ने शरीर १, भोग–मोक्ष दिने धर्म २, आफ्ना कुललाई पवित्र गराउन शक्ने पुत्र ३, जन्मान्तरमा पनि पछि लाग्ने देवता–अग्नि–ब्राह्मणलाई साक्षी राखेर विवाह गरिएकी–आफ्नी अर्धाङ्गिनी स्त्री ४ यी ४ लाई पनि तकलीफ दिएर लोभलम्पट भइकन दौलतको संचय मात्र गर्दै–गर्दै आफ्नो जम्मै धन एकमुष्ट पराईका हातमा पारेर जाने (मर्ने) कृपण जस्तो दानी कोही[1] थिएन। रामराज्यका दानी प्रजा कृपण जस्ता दानी थिएनन् भन्दा आपाततः विरोध पर्दछ।

---

१. **आत्मानं धर्मकृत्यं च पुत्रदारांश्च पीडयन्।**
यो लोभात् संचिनोत्यर्थान् स कदर्य इति स्मृतः॥
कदर्ये कृपणक्षुद्र ... (अमरकोशः)।
कृपणेन समो दाता न भूतो न भविष्यति।
अस्पृशन्नेव वित्तानि यः परेभ्यः प्रयच्छति॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा–

शास्त्रानुसार धनका धेरै अंश दिए पनि।
कृपण् जस्ता कुनै दानी थिएनन् रामराज्यमा॥

बढेर सौजन्य समस्त वर्णमा
एकात्मता देखिन आउँदा पनि।
जुदा–जुदा नै निजधर्म देखियो,
थियो यही–गौरव रामराज्यमा॥२८॥

बढेका सौजन्यका प्रभावले सबै वर्णमा एकात्मता (अभिन्नता) देखिए पनि सबै वर्णको आफ्नु आफ्नु विशेष धर्म जुदा जुदै थियो[1]। एकात्मता हुँदा पनि धर्ममा भिन्नता हुनु विरुद्ध कुरा हो। वास्तवमा सबै जना सौजन्यका प्रभावले परस्पर मिलीजुलीकन एकै भए पनि आफ्नु आफ्नु वर्ण धर्मलाई जुदा जुदै राख्तथे, मेल भयो भन्दैमा परम्पर भयदायक परधर्म लिंदैनथे।

कृपणो हि निजां भार्यामृतुकाले न गच्छति।
अस्यां जायेत चेत् पुत्रः स मे वित्तं हरेदिति॥

कृपण मानिस आफ्नी स्त्रीको ऋतुकालमा (रजोदर्शनदेखि १६ दिनसम्म) 'यसमा छोरो जन्म्यो भने मेरो दौलत हरिदेला' भन्ने दहशतले स्त्री–प्रसङ्ग गर्दैन। ऋतुकाल निवृत्त भएपछि भार्याको खोजमा प्रवृत्त हुन्छ।

१. **श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्।**
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः॥ (श्रीमद्भगवद्गीता)

स्वधर्मको आचरण गर्दा केहि भूलचूक भए पनि कल्याणै हुन्छ। मर्यादा–स्थापक ईश्वरले 'न कश्चिन्नापराध्यति' प्रत्येक काम गर्दा बिल्कुल निरपराध (भूल नगरिकन) रहन कोही शक्तैन भन्ने सत्य–सिद्धान्तको अनुसार स्वधर्म–प्रेमीको भूलचूक माफ गर्दछन्। स्वधर्मको आचरण गर्न नशकेर परधर्ममा लाग्यो भने परधर्मको आचरण ठीक गरे पनि प्रत्येक धर्मको ठीक ठीक आचरण दुष्करै हुनाले वास्तवमा त्यो लाच्छी मूर्खबाट परधर्माचरण पनि ठीक हुन शक्तैन। ठाडै ईश्वरीय आज्ञाको उल्लंघन 'गरेवापत' भयङ्कर दण्ड भोग्नुपर्दछ। आखीरमा 'इतो भ्रष्टस्ततो भ्रष्टः' हुन जान्छ। स्वधर्ममा रहँदा भएको मरण पनि परिणाम हितकारी हुन्छ, परधर्ममा लागेर पाइयेपलेको सुख पनि चोरी चोरी गरेर पाएको सुखझैं परिणाम घातक हुन्छ।

अमीरी–पापको भन्दा फकीरी धर्मको भलो।
सूजको पुष्टताभन्दा स्वास्थ्यको कृशता भलो॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा—
सौजन्यले एकताको भान पर्दै रहे पनि।
धर्ममा भिन्नता गर्दै रहन्थे रामराज्यमा ॥

प्रजाहरूका घरमा र घाटमा
कुशासनै प्रस्तुत राखिए पनि।
सबै गरिन्थे शुभकर्म सादरै
डरै नमानीकन रामराज्यमा ॥२९॥

रामराज्यमा शास्त्रोक्त-पाठपूजा होम हवनप्रभृति शुभकर्म कुशासनमा बसेर आदरका साथ डर नमानीकन (कर्मप्रवीणता हुनाले भूल होला की भन्ने डर कत्ति नलिएर निर्धक्क भएर) गरिन्थे र राष्ट्रमा कल्याणै कल्याण थियो। कुशासन (धर्मविरोधी हुकूमत) प्रस्तुत रहेमा पनि निर्भय भइकन धर्मकर्म गर्नु विरुद्ध कुरा हो।

किंवा—
पूजाकोठा-प्रभृतिमा कुशासन रहे पनि।
आजापूजा खुशीसाथ गरिन्थे रामराज्यमा ॥

बखत् बखत्मा व्रतवन्द गर्दिने
प्रथा यथावस्थिति राखिए पनि।
हुँदै भएनन् व्रत वन्द सर्वथा
चली-रहेका कहिं रामराज्यमा ॥३०॥

रामराज्यका त्रैवर्णिक प्रजाको (ब्राह्मणको गर्भाष्टम र जन्माष्टम वर्षमा, क्षत्रियको एघार वर्षमा, वैश्यको बारह वर्षमा) व्रतवन्द गर्ने प्राचीन प्रथा यथावस्थितै थियो (कालातिक्रमण हुदैनथ्यो)। चलीरहेका अरू व्रत पनि प्रचलितै थिए र धर्म सुरक्षित थियो। व्रतलाई वन्द (रोकिएका) गर्दिने प्रथा रहे पनि यथाकाल व्रतवन्द (उपनयन) हुनु विरुद्ध कुरा हो।

किंवा—
'व्रत वन्दै गर्नु हुन्न भन्ने आज्ञा भए पनि।
व्रतवन्द यथाकाल गरिन्थे रामराज्यमा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गृहस्थजन्का हृदयान्तरालमा
दया सदा काल रहीरहे पनि।
तुरन्त फर्के सब मुष्टि पाउँदा
कराउँदै भिक्षुक रामराज्यमा ॥३१॥

रामराज्यको समयमा गृहस्थहरूका द्वारमा पुगेका भिक्षुकहरू तुरन्त भिक्षामुष्टि पाउँथे र उच्च स्वरले गृहस्थ परिवारलाई शुभाशिष दिँदै फर्कन्थे। भिक्षा पनि यौटा घरबाट १ मुठि अन्न मात्र लिन्थे, भिक्षाका निमित्त धर्ना हाल्नुपर्दैनथ्यो। दयालु भएका गृहस्थले आएका भिक्षुकलाई तुरन्त मुष्टि दिएर (मुडकी = मुक्का चखाएर) फर्काउनु विरुद्ध कुरा हो।

किंवा–
प्रजाहरूमा सर्वत्र दया पूर्ण रहे पनि।
भिक्षु फर्के मुष्टि दिंदा तुरन्तै रामराज्यमा ॥

गृहस्थको धर्म अखण्ड राखने
धर्मी प्रजामण्डल देखिए पनि।
मानेन सश्रद्ध भएर पाहुना
पाशै कसैले पनि रामराज्यमा ॥३२॥

रामराज्यका गृहस्थहरू पाहुना (अतिथि) लाई श्रद्धायुक्त भएर संमानित गर्दथे। पाहुनालाई पाशै (प्राणहरण गर्ने बन्धनै) मान्दैनथे (ठान्दैनथे) र श्राद्धकर्म गर्दा पनि आफ्ना पितृहरू संझदै हात जोरेर 'अतिथींश्च लभेमहि' (अतिथि पाउँदैरहूँ) भन्ने प्रार्थना गर्दथे। पाहुना आएका बेलामा 'के पाशो आईलाग्यो' भन्दैनथे। गृहस्थ धर्म राखनेले पाहुनापाशै नमान्नु विरुद्ध कुरा हो।

किंवा–
गार्हस्थ्य धर्म सबले श्रद्धासाथ गरे पनि
मानेनन् पाहुनापाशै कहिल्यै रामराज्यमा ॥

सबै–कुराको परिपूर्णता हुँदा
प्रसन्नताले दिन काटिए पनि।
द्विजाति जाग्थे नउदाउँदै रवि
निदाउँदैनन् पनि रामराज्यमा ॥३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसन्न भएर दिन काट्नु र रवि (सूर्य) नउदाउँदैमा निदाएका वेलामा जाग्नु (झोक्किनु रिसाउनु) विरुद्ध अद्‌भुत कुरा हो। वास्तवमा रामराज्यका धर्मभीरु द्विजातिहरू सबतरहबाट संपन्न भए पनि प्रातःकाल ब्राह्ममुर्हूतमा जागा भएर 'अभ्युदितत्व' दोष[1] कहिल्यै लिंदैनथे।

किंवा–

सम्पन्न-भाव रहदा सुप्रसन्न रहे पनि।
ब्राह्मै मुहूर्तमा सारा जाग्दथे रामराज्यमा॥

यथोक्त पूरा गरि नित्यकर्मको
विधान गर्ने सब देखिए पनि।
आधान गर्ने पनि खूब देखिए
द्विजातिका सज्जन रामराज्यमा॥३४॥

सबै द्विजाति (ब्राह्मण-क्षत्रिय-वैश्य) हरू आफ्नो नित्यकर्म पूरापूर (जम्मै) गर्दथे। तिनै आधान (अग्निहोत्र ग्रहण गर्ने कर्म) गर्ने पनि थिए र अग्निहोत्र यथोक्त भइरहेकोले यथासमय वृष्टि भएर सुभिक्ष थियो, दुर्भिक्षको त्रास थिएन[2] सबैले नित्यकर्म पूरापूर गर्नु र आधा नगर्नु विरुद्ध कुरा हो।

किंवा–

द्विजातिले नित्यकर्म पूरापूरा गरे पनि।
आधा-न-गर्ने पनि ती देखिन्थे रामराज्यमा॥

श्रुति स्मृति प्रेरित होम-धूमले
जहाँतहाँका गृह ढाकिए पनी।

---

१. सूर्य उदाउँदा पनि सुतीरहनेलाई 'अभ्युदित' र अस्ताउँदा पनि सुतीरहनेलाई 'अभिनिर्मुक्त' भन्दछन्–

सुप्ते यस्मिन्नस्तमेति सुप्ते यस्मिन्नुदेति च।
सोंऽशुमानभिनिर्मुक्तोऽभ्युदितश्च यथाक्रमम्॥

अभ्युदित-अभिनिर्मुक्त दुवैलाई शास्त्रीय प्रायश्चित्त गर्नुपर्दछ।

२. **अग्नौ प्रास्ता हुतिः सम्यगादित्यमुपतिष्ठते।**
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः॥ (मनु)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदर्शमा दाग कतै न पर्दिदा
सबै थिए विस्मित रामराज्यमा ॥३५॥

श्रौत–स्मार्त–होमले जहाँतहाँका घर धूमाच्छन्न (धूवाले ढाकिएका) र आर्यधर्मका आदर्शरूप (नमूनास्वरूप) भएका थिए, तिनमा कतै दाग (कलङ्क) परेको थिएन। त्यो कुरा देखेर सबै छक्क पर्दथे। प्रतिदिन धूवाले ढाकिएका आदर्शरूप (ऐनारूपी) घरमा दाग नपर्नु विरुद्ध कुरा हो।

किंवा–

होमोत्थापित धूवाँले गृह च्छन्न भए पनि।
थिए आदर्श वेदाग उज्ज्वलै रामराज्यमा ॥

जताततै वैदिक होम–कुण्डमा
अखण्ड अग्नि ज्वलितै रहे पनि।
उ–धूमको नामनिशान सर्वथा
रहेन कैल्यै पनि रामराज्यमा ॥३६॥

अग्निहोत्रीहरूका होमकुण्डमा अघी आधान गरिएका दक्षिणाग्नि गार्हपत्याग्नि, आहवनीय अग्नि मौजूदै रहन्थे, निभ्दैनथे र यथोक्त गरिएका अग्निहोत्रका प्रभावले राष्ट्रमा सुख–शान्ति रहीरहेको थियो। उधूम (उपद्रव) को नामनिशान थिएन। अग्नि बलीरहे पनि उ (त्यो बुद्धिस्थ) धूमको नामनिशान नहुनु विरुद्ध कुरा हो।

किंवा–

कुण्डमा अग्निहोत्रीका सबै अग्नि बले पनि।
उ–धूमका कुनै पीडा रहेनन् रामराज्यमा ॥

सामान्य सोमादिक यज्ञ कहिंचित्
श्रद्धा बढेमा गरिंदैरहे पनि।
पाँचै महायज्ञ गृहस्थ वर्गले
गरीरहे दिन्दिन रामराज्यमा ॥३७॥

रामराज्यका त्रैवर्णिक–गृहस्थहरू शास्त्रले बताएका पञ्चमहायज्ञ नित्य गर्दथे, र दैनिक पापबाट मुक्त रहेका थिए। तिनीहरू कहिलेकाहीं श्रद्धा बढेमा सोम–अग्निष्टोम–प्रभृति सामान्य यज्ञ पनि गर्दथे। श्रद्धा बढेमा महायज्ञ, अन्यदा सामान्य यज्ञ गर्नुपर्नेमा त्यो नगर्नु विरुद्ध कुरा हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा–

सामान्य यज्ञ सोमादि कदाचन गरे पनि।
सदा पञ्च महायज्ञ गरिन्थे रामराज्यमा ॥

सहर्ष पञ्चायतनार्चनादिको
सनातनाचार मनाइए पनि।
न फाटने दुस्तर दुःख काटने
भए भला रय्यत रामराज्यमा ॥३८॥

सनातन चलीआएको पञ्चायतन–पूजन (गणेश–सूर्य–विष्णु–शिव–शक्तिको आजापूजा) मनाउँदा रय्यतले नफाटने (अविच्छिन्न रहने) दुस्तर (पार गर्न नशकिने) दुःख काटे (भोगे) भन्ने कुरा विरुद्ध हो। वास्तवमा त्यस्ता रय्यतले सनातनाचार मनाउनाले त्यस्ता (नफाटने) दुस्तर (पार गर्न नशकिने) दुःख पनि काटे (छिन्न–भिन्न पारे)।

किंवा–

पञ्चायतन पूजाको प्रचार रहँदा पनि।
न फाटने दुःख काटे रैतीले रामराज्यमा ॥

सदा सदाचार यथोक्त गर्दै
आस्तिक्यमा प्रीति जनाइए पनि।
द्विजातिले स्नान गरेर सन्ध्या–
वन्ध्या गरेनन् कहिं रामराज्यमा ॥३९॥

यथोक्त सदाचार गरेर आस्तिकता प्रकट गर्ने द्विजातिले सन्ध्यावन्ध्या (गायत्रीको जपसप) नगर्नु विरुद्ध कुरा हो। वास्तवमा त्यस्ता द्विजातिले सन्ध्या (गायत्रीजप) लाई बन्ध्या (अफला–अनुपासिता) गरेनन्। यथोक्त सन्ध्योपासन गरेर गायत्रीलाई जाग्रत् राखे।

किंवा–

सर्वत्र भूमीतलमा सदाचार रहे पनि।
सन्ध्या वन्ध्या कतै कैल्यै भएनन् रामराज्यमा ॥

सदैव सच्चा रहि सत्यवादिता
हितार्थिले व्यक्त गराइए पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएन सत्य ! प्रतिवाक्य सत्यको
प्रयोग कैल्यै पनि रामराज्यमा ॥४०॥

रामराज्यका जनताले प्रत्येक व्यवहारमा सच्चापना लिएर सत्यवादिता (साँचो बोल्ने स्वभाव) व्यक्त (स्पष्ट-विदित) गराइएको थियो । कुरा गर्दा प्रत्येक वाक्यमा 'सत्य' शब्दको प्रयोग गर्नु पर्दैनथ्यो । सत्य ![1] सत्यवादीले सत्यको प्रयोग नगर्नु विरुद्ध कुरा हो ।

किंवा–

सबै जना सभ्यताले सत्यवादी भए पनि ।
कसैले सत्यको बोली बोलेनन् रामराज्यमा ॥

श्रद्धा र विश्वास लिएर रैतिले
स्वयं शुभै कर्म गरीरहे पनि ।
माला कहिले जपका फिराइए
चिम्लेर चक्षुर्द्वय रामराज्यमा ॥४१॥

श्रद्धा विश्वासले सम्पन्न भएर स्वयं शुभ कर्ममा प्रवृत्त भयेका रैतीले जपका माला करैले (अर्काका आग्रहपूर्वकको प्रेरणाले) आँखा चिम्लेर फिराउनु विरुद्ध कुरा हो । वास्तवमा-त्यस्ता रैती स्वयं (विना प्रेरणा) शुभकर्म (जपप्रभृति) मा प्रवृत्त भएर दुई आँखा चिम्लीकन (ध्यान गर्दै) करैले (दाहिना हातले) माला फिराउँथे ।

किंवा–

श्रद्धापूर्वक सन्ध्यादि शुभ कर्म गरे पनि ।
करैले जपका माला फेरिए रामराज्यमा ॥

---

१. हितार्थीले व्यवहारमा सच्चा रहनुपर्दछ, । 'सत्य' भनेपछि सर्वात्मना ईश्वर साक्षी राखेर 'यो कुरा गरेको हूँ' भन्ने शपथ गरेको बुझिन्छ । 'सत्य' ईश्वरको नाम हो । प्रत्येक वाक्यमा सत्य सत्य भन्न लाग्यो भने सत्य शब्दको अनुप्रयोग नभएको वाक्यमा असत्यता आउँछ । सत्य जस्तो ठुलो धर्म अर्को छैन, त्यो व्यवहारमा रहनुपर्दछ । मुखमा मात्र रह्यो भने त्यो सत्यवादी असत्य ठहरिन्छ ।
सत्यमेव जयति नानृतं सत्येन पन्था विततो देवयानः ।
न हि सत्यात् परो धर्मो नाऽनृतात् पातकं परम् ॥
अश्वमेधसहस्रं च सत्यं च तुलया धृतम् ।
अश्वमेधसहस्राद्धि सत्यमेव विशिष्यते ॥ इत्यादि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महर्षिको स्थान रुचाउने हुँदा
त्रिकालको स्नान सदा गरे पनि।
नुहाइएनन् शिर विप्रवर्गले
यदा कदाचित् पनि रामराज्यमा ॥४२॥

महर्षिहरूले दर्जा लिन खोजेर त्रिकाल (प्रातर्मध्याह्नसाय) स्नान गर्ने ब्राह्मण वर्गले कैलेकाहीं पनि शिर ननुहाउनु विरुद्ध कुरा हो। वास्तवमा त्यस्ता स्वकर्मनिष्ठ–तपस्वी–ब्राह्मणवर्गले कतै पनि कैल्यै पनि शिर नुहाएनन् (झुकाएनन्) सर्वसंमानित भएर रहे।

किंवा–
प्रतिदिन् तिन् पटक् स्नान यथाविधि गरे पनि।
कैल्यै शिर नुहाएनन् द्विजले रामराज्यमा ॥

पञ्चाग्निको ताप खपेर ज्येष्ठमा
कडा–तपस्या जनले गरे पनि।
तपस्विता प्राप्त भएन तेजले
धप्धप् बलेमा पनि रामराज्यमा ॥४३॥

चारैतर्फ अग्नि राखेर माझमा खडा रहीकन सूर्यमण्डलमा दृष्टि अड्याएर तपस्या गर्ने मानिसले तेजले धप्धप् बले पनि तपस्विता नपाउनु विरुद्ध कुरा हो। वास्तवमा त्यस्तो मानिस सिद्ध महात्मा भएर लोकसंमानित हुन्थ्यो, त्यसलाई तपस्विता[1] (दीनता) प्राप्त हुँदैनथ्यो।

किंवा–
कडा कडा तपस्याले सिद्धता साधिए पनि।
तपस्विभावमा कोही रहेनन् रामराज्यमा ॥

स्वाध्याय–संयुक्त तपस्विभावले
सर्वत्र संमानित भैरहे पनि।

१. तपस्वी शब्दले ऋषि मुनिहरूलाई र दीन (दुःखी) लाई कहन्छ। **मुनिदीनौ तपस्विनौ (अमरकोष)।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएन गिन्ती द्विजवर्यको भनी
सबै थिए विस्मित रामराज्यमा ॥४४॥

स्वाध्याय (साङ्गवेदाध्ययन) ले युक्त भएको तपस्विभाव (तपस्विता) ले सर्वत्र सम्मानित भैरहेको द्विजवर्यको गिन्ती (टेरपुछारी) नहुनु विरुद्ध कुरा हो। वास्तवमा-त्यस्ता द्विजवर्यको गिन्ती भएन (गणना-गर्न शकिएन, कत्तिका द्विजवर्य रहेछन् ?) भनि सबै साश्चर्य थिए।

किंवा—

तपः- स्वाध्याय-संपन्न द्विजवर्ग भए पनि।
गिन्ती थिएन तिनको कहिल्यै रामराज्यमा ॥

सदा सबैमा सरल-स्वभावले
अपूर्वको मेल रहीरहे पनि।
अभक्ष्यका साथ कदापि भक्ष्यको
भएन संमेलन रामराज्यमा ॥४५॥

सबै (यावद्वस्तु) मा मेल हुँदा पनि भक्ष्य र अभक्ष्यको संमेलन नहुनु विरुद्ध कुरा हो। घर बजारहरूमा भक्ष्य पदार्थ र अभक्ष्य पदार्थ छुट्टाछुट्टै रहन्थे, चोखीनीतिको खूब ख्याल रहन्थ्यो।

किंवा—

सबै सारल्य गुणले परस्पर मिले पनि।
अभक्ष्य-भक्ष्य दुइ ता मिलेनन् रामराज्यमा ॥

घुम्दा र फिर्दा रसिला समाजले
रूखै कुनै कत्ति नभेट्टिए पनि।
उम्दा वघैचा रमणीय भेट्टिए
जतातत्तै प्रस्तुत रामराज्यमा ॥४६॥

रसिला (शौकीन) भएका समाजले घुम्दाफिर्दा रूखै (बिल्कुल रूखो-नीरस व्यक्ति) भेटेन (भेटिएका सबै व्यक्ति सरस थिए), रमणीय (रमाइला) र उम्दा (अति उत्तम) बघैचा भेट्टिए। रामराज्यमा मनोरञ्जन र स्वास्थ्यको प्रबन्ध पूर्ण थियो। रूखै (वृक्षै) नभेट्टिए पनि उम्दा बघैचा भेट्टिनु विरुद्ध कुरा हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा—

पाइएनन् कतै रूखै घुम्दा रसिक-वर्गले।
उम्दा उम्दा वधैचा ता भेट्टिए रामराज्यमा॥

सोझा र सत्य-प्रिय वाक्य बोलने
प्रजा हुँदामा सुख देखिए पनि।
फैलाउँदै जाल मजा उडाउने
माझी थिए प्रस्तुत रामराज्यमा॥४७॥

सबै प्रजा सोझा (जालसाजी नजान्ने) हुँदा पनि प्रजामध्येको माझीले जाल फैलाएर मजा उडाउने विरुद्ध कुरा हो। वास्तवमा-जाल फैलाएर प्रजाहरूको मजा (मौज-सुख) उडाइदिने (नष्ट गर्ने) कोहि थिएन।

किंवा—

दम्भ फाली धर्म पाली सबै रैती रहे पनि।
खाली माझीहरू जाली देखिए रामराज्यमा॥

स्वधर्मले जन्म सपार्न चाहने
सबै प्रजा धार्मिक देखिए पनि।
लिएर जालै झष मार्न सोझिने
माझी थिए केवल रामराज्यमा॥४८॥

स्वधर्माचरण गरेर जन्मलाई सफल गराउन खोज्ने प्रजामध्येको माझीले जालै (कपटै) लिएर झष मार्न (अकर्तव्यमा प्रवृत्त हुन) सोझिनु विरुद्ध कुरा हो। वास्तवमा माझी पनि स्वधर्मले जाल लिएर झष[1] (माछा) मार्न सोझिन्थे।

किंवा—

धीमा[2] वर[3] रही रैती पुण्य-प्रेमी रहे पनि।
झष मार्ने थिए जाली धीवरै रामराज्यमा॥

---

१. **पृथुरोमा झषो मत्स्यः** (अमरकोश)।

२. बुद्धिमा।

३. वरश्रेष्ठ।

रैती पनि धीवर (बुद्धिमा श्रेष्ठ), माझी पनि धीवर। **कैवर्ते दाशधीवरौ** (कोशः)।

२ धीवरले [illegible] गर्नु विरुद्ध कुरा हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ससत्त्वताले गुणले स्वभावले
महत्त्वमा झट्ट सबै चढे पनि।
कुलै थियो घट्ट हुने समाजमा
महत्त्वको कारण रामराज्यमा ॥४९॥

सत्त्व (बल), गुण (इलम), स्वभाव (बानी) यी ३ कुरा असल रहेमा सबै मानिस झट्ट महत्त्वमा चढ्दथे। कुलको खोजीनीति प्रायः गरिदैनथ्यो[1]। घट्ट हुने समाजमा (घट्टेराहरूमा) महत्त्वको कारण कुलै (कुलो नै) थियो। खाली बल–इलम–स्वभावले मात्र महत्त्वमा चढ्नु कुलको वास्ता नहुनु रामराज्यका आर्य–संप्रदायको विरुद्ध कुरा हो। घट्टेरापर्यन्त कुलैका आश्रयले महत्त्व पाउँथे, भने महत्त्वदाताहरूले कुलको वास्ता नराख्नु आश्चर्यको कुरा हो। कुलको महत्त्व नीतिशास्त्रले आदृत गरेको छ। वास्तव कुरा बल–गुण–स्वभावमाथी कुलसमेत थपियो भने महत्त्वको शोभा १० खण्ड बढ्ता हुन्छ। तथा कुलीन शब्द पनि संमानित हुन्छ।

खुलेर लाग्ने र अनेक जातका
कतै कुनै बात नजानिए पनि।
अनेक विद्यागत बात जानिए
सबै सजीलैसँग रामराज्यमा ॥५०॥

खुलेर लाग्ने (स्पष्ट स्पष्ट बुझिने) अनेक जातका (विभिन्न विषयका) बात (कुरा) विद्यागत (विद्यामा रहेका) सजिलै–गरि जानिदा पनि खुलेर लाग्ने (पोल खुलेपछि मात्र दुनियाले लगाइने – गुप्त गरेको अनाचार प्रकट नहूनूजेल कसैले केहि भन्न नहुने) अनेकानेक (धेरै) जातका बात (जातभात–संबन्धी अपवाद) नजानिनु विरुद्ध कुरा हो। रामराज्यमा जातभात–संबन्धी बात कसैलाई लागेनन्, सर्वत्र आचार शुद्ध थियो।

---

१. जाति र कुलको ज्यादा अपेक्षा रामराज्यका समयमा थिएन, कर्मद्वारा महत्त्व पाइन्थ्यो। दृष्यन्तरूपमा गुह–हनूमान्–जाम्बवान् जटयुप्रभृति मौजूद नै छन् तापनि रामजी वनवासका निमित्त चित्रकूट पुगेर राज भएका वेलामा आइपुगेका भरतजीसँग उहाँले–
कश्चिदात्मसमाः शूराः श्रुतवन्तो जितेन्द्रियाः।
कुलीनाश्चेङ्गितज्ञाश्च कृतास्ते तात मंत्रिणः॥
भनेर मन्त्रीका विषयमा कुलीनताको ज्यादा ख्याल देखाउनुभएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

किंवा—

विद्या विषयका बात जनले जानिए पनि।
खुलेर लागने बात जानेनन् रामराज्यमा ॥

सबै कुरामा सब एक–एक भै
मनुष्यको वर्ग रहीरहे पनि।
सहर्ष गन्दा गनिएन सर्वथा
कहीं कसैले पनि रामराज्यमा ॥५१॥

नागरिक र ग्रामीण सबै जना एकएक (एकसे एक श्रेष्ठ) थिए। तिनीहरूलाई कसैले पनि गन्दा (फोहोरी) गनेनन् (ठानेनन्) सबै सफ्फा–सुग्घर थिए। एकएक भएर (छुट्टा छुट्टा रहेर) पनि गन्दा (खेरी) नगनिनु विरुद्ध कुरा हो।

किंवा—

पुरवासी ग्रामवासी एक एक भए पनि।
गनिएनन् कतै गन्दा कसैले रामराज्यमा ॥

सदा मुनाफा व्यवहारमा हुँदा
रमाउदै कर्म गरीरहे पनि।
बिहान घाटै लिइ घोरिंदै थिए
त्रिवर्णका सज्जन रामराज्यमा ॥५२॥

तिनै वर्ण (ब्राह्मण–क्षत्रिय–वैश्य) का सज्जनहरू सर्वदा आफ्ना २ व्यवहारमा यथेष्ट (चिताए बमोजिम) मुनाफा (फायदा–नाफा) पाउँदा रमाउँदै कर्म (सत्कर्म स्नान पाठपूजाप्रभृति) गर्दथे। तिनीहरू बिहान बिहान घाटै लिएर (कुनै घाटमा गएर स्नान गरेपछि) घोरिंदै थिए (ध्यानारूढ भएका थिए)। सदा नाफा पाएर रमाउने सज्जनले बिहान घाटै लिनु (घाटा नै पाउनु) घाटैमा घोरिनु (झोक्राउनु) विरुद्ध कुरा हो।

किंवा—

सदा रय्यत सर्वत्र मुनाफामा रहे पनि।
घाटैमा देखिनगए बिहानै रामराज्यमा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरा–पुरा सद्‌गुण शीलमा भई

सबै कुरामा पहिला भए पनि।

गप्फी कसैले नभनेर मानिए

समाजका सज्जन रामराज्यमा ॥५३॥

कुरामा पहिला (कुरौटे) लाई गप्फी नभन्नु विरुद्ध कुरा हो।

किंवा–

सबै कुरामा पहिला प्रजावर्ग भए पनि।

गप्फीमा गनिएनन् ती कहिल्यै रामराज्यमा ॥

सदा उकालोतिर मात्र वेगले

चढीरहेका सब देखिए पनि।

विना दमैका दमदार देखिए

बुढा र पट्ठा सब रामराज्यमा ॥५४॥

रामराज्यका रैती बडो वेगले उकालोतिर (उन्नतिमार्गतिर, प्रगतितिर) चढीरहेका देखिन्थे। चढदाखेरि बुढा पठ्ठा सबै विनादमका (दम नचलेका स्वाँ स्वाँ फ्वाँ फ्वाँ नगर्ने – सजिलैसँग चढ्ने) भएर पनि दमदार (ताकतवर = र दमचलेका) देखिए। बुढा पठ्ठा सबैले वेग लिएर (छीटो गरेर–भ्किटीमिटी हाल्ने व्याग लिएर) उकालो चढ्नु, दम नचल्नु, दम नचल्दा पनि दमदार देखिनु विरुद्ध र आश्चर्यको कुरा हो।

किंवा–

उकालै चढ्न लागेका सबै रैती भए पनि।

विना दम्का र दमदार देखिए रामराज्यमा ॥

श्रमैकजीवीहरू दाउ लागदा

सदा प्रसन्नै रहने भए पनि।

किसानको दाउ न लागने हुँदा

प्रसन्न हुन्थ्यो मन रामराज्यमा ॥५५॥

श्रमजीवी (शारीरिक परिश्रमले जीविका चलाउने) हरू दाउ लागेका वेलामा (काम पाएका वेलामा) प्रसन्न थिए, तिनैमध्यका किसान (कृषिजीवी)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरू दाउन लाग्दा (दाजी गर्न लाग्दा) प्रसन्न थिए। दाउ लाग्दा र दाउ नलाग्दा एकरूपले प्रसन्न हुनु विरुद्ध कुरा हो।

किंवा–

कुनै दाउ–न–लाग्दामा दाउ लाग्दा कुनै खुशी।
अभिन्नरूपका रैती देखिन्थे रामराज्यमा॥

बखत्‌बखत्‌मा सब बालिनालिको
यथेष्ट उब्जा रहँदै गरे पनि।
'रह्यो रहर् नै रवि बालिमा ठुलो'
भन्थे सबै रैयत रामराज्यमा॥५६॥

सबै बालीको यथेष्ट उब्जा हुनु र रविबालिमा ठूलो रहर हुनु (रविबालीको इच्छा पूर्ण नहुनु) विरुद्ध कुरा हो। वास्तवमा–सबै बालीनालीको उब्जा यथेष्ट थियो, सबै बालीनालीमध्ये सबभन्दा ठुलो 'रहर्' नाउ भयेको अन्नजातीय वृक्ष थियो।

किंवा–

रैतीको सब बालीमा रहर् पूरा पुगे पनि।
ठूलो भो रवि बालीमा रहरै रामराज्यमा॥

अपापताका प्रबल प्रतापले
अरोगता व्यापक देखिए पनि।
वनौषधि प्राप्त हुने दुकानमा
पुष्टै थियो कुष्ठ त रामराज्यमा॥५७॥

निष्पापता (पापशून्यता) का प्रभावले (सर्वत्र आरोग्य रहेमा पनि जरीबुटी पाइने दुकानमा पुष्ट भएको (बढेको) कुष्ठ (महारोग = कुष्ठ) रहनु विरुद्ध कुरा हो। वास्तवमा कुनै रोग कतै थिएन, रोगको नाम मात्र परेको कुष्ठ (कूट नाम भएको औषधि) पनि फगत वनौषधिका दुकानमा थियो।

किंवा–

धर्म रक्षा भैदिनाले रोगबाधा हटे पनि।
कुष्ठ पन्सारिका घर्मा देखियो रामराज्यमा॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वधर्म–संरक्षणका प्रभावले
ती व्याधि बाधा धपिंदै रहे पनि।
पुरानु सत्यव्रत धर्मको जरो
टुट्टेन कैल्यै पनि रामराज्यमा ॥५८॥

सबै व्याधिबाधा (रोगका तकलीफ) धपिंदा (हटइँदा) पनि सत्य–व्रत–धर्म यी ३ को जरो (ज्वरव्याधि) नटुट्नु विरुद्ध कुरा हो। वास्तवमा सत्य–व्रत–धर्म यी ३ को जरो (मूल कारण आस्तिकता) टुटेन।

किंवा–

धर्म रक्षण गर्नाले सबै रोग हटे पनि।
टिकीरह्यो तिन् जनाको जरो श्रीरामराज्यमा ॥

जम्मै जनाका सुकृत–प्रचारले
आरोग्य टम्मै भइ फैलिए पनि।
हर्से भएर प्रतिदिन् सुनिन्थ्यो
संयुक्त–वेदध्वनि रामराज्यमा ॥५९॥

सबै जनाका पुण्यका प्रचारले टम्मै भएर (पूर्णता लिएर) आरोग्य फैलिंदा पनि संयुक्त वेदध्वनिले (धेरै जना संयुक्त भएर गरेको वेदध्वनिले) हर्से भएर (हर्षा नाम भएको रोग लागेर) सुनिनु (सूज रोगले पीडित हुनु) विरुद्ध कुरा हो। वास्तवमा धेरै ब्राह्मणलाई एकत्र (साथै) राखेर स्वरसहित गरेको वेद ध्वनि सहर्ष सुनिने भएकोले सर्वत्र आरोग्य थियो।

किंवा–

पुण्यानुरागले पूरा आरोग्य रहँदा पनि।
वेदका ध्वनि हर्सैले सुनिन्थे रामराज्यमा ॥

राजा र रैतीहरुका समाजमा
धोका सबै पूर्ण भईरहे पनि।
त्यही कसैबाट कुनै मनुष्यले
पाएन कैल्यै पनि रामराज्यमा ॥६०॥

सबैको धोका (उत्कण्ठा) पूर्ण भइरहँदा पनि कसैले धोका नपाउनु विरुद्ध कुरा हो। वास्तवमा सबैको धोका (उत्कण्ठा–रहर) पूर्ण थियो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(पुग्दथ्यो) कसैले कसैबाट धोका पाएन (कसैले कसैलाई धोका दिएर विश्वासघात गरेन)।

किंवा–

सबै समाजको धोका परिपूर्ण भए पनि।
त्यो कसैले कसैबाट पाएनन् रामराज्यमा ॥

सबै कलामा कुशल प्रजाहरू
भला भला देखिन आउँदा पनि।
मुरादमाफीक कुरा बनाउने
थिएन कोही पनि रामराज्यमा ॥६१॥

कलाकुशल भएका भलाभला प्रजाले मुराद माफीकको (इच्छानुसारको कुरा, वस्तु) बनाउन नजान्नु विरुद्ध कुरा हो। वास्तवमा सबै काममा कुशल भएका थिए तापनि रामराज्यका मानिस आफ्ना–मनोरथ सिद्धिका निमित्त कुरा बनाउन (बनावटी कुरा गर्न) जान्दैनथे, 'मनस्यन्यद्वचस्यन्यत्' को व्यवहार थिएन।

किंवा–

सबै कुरामा कुशल प्रजाहरू भए पनि।
कुरा बनाउने कोही थिएनन् रामराज्यमा ॥

अधर्मले नीतिविरुद्ध कर्मले
रित्ता सबै रैति रहीरहे पनि।
वित्तानुसारै शुभकर्म सादरै
भईरहे प्रस्तुत रामराज्यमा ॥६२॥

रित्ता–भएका रैतिबाट वित्तानुसार शुभकर्म प्रस्तुत (चालू) रहनु विरुद्ध कुरा हो। वास्तवमा रैतीहरू अधर्म गरेर नीतिविरुद्ध काम गरेर दैवदण्ड–राजदण्ड पाउँदा रित्ता भएका थिएनन्, किन्तु अधर्मले र नीतिविरुद्ध कर्मले रित्ता (शून्य–रहित) थिएं, अर्थात् धार्मिक र नीतिमान् थिए र वित्तानुसार शुभकर्म गरिरहन्थे।

किंवा–

अधर्मले र भयले रैती रित्ता भए पनि।
वित्तानुसार सत्कर्म गरिरहे रामराज्यमा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रजाहरूमा समयज्ञता हुँदा
अपूर्वको कौशल देखिए पनि।
हुँदैनथ्यो थाह सुहृत्प्रसङ्गले
दिनै–बितेको पनि रामराज्यमा ॥६३॥

रामराज्यका प्रजाहरूमा समयज्ञता (समय जान्नेको भाव–समयज्ञान) रहे पनि सुहृत्प्रसङ्गले (दिली दोस्तहरूसँग प्रेमालाप गर्नुपरेकोले) दिन–बितेको पनि थाह हुँदैनथ्यो। समयज्ञाताले दिन बितेको थाह नपाउनु विरुद्ध कुरा हो। रामराज्यका भाग्यवान् प्रजाहरू समयज्ञाता[1] (बखत जान्ने, आचार जान्ने, सिद्धान्तका कुरा जान्ने, संकेत जान्ने) थिए र सुहृत्प्रसङ्गको वेलामा सबै कुराको अनुसन्धान गर्नुपर्दा दिन बितेको थाहा पाउँदैनथे।

किंवा–

सबै समयका ज्ञाता प्रजा राजा भए पनि।
थाहै पाएन दिन् वित्ता कसैले रामराज्यमा॥

समागत ग्राहकतर्फ साहुले
मकानमा मान ठुलो गरे पनि।
ठिक्कै गर्‍यो मान दुकानमा भनी
प्रसन्न हुन्थे उनि रामराज्यमा ॥६४॥

मकानमा आएको ग्राहकले ठुलो मान (संमान) ले प्रसन्न भएर दूकानमा ठिक्कैको (मामूली) मानले प्रसन्न हुनु विरुद्ध कुरा हो। वास्तवमा–मकानमा ग्राहकको ठुलो मान हुन्थ्यो र खुशी हुन्थे, दुकानमा ठीक ठीक मान (नपाई–जोखाई–भराई) हुन्थ्यो र खुशी हुन्थे। मकानमा (ठीक) राम्रो मान गरेर दुकानमा बेठीक मान (जोखाई–भराई–नपाई) गर्ने राहुजस्ता साहु रामराज्यमा थिएनन्।

किंवा–
पसलेहरुले घर्मा मान ठूलो गरे पनि।
पसल्मा मान ठिक्कैको गर्दथे रामराज्यमा॥

१. समयाः शपथाचारकालसिद्धान्तसंविदः (अमरकोश)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सस्तै हुँदा वस्तु समस्त देशमा
मस्तै रहेका सब देखिए पनि ।
मौरीहरू "लौ ! महंगो अनर्थ भो"
भनी थिए विह्वल रामराज्यमा ॥६५॥

सबै कुरा सस्तो हुनाले सबैले मस्त रहनुपर्नेमा मौरीहरूले अर्काले मह काढेपछि 'लौ ! मह गो (लुटियो) अनर्थ भयो' भनेर विह्वल हुनु विरुद्ध कुरा हो। वास्तवमा 'महगो' भन्ने शब्द पनि मौरीहरूमा मात्र थियो, सुभिक्षैको साम्राज्य थियो ।

किंवा–

सबै सब कुरा सस्तो हुँदा शान्त रहे पनि ।
मौरीमा महगो भन्ने सन्ताप अधिकै थियो ॥

रोज्गार गर्दा क्यहि व्याज वैश्यले
लिएर निर्वाह चलाइए पनि ।
व्याजै नराखेर समाज माझमा
जमा गर्‍यो दौलत रामराज्यमा ॥६६॥

रामराज्यमा वैश्यहरू व्यापार गर्दा क्यहि व्याज (सूद) लिएर निर्वाह चलाउँथे । आफ्ना समाजमा बिल्कुल व्याज (कपट) नराखेर दौलत जमा गर्दथे । व्याज लिएर व्यापार गर्नेले समाजमा व्याज नलिनु विरुद्ध कुरा हो । वास्तवमा रामराज्यका वैश्यहरू व्याज लिएर रोजगार गरिकन निर्वाहसम्म चलाउँथे, आफ्नै समाजमा व्याज (कपट) लिएर (टट उल्टाएर) दौलत जमा गर्न (पूँजीपति हुन) चाहँदैनथे, वैश्यधर्म सुरक्षित थियो, दगाबाजी थिएन ।

किंवा–

व्यापार गर्दा साहूले केहि व्याज लिए पनि ।
आफ्नै समाजमा व्याज[1] राखेनन् रामराज्यमा ॥

गजेन्द्रशाला नृप–मन्त्रि–सेठका
जताततता प्रस्तुत देखिए पनि ।

---

१. **कपटोऽस्त्री व्याजदम्भोपधयश्छद्मकैतवे** (अमरकोश) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वारीबिचै नित्य गजेन्द्र बाँधिए,
थिए इनै कौतुक रामराज्यमा ॥६७॥

राजा–मन्त्री–सेठहरूका गजेन्द्रशाला (हात्तीसार) जताततै मौजूद हुँदा पनि वारीका बीचमा गजेन्द्र (उत्तम जातिका हात्ती) बाँधिनु विरुद्ध कुरा हो। वास्तवमा हात्तीसारका माझमा रहेका वारी (हात्ती बाँध्ने मौलो) मा हात्ती बाँधिएका थिए। रामराज्यमा प्रायः सबै हात्ती पाल्ने समर्थ–संपन्न थिए।

किंवा–

राजाका र महाजन्का गजशाला रहे पनि।
बाँधिए गज वारीमै सबैका रामराज्यमा ॥

हुकुम् शिरोपर् गरि वाजि राखने
प्रथा यथारीति हटाइए पनि।
असल् असल् वाजि जताතता कुदे
उदेक लाग्ने गरि रामराज्यमा ॥६८॥

बाजी राखने प्रजा हटाउँदा पनि वाजी कुदीरहनु विरुद्ध कुरा हो। वास्तवमा वाजी राखेर खेलिने अनेक तरहका जूवा रामराज्यमा खेलिँदैनथे, वाजीको नाम लिने घोडा ता 'हामी वाजी थियौं तापनि हामीलाई राख्नै परेछ भन्ने हर्षले होकी ?' भन्ने भान पारेर कुदीरहेका थिए।

किंवा–

वाजी नराख भन्दामा प्रजा राजी भए पनि।
वाजी ताजी शयौं वाजी राखिए रामराज्यमा ॥

सदोष बर्बाद गराउने भनी
पियाइने वाद गराइए पनि।
चपाइने रूप लिएर पानले
गुणै गऱ्यो तेरह रामराज्यमा ॥६९॥

अनेकानेक दोष भएको र सबैलाई बरबाद पार्ने भनेर वाद गरिएको (मना गरिएको) पियाइने पान (रक्सी–मदिरा) ले चपाइने रूप लिएर (ताम्बूलको स्वरूप लिएर) १३ गुण गऱ्यो। सदोष र बरबाद गराउने पानले रूपान्तर लिएर गुण गर्नु विरुद्ध कुरा हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा–

पिउँदामा दोष गर्ने होश हर्ने हटे पनि।
चपाएमा गुणी पान रहेथ्यो रामराज्यमा ॥

प्रायेण यो धर्मविरुद्ध हो भनी
शिकारको कर्म हटाइए पनि।
शिलोञ्छ–शिक्षा–शितिकण्ठपूजन
प्रशस्त गर्थे द्विज रामराज्यमा ॥७०॥

धर्मविरुद्ध संझेर रामराज्यमा शिकार प्रायः हटाइएको थियो (अनधिकारी ब्राह्मणादिले शिकार गर्दैनथे)। शिकारको कर्म ('शि'बाट उच्चारण गरिने वस्तुको काम) हटाए पनि द्विजहरूले शिलोञ्छवृत्तिले शिक्षा प्राप्त गरिकन शितिकण्ठपूजन (शिवपूजा) प्रशस्त गर्नु विरुद्ध कुरा हो। वास्तवमा–मर्यादा–पुरुषोत्तम तपःप्रेमी रामजीका शासनकालमा अनधिकारी ब्राह्मणादिले शिकारको शौक गरेका थिएनन्, बरु तिनीहरू शिलोञ्छका पवित्र–अन्नले उदर–परिपूरण गरिकन उचित शिक्षा हाशील भएपछी शङ्करजीको आराधना गर्न लागेर शिवप्रेमी–रामजीका प्रेमपात्र र आदरपात्र भएका थिए।

किंवा–

शिकारको बहिष्कार बुद्धिपूर्व गरे पनि।
शिकारादि शिलोञ्छादि गरिन्थे रामराज्यमा ॥

विवाह–शादीहरुका प्रसङ्गमा
चौतर्फ आनन्द मचीरहे पनि।
कसार अत्यर्थतया बयरिए
खस्रा र फुस्रा हुन रामराज्यमा ॥७१॥

चौतर्फ 'आनन्द' रहदा–पनि कसार बयरिनु र पछिबाट सधै खस्रा फुस्रा (नीरस–रूखा) हुनु विरुद्ध कुरा हो।

किंवा–

चाड कल्याणमा हर्ष सोत्कर्ष रहँदा पनि।
खस्रा–फुस्रा बयारिन्थे कसारै रामराज्यमा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वभाव शान्तै रहि शुद्ध-बुद्धता
प्रजाहरूमा स्थिर देखिए पनि ।
हुँदै थिए श्रौत र स्मार्त यज्ञका
विधान नानाविध रामराज्यमा ॥७२॥

रामराज्यमा श्रौतयज्ञ (हिंसाप्राय रहेर पनि कल्याणकारी भएका सोमादि यज्ञ) स्मार्त यज्ञ (तन्त्रशास्त्रका अनुसार पशुको बलि दिनुपर्ने यज्ञ) हुँदै रहन्थे। जम्मै प्रजा शुद्ध-बुद्ध (यथोक्त बौद्धमार्गी) भएमा पनि श्रौत स्मार्त यज्ञ हुनु विरुद्ध कुरा हो । वास्तवमा प्रजाहरू बुद्ध (बौद्धमार्गी-हिंसाभीरु) थिएनन्, किन्तु शुद्ध (आचारसंपन्न) बुद्ध (ज्ञानसंपन्न) थिए र हिंसा गर्नुपरे पनि श्रौत स्मार्त यज्ञ बराबर भईरहन्थे ।

किंवा–

सबै रय्यत श्रद्धालु शुद्ध बुद्ध भए पनि ।
श्रौत स्मार्त दुवै यज्ञ गरिन्थे रामराज्यमा ॥

जगद्धितैषी भइ सत्यसन्धता
लिने कुनै कर्मठले सुते पनि ।
खडै छ दिन् रात भनेर रैतिले
गर्‍यो ठुलो आदर रामराज्यमा ॥७३॥

लोककल्याणाभिलाषी सत्यप्रतिज्ञ भएको कुनै कर्मठ (कर्मवीर) प्रबन्धको सिद्धताले निश्चिन्त भइ सुते पनि त्यस्लाई रैतीले दिनरात खडै रहेको देखेर आदर गर्नु विरुद्ध कुरा हो ।

किंवा–

औचित्यले समयमा कर्मवीर सुते-पनि ।
खडै रहेको देखेर पूजिन्थे रामराज्यमा ॥

जम्मै धनुर्वेद पढेर लक्ष्यमा
स्वयं क्रियाभ्यास गरीरहे पनि ।
ज्याको ध्वनि क्षत्रियवर्गले कतै
गरेन कैल्यै पनि रामराज्यमा ॥७४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धनुर्वेद पढेर लक्ष्यमा (तारोमा) क्रियाभ्यास (धनु लिएर बाण हान्ने रफत) गरे पनि ज्याको[1] (धनुको ताँदाको) ध्वनि (आवाज) नगर्नु विरुद्ध कुरा हो। वास्तवमा क्षत्रियले धनु लिएर लक्ष्य (तारो) मा बाण हान्दा लक्ष्यमा बाण नलागेर ज्या ! (बिरियो) भनेनन्, सबै-क्षत्रिय लक्ष्यवेध गर्न सिपालु थिए र कतै पनि हानि नहुँदा सुरक्षित भयेको राष्ट्रले पनि 'ज्या !' बरवाद (हानि) भयो भन्ने' अवाज निकाल्नुपरेन।

किंवा–

धनुर्वेदाध्ययनमा क्रियाभ्यास गरे पनि।
ज्याको अवाज निस्केन कहिल्यै रामराज्यमा॥

स्वरत्रय–ज्ञान लिएर सादर
द्विजातिले वेद सबै पढे पनि।
विज्ञानवाला अनुदात्त भावको
थिएन कोही पनि रामराज्यमा॥७५॥

उदात्त–अनुदात्त–स्वरितको ज्ञान पाएर द्विजातिले वेद पढ्दा अनुदात्तत्वको ज्ञान नहुनु विरुद्ध कुरा हो। वास्तवमा ती वेदपाठीहरूले अनुदात्तत्व (छुचोपना) जानेका थिएनन्, सबै उदात्त (उदार–उच्चविचार गर्ने) मात्र थिए।

किंवा–

सारै–समेत द्विजले चारै वेद पढे पनि।
अनुदात्तत्व जानेनन् कसैले रामराज्यमा॥

बिल्कूल गर्दै नगरेर शानको
पर्वाह सेवा गुरुको गरे पनी।
शानै समातीकन शिष्य कार्यको
निर्वाह गर्थे सब रामराज्यमा॥७६॥

शान (घमण्ड) को पर्वाह नराखेर (नम्रता लिएर) गुरु–सेवा गरे पनि शानै समातेर सबै कार्यको निर्वाह गर्नु विरुद्ध कुरा हो। वास्तवमा–शिष्यहरू

---

१. धनुका ताँदालाई संस्कृतमा 'ज्या' भन्दछन्– **'मौर्वी ज्या शिञ्जिनी गुणः'** (अमरकोश) 'ज्या !' यो अव्यय नेपाली भाषामा थालिएको काममा तलमाथी (भूल) हुँदा प्रयोग गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शानको पर्वाह नगरेर (शानदार–घमण्डी नभएर–विनय लिएर) गुरुको सेवा गर्दा गुरुको शानै (इशारै) समातेर सबै कामको निर्वाह गर्थे गुरुले बोल्नु पर्दैनथ्यो शान गर्दैमा सब कुरा बुझेर काम तामील गर्दथे। अर्थात् इङ्गितज्ञ र विनीत थिए।

किंवा—

शिष्यले शान छाडेर गुरुसेवा गरे पनि।
शानैका भरले काम सिद्धिन्थ्यो रामराज्यमा॥

विनम्रता साथ लिएर शिष्यले
सदैव सेवा गुरुको गरे पनि।
आदेशका पालनमा सदा थिए
खडाखडै ती सब रामराज्यमा॥७७॥

सदा विनम्रता लिने शिष्यले आदेश (आज्ञा) पालनमा खडाखडै रहनु विरुद्ध कुरा हो।

किंवा—

शिष्यले नम्रता राखी गुरुसेवा गरे पनि।
प्रत्येक काममा ठाडै देखिन्थे रामराज्यमा॥

चेलाहरू इङ्गितवित् परिश्रमी
सर्वत्र फेला परदैरहे पनी।
खूबै कडा जाँच हुँदा पनी तिनी
फेलै परेनन् कहिं रामराज्यमा॥७८॥

फेला पर्नेले फेलै नपर्ने हुनु विरुद्ध कुरा हो।

किंवा—

परिश्रमी बुद्धिशाली चेला फेला परे पनि।
फेलै परेनन् कहिल्यै जाँचमा रामराज्यमा॥

ऋग्वेदको अङ्ग भनि द्विजातिले
भैषज्य–विद्या सब जानिए पनि।
परेन हातै परकीय नारिमा
परेन आँखा पनि रामराज्यमा॥७९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भैषज्य–विद्या (संपूर्ण आयुर्वेद) जानेर पनि पराईका नारीमा हात र दृष्टि नपर्नु विरुद्ध कुरा हो। 'निरामयो ह्यरोगश्च दुर्भिक्षभयवर्जितः' भनी बखानिएको रामराज्यमा रोगै थिएन र अरूको नारी वैद्यराजको हातमा परेन, आफ्नै नारी हेरेर चित्त बुझाउनुपर्‍यो।

किंवा–

उपवेदाध्ययनमा आयुर्वेद पढे पनि।
कसैले अरुका नारी हेरेनन् रामराज्यमा॥

अमङ्गल–प्रापक–वेशनारिको
सदैव संपर्क हटइए पनि।
थियो सदा प्रस्तुत वेशनारिका
विवाहको मङ्गल रामराज्यमा ॥८०॥

वेशनारी[1] (वेश्या) को संपर्क हटाउँदा पनि वेश–नारिका विवाहको मङ्गल मौजूद रहनु विरुद्ध कुरा हो। वास्तवमा वेशनारी (वेश्या) को संपर्कलाई परिणाममा अनेकानेक खराबी गर्ने ठहराएर हटाएको थियो। वेश (असल कुल–शील–लक्षण–संपन्न भएकी) नारी (स्त्री) को विवाह हुन्थ्यो, त्यो विवाह जिन्दगीभर मङ्गलदायक थियो।

किंवा–

आदेशले वेशनारी निषिद्ध गरिए पनि।
आदेशै वेश नारीको सिद्ध भो रामराज्यमा॥

राजा र रैतीहरुमा कडाकडा
अनर्थ गर्ने मद रोकिए पनि।
गजेन्द्र गण्डस्थलमा खडा थियो
अखण्ड झर्ने मद रामराज्यमा ॥८१॥

कडा कडा अनर्थ गर्ने (उत्पादनमा अन्नराशि कुहाएर दुनियाको भक्ष्य भोज्यमा बाधा पर्ने, पिउँदैमा मानिसलाई प्रमत्त पारेर साधारण साधारण कुरामा भनावैरी उठाएर मारपीट मचाइदिने, इत्यादि खराबी गर्ने) मद (जाँड, रक्सी,

---

१. वेश शब्दले वेश्याको घरलाई कहन्छ– वेशो वेश्याजनसमाश्रयः (अमरकोश)।

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection.

भाङ्, गाँजाप्रभृति नसा) बिल्कुल रोकिएको थियो तापनि गजेन्द्र (मत्ता-हाथी) का गण्डस्थलमा मद अखण्ड खडा रहेर झर्दै थियो। मद रोकिए पनि मद खडा रहनु विरुद्ध कुरा हो।

किंवा—

मद रोकेर सर्वत्र शान्तता आउँदा पनि।
त्यो हात्तीका माथमाथी रहन्थ्यो रामराज्यमा॥

पढेगुनेका सब ब्रह्मचारिले
पोथीतिरै दृष्टि सदा दिए पनि।
गृहस्थले आदर साथ मानिए
जतातता प्रस्तुत रामराज्यमा॥८२॥

पढे गुनेका ब्रह्माचारीले पोथीतिर (स्त्रीवर्ग-तिर) दृष्टि दिंदा पनि गृहस्थबाट आदरका साथ संमान पाउनु विरुद्ध कुरा हो। वास्तवमा रामराज्यका ब्रह्मचारी-खाली जटाधारी हुँदैमा सच्चा ब्रह्मचारी ठहरिंदैनथे। अष्टाङ्ग[1] मैथुनको त्याग गरेर (स्त्रीवर्गको संसर्ग कायेन वाचा मनसा छाडेर) पाठ्य पुस्तक (पोथी) मा मात्र दृष्टि राख्ने महात्मा मात्रै सच्चा ब्रह्मचारी संझिएर आदरपात्र हुन्थे।

किंवा—

पोथीतिरै दृष्टि दिने ब्रह्मचारी भए पनि।
गृहस्थले भक्तिसाथ पूजिन्थे रामराज्यमा॥

---

१. **दर्शनं १, स्पर्शनं २, केली ३, रहस्यं ४, गुह्यभाषणम् ५।**
संकल्पो ६, ऽध्यवसायश्च क्रियानिवृत्ति ८ रेव च।
एतन्मैथुनमष्यङ्गं प्रवदन्ति मनीषिणः॥
'मिथुनस्य (स्त्रीपुंसयोः) कर्म (कार्यं) मैथुनम्' यस्तो यौगिक अर्थले स्त्री पुरुष दुइजनाको अनुराग-जन्य कर्मलाई मैथुन भन्दछन्। त्यो कर्म— परस्पर हेर्नु १, परस्पर छुनु २, परस्पर खेलनु ३, २ जना एकान्तमा वस्नु ४, गुप्ति कुरा गर्नु ५, 'संगम भएपछि यसोयसो ग़रौंला' यस्तो मन्सूवा गर्नु ६, मसक्क आँट्नु ७, आँटिको कुरा...गर्नु ८ यस्ता ८ अवस्थाले रहेको हुन्छ। यी आठै कुरामा एउटा पनि छैन भने मात्र सच्चा ब्रह्मचारी हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैराग्य–संपन्न भएर योगमा
अभ्यास गर्ने जन देखिए पनि।
अनेक मुद्रातिर दृष्टि देखिंदा
सबै थिए विस्मित रामराज्यमा ॥८३॥

वैराग्य–संपन्न भएर योगाभ्यास गर्न थालेपछि पनि मुद्रा (रुपया पैसा) तिर दृष्टि दिनु विरुद्ध कुरा हो। वास्तवमा ती योगाभ्यासीहरू योगशास्त्रमा बताइएका नाना प्रकारका मुद्रा समेत गरेर योगाभ्यासलाई दृढ गराउँदथे। द्रष्टाहरू तिनको योगतत्परता देखेर छक्क पर्दथे।

किंवा–
वैराग्यसाथ योगीले क्रियाभ्यास गरे पनि।
मुद्रामा ध्यान राखिन्थ्यो हमेशा रामराज्यमा ॥

प्रपञ्चमा सद्व्यवहार गर्दिने
वेदान्तवेत्ता जन देखिए पनि।
अयोग्य ठानेर नमानिने कतै
भएन कोही पनि रामराज्यमा ॥८४॥

वेदान्तवेत्ताले प्रपञ्च (संसार) मा सद्बुद्धि (मिथ्यात्व–विपरीत सत्यत्व) को व्यवहार गर्दा पनि त्यसलाई अयोग्य (नासमुझ) ठानेर कतै पनि संमान नहुने हुनु विरुद्ध कुरा हो। वेदान्तवेत्ताले प्रपञ्चलाई असत् (मिथ्या) मान्नुपर्ने (सद्व्यवहार नगर्नुपर्ने) सद्व्यवहार गर्ने वेदान्तीलाई पनि नासमुझ नसंझेर संमानित गर्नु विरुद्ध कुरा हो। वास्तवमा वेदान्तीहरू प्रपञ्चलाई असत् (मिथ्या) ठाने पनि प्रपञ्चमा सद्व्यवहार (राम्रो व्यवहार) गर्ने सुयोग्य ठानिन्थे र संमानित हुन्थे।

किंवा–
सद्बुद्धि गर्ने भवमा वेदान्ती देखिए पनि।
सबै सादर मानिन्थे सबैले रामराज्यमा ॥

इन्साफ साफै गरि शुद्ध चित्तले
जागीरवाला रहने भए पनि।
घूसै दिंदा मल्ल विपक्ष जित्तथे
बक्सीस लिन्थे अनि रामराज्यमा ॥८५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामराज्यमा जागीरदार (कर्मचारी) हरू शुद्धचित्त भएर साफ-साफ इन्साफ गर्दथे। बखत्‌बखत्‌मा रामजी मल्लयुद्ध (कुश्ती) नजर हुन्थ्यो। त्यस कुस्ताकुस्तीमा जुन मल्लले आफ्नु प्रतिमल्ल (प्रतिपक्ष = जोडा) लाई जित्तथ्यो त्यसले इनाम पाउँथ्यो। त्यो मल्लले विपक्ष जित्ता घूसै दिएर (दृढ मुष्टिप्रहार गरेर) जित्तथ्यो । शुद्धचित्तले इन्साफ हुने परिस्थितिमा पनि मल्ल (पहलवान) ले घूसै दिएर (घूस ख्वाएर) विपक्ष जित्नु विरुद्ध कुरा हो।

किंवा—

सर्कारी-कर्मचारीमा इमान्दारी रहे पनि।
मल्लको जीत घूसैले देखिन्थ्यो रामराज्यमा ॥

अद्वैतमा चित्त जमाउने जना
समाजमा मानित भैरहे पनि।
विभिन्नता गोवरको र चाकुको
छँदै थियो प्रस्तुत रामराज्यमा ॥८६॥

वेदान्त-प्रतिपादित अद्वैतभावमा चित्त जमाउने (एकं ब्रह्मैवाद्वितीयं समस्तम् भन्ने भावमा चित्तले डुबेका) मानिस सर्वत्र संमानित भएर रहेमा पनि गोवर र चाकु (गुड) को भिन्नता रहनु विरुद्ध कुरा हो। वास्तवमा ती अद्वैतीको अनुभवको लहैलहैमा नलागेर जनताले गुड-गोवर भिन्न-भिन्नै संझन्थे र सांसारिक व्यवहार ठीक ठीक चलेको थियो।

किंवा—

अद्वैतभावनाभ्यासी ज्यथा-लाख भए पनि।
गुडलेपी गोमयाशी थिएनन् रामराज्यमा ॥

विपक्षको ईख लिएर चित्तमा
स्वपक्ष पक्का प्रबलै रहे पनि।
अक्काशमा पुग्न उडेर चाहने
थिएन कोही पनि रामराज्यमा ॥८७॥

रामराज्यमा खाली जोरी-पारीको ईख (डाह) ले आफूमा सर्वोच्च हुने योग्यता नभए पनि बलीया आत्मीयजनको मद्दतले उच्च दर्जामा चढन खोज्ने कोही थिएन। सबै आफ्नै योग्यता बढाएर कसैको शिफारस नलीकन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तमश्रेणीमा चढदथे। पक्ष (पखेटा) बलीया र आकाशमा पुग्ने इच्छासमेत हुँदा पनि उडेर अक्काश पुग्न नचाहनु विरुद्ध कुरा हो।

किंवा–

जोरी पारी जित्न खोजी पक्ष पक्का छँदा पनि।
उडेर कोहि अक्काश पुगेनन् रामराज्यमा॥

सद्ब्रह्मनिष्ठत्व लिएर सत्त्वको
प्रकर्षवाला जन देखिए पनि।
'एकोऽहमेवास्मि' भनी कसैले
भनेन कैल्यै पनि रामराज्यमा॥८८॥

रामराज्यमा ब्रह्मनिष्ठत्व (परब्रह्ममयत्व) लिएर सत्त्व-गुणको चरम अवस्थामा आरूढ शिष्टहरू पनि देखिन्थे तापनि तिनीहरू मुखले र कामले 'एकोऽहमस्मि (मै एक छु) भन्दैनथे। ब्रह्मनिष्ठले 'एकोऽहमेवास्मि' नभन्नु विरुद्ध कुरा हो।

किंवा–

लब्धप्रतिष्ठ संसारी ब्रह्मनिष्ठ भए पनि।
'एकोऽहम्' भावमा कोही रहेनन् रामराज्यमा॥

जहाँ तहाँ पण्डित–वर्गले स्वयं
अखण्ड पाण्डित्य लिंदैरहे पनि।
गमेर पण्डासित राय मागदै
गरे सबै निर्णय रामराज्यमा॥८९॥

अखण्ड पाण्डित्य भएका पण्डितवर्गले पण्डा (तीर्थ-पुरोहित) सित राय (संमति) लिएर कार्य-निर्णय गर्नु विरुद्ध कुरा हो। वास्तवमा-बडे बडे पण्डितराजहरू पनि कुनै विषयको निर्णय गर्नुपर्दा पाण्डित्यको धाक लाउन हत्तरपत्त वस्तु-निर्णय गर्दैनथे, किन्तु पण्डा (विवेकशालिनी बुद्धि) प्रसन्न (स्वच्छ) भएका वेलामा उसैको राय लिएर कार्यनिर्णय गर्दथे। तिनिहरूले 'गहना कर्मणो गतिः' भन्ने वचनमा पूर्ण आदर गरेका थिए र क्षिप्रवादी भएका थिएनन्।

किंवा–

निगमागम-पाण्डित्य अखण्ड रहँदा पनि।
पण्डाको रायले काम गरिन्थे रामराज्यमा॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रयासले पण्डित शास्त्र–सिन्धुका
सरासरै पार पुगेपछी पनि।
डुबीरहेका सबतर्फ देखिए
तिनै त्यसैमा कहिं रामराज्यमा ॥९०॥

प्रयास (मिहीनेत) गरेर शास्त्ररूपी–समुद्रको पार पुगीसकेका पण्डितवर्गले त्यसैमा कहीं डुबीरहनु विरुद्ध कुरा हो। वास्तवमा–प्रयास गरेर पूर्ण विद्वान् (शास्त्रपारङ्गत) भईसकेपछि पनि पण्डितहरू शास्त्रैमा चुर्लुम्म डुबेर गूढतत्त्वानुसन्धान गर्दथे, पण्डितपदवी पाएपछि कुटुम्बपोषणका प्रयासले फेरी पुस्तक पत्रा पल्टाउने मौकै नपाईकन पढेको विद्यालाई भुसुक्क बिर्सने हुँदैनथे।

किंवा–
देखिए पण्डितहरू पारङ्गत भए पनि।
शास्त्रसागरमा डूबीरहेका रामराज्यमा॥

परापर–ज्ञान हुने मनीषिका
मुहारले कान फुकाउँदा पनि।
फुकेर ग्रन्थिद्वय वित्त–चित्तका
सुखी थिए रय्यत रामराज्यमा ॥९१॥

भौतिक र आध्यात्मिक वस्तुको यथार्थ बोध हाशील गरिसकेका विद्वान्को मुखारविन्दले कान फुकाउँदा (उपदेश ग्रहण गर्दा) वित्तको ग्रन्थि (परिग्रहमा रहेको ममता) र चित्तको ग्रन्थि (मनमा रहेको अज्ञान) फुक्दा (छुट्ता) रय्यत साच्चैका सुखी थिए। कान फुकाउँदा वित्तका र चित्तका ग्रन्थि फुक्नु विरुद्ध कुरा हो। वास्तवमा– 'विद्वान्का मुखारविन्दले श्रद्धालु जनका कान फुकिदिंदा (मन्त्र सुनाउँदा र उपदेश गर्दा) तिनका वित्त–ग्रन्थि (पूँजीस्वरूप मानिएका धन–दौलत–स्त्री–पुत्रादिमा परेको ममतारूपी गाँठो) र चित्तग्रन्थि (चित्तमा रहेको आफूलाई पनि चिह्न नशकिने गराउने अज्ञानरूपी गाँठो) फुके। अर्थात् रामराज्यका प्रजाहरू 'यथा राजा तथा प्रजा' भन्ने सूक्तिका अनुसारै श्रद्धालु भएर सत्सङ्गद्वारा वित्तजस्ता यावत् परिग्रहवस्तुमा लागेको ममतारूपी–बन्धनलाई र चित्तमा लागीरहेका अज्ञानरूपी ग्रन्थिलाई हटाएर अनासक्त र आत्मज्ञानी भइसकेका अवस्थामा पुगेका थिए, विषयलम्पट र अज्ञानी थिएनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा–

मनीषिका वदनले कान मात्र फुके पनि।
चित्तका वित्तका ग्रन्थि फुके श्रीरामराज्यमा ॥

शास्त्रोक्त शिष्यचरणीय चोखी
नीती सबैले गरिँदैरहे पनी।
जूठो कसैले पनि पुत्र–पौत्रको
बारेन कैल्यै पनि रामराज्यमा ॥९२॥

शास्त्रमा बताएको र शिष्टहरूले गरिआएको चोखीनीति सबैले गरे पनि पुत्र–पौत्रको जूठो (उच्छिष्ट) नबार्नु (त्याज्य नगर्नु = खानु) विरुद्ध कुरा हो। वास्तवमा–हरतरहको चोखीनीति गरेर आचरणको शुद्धतामा पूर्ण ध्यान राखिन्थ्यो र रामराज्यका समयमा कैल्यै पनि कसैले पनि पुत्रपौत्रको जूठो (मरणाशौच)[1] बार्नु (भुक्तनु) पर्दैनथ्यो।

किंवा–

व्यावहारिक शास्त्रोक्त चोखीनीती गरे पनि।
पुत्रको पौत्रको जूठो बारेनन् रामराज्यमा ॥

मानेर झर्को महिला–समाजले
शृङ्गारका वस्तु हटाइए पनि।
सिन्दूरको बिन्दु ललाटमध्यको
हटेन कैल्यै पनि रामराज्यमा ॥९३॥

शरीरका सुकुमारताले गर्दा झर्को मानेर शृङ्गारका सामग्री गहना–सहनाहरू हटाउँदा पनि प्रधान शृङ्गार–चिह्न ललाटको सिन्दूर–बिन्दु नहट्नु विरुद्ध कुरा हो। वास्तवमा– स्त्रीधर्मको पालनमा दृढव्रत भएका स्त्रीहरूका सौभाग्यका प्रभावले पतिहरू पहिले मर्दैनथे, र स्त्रीको सौभाग्यचिह्न (सिन्दूरको टीको) हट्तैनथ्यो। "नार्यश्चाऽविधवा नित्यं भविष्यन्ति पतिव्रताः" यो रामायणीय वचनानुसार स्त्रीहरूले 'विधवा' भन्ने पदवी लिनुपर्दैनथ्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. **न पुत्रमरणं केचित् द्रक्ष्यन्ति पुरुषाः क्वचित्।** (वाल्मीकीय रामायण, सर्ग १)

किंवा—

झर्को मानेर गहना–सहना फ्याँकिए पनि।
स्त्रीका सिन्दूरका टीका हटेनन् रामराज्यमा॥

परै रहेका जनका सुदृष्टिले
अवीर हुन् यी भनि ठोकिए पनि।
टिकीरहे स्त्रीजनका ललाटका
टीका हटेनन् कहिं रामराज्यमा॥९४॥

टाढा रहेका सज्जनको दृष्टिले हेर्दा "यो वस्तु अवीरै हो" भनि ठोकिएका (पिटिएका = ठमाइएका = निश्चय गरिएका) स्त्रीजनका टीकाले नहटेर टिकीरहनु विरुद्ध कुरा हो। अवीर (कातर) ठानेर ठोकिएपछि पनि टिकीरहनु नहट्नु अर्को विरुद्ध कुरा हो।

किंवा—

अवीर भनि देख्दैमा सबैले ठोकिए पनि।
स्त्रीका ललाटका टीका हटेनन् रामराज्यमा॥

नद्यादिमा मग्न हुनू र बग्नुका
आपत्तिले स्थान नपाइए पनि।
जतातते दृष्टि दिएर जाँचदा
मग्नै थिए रय्यत रामराज्यमा॥९५॥

नदीहरूमा मग्न हुनु (डुबेको हुनु) र बग्नु (वहनु) का आपत्तिले कतै स्थान नपाउँदा पनि रय्यतहरूले मग्नै हुनु (डुबीरहनु) विरुद्ध कुरा हो। वास्तवमा डुब्ने[1] र बग्ने कोही थिएन, रय्यतहरू इष्टप्राप्तिले मग्नै (मोजै मान्ने मस्त भएका) थिए।

किंवा—

नद्यादिमा मग्न हुने अवस्था नरहे पनि।
मग्नै थिए रैतिहरू सर्वत्रै रामराज्यमा॥

---

१. **नाऽप्सु मज्जन्ति जन्तवः** (वाल्मीकीय रामायण, सर्ग १)
पानीमा डुबेर कुनै प्राणी मर्ने छैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ललाटमा सूर्य भएर चम्कने
सिन्दूरको बिन्दु रहीरहे पनि।
स्त्रीवर्गको हृत्कुमुदप्रफुल्लता
लिँदै थियो प्रस्तुत रामराज्यमा ॥९६॥

स्त्रीवर्गका निधारमा सूर्य भएर सिन्दूरको बिन्दु चम्कीरहेमा पनि उनको हृदयरूपी–कुमुदले (राती फुलने चन्द्रकमलले) प्रफुल्लता लिईरहनु विरुद्ध कुरा हो। सूर्य देखिने समयमा कुमुदले प्रफुल्लता लिनु नपर्ने हो, अर्थात् आफ्ना ललाटमा सिन्दूरको बिन्दु रहेको छ भने तावन्मात्रले स्त्रीहरूको हृदय हर्षले प्रफुल्ल रहन्थ्यो, सौभाग्यचिह्न (सिन्दूर) भए चित्त सन्तुष्ट रहन्थ्यो, गहनागुरियाको पर्वाह थिएन।

किंवा–

सिन्दूरको बिन्दुरूपी सूर्य चम्कीरहे पनि।
स्त्रीवर्गको हृत्कुमुद फुल्दथ्यो रामराज्यमा ॥

जताततता दुर्लभ दर्शनीयता
लिएर आदर्श बनीरहे पनि।
परेन नारीजनमा पराइको
छाया कदाचित् पनि रामराज्यमा ॥९७॥

सर्वत्र दर्शनीयताका आदर्श (ऐना र नमूना) स्वरूप भएका नारीजनमा पराईको छाया नपर्नु विरुद्ध कुरा हो। वास्तवमा त्यस्ता आदर्शस्वरूप नारी–जनमा पराईको छायाले पनि छुन पाउँदैनथ्यो, खास शरीरको के कुरा ?

किंवा–

स्त्री–वर्गमा सद्गुणले आदर्शत्व लिए पनि।
छाया परेन तिनमा कसैको रामराज्यमा ॥

अलीकती भोजनले खुशी हुने
मिजाज रैतीजनले लिए पनि।
पुरै नखाई नहुने हठव्रती
थिए सती स्त्रीजन रामराज्यमा ॥९८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामराज्यका सबै प्रजा 'धेरै–भोजन गर्नाले आरोग्यमा बाधा पर्दछ, आयु

घट्तछ, सद्गति पाइँदैन, पुण्यकर्ममा विघ्न पर्दछ, लोकनिन्दा हुन्छ, त्यसो हुनाले त्यसलाई छाडनुपर्दछ' भन्ने आदिराज मनुको[1] आज्ञामा चलेका थिए र नीरोग दीर्घायु सद्गतियोग्य पुण्यकर्मप्रवृत्त र लोकादरणीय थिए। त्यस्ता प्रजामध्यमा रहने स्त्रीजनले पुरै (धेरै–पर्याप्त) नखाई नहुने हठव्रत (लिंडेढिपी) लिनु विरुद्ध कुरा हो। वास्तवमा पतिव्रता स्त्रीहरूले पतिको पुरा (भुक्तोच्छिष्ट = खाएर शेष राखेको खाद्य वस्तु) खाने हठव्रत लिएका थिए, पतिले खाएपछि पतिको पुरा खान्थे, पतिको वास्तै नराखेर हत्तपत्त खाईहाल्ने चलन थिए। भारतप्रभृति धर्मपुस्तकका दम्पति–धर्म–प्रसङ्गको उपाख्यानमा स्त्रीविरही पुरुषले गरेको विपालमा 'मैले नखाई खाँदैनथिन्' 'भनेर न मय्यनाशिते भुङ्क्ते' इत्यादि रूपले निकालेको हृदयविदारक वचनोद्गार दर्शनीय छ।

किंवा–

स्वल्प भोजन गर्नाले प्रजा राजी रहे पनि।
पुरा नखाई नहुने थिए स्त्री रामराज्यमा॥

राजीखुशी धार्मिकता र पुष्टता
लिँदै सबै काम गरीरहे पनि।
साना ठुला सज्जनले पिँरै लिई
गरे सदा भोजन रामराज्यमा॥९९॥

रामराज्यमा साना ठुला सबै सज्जनहरूले राजीखुशी र धार्मिकता पुष्टता लिएर सबै काम गरिरहेका थिए। धार्मिक हृष्ट–पुष्ट भएका तिनीहरू वछ्यान छाडेर हातपाउ धोइकन शुद्ध स्थानमा पिँरैमा बसिकन भोजन गर्दथे। यत्रतत्र जस्तो–तस्तो अवस्थामा जैले–तैले भोजन गर्ने चलन थिएन[2]। त्यस्ता हृष्ट–पुष्ट धार्मिक–प्रजाले भोजन गर्दा पिँरै (शोक सुर्तै) लिनु विरुद्ध कुरा हो।

---

१. **अनारोग्यमनायष्युमस्वर्ग्यं चातिभोजनम्।**
अपुण्यं लोकविद्विष्टं तस्मात् तत् परिवर्जयेत्॥ (मनु)

२. **नित्यं प्रमुदितो लोकस्तुष्टः पुष्टः सुधार्मिकः।**
निरामयो ह्यरोगश्च दुर्भिक्षभयवर्जितः॥ (वाल्मीकिरामायण)
'आचारः परमो धर्मः' यो शास्त्रीय वचनका अनुसार आचारको पूर्ण पालन हुन्थ्यो र रामराज्यका समयमा अनाचार–दुराचारको प्रचारले पैदा हुने–रोग व्याध, दुःख–दारिद्र्य, दुर्भिक्ष–दुर्मृत्युहरूको पीडा कत्ति थिएन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा–

हृष्ट–पुष्ट रही नित्य सब काम गरे पनि।
पिरैमा भोजन गरे सबैले रामराज्यमा॥

कुलीन नारीहरु पुण्यतीर्थको
जल प्रशस्तै घरमा रहे पनि।
पवित्र हुन्थे पतिका पदाब्जको
पानी पिएरै सब रामराज्यमा॥१००॥

पुण्यतीर्थको जल घरमा छँदाछदै कुलीन महिलाहरूले पतिका चरणकमलको पानी पिएर पवित्र हुनु आधुनिक लोक–दृष्टिमा विरुद्ध कुरा हो। वास्तवमा पतिव्रता स्त्रीका हकमा तीर्थजलभन्दा पतिपादोदक (पतिको पाउ पखालेको पानी) अधिक पवित्र हो भनि– 'तीर्थस्नानार्थिनी नारी पतिपादोदकं पिबेत्' शास्त्रले भनेकै छ र शास्त्रदृष्टिले विरोध पर्दैन।

किंवा–

चोखिन्थे स्त्रीजनहरू तीर्थोदक रहे पनि।
पतिका पाउको पानी पिएरै रामराज्यमा॥

मुलाहिजाले बलले दबाइने
कतै कुनै वस्तु नपाइए पनि।
प्रियाहरूले प्रियका दबाइए
सदा पदाब्जद्वय रामराज्यमा॥१०१॥

मुलाहिजा (सापेक्षता) र जबर्दस्ती गरेर दबाइने (लुकाइने) कुनै कर्म रामराज्यमा पाइँदैनथे, सबै कर्म निःसंकोच र निर्भय भएर गरिन्थे। त्यस्ता दबाउनुपर्ने कम नपाए पनि प्रियाहरूले आफ्ना प्रियका दुइ चरण कमल सदा दबाइए (दाबिए = मीचिए)। दबाइने कर्म नपाए पनि दबाइने कर्म हुनु विरुद्ध कुरा हो।

किंवा–

दबाउने कुरा कोनै नारीमा नरहे पनि।
दबाए पतिका पाउ तिनैले रामराज्यमा॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिएर सोझो निज मार्ग माझमा
झकाझकै स्त्री-जन देखिए पनि।
अलग्ग पट्टाहरू छेउमा हुँदा
राजी थिए सज्जन रामराज्यमा ॥१०२॥

रामराज्यका महिलाहरू आफ्नो सोझो बाटो लिएर माझैमा झकाझक (वस्त्रभूषणले सुशोभित भएका) देखिन्थे। तिन्ले पहिरेका वस्त्रका छेउछेउ (किनारा) मा मात्र पट्टाहरू (वस्त्र-प्रान्तमा लगाइने वस्तु) देखेर सज्जनहरू राजी थिए। पट्टाहरूले छेउछाउमै रहनुपर्दछ, माझमा पसेर धक्काधुक्की गर्नु हुँदैन भन्ने ज्ञान दिलाउन लोक-शिक्षामा कुशल भएका रामराज्यका स्त्रीहरू पातिव्रत्यरूपी-स्वधर्मका बाटाको माझैमा रहेर झकाझक भइकन पर-पुरुषको स्पर्शको परिहार गरेर हिंडदथे। तिनका वस्त्र-प्रान्तमा रहेका पट्टाहरूलाई गुरु मानेर मानिस पट्टा (तरुण पुरुषहरू) बाटाको छेउमा रहन्थे। माझमा पसेर धक्काधुक्की गर्दैनथे। त्यसो हुनाले सज्जनहरू राजी थिए। झकाझक भई स्त्री हिंडेमा बाटाको माझमा नपसीकन पाखा लागेर हिंडनु आधुनिक देशव्यापी सभ्यताको विरुद्ध कुरा हो, प्राचीन सभ्यताको विरुद्ध कुरा होइन।

किंवा–
झकाझक् भइ बाटमा स्त्री-समाज हिंडे पनि।
पट्टाहरू किनारैमा देखिन्थे रामराज्यमा ॥

वर्षा हुँदामा र वसन्तकालमा
निर्धक्क निश्चिन्त हिंडीरहे पनि।
हिलो र धूलो महिला-समाजमा
लागेन कैल्यै पनि रामराज्यमा ॥१०३॥

मदनोद्दीपन गर्ने वर्षा ऋतुको वृष्टि भईरहेका वेलामा र त्यस्तै वसन्त समयमा निर्धक्क र निश्चिन्त भएर हिंडीरहेका महिला-समाजमा हिलो र धूलो नलाग्नु विरुद्ध कुरा हो। वास्तवमा पातिव्रत्य-व्रतमा दृढ रहेका महिलाहरू जुन्सुकै समयमा पनि अचल-चित्तै रहन्थे, तिनिहरूमा हिलो (पाप) धूलो (वदनामी) कहिल्यै पनि लाग्न पाउँदैनथ्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा—

वसन्तमा र वर्षामा महिलाले हिंडे पनि।
हिला र धूलाहरूले छोएनन् रामराज्यमा ॥

धनाढ्यतायुक्त विलासिता हुँदा
सहस्र मुद्रा पतिले दिए पनि।
पाएन सौ-ता महिला-समाजले
कतै र कैल्यै पनि रामराज्यमा ॥१०४॥

धनाढ्यता (धनपूर्णता) र विलासिता (विलास-प्रियता, शौकीनी) ले युक्त भएका पतिले पत्नीलाई सहस्र मुद्रा (हजार रुपिया) दिंदा पनि तिनले सौ (सये रुपया) ता कहिं पनि कैल्यै पनि पाएनन्। हजार पाउँदा सौ (सयै) कतै पनि कैल्यै नपाउनु विरुद्ध कुरा हो। वास्तवमा रामराज्यमा-धनवान् शौकीन पतिबाट पत्नीले प्रेमप्रदानको हजारौं रुपया पाउँदथे, परन्तु त्यस्ता-उदार मनस्वी पतिबाट सौता पाउँदैनथे। बहुविवाहको चलन राखेर घरमा नित्यकलहको र अलच्छिन्को प्रवेश थिएन। धन्य रामराज्य ! धन्य एकपत्नीव्रत लिने रामजीका समानशील भएका प्रजा !

किंवा—

सहस्र मुद्रा पतिले दिएको पाउँदा पनि।
महिलाहरूले सौ-ता पाएनन् रामराज्यमा ॥

विवाह आपस्त समाजका सती-
नारीहरूले सब हेरिए पनि।
नपाइने भो पतिका विवाहको
कैल्यै पनी दर्शन रामराज्यमा ॥१०५॥

आपस्तहरूका समाजमा भएका सबै विवाह हेर्ने सती-महिलाले परम आपस्त भएका पतिको विवाह हेर्न नपाउनु एकदेशी दृष्टिले हेर्दा विरुद्ध कुरा हो। वास्तवमा परस्पर प्रेमपाशले बाँधिएका नरनारी-युगलमा नारीले पतिको विवाह देख्न पर्दैनथ्यो, आपस्तहरूका विवाहोत्सवमा संमिलित हुन अवश्य पर्दथ्यो र गएर त्यो विवाहलाई धार्मिक दृष्टिले हेर्दथे। अडोस-पडोसका परचक्री मानिसको विवाह हुँदा बाजाको आवाज सुन्नेवित्तिकै दौडँदै गएर विवाहोत्सव हेर्न घुइंचो पार्दनथे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किंवा–

विवाह–विधि आपस्त–सबैको हेरिए पनि
विवाह पतिको स्त्रीले हेरेनन् रामराज्यमा ॥

मिलापवाला नरवर्ग तेजिला
बलिष्ठ नीरोग सदा रहे पनि।
दबेर तिन्का अतिसुस्त चल्दथे
समस्त नारीहरु रामराज्यमा ॥१०६॥

परस्पर प्रेम हुँदा प्रसन्नवदन भएर तेजिला देखिएका र नीरोग हुनाले बलीया भएका नरवर्ग (पुरुषवृन्द) का नारीहरू दबेर (नम्र भएर) सुस्त (विस्तारै) हिँडदथे। त्यस्ता नरवर्गका नारी (नाडी–शरीरान्तःस्थितिबोधक शिरा) अतिसुस्त चल्नु विरुद्ध कुरा हो। अर्थात् रामराज्यको नारीवर्ग–

शनैर्यानं शनैर्वाक्यं ग्रासहासौ शनैः शनैः।
योषितां नोपलभ्यन्ते हीनभाग्योदयैर्नरैः ॥

अल्प भाग्य भएका (अभागी) पुरुषले आफ्ना स्त्रीहरूको सुस्त सुस्त हिंडाई, सुस्त सुस्त बोलाई, सुस्त सुस्त खुवाई, सुस्त सुस्त हसाई पाउँदैनन्।

यो–शिष्टवचनको अनुसार पतिको भाग्योदय गराईदिने हुनाले मन्दमन्द गति लिन्थे, उद्धत गति लिने दुर्लक्षणा (अलच्छिनी) थिएनन्।

स्वभावसिद्ध–स्पृहणीय–सद्गुण
सुदूर नारीजनका पुगे पनि।
स्वगेहका देहलिको आवाजले
गरेन उल्लङ्घन रामराज्यमा ॥१०७॥

स्त्रीहरूका अरू सद्गुण विकसित भएर टाढाटाढासम्म पुगेका थिए। तिनै सद्गुणमध्यको मधुर आवाजले आफ्ना घरका द्वारको उल्लंघन नगर्नु विरुद्ध कुरा हो। वास्तवमा स्त्रीहरू 'शनैर्यानं शनैर्वाक्यम्' इत्यादि पूर्वोक्त शिष्टवचनको अनुसार ढोकादेखि बाहिरका मानिसले नसुनिने गरि बोल्दथे। घरै थर्काउने गरि चिच्याएर अलच्छिन बोलाउने चलन थिएन।

किंवा–

सबै सद्गुण नारीका दूर–दूर पुगे पनि।
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
नाघेन स्वरले ढोका स्त्रीका श्रीरामराज्यमा ॥

कुरा अनौठा, रचना अनौठा,

सुन्ने र हेर्ने अवसर् परे पनि।

मिचीमिची पेट ठुलो अवाजले

हाँसेन नारी–जन रामराज्यमा ॥१०८॥

अनौठा अनौठा कुरा सुन्दा र अनौठा रचना (नाना प्रकारका हास्यजनक लवाई–खुवाई–हँसाई–बोलाइ) हेर्दा पनि स्त्रीजनले पेट मिचीमिची नहाँस्नु विरुद्ध कुरा हो।

किंवा–

अद्भुताद्भुत वाक् चेष्ट्य सुन्दै–हेर्दै रहे पनि

अट्टाट्टहास नारीले गरेनन् रामराज्यमा ॥

अत्यन्त–आवश्यक काम आउँदा

हत्पत् र भोक प्रचुरै रहे पनि।

ठुला–ठुला गाँस छिट्ये–छिट्ये गरी

खाँदैनथ्यो स्त्री–जन रामराज्यमा ॥१०९॥

ज्यादै शीघ्रता गर्नुपरेमा र ज्यादै भोक लागेका समयमा पनि स्त्रीहरूले छिटोछिटो गरेर ठुलाठुला गाँस मुखमा नहाल्नु विरुद्ध कुरा हो। वास्तवमा रामराज्यका स्त्रीहरू पूर्वोक्त शिष्ट–जनका वचनको अनुसार जस्तोसुकै अवस्था परे पनि खाँदाखेरि हत्पत् नगरेर (विस्तारै खाएर) स्त्री–धर्मको रक्षा गर्दथे।

किंवा–

स्त्री–हरूले ठुलै काम ठुलै भोक भए पनि।

छीटेछीटे ठुला गाँस खाएनन् रामराज्यमा ॥

विदग्धता गानकला–प्रवीणता

संपूर्णलोकप्रियता रहे पनि।

गाएन मागल् महिला–समाजले

कतै कहील्यै पनि रामराज्यमा ॥११०॥

चलाक, गानविद्याकुशल, लोकप्रिय भएका स्त्रीवर्गले साधारणले जानेको माँगल् गाउन नजान्नु विरुद्ध कुरा हो। वस्तुतस्तु–मड्यौलीहरूले र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मीय प्रेमी स्त्रीजनले गाइने माङ्गल (मङ्गलका निमित्त गाइने गेय) हो। आफ्नो दारिद्र्यसूचक— यो पनि छैन, त्यो पनि छैन, भन्ने कुराको सूचन गर्दै अस्पष्ट याचना गर्नु (मागनु = माग गर्नु) मागल हो। रामराज्यका स्त्रीवर्गले गानविद्या-प्रवीण भएर माङ्गल गाए पनि, मगन्ताहरूले गाइने मागल गाउन जानेको थिएन।

किंवा—
गान-विद्या-कुशलता स्त्रीहरूमा रहे पनि।
मागल् गाउन जानेन कहिल्यै रामराज्यमा ॥

पढ सज्जन! यो ग्रन्थ दुर्बोध बुझिए पनि।
जपिनन् रामका नाम अष्टोत्तर शये भनि ॥

"सबै आभास मिथ्या हो यस्मा अल्मलियौ भने।
हुँदैन तत्त्वको बोध" भनेर बुधले भने ॥

तस्मात् विरोधको गन्ध छाडेर सब यो पढ।
राख सम्बन्ध रामैमा सद्भक्त-श्रेणिमा चढ ॥

अनौठा-चीजको वर्णन् अनौठै रीतले सुन।
हेक्का-सुदृढ राखेर प्रसन्न-मनले गुन ॥

(८३) परिसंख्या

कुनै ठाउँमा कुनै वस्तुको स्थितिको निषेध गरेर अन्यत्र स्थिति देखाउँदा परिसंख्यालङ्कार हुन्छ। अन्यत्र स्थिति शब्दैले देखाएमा 'शाब्द परिसंख्या १', अन्यत्र स्थितिको निषेध शब्दैबाट बुझिंदा पनि 'शाब्द परिसंख्या २', अन्यत्र स्थितिको निषेध शब्द-प्रयोग नगरिकन अर्थात् बुझिंदा 'आर्थ परिसंख्या' ३ हुन्छ। जस्तै क्रमैले—

(मालिनीछन्द)

मन कुटिल र काला देखिएनन्, कसैका,
अति कुटिल र काला देखिए खूप केशै।
प्रभु रघुपति नीति-ज्ञान-विज्ञानवाला
क्षितिपति हुन जाँदा स्वर्ग भो भूमिदेशै ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अति सरल र चिल्ला स्वच्छ हीरासरीका
रघुपति जनताले भित्र चीरा[1] लिएनन्।
अलिकति समजस्ता देखिए बाहिरैमा
उदरतिर त चीरा शून्य[2] खीरा[3] थिएनन्॥२॥

अतिवृष्टि, अनावृष्टि मूसा, शलभ (ह), शुगा, छिमेकी राजा यी ६ प्रकारका ईति (देशोपद्रव) मध्ये–

(अनुष्टुप)

खलामा र भकारीमा ढुकुटीमा र खल्तिमा।
झर्को लाग्ने शयौं झर्‌को अतिवृष्टि सदै थियो॥३॥

दुःखदायी–अतिवृष्टि भएन, पूर्वोक्त ४ ठाउँमा जिनिस–नगद खूब वर्षन्थ्यो।

प्रजाका दृष्टियुगमा इष्टनाश हुँदा हुने।
अनौठाको अनावृष्टि सर्वत्रैव सदा थियो॥४॥

इष्टवस्तुको नाश हुँदा मात्र हुनुपर्ने नेत्रको अश्रुवृष्टि रामराज्यमा कहिल्यै भएन, कसैले रुनुपरेन। प्रजाका दृष्टिमा शोकाश्रुको अनावृष्टि थियो।

सुनार–बाँडा–तम्मोटहरूको ज्यासलैतिर।
ठूला र साना मूसाको प्रसार बहुतै थियो॥५॥

सुन–चाँदी पगाल्ने 'मूसा' नाउँ भएका भाँडा सुनार–बाँडा–तम्मोटहरूका ज्यासल (कार्यालय) मा खूब फैलिएका थिए। अलच्छिनी मूसाको उपद्रव थिएन।

'हाम्रा राजा राम गर्छन् सदा कुशल भक्तको'।
भन्दा शलभको बोली प्रत्येक–घरमा थियो॥६॥

राजभक्त भएका प्रजाले हर्ष–गद्‌गद् भएर 'राम गर्छन् सदा कुशल भक्तको' भन्दा 'कुशल भक्तको' यत्ति अंशमा 'शलभ' भन्ने बोली सुनिन्थ्यो, अन्यत्र शलभ (ह) को उपद्रव थिएन।

---

१. चीरा–भेद–फूट।
२. चीरा (फूट) नभएका।
३. खीरा (काँक्रा)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामनाम सुनाएर जन्मजाल उडाउँने।
शुगाहरूको बहुता प्रत्येक घरमा थियो ॥७॥

रामगुणानुरक्त भएका प्रजाले श्रद्धासाथ पालेर शिक्षित पारिएका शुगाहरू तारकमन्त्रस्वरूप रामको नाम सुनाएर जन्मजाल (जन्मबन्धन) उडाइदिन्थे, त्यस्ता शुगा प्रत्येक घरमा थिए। फसल नष्ट गर्ने शुगाको उपद्रव कहीं थिएन।

किरीटी–वन्दनाऽऽकाङ्क्षी राजमण्डल घोप्टिंदा।
सदाचरणको पीडा रघुनन्दनमा थियो ॥८॥

किरीट लाएका र दर्शनार्थी भएर आएका राजमण्डल (राजाहरूको समूह) पाउमा घोप्टिन लाग्दा किरीटले घोचिएर रघुनन्दनका चरणमा केहीं पीडा सँधै हुन्थ्यो, तत्पश्चात् राजमण्डलको खातिरी गर्नुपर्ने हुनाले रघुनन्दनमा सदाचरणको (सत्कार गर्नाको) पीडा (तकलीफ) पर्दथ्यो। रणको पीडा थिएन, चरणको र सदाचरणको पीडा निकै थियो।

एवं रीत्या कुनै ईति राष्ट्रमा नरहेपछि।
'ई' 'ति' भन्ने शब्दमात्र वस्तु–निर्देशमा थियो ॥९॥

नगीचैमा वस्तुको निर्देश गर्दा 'ई' टाढाका वस्तुको निर्देश गर्दा 'ति' शब्दको प्रयोग हुन्थ्यो। जम्मै ईति थिएनन् ! धन्य रामराज्य !।

रामराज्यमा रोगबाधा कत्ति थिएन। खोजी गरेको खण्डमा–

आम–गुल्म–जरो–कुष्ठ–गद–गानु–चिलाउने।
इत्यादिको नाम मात्र उद्भिज्जहरूमा थियो ॥१०॥

जमीनमा पैदा हुने (उद्भिज्जवर्ग) मा रोगको नाम मात्र परेको आम (आँप) गुल्म (झाङ) जरो (मूल) कुष्ठ (कूट) गद (गद) गानु (कन्द) चिलाउने (स्वनामप्रसिद्ध) वस्तुको स्थिति थियो।

देशमा धर्मको पूर्ण प्रचार रहने हुंदा।
कुमारीका नामभित्र मारीको हमला थियो ॥११॥

अधर्मबाटै उत्पन्न हुने मारी (देशध्वंस गर्ने व्यापक सरुवा रोग महामारी) रामराज्यमा थिएन। प्रचलित धर्मका डरले मारी (महामारी) कतै छिपेर रहेको छ की ? भनेर खोज्दा प्राणीलाई छुन नशकेर अमूर्त भएको कुमारीशब्दमा हमला गरिरहेको देखिन्थ्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सदा स्वधर्मनिरत नर नारी दुवै हुँदा।
बजारका पुछारैमा जारको घटना थियो ॥१२॥

'बजार' शब्दको प्रयोग गर्दा पछिल्ला २ अक्षरमा 'जार' फेला पर्दथ्यो, व्यभिचार गर्ने खास जारको के कुरा ? खाली जार शब्द पनि वस्तीका माझमा खुल्लमखुल्ला बस्न नशकेर बजारका पुछारमा लुकेर बसेको थियो।

संयमी–र–सदाचारी प्रजाहरू सबै हुँदा।
बखत्बखत्मा खत् भन्ने वस्तु दूरस्थमा थियो ॥१३॥

चोरी चकारीप्रभृति पञ्चखतमध्येको कुनै खत (अपराध) पनि रामराज्यमा थिएन । टाढा विदेशमा समाचार पठाउनुपर्दा खत (चिठी) को प्रयोग बखत्बखत्मा हुन्थ्यो ।

सात्त्विकाचारमा मात्र सबै राजी हुने हुँदा।
वाजीको स्थिति वेलामा तवेलाहरूमा थियो ॥१४॥

रामराज्यका प्रजा सबै सात्त्विक (सत्त्वगुणी) आचारमा राजी थिए । त्यसो हुनाले रजोगुणी र तमोगुणीमा प्रायः रहने दगाबाजी, धोखेबाजी, नशेबाजी, रण्डीबाजी इत्यादि कौनै बाजी र खेलमा थापिने बाजी थिएनन्। केवल 'वाजी' भनिने वस्तु (घोडा) वेलामा (सवारी चलाउन बाहिर जान नपरेका समयमा), तवेलामा (अश्वशालामा) थियो।

सबै सत्कार्य–चर्चाले मनोरञ्जन गर्दथे।
गोरुका काँधमा जूवा कुनै समयमा थियो ॥१५॥

रामराज्यमा सत्कार्यको चर्चा (जिकर) ले मनोरञ्जन (दिल बहलाव) हुन्थ्यो। अनर्थको मूल कारण जूवा खेलेर मनोरञ्जन गर्न खोज्ने कोही थिएन। कुनै समयमा (जोतेर मालिकको मनोरञ्जन गराइदिनुपरेका वेलामा) गोरुका काँधमा जूवा रहन्थ्यो। अगिपछि गोरु पनि जूवादेखि फरकै रहन्थे।

वाजी र जूवा नरही वित्त–तृष्णा हराउँदा।
सर्वत्र चित्तको चोरी नित्य अन्योन्यमा थियो ॥१६॥

पूर्वोक्त दुर्व्यसन बिल्कुल नभएकोले तिनको फलस्वरूप चोरी पनि थिएन। वित्तको कमी नभएपछि वित्तको चोरी किन हुन्थ्यो ? दुर्व्यसनले रहित भएका प्रजाहरूमा परस्पर चित्तको चोरी ता थियो। सबै जना परस्पर मनोहर थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै अत्यन्त विश्वासी सबै जाँगरिया हुँदा।
गेहमा बस्न नशकी देहभित्र नसा थियो ॥१७॥

सबै जना विश्वासी (भरपर्दा) जाँगरिया थिए। विश्वास गर्न नदिने, काममा विघ्न पार्ने कुनै दोष तिनमा थिएन। त्यस्तो दोष तिनका घरभित्र खोजदा पनि पाइएन, परन्तु घरमा नपाइए पनि शरीरभित्र लुकेर रहेको त्यो दोष फेला पर्दथ्यो। त्यो दोष हो नसा (गाँजा-रक्सी भाँग प्रभृति)। नसाले गर्दा मानिस भरपर्दो हुँदैन काम पनि यथासमय दिन शक्तैन। साँचैको नशा (नसा) मदिरादि रामराज्यका प्रजाका घरमा फेला पर्दैनथ्यो भन्ने कुराता टढै रहोस्न खाली तिनको नाउँ परेको नशा पनि देहभित्र लुकीरहेको थियो।

सीधा-सादा सत्यवादी प्रजावर्ग रहेपछि।
लवस्तरो नापितका झोलामा हाजिरै थियो ॥१८॥

रामराज्यका प्रजाहरू सबै जना सीधा (कपट नजान्ने) सादा (भडकमा नभुलेका) थिए। लवस्तराको खोजी गरेमा नापित (नाउ-हजाम) का झोलामा लवस्तरो (छुरा उध्याउने छालाको टुकडा) फेला पर्थ्यो। राष्ट्रभरीमा लवस्तरो (असत्यवादी लुच्चो) कोही थिएन।

दुःसङ्गमा सबै भीरु राजा रैती रहेपछि।
अखण्ड स्थिति खोटको सल्लाप्रभृतिमा थियो ॥१९॥

दुष्टहरूको संगत गर्न सबै डराउने भएकाले मानव-समाजमा खोटा (दुष्ट) कहीं रहेनन्, खाली सल्ला-प्रभृति वृक्षमा खोटाको अटूट स्थिति थियो।

सर्कारी-कर्मचारीमा इमान्दारी सदा हुँदा।
अल्झाउने कुरो सिर्फ बारीतर्फ कतै थियो ॥२०॥

रामराज्यमा सर्कारी कर्मचारीहरू आफूले गरेको शपथ-ग्रहण नित्य संझेर इमान्दारीका साथ अविलम्ब यथासमय कार्य-सम्पादन गर्दथे। व्यवहारीले धेरै अल्झनुपर्दैनथ्यो। अल्झाउने कुरा (कपडा प्रभृतिमा लाग्ने खस्रो तृणविशेष) जङ्गलतिर कतै फेला पर्दथ्यो।

स्वयं परिश्रम गरी कार्य-सिद्धि भए पनि।
CC-0. Nepal Sanskrit Academy Kathmandu. Collection
नेतीका साथ ठेकीमा मन्थन् गर्ने चलन् थियो ॥२१॥

मेहनतका साथ दहि दूध मथेर मक्खन झिकीसकेपछि ठेकीको गुन संझेर (कृतज्ञ भएर) ठेकीमा मक्खन अलीकति घसीदिनुरूप प्रत्युपकार गरिन्थ्यो। पहिले उचित परिश्रम नगरीकन स्वार्थ–सिद्धिमा लुब्ध भएर यत्रतत्र मक्खन घसेर (चापलूसी गरेर) पनि फुस्रै हात लिएर फर्कनु पर्दैनथ्यो।

रैती निर्दोष निर्द्वन्द्व सानन्द रहने हुँदा।
छिद्र पाएर बोलीको वैचित्री वेणुमा थियो ॥२२॥

रामराज्यमा रैतीहरू निर्दोष (दोषशून्य) निर्द्वन्द्व (झगरा नगर्ने) सानन्द (सुख–संयुक्त) थिए। त्यसो हुनाले सबै अच्छिद्र (छिद्र चूक–निन्दा गराइदिने मौकाले रहितै) थिए। खाली छिद्र (प्वाल) पाएर चित्र विचित्र बोली निकाल्ने चाल वेणु (बाँसुरी–वाद्य) मा थियो।

पैशुन्य–दोषले शून्य स्वच्छ–चित्त सबै हुँदा।
व्रतबन्ध र दीक्षामा कान फुक्ने चलन् थियो ॥२३॥

सबै जना पैशुन्य–दोष–वर्जित (चुगलखोरीरूप दोषले रहित भएका) थिए। खाली व्रतबन्ध र दीक्षा–मन्त्र–श्रवणका वेलामा कान फुक्ने (शिष्यका कानमा सुस्त २ मन्त्रोच्चारणको हावा भर्ने) चलन थियो, वाहियात कानेखुशी थिएन।

छूरा बगल्मा दावेर इष्टमित्र मिलेपछि।
राम्राम् भन्ने चलन् देशी हजाम्का मुखमा थियो ॥२४॥

'मुखमा रामराम बगल्मा छूरा' भन्ने कुरा छूरा काखी च्यापेर हिंडेका र आफ्ना इष्टमित्र भेटिदा स्नेह–प्रकाश गर्न लागेका मदिसे नाउका मुखमा थियो। त्यस्तो कपटपूर्ण विश्वासघात गर्ने चलन रामराज्यमा पटक्क थिएन।

सनातनाचार लिने गृहस्थ–परिवारको।
कर्णवेध हुने वार्ता शिशु–सन्तानमा थियो ॥२५॥

प्राचीन सनातनधर्मीय संप्रदायमा दृढ रहेका गृहस्थहरूमा बालक छोराछोरीको कर्णवेध गर्ने (कान छेडने) वार्ता हुन्थे।[1] अन्यत्र कान छेडिदिने

---

१. **मासे षष्ठे सप्तमे वाऽष्टमे वा वेध्यौ कर्णौ द्वादशे षोडशेऽह्नि।**
इत्यादि वचनका अनुसार छैटौं–सातौं–आठौं महिनामा अथवा बारहौं सोरहौं दिनमा कर्णवेध हुन्थ्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(कर्णकटु = मर्मभेदी) वार्ता (वचन) थिएन। रामराज्यमा सबैले सूनृत (प्रिय र सत्य) वचनको व्यवहार गरेर आर्यतालाई सुरक्षित राखेका थिए र तिनका सबै कामना सिद्ध हुन्थे, अलच्छिन रहँदैनथ्यो, सत्कीर्ति बढदथ्यो, जन्मान्तरका पाप नष्ट हुन्थे, मङ्गलै मङ्गलको आनन्द पाएर जिन्दगी बिताउँथे।[1]

छन्द र व्याकरणमा कार्य–सिद्धि गराउँदा।
संयोगका सहाराले लघुको गुरुता थियो ॥२६॥

छन्दको रचना गर्दा परतिर संयोग (युक्तवर्ण) रहेमा त्यसका सहाराले अगिल्लो लघु (ह्रस्व) वर्ण पनि गुरु मानिन्थ्यो र अपेक्षित कार्य (रचना) सिद्ध हुन्थ्यो। व्याकरणमा पनि 'संयोगे गुरुः' भन्ने सूत्रका सहाराले लघुको गुरुत्व मानेर आम् प्रत्यय–प्रभृति कार्य सिद्ध हुन्थ्यो। अन्यत्र संजोग (मौका) पर्‍यो भन्दैमा लघु (तुच्छ–तपोविहीन–विद्याविहीन) व्यक्तिको गुरुता (मन्त्रोपदेशकता–मान्यता) थिएन, अर्थात् अपूज्य–पूजनरूप पाप थिएन। त्यस्तै–

पादान्तमा[2] पर्न जाँदा क्रमैले कहिल्यै कहीं।
पद्यको रचना गर्दा गुरुको लघुता थियो ॥२७॥

छन्दोबद्ध श्लोकको रचना गर्दा अग्रिम पाउका अघिल्ला वर्णको 'क्रम' नामक संयोग पर रहेमा पहिला पाउको अन्तिम वर्ण गुरु हुनुपर्ने भए पनि गुरु नभएर पादान्तोपस्थिति दोषले लघुत्वैमा डल्लिन्थ्यो। अन्यत्र प्रभुत्ववाला व्यक्तिका पाउका छेउछाउमा बस्नुपर्दा क्रमैसँग (आस्ते २) गुरुको (पूज्यको) लघुता (तुच्छता) थिएन। अर्थात् पूज्य–पूजा–व्यतिक्रम हुदैनथ्यो र–

अपूज्या यत्र पूज्यन्ते पूज्यानां च व्यतिक्रमः।
त्रीणि तत्र प्रवर्तन्ते दुर्भिक्षं मरणं भयम् ॥

---

१. **सत्यं ब्रूयात् प्रियं ब्रूयात् न ब्रूयात् सत्यमप्रियम्।**
प्रियं च नानृतं ब्रूयाद् एष धर्मः सनातनः ॥ (महाभारत)
कामान् दुग्धे विप्रकर्षत्यलक्ष्मीं कीर्तिं सूते दुष्कृतं या हिनस्ति।
तां चाप्येतां मातरं मङ्गलानां धेनुं धीराः सूनृतां वाचमाहुः ॥ (उत्तररामचरित्र)
न तथा कण्टकास्तीक्ष्णा न तथा निशिताः शराः।
यथा कृन्तन्ति मर्माणि प्राणिनां परुषा गिरः ॥ (भागवतमञ्जरी)

२. **पादादाविह वर्णस्य संयोगः क्रमसंज्ञकः।**
पुरःस्थितेन तेन स्याल्लघुतापि क्वचिद् गुरोः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस वचनको अपवाद-स्वरूप दुर्भिक्षको विरुद्ध सुभिक्ष, मरण (महामारी)को विरुद्ध पूर्ण आरोग्य, भयको विरुद्ध आनन्द रहेको थियो।

चिल्ला अगाडी बहुतै खस्रा फुस्रा पछिल्तिर।
हुने कपटको रीति वटका पातमा थियो ॥२८॥

रामराज्यमा प्रत्येक व्यक्ति देख-अदेख दुवै अवस्थामा (प्रत्यक्षमा पनि परोक्षमा पनि) चिल्लो (स्नेही) रहेको थियो। अगाडि चिल्लो देखिएर पछाडि (परोक्षमा) खस्रो (अस्नेही) फुस्रो (नीरस) कोही थिएन। त्यस्तो कपटको रीति ता वट (वर) वृक्षका पातमा थियो।

विदग्ध-प्रौढ-नारीमा प्राणवल्लभका प्रति।
क्षणे तुष्ट क्षणे रुष्ट हुने चाला निकै थियो ॥२९॥

रामराज्यका जनसमाजमा केवल कामकेलिकुशल[1] भएका प्रौढ युवति (धक नमान्ने तरुणी) हरूमा आफ्ना प्राणप्रिय-पतिका ऊपर कैलेकाहीं क्षणे तुष्ट, क्षणे रुष्ट हुने चाला निकै थियो। अन्यत्र— कतै पनि अव्यवस्थित-चित्त भएर कामदार नौकर-चाकर अडोसी-पडोसी, इष्ट-मित्रहरूका उपर क्षणे तुष्ट क्षणे रुष्टको चाल लिएर इनलाई हैरान र आफूलाई अविश्वसनीय पार्ने चाला कत्ति थिएन[2]।

द्वन्द्वमा[3] नर-नारीको पैलो भेद टुटेपछि।
सहयोगी ऐक्य हुँदा क्रियासिद्धि दिगो थियो ॥३०॥

रामराज्यका कामतन्त्र-पारगामी भएका नागरिक-नरनारीहरू संभोग-शृंगारलाई पुष्ट पार्न विप्रलम्भ-शृंगारको भूमिकास्वरूप प्रणयकलहरूप द्वन्द्व

---

१. वात्स्यायन-प्रोक्त-सुरत-क्रीडा-निपुण।

२. **क्षणे तुष्टः क्षणे रुष्टो रुष्टस्तुष्टः क्षणे क्षणे।**
अव्यवस्थितचित्तस्य प्रसादोऽपि भयङ्करः ॥

३. नर-नारी शब्दको 'नरश्च नारी च अनयोरितरेतरसापेक्षयोर्योगः' यस्तो विवक्षा गरेर 'चार्थे द्वन्द्वः २।२।२९' भन्ने सूत्रले द्वन्द्वसमास भएर 'पुमान् स्त्रिया १।२।६७' भन्ने सूत्रले एकशेष गर्दा 'नरौ' शब्द खडा हुन्छ। 'शिष्यमाणं लुप्यमानार्थाभिधायि' यो नियमले नारी शब्द लुप्त भए पनि नरौमा अन्तर्गत भएको बुझिन्छ र त्यो (नरौ) द्विवचनान्त भई विवक्षित क्रियापदमा संबद्ध हुन्छ। द्वन्द्वमा सहयोग आवश्यक हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(झगरा) गर्दथे र, नर एकातिर, नारी एकातिर, ठुस्सिएर बस्तथे। अल्पकालपछी दुवैको अनुराग (प्रीति) दोबर भई बढेर आउँदा त्यो भेद (पृथग्भाव) छुट्तथ्यो र दुवैको ऐक्य भएर मेल-साध्य भएका गृहस्थाश्रमोचित सबै क्रिया (काम) सिद्ध भएर दिगो (स्थायी) हुन्थे। देवता अनि ब्राह्मण इष्टमित्रलाई साक्षी राखेर बनाएको नरनारीको पुरानु द्वन्द्व (जोडा) मा सांसारिक व्यवहार गर्दा कैले काहीं परिआउने नयाँ द्वन्द्व (झगरा) ले एक छिन छुट्ट्याउने काम गरे तापनि क्षणान्तरमा टम्म मिलेर एक जिउ जस्तो भइकन द्वन्द्वले (जोडाले) प्रत्येक क्रिया-सिद्धिमा सहयोग दिनुपर्नेमा, त्यो नदिएर "चित्त नबुझेर द्वन्द्व (झगडा) भएपछि मिलीजुली बसीकन आदर्श-दम्पति कहलाउँन शकिंदैन, कुनै काममा पनि हामी सहयोग दिने होइनौं, हाम्रो मनपरी गर्छौं" भन्ने हठ कुनै दम्पतिमा थिएन।

स्त्रीको संस्कृत-भाषामा गद्य-पद्य बनाउँदा।
शास्त्र-संमत निर्दोष पुंवद्भाव हुँदै थियो ॥३१॥

संस्कृत-भाषामा गद्य-पद्यको रचना गर्दा स्त्रीको (स्त्रीलिङ्गी शब्दको) पुंवद्भाव (पुंलिङ्गको जस्तो रूप) हुन्थ्यो, त्यो पुंवद्भाव शास्त्रले संमानित भएको हुनाले निर्दोष थियो। अन्यत्र-स्त्रीको (स्त्री-व्यक्तिको) शास्त्रनिषिद्ध र दोषपूर्ण भएको पुंवद्भाव थिएन। अर्थात् लोग्ने-मानिस जस्तै भएर कुलाङ्गनाको भूषण-स्वरूप भएको माता-पितामही-मातामही श्वस्रू-प्रश्वस्रूप्रभृतिले प्राणपणले पालिएको, सती-धर्मको मुख्य अङ्ग-स्वरूप लज्जागुणलाई तिलाञ्जलि दिएर पुरपुरुष-स्पर्शको परिहरणबाट विमुख भइकन स्वच्छन्द-विहरण गर्ने चलन थिएन।

दम्-ताकत्-रूप-गृहिणी प्रेमबद्ध गराउने।
पति कल्याणले युक्त सर्वत्रैव सुखी थिए ॥३२॥

रामराज्यमा पतिहरू 'मेरी पत्नी दम् (ताकत्-शक्ति[1]) स्वरूपा र दम्स्वरूपा (प्राणस्वरूपा) हुन्, यी भइनन् भने म दमदार (बलियो) हुन शक्तिन, मेरो दम् (प्राण) पनि रहन शक्तैन, यी प्राणेश्वरी हुन्' भन्ने दृढ बुद्धि लिएर पत्नीलाई डेग चल्न नशक्ने गरी प्रेमबन्धनले बाँधेर साथै राख्तथे र संमिलित

---

१. विद्याः समस्तास्तव देवि ! भेदाः स्त्रियः समस्ताः सकला जगत्सु।
(मार्कण्डेय पुराण, सप्तशती)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुइजना दम्पति कहलाएर परस्परमा अनुकूल भएको चालमा चलेर सदा सर्वदा कल्याणपात्र हुन्थे ।[1] देवता अग्नि–ब्राह्मणलाई साक्षी राखेर 'धर्मे चार्थे च कामे च नातिचराणि' (धर्मकार्यमा, व्यावहारिक काममा, कामोपभोगमा इन्को प्रतिकूल रहनेछैन) भन्ने प्रतिज्ञा गरीकन बाजा बजाउँदै ल्याएकी गृहिणी (गृहकी हकदार स्त्री) लाई केवल कामवासना–शान्तिको साधन मात्र पारीकन निर्दयतापूर्वक चाकर्नी गराएर आफूलाई कृतकृत्य संझने पतिहरू रामराज्यमा थिएनन् ।

दारातिक्रम–गर्दामा बहिर्लोम अखण्डित ।
खरको चर्म पहिरी भिक्षा माग्ने प्रथा थियो ॥३३॥

रामराज्यमा दारातिक्रमण गरेमा (निर्दोष पत्नीको मन दुखाउने गरी स्वच्छन्दाचरण गरेमा) पतिले बाहिर रउँ देखिने सिङ्गै गदहाको छाला ओढेर ६ महिनाभर घरघर गई भिक्षा मागेर खानुपर्ने प्रायश्चित्त गरिन्थ्यो[2], त्यति गरेपछि मात्र पति–देवता शुद्ध ठहरिएर समाजमा संमिलित हुन्थे । यस्तो कडा नियम हुनाले प्रत्येक पुरुष एकपत्नीव्रती थियो र पतिको दुश्चरित्रलाई आदर्श राखेर पत्नीहरूले अबाटोमा पदार्पण गर्ने मौकै परेको थिएन ।

पतित्वको पालनमा सामर्थ्य बुझिएपछि ।
गुणी नीरोग केटाको विवाह–घटना थियो ॥३४॥

कन्या खोज्ने वर पतित्वको योग्य छ छैन ('पातीति पतिः' यो लक्षणको अनुसार कन्यालाई चाहिने शरीरारोग्य, अन्न–वस्त्र–प्रदान–शक्ति, व्यसनशून्यता, पुंस्त्वहरू छन् छैनन् ?) यी सबै कुराको परीक्षा गरेर मात्र उचित समयमा केटाको विवाह हुन्थ्यो ।

जैले भए पनि जसरि भए पनि जोडा बाँधिदिनुपर्छ, कन्याको भाग्य असल रहेछ भने सुख पाउली नत्र दुःख पाउली, पछिको कुरा कसरि जान्नु ? भनेर अल्पवयस्क केटा र केटीको विवाह गराउने कुप्रथा रामराज्यमा थिएन र केटीले नपुंसक केटाको फेला परेर जनमभर कल्पीरहनु, अथवा यौवनवेगले

१. **सन्तुष्टो भार्यया भर्ता भर्त्रा भार्या तथैव च ।**
यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम् ॥ (मनु)

२. **बहिर्लोम्ना तु षण्मासान् वेष्टितः खरचर्मणा ।**
दारातिक्रमणे भिक्षां देहीत्युक्त्वा विशुद्ध्यति ॥ (यमस्मृति)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुत्तिएर अर्को नाठाको पीछा पर्नु, र 'ल्याइते' भन्ने कलङ्क बोकेरै प्रतिदिन अपमान खपीरहनु, खान लाउनाको दुर्लभताले र अयोग्य-पतिको नालायकीले असाधारण यातना भोग्नु, अथवा निराधार भएर यत्रतत्र पेटपापीको पूरणका निम्ति वेश्या-वृत्ति लिनु वा चाकर्नीको वृत्तिले जिन्दगी बिताउनु पर्दैनथ्यो।

कुल-शील-गुणद्वारा सबैको वृत्ति चल्दथ्यो।
कुलैका भरको वृत्ति घट्टेराहरूमा थियो ॥३५॥

कुल-शील-गुण यी तीनैको संमेलनमा उत्तम वृत्ति पाइन्थ्यो। खाली कुल, खाली शील, खाली गुणका भरले उत्तम वृत्ति पाइन्नथ्यो। खाली कुलैका (कुलाकै) भरको वृत्ति (जीवनोपाय) घट्टेराहरूमा थियो। कुलो चलाउन शकेन भने घट्टेरो वृत्तिहीन हुन्थ्यो।

विवेकका साथ-साथै व्यवहार सबै हुंदा।
उडेका पक्षिहरूमा पक्षपात कतै थियो ॥३६॥

रामराज्यमा लौकिक र राजकीय सबै व्यवहार मुलाहिजा नराखेर विवेकपूर्वक चलाइन्थे। पक्षपात (तरफदारी) थिएन। केवल उडेका पक्षिमा पक्षपात (पखेटाको वारंवार पतन = झर्ने काम) थियो र सबै जनामा सन्तोष थियो। योग्य व्यक्ति ठगिंदैनथे, अयोग्य व्यक्ति संमानित हुँदैनथे।

सारसार खसालेर छोक्रा छोक्रा उभारदै।
विचित्र नाचने चाला चलनीहरूमा थियो ॥३७॥

योग्य योग्य व्यक्तिको अपमान गर्दै अयोग्य व्यक्तिलाई संमानित गर्ने र त्यस्तो कामले नाचने (फुरुक्क पर्ने) चाला रामराज्यका भद्रपुरुष (भलादमी) मा थिएन, विवेक रहेको थियो। त्यस्तो चाला पीठोपीठो खसालेर चोकर र उफार्ने र अनेक तरहले नाच्ने (घुम्ने) चलनीहरूमा थियो।

साथ मिल्ला प्रेम मिल्ला सुख मिल्ला ठुलो भनी।
लहै-लहैको चिल्लाहट् स्यालका जातमा थियो ॥३८॥

यौटा अग्रसरले भन्यो भन्दैमा साथ-प्रेम-सुखको आशाले विना विचार त्यस कुरामा कोही पनि सहमत हुँदैनथ्यो। विवेक-विचारपूर्वक कार्य निर्णय हुन्थ्यो। त्यस्तो चाल यौटाले चिल्लाएपछि दोस्राले, अनि तेस्राले, अनि जम्मैले चिल्लाउने स्यालको जातमा थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै सद्गुणले पूर्ण, स्वावलम्बी हुँदा सबै ।
हमेशा हल्लने चाला पिपल्का पातमा थियो ॥३९॥

सबै गुणी र सबै स्वावलम्बी (आत्मनिर्भर = आफैं निर्वाह चलाउन तत्पर) भएको हुनाले पापी-पेट पाल्नाका निमित्त यत्रतत्र हल्लेर (परद्वार ढुकेर) जिन्दगी बिताउनु पर्दैनथ्यो । हँ, हमेशा हल्लने चाला पिपलका पातले छाडन शकेका थिएनन् ।

साह्रोपना पत्थरमा काष्ठमा लोहजातिमा ।
गाह्रो भन्ने कुरा यौट गृहनिर्माणमा थियो ॥४०॥

प्राणिमात्रका हृदय कोमल (दयालु) थिए, साह्रोपना (कठोरता) केवल ढुङ्गामा काठमा लोहजाति (सुवर्ण-रजत-ताम्रप्रभृति धातु) मा थियो । घर बनाउँदामा गाह्रो लाग्थ्यो । सबैमा सप्रेम सहानुभूति हुनाले सबै कुरा सजिलै थिए ।

नाना तरहका खाना सुसज्जित भएपछि ।
'के खाउँ' भन्ने मनको विचार पहिले थियो ॥४१॥

भक्ष्य-भोज्य-चूष्य-पेय-लेह्य-चर्व्य यी ६ प्रकारका पदार्थ सजीसजाउ गरी तयार पारीसकेपछि खान गएका व्यक्तिका मनमा पहिले के खाउँ ? भन्ने विचार आउँथ्यो । अन्यदा 'के खाउँ ?' यस्तो आर्तनाद थिएन ।

वारीका तरकारीको भारी थुप्रिन आउँदा ।
'के लाउँ' भन्ने कोलाहल् नारीका वर्गमा थियो ॥४२॥

वारीको तर्कारी धेरै आएको देख्ता नारीहरू सघाइदिनाका निंति अरू नारीहरूलाई बोलाएर 'लौ न आउनुहोस्, यतिको तर्कारी आएको छ, सबै जना मिलेर 'केलाउँ' भन्दथे । अन्यदा के लाउँ ? (आङ ढाक्ने कुरा केही छैन) भन्ने दीनवचन थिएन ।

तीर्थान्तराभिलाषीको काशीतिर पुगेपछि ।
तलाशी वासको खाली प्रवासीरूपले थियो ॥४३॥

अयोध्यानिवासीले तीर्थान्तराभिलाषी (अरू तीर्थको पनि इच्छा गर्ने) भएर प्रवासी (परदेशी) भएको हुनाले काशी पुगेपछि वासको तलाशी (खोज) गर्नुपर्दथ्यो । अन्यदा वासको त्रास थिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हत्याको हेतु नहुने अत्यावश्यक वस्तुमा।
जहाँ–तहाँ न्यूनताको न्यूनता बहुतै थियो ॥४४॥

रामराज्यमा प्राणिपीडामा कारण नभएका (आर्जन गर्दा कसैलाई पनि तकलीफ नपर्ने) र अत्यावश्यक (नभई नहुने) चीजबीजमा केही न्यूनता (कमी) छ की ? भनि तलाशी गर्दा न्यूनताको न्यूनता मात्र फेला पर्दथ्यो। प्राणिपीडामा कारण भएका (अर्कालाई ठगेर कुटेर पीटेर लुटेर आर्जन गर्नुपर्ने र भडकप्रधान भएर परिणाममा भडकमा पल्केका) आफ्ना परिवारलाई र तमाम राष्ट्रलाई मरणभन्दा ठूलो दुःखले बरबाद पार्ने अनावश्यक (नचाहिने, वाहियात) वस्तुको न्यूनता रामराज्यमा खूब थियो।

थियो आश्चर्य जो अर्को त्यो म जान्दिन के थियो।
श्रीरामराज्यमा पक्का यत्ति आश्चर्य ता थियो ॥४५॥

थिएन यो कुरा अन्त कुनै समयमा पनि।
थियो र भक्तिले गर्दा लेखियो रामराज्यमा ॥४६॥

प्रथम श्लोकदेखि चवालिसौं श्लोकसम्म मात्र हेर्दा अन्यत्र स्थितिको निषेध अर्थात् बुझिन्छ र आर्थपरिसंख्या पर्दछ, छयालिसौं श्लोकलाई प्रत्येक श्लोकका अन्त्यमा आवृत्ति गरेर पढदा अन्यत्र स्थितिको निषेध शब्द–प्रयोगद्वारा हुन्छ र शाब्द–परिसंख्या पर्दछ।

(रथोद्धता)

वर्ण गायब कतै गराइने
नित्य आगम कतै न मानिने।
वृद्धिले गुण कतै हटाइने
प्रक्रिया सकल शब्दशास्त्रमा ॥४७॥

शब्दशास्त्र (व्याकरण) मा मात्र वर्णको लोप गर्ने, आगमशास्त्र अनित्य मानिने, वृद्धिले गुणको बाध गर्ने प्रक्रिया (प्रकरण) थियो। प्रकृत रामराज्यमा वर्ण गायब गराउने (सनातन चलीआएको वर्णव्यवस्था तोडेर एकरूपता गराउने) प्रक्रिया (प्रकार, तरीका) थिएन, आगमशास्त्र नित्य मानिन्थे, धनधान्यको समृद्धि–रूप वृद्धिले गुणको (विद्या–विनय–विश्वप्रेमप्रभृतिको) निवारण हुँदैनथ्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रव्यको प्रथमता पदार्थमा,
पञ्चता सकल–कर्मवर्गको।
जातिबाधन–विचारचातुरी
तार्किकादिहरुका दिमागमा ॥४८॥

तार्किकादि (नैयायिक पण्डितप्रभृति) का दिमाग (बुद्धि) मा 'पदार्थ–मध्यमा सर्वप्रथम द्रव्य हो, वहाँपछि गुण–कर्महरू हुन्' (१) 'सकल कर्मको पञ्चता (पञ्चसंख्यता) मान्नुपर्दछ (उत्क्षेपण–अपक्षेपण–प्रभृति ५ कर्म माने हुन्छ, अरू कर्म तिनैमा अन्तर्भूत हुन्छन्' (२) भन्ने कुरा र 'व्यक्त्यभेद–तुल्यत्व–संकर–प्रभृति ६ निमित्त भएमा जातिको बाध हुन्छ, त्यहाँ जाति मानिँदैन (३) भन्ने कुराका विचारको चातुरी (चालाकी) थियो। प्रकृत–रामराज्यमा–'पदार्थमध्यमा सर्वप्रथम गुण (इलम) हो, द्रव्य (धन) होइन', (१) भन्ने सिद्धान्त थियो। कर्मको पञ्चता (नाश) पनि थिएन, सबै–कर्म यथोक्त गरिन्थे (२) जाति–बाधन गर्ने (जातभात भ्रष्ट पार्ने) विचारको चालाकी थिएन (३)।

कर्मबाट सब सिद्धि पाइने
देवविग्रह कुनै नमानिने।
सत्स्वरूप–तम भिन्न मानिने
वाक्प्रपञ्च सब जैमिनीयमा ॥४९॥

जैमिनीय (पूर्वमीमांसा) मा 'यथाविधि गरिएका यज्ञयागादि कर्मबाटै भुक्ति–मुक्ति–फल पाइन्छ, ईश्वर मान्नुपर्दैन (१) 'कुनै–देवताको पनि विग्रह (शरीर) छैन, शरीरसत्ता मानेका–खण्डमा एकै समयमा अनेक–ठाउँमा अनेक जनाले यज्ञ–यागादि गर्दा यौटा देवताको सान्निध्य हुन शक्तैन, तसर्थ यज्ञयागादिका मन्त्रैलाई देवता मान्नुपर्दछ, देवताको दृष्टिगोचर हुने शरीर छैन (२) 'तम (अन्धकार) पृथिव्यादि ९ द्रव्यभन्दा भिन्न र सत्स्वरूप (भावपदार्थ) हो' (३) यस्तो वाक्यप्रपञ्च (कुराको विस्तार) थियो। प्रस्तुत रामराज्यमा–'खाली अचेतन कर्मबाट भुक्ति मुक्ति फल केही पाइदैन, कर्मफलदाता–ईश्वर मान्नैपर्दछ (१) देवता विग्रहवान् (मूर्तिधारी) र यौटै रहे पनि दैवी शक्तिले यौटै समयमा अनेक ठाउँमा यज्ञिय हविर्ग्रहण गर्न पुग्न शक्तछन्। श्रुतिस्मृतिले प्रतिपादन गरेका मूर्तिमान् देवताको यथोक्त आजापूजा होम हवन – गर्नैपर्दछ (२) 'तम (अन्धकार–तमोगुण–अज्ञान) सत्स्वरूप (नवद्रव्यातिरिक्त भावपदार्थ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र सत् (असल–ग्राह्य) होइन, प्रकाशको अभावस्वरूप र त्याज्य हो' (३) यस्तो वाक्प्रपञ्च थियो।

उक्तिले पुरुषको अकर्तृता
भिन्नता अगुणता निरीहता।
बुद्ध–पारिकन सिद्ध गर्दिने
युक्तिबुद्धि सब सांख्यशास्त्रमा ॥५०॥

सांख्यशास्त्रमा उक्तिले (उपदेशले) पुरुष (आत्मा) लाई अकर्ता, प्रति-शरीर–भिन्न, निर्गुण, निरीह (निष्क्रिय) छ भनी बुद्ध–पारेर (बुझाएर) जिज्ञासु-संसारलाई सिद्ध गर्दिने (सिद्ध महात्मा पारिदिने) युक्तिबुद्धि थियो। प्रकृत रामराज्यमा–'पुरुषलाई (लोग्नेमानिसलाई) अकर्ता (केहि काम नगर्ने) भिन्न (कसैसँग नमिल्ने, सहयोग–पराङ्मुख) अगुण (वेइलमी) निरीह (अनुत्साही) भन्ने कुरा उक्तिले (बोलीले) बुद्ध–पारेर (जाहेर गरेर) सिद्ध गर्दिने (खतम पार्ने) कसैको युक्ति बुद्धि थिएन र सबै पुरुष कर्ता (कर्मनिष्ठ–जाँगरिया), अभिन्न (मिलनसार), गुणपूर्ण, उत्साही थिए।

लोकयुग्मतिरका विरागले
वृत्ति रुद्ध भइ सास रोकिदा।
"सिद्ध भो परम धर्म धन्य हो"
भन्दिने–वचन योगशास्त्रमा ॥५१॥

योगशास्त्रमा दृष्टविषयक (ऐहलौकिक भोग्य पदार्थ) र आनुश्रविक विषय (वेदशास्त्रानुसार सत्कर्म गरेर परलोकमा भोग्न पाइने दिव्य भोग्य पदार्थ) मा भयेका विराग (वैराग्य) ले चित्तका वृत्ति (प्रमाण–विकल्प–विपर्यय–निद्रा-स्मृति नाम भयका व्यापार) रुद्ध भएपछि (अभ्यास–वैराग्यको सिद्धि पूर्ण भएपछि) सास रोकिंदा (श्वासोच्छ्वास बन्द भएर समाधि सिद्धि हुँदा) परम धर्म सिद्ध भो[1] यो मानिस धन्य (धन्यवादयोग्य) हो भन्दिने वचन थियो। अन्यत्र– दुवै लोकतर्फका विरागले (यो लोकमा सबैसँग विराग गर्नाले, राग (प्रेम) नगर्नाले) परलोकमा पनि (पारलौकिक सुखभोगमा पनि) नास्तिकताले विराग (निःस्पृहता) गर्नाले, वृत्ति (जीवनोपाय अन्न–वस्त्रादि) बन्द भएर सास

१. इज्याचारदमाऽहिंसादानस्वाध्यायकर्मणाम्।
अयं तु परमो धर्मो यद् योगेनाऽऽत्मदर्शनम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रोकिदा (मर्दा) परम धर्म सिद्ध भो धन्य हो ! भन्ने वचन थिएन र सबै जना यो लोकमा पनि सबैसँग राग (प्रेम) गर्ने पारलौकिक सुख दिने, सत्कर्ममा पनि राग (प्रेम) गर्ने हुँदा लोकप्रिय र सत्कर्मार्जित कल्याणभागी भएर चिरकाल बाँचीरहेका थिए ।

वृत्तिमा कलह नै मचाइने,
बन्धको रुचिरता रुचाइने ।
ह्रास मान्य-गुणको गराइने,
दोषको प्रचुरता मनाइने ॥५२॥

गूढतातिर महत्त्व सुम्पिने,
व्यक्तता पनि सदैव चाहिने ।
रीतिमा विपुलता चलाइने,
रीति नीति सब काव्यशास्त्रमा ॥५३॥

काव्यशास्त्रमा वृत्तिमा कलह मचाउने नीति थियो [अभिधा-लक्षणा-व्यञ्जनादि वृत्तिमा (अर्थबोधक व्यापारमा) खूब कलह (वाद-विवाद) थियो]। अन्यत्र- वृत्ति (जीविका) मा कलह (झगरा) मचाउनु पर्दैनथ्यो सजिलैसँग सबैका वृत्ति चलेकै थिए।

काव्यशास्त्रमा- बन्धको (खड्ग-छत्र-पद्म-चक्रप्रभृतिबन्धचित्र काव्यको) रुचिरता रम्यता रुचाइन्थ्यो । अन्यत्र- बन्धनका कारण भयेका लौकिक विषयको रुचिरता (चित्ताकर्षकता) रुचाइदैनथ्यो (लौकिक विषयको भोग अनासक्त-चित्त भएर गरिन्थ्यो) विषय-लम्पट कोहि थिएन।

काव्यशास्त्रमा माननीय भयेका गुणको ह्रास गराइने नीति थियो (धाराधिपति-भोजराजले काव्यका गुण २४ मानेका थिए, पछिका वामनाचार्यले घटाएर १० गुण माने, झन् पछिका भामहाचार्यले माधुर्य-ओज-प्रसाद नाम भयेका ३ गुण माने पुग्छ १० गुण मान्नुपर्दैन भनेका छन्)। रामराज्यमा-गुणको ह्रास गराउने नीति थिएन, गुणको वृद्धि गरिन्थ्यो।

काव्यशास्त्रमा-दोषको प्रचुरता मनाइन्थ्यो (शब्ददोष-अर्थदोष-रसदोष इत्यादि अनेकानेक दोष मानिएका छन्)। प्रकृत रामराज्यमा दोषको प्रचुरता मनाइएन (यौटा दोष पनि मान्नपर्दैनथ्यो)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काव्यशास्त्रले गूढतालाई महत्त्व दिएको छ (ध्वनियुक्त काव्यलाई उत्तमोत्तम भनेको छ)। त्यहि काव्यशास्त्र व्यक्तता पनि चाहन्छ [श्रवण हुनाका–साथ मात्र होइन की श्रवण पछि भएर अर्थबोध पहिलो हुने जस्तो गुणको (प्रसाद गुण र अर्थव्यक्ति गुणको) ज्यादा खायश गर्दछ]। रामराज्यमा गूढताको महत्त्व थिएन, वचन सबैले बुझिने गरि बोलिन्थे।

काव्यशास्त्रको जस्तो गूढता पनि व्यक्तता पनि लिने दोरङ्गी नीति रामराज्यमा थिएन। काव्यशास्त्रले वैदर्भी–पाञ्चाली–गौडी–लाटी इत्यादि अनेक रीति रचनाको तरीका चलाएको छ। रामराज्यमा–वैवस्वत नाम भयेका आदि मनुले चलाएको १ रीति थियो, त्यस रीतिबाट प्रजाहरू तिल मात्र पनि हट्तैनथे।[1]

दोष घट्न नदिई बढाइने
दोषसाम्य बहुतै रुचाइने।
वात मुख्य छ भनेर मानिने
वातको श्रवण वैद्यशास्त्रमा ॥५४॥

वैद्यशास्त्रमा 'घटन लागेका दोष (वात–पित्त–कफ) लाई घट्न नदिएर साम्यमा राख्ने र ३ दोषमध्ये वात (वायु) मुख्य छ' भन्ने वातको (कुराको) श्रवण थियो। रामराज्यमा घटन लागेका दोषलाई निःशेष नष्ट गराउने चेष्टा गरिन्थ्यो, दोषसाम्य (दोषको पूर्णता) रुचाइंदैनथ्यो। वात (कुरा) मुख्य छ, (कुरा गरेपछि पुगीहाल्यो, काम पुरा नभए नहोस्) भन्ने वात (कुरा) को श्रवण थिएन।[2]

---

१. रेखामात्रमपि क्षुण्णादामनोर्वर्त्मनः परम्।
न व्यतीयुः प्रजास्तस्य नियन्तुर्नेमिवृत्तयः॥ (कालिदास)
श्रुतिमात्रेण शब्दात्तु येनार्थप्रत्ययो भवेत्।
साधारणः समग्राणां स प्रसादो गुणो मतः।
पश्चादवगतिर्वाचः पुरस्तादिव वस्तुनः।

२. क्षीणा वर्धयितव्याः वृद्धा ह्रासयितव्याः, समाः पालयितव्याः।
शरीरदूषणाद्दोषा धातवो देहधारणात्।
वातपित्तकफा ज्ञेया मलिनीकरणान्मलाः॥
पवनस्तेषु बलवान् (प्रेरको दोषयोर्द्वयोः)। (वैद्यशास्त्र)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीवको र कविको विरोधिता,
मन्दको र बुधको घनिष्ठता।
युक्त भद्र दिनको अभद्रता,
मानियो फगत गर्गशास्त्रमा ॥५५॥

गर्गशास्त्र (ज्यौतिष) मा जीव (बृहस्पति) र कवि (शुक्र) को विरोधिता (विरोध) र मन्दको (शनिको) र बुधग्रहको घनिष्ठता (मित्रता) तथा युक्त-भद्र-दिनको (भद्राले युक्त भयेका दिनको) अभद्रता (अमङ्गलता शुभ कर्ममा त्याज्यता) थियो। रामराज्यमा-यावत्जीवको (प्राणीको) कविसँग (पण्डितसँग र काव्यकर्तासँग) विरोध मञ्जूर गरिंदैनथ्यो। सबै प्राणी पण्डित र कविको मित्रता गरेर ई २ जनाका गुणको ग्रहण गर्दथे। त्यस्तै मन्द (मूर्ख)को बुध (पण्डित)को मित्रता पनि मञ्जूर गरिंदैनथ्यो[1]। त्यस्तै सभद्रदिनको (कल्याण युक्त दिनको, भद्रायुक्त दिनको) अभद्रता (अमङ्गलता) पनि मञ्जूर गरिंदैनथ्यो (भद्रा भयेका दिनमा पनि शुभ कर्म गरिन्थे) त्यो दिन मङ्गलै संभिन्थ्यो।

कूट-काव्यहरुका प्रपञ्चमा

हत्पति अर्थ नबुझिने कूट वचन काव्यको प्रपञ्च (विस्तार)मा थियो। कर्तृगुप्त क्रियागुप्तप्रभृति देखाउने चमत्कारी काव्यमा कूट रहेको थियो। फूट (विरोध) गराउने कूट (कपट) रामराज्यमा थिएन। कूटको फलस्वरूप-

फूट-वैश्यहरुका जमीनमा।

रामराज्यमा मानिसमा वस्त्र नपाएर फूट फलैको स्वरूप लिएर (खूब सप्रौंला र देश व्याप्त गरौंला भन्ने इरादाले) खेती गर्न-सिपालु भएका वैश्यहरूका जमीनमा बसेको थियो। फूटको फलस्वरूप-

घात कर्म-परिकर्ममध्यमा

गणितका परिकर्माष्टकमा घुसेर घातकर्म रहेको गियो। रामराज्यमा घातकर्म (मारकाट) थिएन। घात (मारकाट) को फलस्वरूप-

---

१. रामराज्यका प्रजाले-
सद्भिरेव सहाऽऽसीत सद्भिः कुर्वीत संगतिम्।
सद्भिर्विवादं मैत्रीं च नाऽसद्भिः किंचिदाचरेत्॥ (नीति)
यो नीतिको अनुसरण गरेका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पात वृक्षहरुका समूहमा ॥५६॥

वृक्षहरूका समूहमा पात रहेको थियो। रामराज्यमा घातको फलस्वरूप पात (अधःपतन, अनाचार) थिएन। अनाचार नहुँदा अनाचार वापत शासकबाट पाइने सजा मध्ये–

छेद–भेद पदको पढाइमा

पदको (खुट्टाको) छेद–भेद (छियाछिया पारिदिने, नेल झुण्ड्याउनुपर्ने स्थिति) रामराज्यमा थिएन। केवल पढाइमा पदच्छेद र पदभेद थिए। त्यति मात्र होइन, अनाचारको अरू सजा–

पाणिपीडन विवाहकर्ममा।

हथकडीले हात दुखाइदिने सजा पनि रामराज्यमा थिएन। केवल विवाहको विधिविधान हुँदा वरले वधूको पाणिपीडन (दाहिने हातको अङ्गुष्ठ अठ्याउने काम) हुन्थ्यो। अन्यत्र यथेच्छ गरेर हातेमालो गर्दै आर्य–मर्यादा तोडने दुराचार थिएन। यसरी उच्छृङ्खलताको नियन्त्रण भयेकोले–

काम पत्नि र गुणाढ्य वस्तुमा

पत्नी (विवाहिता स्त्री) मा काम चरितार्थ थियो। गुणाढ्य (गुणपूर्ण) वस्तुमा काम (इच्छा) थियो। अन्यत्र कामलम्पटता थिएन। बेफायदाका (वाहियात) वस्तुमा काम (इच्छा) थिएन। कामको नियन्त्रण हुँदा हुनुपर्ने–

क्रोध दुश्चरित दुर्विचारमा ॥५७॥

दुश्चरित्र र दुर्विचारका उपर सबैको क्रोध थियो। यी २ चीजलाई कोही पनि देखिसहँदैनथे। काम–नियन्त्रणको आदेश दिने शास्त्रका उपर क्रोध थिएन। काम–क्रोधको त्यसरि नियन्त्रण भएपछि काम–क्रोधको साथी–

लोभ सद्गुण र सद्विचारमा

काम–क्रोधको अनुगामी भयेको लोभले सद्गुण र सद्विचारमा डल्लिनुपर्‍यो, परधन पराङ्गनामा दौडन पाएन। लोभको बाबू–

मोह मान्यजनका चरित्रमा।

माननीय भयेका महात्माहरूको जीवनचरित्रमा सबैको मोह थियो। त्यो चरित्रले सबैलाई मोहिनी लाएको थियो। त्यही चरित्र सबै लिन चाहन्थे। काम–क्रोध–लोभ–मोहको त्यो गति भएपछि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मस्तकस्थ मद ता गजेन्द्रमा

आफ्ना आत्मीयहरूको त्यो दुर्गति भएपछि खुशी भएर हात्ती चढ्न गएका मदले आफुसुहाउँदो काम गऱ्यो (अधर्मको सन्तान मदले त्यस्तै काम गर्नुपर्थ्यो)। रामराज्यका प्रजामा मद (घमण्ड) नरहेपछि सबै खुसी भयेका हुनाले—

डाह ग्रीष्म ऋतुका प्रवेशमा ॥५८॥

ज्येठ–असार लागेपछि ऋतुधर्म (डाह) प्रचण्ड गर्मी थियो। त्यस्तो हुनाले ऋतु–विपर्यय हुँदा हुने अनेक रोग रामराज्यमा थिएन, एवं रीत्या कतै पनि पाप–प्रवृत्ति नहुनाले—

दुस्त्यज व्यसन धर्मकर्ममा

रामराज्यमा छाडन मुश्कील पर्ने व्यसन (लत) धर्मकर्ममा थियो। नीतिशास्त्र–धर्मशास्त्रले निषेध गरिएका ७ व्यसन (कुलत) मध्ये[1] यौटा–व्यसन पनि थिएन। धर्मकर्मैको व्यसन भए पनि 'धर्मस्य सूक्ष्मा गतिः' भन्ने वचनको अनुसार धर्मकर्म गर्दा केहि चुक् (गल्ति हुन्थ्यो कि) ?—

चुक् गृहस्थहरुका भँडारमा।

रामराज्यमा धर्मकर्म गर्दा विद्वान् गुरु पुरोहितको सहयोगले चुक् (भूल) केही हुँदैनथ्यो। चुक् भन्ने पदार्थ अचारका निमित्त गृहस्थहरूका भँडारमा थियो। चुक् नभएपछि चुक् हुँदा हुनुपर्ने—

हार केवल मुनष्यकण्ठमा

रामराज्यमा मानिसका गलामा हार रहन्थ्यो। सबै प्रजा संपन्न, हार पहिरने थिए। हार (पराजय) थिएन, नचुकेपछि हार किन हुन्थ्यो ? हार नभएपछि त्यो हुँदा हुनुपर्ने—

भाग भोजहरुमा हिसाबमा ॥५९॥

भोज–भतेर गर्दा र हिसाब–किताब गर्दा भागको व्यवहार हुन्थ्यो, अन्यदा भाग (पलायन गर) भन्ने कुरा थिएन। 'भाग' भन्ने शब्दको प्रयोग गर्न नपरेपछि—

१. मृगयाऽक्षाः स्त्रियः पानं वाक्पारुष्याऽर्थदूषणे।
दण्डपारुष्यमित्येतद् ज्ञेयं व्यसनसप्तकम् ॥ (मनु)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लुक् दुहादिगत लुङ्प्रसङ्गमा

दुह्-दिह्-लिह्-गुह् धातुको साधनिका गर्दा लुङ्लकारको प्रसङ्ग परेमा 'लुक् वा दुहदिहलिहगुहाम्' भन्ने सूत्रले मात्रै 'लुक् वा' भनेको सुनिन्थ्यो। अन्यदा 'लुक्वा-लुकेर ज्यान वचा' भन्ने वचन थिएन र—

वच् वनस्पति दिने दुकानमा।

जरीबुटी बेच्ने मदिसे-पसलमा 'वच् लो' भन्ने शब्द बोझो दिंदा प्रयोग गरिन्थ्यो। अन्यत्र वच् (ज्यान जोगा) भन्ने वचन थिएन। पूर्वोक्त कूट-फूट-घात-पात-पदच्छेद-भेद-पाणिपीडन-काम-क्रोध-लोभ-मोह-मद-डाह (मात्सर्य)-व्यसन-चुक-हार-भाग-लुक्-वच् इन्को कार्यकारण भाववाला सत्ता शृङ्खलारूपले नियमित स्थानमा रहेर नाम मात्रावशेष भइदिएको हुनाले-

क्लेशको त्रितय-शब्दकोशमा

आध्यात्मिक-आधिदैविक-आधिभौतिक क्लेश (दुःख) शब्दकोशमा लेखिएका मात्र थिए, देखिएका थिएनन्। किनभने ?—

बाध्य-बाधक विभाग-सूत्रमा ॥६०॥

पाणिनिमुनिप्रभृतिले बनाएका सूत्रग्रन्थमा मात्र बाध्य र बाधकको विभाग थियो, अन्यत्र बाध्य (पीडनीय) बाधक (पीडयिता) भन्ने व्यवहारै थिएन, कसैले कसैलाई पिर्दैनथ्यो। एवं रीत्या—

राज संश्रय हुँदा खडै रहे
धर्मका गुण लिएर एकता।
नीतिका गुण नचाहिने हुँदा
भिन्न-भिन्न छरिए जतातता ॥६१॥

मर्यादा पुरुषोत्तम श्रीरामजीको आश्रय पाएका हुनाले धर्मका गुण (अङ्ग) भयेका दया-दाक्षिण्य-सत्य-शौचप्रभृति सद्गुण एकता लिएर (परस्पर संमिलित भएर) खडै रहेका थिए। नीतिका सन्धि १ विग्रह २ यान ३ आसन ४ द्वैध ५ आश्रय ६ ई ६ गुण र नीतिकै अङ्ग (गुण) भयेका साम १ दान २ भेद ३ दण्ड ४ यी ४ उपाय राजालाई नचाहिने हुन गएकाले छुट्टिएर येनकेन प्रकारेण यत्रतत्र पाखा लागेर बसे। कसरि ? भने—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्धि–विग्रह विचार वाक्यका
अर्थका अभिमत प्रकाशमा ।

सन्धि (शत्रुता गर्नेसँग मेल गर्नु), विग्रह (शत्रुता गर्नेसँग लडाई गर्न निउ खोज्नु) यी २ नीतिको गुणको विचार श्रीरामजीले गर्नैपरेन (शत्रुता गर्ने कोहि नभएपछि सन्धिविग्रहको विचार किन गर्नुपर्थ्यो र ?) राजालाई नचाहिए पनि शास्त्रानुरागी सबै प्रजालाई वाक्यका अपेक्षित अर्थको प्रकाश (खुलासा) गर्नुपर्दा र वृत्तिको (कृत्–तद्धित–समासप्रभृतिको) प्रकाश (बोध) गराउनुपर्दा यण्‌गुण प्रभृति पञ्चसन्धिको र विग्रह (वृत्त्यर्थविबोधक वाक्य) को विचार चाहिएकै थियो (रामराज्यका प्रजा शिक्षित थिए हरिलठ्ठक थिएनन्) ।

यान केवल विहार चाहने
सभ्य सभ्य जनका निवासमा ॥६२॥

यान (शत्रुमाथि चढाई गर्ने काम) शत्रु कोही नहुनाले राजालाई चाहिएन । विहार गर्न (हावा खान) खोज्ने सभ्य सभ्य जनको घरघरमा यान (हाथी–घोडा–रथ–पालकीप्रभृति सवारी) रहेको थियो ।

आसनाग्रह गृहस्थवर्गका
योगिराजहरुका समाजमा ।

आसन (बलवान्–शत्रुसँग बचेर अडने काम) राजामा उक्त हेतुले थिएन । फगत गृहस्थ परिवारमा आएका इष्टमित्र प्रभृतिलाई आसन (बस्ने वस्तु) दिने आग्रह थियो । योगाभ्यासी महात्माहरूमा अनेकानेक आसन गर्ने आग्रह थियो ।

द्वैध मद्ध्वरि र सुद्ध्युपास्यका
सिद्धिका निकट पूर्वकालमा ॥६३॥

द्वैध (भित्र इवी लिएर गुप्त उद्योग गर्दै शत्रुसँग बनावटी मेल गर्ने काम) पनि उक्त हेतुले राजामा रहेन, फगत मद्ध्वरि–सुद्ध्युपास्य–प्रभृति धकारोपधक इगन्त शब्दको अच् पर भएमा यण् गरेपछि 'अनचि च'ले द्वित्व हुनेवित्तिकै 'झलां जश् झशि'ले जश्त्व नहुँदैका स्थितिमा (मध्ध्व् अरिः, सुध्ध्य् उपास्यः)[1] यस्तो स्थितिमा द्वैध (धकारद्वयसत्ता) थियो । नीतिका सन्धिविग्रहप्रभृति ६ गुणमध्ये ५ गुणको यो गति भयो ।

---

१. द्वौ च धौ (धकारौ) द्विधौ, तयोर्भावः (सत्ता) द्वैधम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीतिका गुण कतै यसै गरी

पाँच (५) जिन्तिन रहे छ (६) मध्यमा।

एक आश्रय थियो जताततै

प्रार्थनारहित भूमिलोकमा ॥६४॥

आश्रय (यौटा बलवान्‌का आधारमा रहेर शत्रुसँग बच्ने काम) रामजीले गर्नुपरेन। आश्रयका निमित्त कसैले प्रार्थना गर्नुपर्दैनथ्यो। निराश्रय कोही थिएनन्, परस्पर प्रेमले सबै आश्रय सबै आश्रित थिए। नीतिका अरू ५ गुणले भेष बदलिकन खुम्चिएर बस्नुपरे झैं आश्रय (छैटौं) गुणले खुम्चिएर भेष बदलेर वस्नुपरेन, प्रत्युत स्वस्वरूपैमा विश्वव्यापी भएर, रहेको थियो। नीतिका अङ्ग (गुण) स्वरूप सामदानादि ४ उपायका विषयमा पनि—

साम दान सब मैन बत्तिमा,

भेद व्यक्तिहरुका विभागमा।

दण्ड दण्डिहरुका कराग्रमा

देखियो फगत रामराज्यमा ॥६५॥

साम (केहि लत्रेर मीठामीठा कुरा गरिकन शत्रुलाई वश पार्ने काम) र दान (केहि दिएर शत्रुसँग बचने काम) रामजीले गर्नुपरेन। कुनै व्यक्तिको प्रकार (तरीका) बुझाउँदा भेदको प्रयोग हुन्थ्यो, जस्तै– 'रसस्य कति भेदाः ?' यस्तो प्रश्न गरेमा 'मधुराम्ललवणकटुकषायतिक्ताख्याः षड्भेदाः'। दण्ड (ठोकठाक पीटपाट गरेर शत्रुलाई तह लाउने काम) पनि रामजीले गर्नुपरेन, खाली चतुर्थाश्रमी–दण्डी–संन्यासीहरूका हातमा दण्ड (बाँसको लहुरो) थियो। यी पूर्वोक्त सबै कुरा रामराज्यमा मात्र थिए अन्यत्र थिएनन्।

(८४) प्रहर्षण

विना परिश्रम इच्छा गरिएका वस्तुको प्राप्ति भयेको वर्णन गर्दा १, कुनै कार्यबाट चिताइएको भन्दा बढता फललाभ भयेको वर्णन गर्दा २, र उपाय गर्न खोज्दाखोज्दैमा अचानक फलसिद्धि भयेको वर्णन गर्दा ३, प्रहर्षणालङ्कार हुन्छ, जस्तै—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शिखरिणी)

तपस्याले सत्त्व स्थिर गरि चिह्नौं तत्त्व रसिलो
भनी जंगल्मा नै मुनिजन रहन्थे जतिजती।
उ उन्का तत्त्वात्मा अभिमुख पुगे मन्थर गति।
स्वयं डुल्दैडुल्दै सरसवदन श्रीरघुपति ॥१॥

रसिलो तत्त्व (आनन्दमय ब्रह्म) को परिचय गर्न भनेर तपस्या गरिकन वनमा रहेका मुनिजनले विना परिश्रम उहि रसिलो तत्त्वस्वरूपी श्रीरघुपतिको प्राप्ति गरेको छ।

(उपेन्द्रवज्रा)

मुनीन्द्रवर्ग प्रभु–दर्शनार्थी
'किधर् अयोध्या' भनि जान लागे।
उतै पुगेका प्रभुले 'उधर् क्यौं ?
इधर् न देखो' भनि दृष्टि मागे ॥२॥

रामदर्शनका निमित्त अयोध्या जान तर्खर गर्न लागेका मुनीश्वरहरूले भर्खर वनवासी भयेका प्रभुजीले प्रेमपूर्वक दिएको दर्शन झट्टै पाए। यहाँ तेस्रो प्रहर्षण परेको छ।

(रथोद्धता)

'रामचन्द्र–चरणारविन्दमा
जाउँला र शिर यो मिलाउँला।
सर्वथा शरण आज पाउँला
दुष्टको भय सबै हट्याउँला' ॥३॥
यत्ति खायश गरेर चित्तले
रावणानुज समीपमा गए।
निर्भयत्व र सखित्व पूर्वको
पार्थिवत्व पनि पाउँदा भए ॥४॥

खाली अभय खोज्न आएका रावणानुज (विभीषण)ले चिताएको वस्तु भन्दा बढता रामजीको मित्रता र लङ्काको आधिपत्यसमेत पाए। यहाँ दोस्रो प्रहर्षण परेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(८५) विषादन

इच्छा गरिएको वस्तु नपाएर इच्छा नगरिएको वस्तु पाएको वर्णन गर्दा विषादन अलङ्कार हुन्छ, जस्तै–

(वसन्ततिलका)

'राजा गराउँछु जरूर म पुत्रलाई'
भन्ने मुराद गरि रङ्क हरे ! गराइन् ।
त्यस्तो हठै गरि कठैवरि ! कैकयीले
वैधव्यवज्र–विनिपात समेत पाइन् ॥

इच्छा गरिएको भरतको राजभाव नपाएर इच्छा नगरिएको वैधव्यरूप वज्रपात पाएको स्पष्टै छ ।

(८६) काव्यार्थापत्ति

कैमुत्यन्यायले ('यसो ता हुन्छ भने, यसो किन हुँदैनथ्यो ?' भन्ने तरिकाले) केही कुराको सिद्धि देखाइयेमा काव्यार्थापत्ति हुन्छ, जस्तै–

(शार्दूलविक्रीडित)

जस्का ती चरणारविन्द मनमा राखेर सज्जन्हरू
ठूलो भीषण यो भवाब्धि सहजै निःशङ्क भै तर्दछन् ।
उन्कै खास–अनन्यभक्त–कपिले सागर् तरे गर्त झैं
यस्मा संशय बुद्धिशुद्धि नहुने मूर्खैहरू गर्दछन् ॥१॥

'रामका साधारण भक्त यो अपार–संसारसागर सहजै तर्दछन् भने, असाधारण भक्त भएका महावीर हनूमान्ले साधारण पानीको खाल्डै जस्तो गरेर यो सागर तरे भन्नामा के आश्चर्य ?' भन्नाले कैमुत्यन्याय पर्दछ ।

(वसन्ततिलका)

'धिक्कारपूर्वक विचार कुनै नराखी
'निर्वीर भूतल भयेछ' भन्यो कसैले ।
संभ्रान्त–संमिलित राजसमाजमा यो
वर्दास्त दुर्वचन गर्नु कसोरि मैले ? ॥२॥

Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्माण्डको नकल पिण्ड कुनै भकुण्डो
जस्तै उठाइकन पट्कनसम्म शक्छू।
यो क्षुद्र रुद्रधनु खूब बखानिएको
के चीज हो र ? अपमान सही–रहन्छू ॥३॥

यो उक्तिले जनकलाई झसङ्ग गर्ने
सौमित्रिलाई मनभित्र लगेर राखौं।
जातीय–गौरव निरन्तर चाह गर्ने
उत्साहको रस अलीकति लौन चाखौं ॥४॥

कसैले पनि माहेश्वर धनु उठाउन नशक्ता आफ्नु पण पूर्ण नभयेर किशोरीजीको विवाहै नहुने देखिन आउँदा दिक्क भयेका जनक महाराजले भनेको 'पृथिवीमा वीर कोही रहेनछन्' भन्ने वचन सुनेर जातीय तिरस्कारले जलेका लक्ष्मणजीको यो उक्तिबाट काव्यार्थापत्ति स्पष्टै छ।

(८७) व्याजोक्ति

कुनै छल (निउँ) ले प्रकट हुन लागेको कुरा लुकाएको वर्णन गर्दा व्याजोक्ति हुन्छ, जस्तै–

(शार्दूलविक्रीडित)

'धेरै बेर भयो, 'मुमाज्यु मउपर् नाराज होला' भनी
थर्थर् काम्दछु, हेर लौ संगिनि हो ? खल्खल् पसीना छुटे।'
भन्दै सुन्दर मन्द मन्द गतिले भूनन्दिनी गैगयिन्
माताजी पनि त्यो अदब् गजबको जानेर राजी भइन् ॥१॥

पुष्पवाटिका (फुलवारी) मा रघुवीरजीलाई देख्ता उठेर आयेका रतिभावका अङ्ग (अनुभाव) स्वरूप भयेका कम्प र स्वेद (पसीना) लाई भूनन्दिनी (सीताजी) ले भय कारण बताएर लुकाएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(८८) विवृतोक्ति

कसैले छल (निउँ) ले लुकाएको कुरा कविका उक्तिबाट प्रकट भएमा विवृतोक्ति हुन्छ, जस्तै—

(शार्दूलविक्रीडित)

धेरै बेर भयो, 'मुमाज्यु मउपर् नाराज होला' भनी
थर्थर् काम्दछु, हेर लौ संगिनि हो ! खल्खल् पसीना छुटे।'
भन्दै सुन्दर मन्द मन्द गतिले हेर्दै किशोरी गइन्
त्यत्तीले रघुवीरको मन भयो तत्कालमा नै मइन् ॥१॥

पूर्वोक्त–प्रकारले लुकाइएको परस्परका अनुरागोद्बोध (प्रेमाविर्भाव) लाई 'किशोरी हेर्दै गइन्, रघुवीरको मन मइन भयो (नरम भयो, पग्ल्यो)' भनेर कविले आफ्ना उक्तिबाट प्रकट गरेको छ।

(८९) ललित

प्रकृतवस्तुका खास वृत्तान्तको वर्णन नगरेर त्यस वृत्तान्तको प्रतिविम्ब (छाया) जस्तो अर्को वृत्तान्त वर्णन गर्दा ललितालंकार हुन्छ, जस्तै—

(वंशस्थ)

रहेर कल्पद्रुमका समक्षमा
शमी–समानै सब वृक्ष दर्दछन्।
उसै चहारीरहने समाजको
अनर्थ–भारी उपहास गर्दछन् ॥१॥

'रघुवीरका छत्रच्छायामा रहेका प्रजाहरू आफुलाई कृतार्थ सम्झन्छन्, अरू निरुद्योगी–अकृतार्थ–समाजको ठट्टा उडाउँछन्' भन्ने छाया बुझिन्छ।

(९०) प्रस्तुताङ्कुर

प्रस्तुत वृत्तान्तबाट अर्को प्रस्तुत वृत्तान्त बुझिने भएमा प्रस्तुताङ्कुर हुन्छ, जस्तै—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शालिनी)

देख्तादेख्तै राजहंस ! क्रमैले
पानी पानी दूद दूदै गरायौ।
अर्को कोही छैन यस्तै तवर्को
हर्हालत्मा नाम चर्को चलायौ ॥१॥

प्रस्तुत न्यायनिर्णयरूप–रामवृत्तान्तबाट प्रसङ्गले प्रस्तुत गरिएको (अगाडी रहने) राजहंसवृत्तान्त बुझिन्छ।

(९१) समाधि

आरम्भ गरिएका कार्यमा कोही अर्को कारणसमेत आइपरेर कार्यको सुगमतासाथ सिद्धि भएको वर्णन गर्दा समाध्यलंकार हुन्छ। जस्तै–

(शार्दूलविक्रीडित)

त्रेतामा अति शुद्ध बुद्ध रहने संपूर्ण रैतीहरू
चारोटै पुरुषार्थ सिद्ध गरने उद्योग गर्दै थिये।
त्यस्तैमा करुणावतार–हरिको इक्ष्वाकुका वंशमा
प्रादुर्भाव भयो प्रयास नपरी ती सद्धि साध्यै भये ॥१॥

रैतीको धर्मार्थकाममोक्ष सिद्ध गर्ने कामको आरम्भ भयेका वेलामा रघुवीरको अवतारसमेत भयेकोले सो काम सुगमताले सिद्ध भयेको छ।

(९२) मुद्रा

प्रकृत कुरा गर्दा कुनै पदबाट सूचनीय (कविले सूचन गर्न आटेको) कुराको सूचना हुन जाँदा मुद्रालङ्कार हुन्छ, जस्तै–

(मत्तमयूर)

जस्तै गल्छन् मत्तमयूर ध्वनि सुन्दा
ठाडै टिप्ने दर्प हुने सर्प हजारौं।
'हे राम ! त्वां नाथ ! भजे' यो ध्वनि सुन्दा
उस्तै गल्छन् कष्ट दिने दुष्ट हजारौं ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामनामका कीर्तनको वर्णन गर्दा मत्तमयूर शब्दबाट यही च्छन्दको सूचनासमेत भयेको छ।

(९३) रसवान्

प्रधान–रसमा र प्रधान–भावमा अरू रस र अरू भाव अङ्ग (पोषक) हुन गएमा रसवान् नामक अलङ्कार हुन्छ, जस्तै—

(शार्दूलविक्रीडित)

"प्राणाधार भनेर पार नहुने आनन्द वर्षाउँने
कैले त्यो वदनारविन्द[1] ? मनका मन्सूव मन्मै रहे।
तिन् तिन् दिन् पनि पर्खियो, समय यो धेरैन खेरै गयो,
माग्दामा पनि मार्ग मात्र दिनमा पाजी विराजी भयो ॥१॥

प्यारे लक्ष्मण ! देउ बाण र धनू, जल्मात्रका के कुरा ?
दल्दल्सम्म सुकाइदिन्छु अहिल्यै मैदान यो गर्दछु।
पूर्ण प्रेम लिएर हर्षित हुँदै चौतर्फ घेरा दिने
मेरा वानरका दलैसँग रही यो पैदलै तर्दछु" ॥२॥

भन्दा, लक्ष्मणले तुरन्त ति दुवै टक्र्याइए, तत्क्षणै
औधी आँधि र अन्धकारहरुले जम्मै जगत् ढाकियो।
सब् जल् खल्बलियो छचल्किन गयो, जल्जन्तु चञ्चल् भए,
डग्मग्डग्मग भै डग्यो धरणितल, खल्बल् खुबै मच्चियो ॥३॥

वर्वर् आँसु गिराइ थर्थर भई गङ्गा र गोदावरी
कावेरीहरुका समूहसहितै आएर पाऊ घरी।
'त्राहि त्राहि' भनेर सागर पर्‍यो जस्को शरण् एकदा
तिन्कै ती चरणारविन्द मनमा खेलीरहून् सर्वदा ॥४॥

सुग्रीवले सम्मिलित पारेका करोडौं वानर वीरलाई साथ लिएर समुद्रका किनारमा पुगेपछि सर्वसम्मतिले बाटो माग्नाका निमित्त समुद्रको प्रार्थना गर्न

---

१. उत्कण्ठाको पराकाष्ठा देखाउने यो खण्डितोक्तिबाट भेट भएमा हुनुपर्ने सबै कर्मकलापको व्यञ्जना हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीरघुवीरजी अस्त्र शस्त्र पर सारेर कुशास्तरणमा (बिछ्याएका कुशमा) ३ अहोरात्र राज भयेको थियो, तैपनि समुद्रले वास्ता राखेन। त्यसै समयको घटना संझेर पूर्वोक्त ४ श्लोकमा पूर्ण मनोयोगका साथ दृष्टि दिनुपर्दछ।

जानकीजीका स्मरणले उद्‌बुद्ध भएर उत्कण्ठाव्यञ्जक खण्डित वचनद्वारा आस्वादगोचर भयेको विप्रलम्भशृङ्गाररस, सागरले गरेका अनादरबाट प्रबुद्ध भयेको उत्साह भावको पूर्णता भएर धनुर्बाणान्वेषण–उत्तेजनापूर्ण–परुषोक्ति–प्रभृतिले आस्वादगोचर हुन आएको वीररसको अङ्ग भयेको छ र प्रथम–द्वितीय श्लोकको आलोचनाले 'रसमा रस अङ्ग भयेको' बुझिन्छ।

त्यही वीररस बाण नछुट्तैमा समुद्रको जल छचल्किनु, जलजन्तु चञ्चल हुनु, पृथ्वी डग्मगाउनु, सागरले रुँदै कराउँदै शरण पर्नु, इत्यादिले उद्दीपित भएर आस्वादगोचर हुन आएको कविगत रामविषयक–भाव (भक्ति) को अङ्ग (पोषक) भयेको छ र तृतीय चतुर्थ श्लोकको आलोचनाबाट 'भावमा रस अङ्ग भयेको बुझिन्छ।

(९४) प्रेय

यौटा भाव अर्को भावको अङ्ग भएमा प्रेय अलङ्कार हुन्छ, जस्तै–

(स्रग्धरा)

भालावाला उज्याला रणरसिक कुनै बाण–कोदण्डवाला
नंगी–तर्वारवाला मिलिकन प्रभुका पाउमा माथ धर्छन्।
यस्तै मौका मिलाई शुभ अवसरमा नाथका दर्शनार्थी।
आई आई हजारौं जनहरु मनका कामना पूर्ण गर्छन् ॥१॥

सैनिकगत रामविषयक भाव प्रजागत–रामविषयक भावको अङ्ग छ।

अथवा–

(शार्दूलविक्रीडित)

'हे श्रीनाथ ! अनाथनाथ ! भगवन् ! हे राम ! यो नाथको
भाग्य प्राप्य अलभ्य दर्शन हुँदा आनन्द जो पाउछौं।
सो आनन्द हुनेछ फेरि करुणा राखेर सो बक्सँदा।
यो सम्झी प्रभुका सदा उदयको प्रस्तावना गाउँछौं' ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

भन्दै निर्जरवर्ग[1] गद्गद भई हर्षाश्रुवर्षा गरी
दण्डाकार भएर[2] निर्भय दिने जुन्पाउमा पर्दछन्।
त्यस्ता ती दुइ पाउ पाउँ म भनी घर्मा कुनै पाहुना–
जस्ता[3] भैकन कोहि कोहि सुकृती आराधना गर्दछन् ॥३॥

देववर्गगत रामविषयक भाव सुकृतिगत रामविषयक भावको अङ्ग छ।

अथवा–

(वसन्ततिलका)

उद्यान[4]का नवलतानिर जानकीका
चञ्चल् दृगन्ततिर दृष्टि[5]दिईरहेका।
राजीवनेत्र–रघुनन्दन[6] मात्र मेरा
मन्मा रहून् कुसुमपात्र[7] लिईरहेका[8] ॥४॥

जनकपुरका पुष्पवाटिकामा किशोरीजीका प्रेमपूर्ण–कटाक्षले उम्रेको रघुनन्दनको प्रेमाङ्कुर (रतिभाव) रामविषयक–कविगत भावको अङ्ग छ।

(९५) ऊर्जस्व्यलङ्कार

रसाभास र भावाभास अर्काको अङ्ग भएमा ऊर्जस्वि अलङ्कार हुन्छ, जस्तै–

१. देवगण।
२. दण्डवत् गर्न तेर्सिएर।
३. **'गृहेष्वतिथिवद्वसेत्'** यस्तो शास्त्रका आज्ञानुसार घरद्वारमा ममता नराखेर (अनासक्त भएर) बस्ने पाउना (अतिथि जस्ता)।
४. वघैचाका नयाँ तलाका नगीचमा जानकीजी खडा रहेकी हुनाले नवलताको जस्तै जानकीजीको पनि अवलम्बनाभिलाषा बुझिन्छ।
५. रघुनन्दनको एकाग्रता बुझिन्छ।
६. कमलनयनता देखाउनाले रघुनन्दका नयनको अनिमेषता बुझिन्छ।
७. पुष्पपात्र–डल्ली–खोचा प्रभृति।
८. फुल टिप्ने काम पुगेनपुगेको विचार नगरिकन पक्क परेका।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शार्दूलविक्रीडित)

ज्यादा गद्गदता हुने वचनमा सर्वाङ्ग थर्थर्हुने
ढुकढुकढुक् मुटुमा हुने नयनमा बर्बर्बराबर्हुने।
जब्बर्दुर्मद वीरवैरिहरुले पाऊ धरेका छँदा
त्यस्ता ती रघुवीर भृत्यजनमा राजी रहून् सर्वदा ॥१॥

कविगत-रामविषयक भावमा वैरिविषक वीर रसाभास अङ्ग भयेको छ।

'पाएँ दुर्लभ आज दर्शन, छुटे संकष्ट धेरै थिए,
मेरो भाग्य रहेछ उत्तम, सबै मेरा दशा पन्सिए'।
यत्ती हे रघुवीर ! वैरिहरुले ठाडै रहेमा भने
बाँकी के सुनु ? लौ यता रहि म ता, लत्रेर के के भने ? ॥२॥

वैरिगत-रामविषयक भावाभास कविगत-रामविषयक भावको अङ्ग छ।

(९६) समाहित

भावको शान्ति अर्काको अङ्ग भएमा समाहित अलङ्कार हुन्छ, जस्तै-

(शार्दूलविक्रीडित)

अत्यन्तै विकराल काल-विजयी दुर्वार तर्वार् लिने
शूरा शत्रु सरासरै समरमा आएर जम्मै जुटे।
टिक्नै मात्र कता कता ? जय कता ? सारा भए वेपता,
छीटै श्रीरघुवीरबाट शरका अच्छिन्न-धारा छुटे ॥१॥

शत्रुका धैर्यभावको शान्ति रघुवीरविषयक कविका भक्तिभावको पोषक (अङ्ग) भयेको छ।

(९७) भावोदय

अघी उद्‌बुद्ध नभयेका भावको उद्‌बोध भएर त्यसद्वारा भावको पुष्टता देखिएमा भावोदय हुन्छ, जस्तै-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(चतुर्विंशत्यक्षरा संकृति)

'पितृभक्तिको जय होस्, पितृभक्तिको जय होस्,
रघुवीरको जय होस्,
निजधर्मको जय होस्, निजधर्मको जय होस्,
रघुवीरको जय होस्।
रविवंशको जय होस्, रविवंशको जय होस्,
रघुवीरको जय होस्,
रघुवीरको जय होस्, रघुवीरको जय होस्,
रघुवीरको जय होस्॥'

(शार्दूलविक्रीडित)

यस्तै बोल गरेर एक सुरले भूलोक थर्काउँदै
गंभीर–ध्वनि दुन्दुभि–प्रभृतिका स्वर्लोकसम्मै चढे।
तेही बोलि मिलाइ लस्कर मिली टम्मै बराबर् भई,
जम्मै वानरवीर यूथपतिका साथै अगाडी बढे॥१॥

कपिवर्गका उत्साहभावबाट उठेको हर्षभाव कविगत रामविषयक भावको अङ्ग छ।

(९८) भावसन्धि

परस्परविरोधी दुइ भावबाट प्रकृत रसभावको पोषण भएमा भावसन्धि हुन्छ, जस्तै—

(शिखरिणी)

'जसो होला' भन्दै असुरहरु जो खूब सुरिए,
'कसो होला' भन्दै अनि अघि सरे ती सब मरे।
पलक् भर्मा त्यस्तो रघुतिलकले विक्रम गरे,
जनस्थान–स्थायी खल अरु डरैले पर सरे॥१॥

असुरगणसम्बन्धी धैर्य र शङ्कासम्बन्धी परस्परविरोधी २ भावले रघुवीर–सम्बन्धी वीररसलाई र कविसंबन्धी भक्तिभावलाई पुष्ट पार्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(९९) भावशबलता

नाना प्रकारका भावको उदय र अस्त हुँदै प्रकृत रस र प्रकृत भावको पोषण भएमा भावशबलता हुन्छ। जस्तै–

(शार्दूलविक्रीडित)

छी छी !, लत्रनु छैन, लौ कसरि हो ?, बाबै, रहौंला भरे ?
अँः को हो र ? कसो गरौं ? अब भिडौं, लौ जा ! बिताए, हरे !'
यस्तै राक्षसवर्गतर्फ पहिले हल्ला मचेको थियो
हल्ला बन्द भयो र देवगणले आई बधाई दियो ॥१॥

राक्षसवर्गमा प्रकृतिका अनुसार उद्बुद्ध हुँदै अस्ताउँदै गएका गर्व १, धैर्य २, तर्क ३, शङ्का ४, मद ५, असूया ६, चिन्ता ७, उग्रता ८, दैन्य ९, त्रास १०, ग्लानि ११ यी संचारी भावले रामसंबन्धी वीररसको र कविसंबन्धी भक्तिभावको पोषण भयेको छ।

(१००) प्रमाण

इन्द्रियको र विषयको साक्षात् सम्बन्ध भयेर उत्पन्न भयेको ज्ञानको वर्णन गर्दा 'प्रत्यक्षालङ्कार' १, शुद्ध हेतुबाट साध्यको ज्ञान भयेको वर्णन गर्दा 'अनुमानालङ्कार' २, सादृश्यद्वारा वस्तु परिचय भयेको वर्णन गर्दा 'उपमानालङ्कार' ३, शब्दप्रमाणद्वारा वस्तुज्ञान भएको वर्णन गर्दा 'श्रुतिशब्दालङ्कार' ४, 'स्मृतिशब्दालङ्कार' ५, आचारद्वारा यौटा पक्षको स्वीकार भयेको वर्णन गर्दा 'आचारप्रमाणालङ्कार' ६, आत्मतुष्टि (आफ्नो खुशी) द्वारा यौटा पक्षको स्वीकार भयेको वर्णन गर्दा 'आत्मतुष्टि अलङ्कार' ७, आक्षेपद्वारा कुनै वस्तुको ज्ञान भयेको वर्णन गर्दा 'अर्थापत्ति अलङ्कार' ८, अप्राप्तिरूप कारणले वस्तुको असिद्धि भयेको वर्णन गर्दा 'अनुपलब्धि अलङ्कार' ९, संभवद्वारा कुनै वस्तुको सिद्धि भयेको वर्णन गर्दा 'संभवालङ्कार' १०, ऐतिह्य (किंवदन्ती) द्वारा कुनै वस्तुको सिद्धि भयेको वर्णन गर्दा 'ऐतिह्यालङ्कार' ११, हुन्छ, जस्तै क्रमैले–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रत्यक्ष–१

(वंशस्थ)

'रहेर साथै हृदयारविन्दका
वहेर पुग्ने वदनारविन्दमा ।
सुधानदीको रमणीय मूल यो
रहेछ देखें करुणानिधानमा' ॥१॥
भनेर जस्का पदमा विभीषण
प्रसन्न भै आँसु गिराउँदै गिरे ।
हरे ! तिनै कत्ति नसंझिने हुँदा
जुदा जुदा घोर विपत्तिले पिरे ॥२॥

यहाँ विभीषणका उक्तिबाट सुधानदी (दयाप्रवाह) को साक्षात्कार (प्रत्यक्षता) बुझिन्छ।

अनुमान–२

(शालिनी)

थाहा पाइन् नाथको जीतवाजी
नन्दन्वन्मा फूल बिल्कुल् नपाई ।
डप्फा–डप्फा अप्सराका मिलाई
दौड्दै आइन् उर्वशी नाच्नलाई ॥३॥

नन्दन्वन्मा फूल बिल्कुल नपाएकोले 'फूलको वृष्टि खूब भएछ, रामजीले रावणवध गर्नुभएछ र पुष्पवृष्टि गर्दा जम्मै फूल सकिएछन्' यस्तो अनुमान हुन्छ।

उपमान–३

(इन्द्रवज्रा)

'गोलोकजस्तो छ पुरी अयोध्या
श्रीकृष्णजस्ता रघुनाथजी छन्' ।
गोलोकवासी यति जानि आयो
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
श्रीरामको दर्शन झट्ट पायो ॥४॥

सादृश्य (कृष्णतुल्यता) द्वारा श्रीरामको परिचय भएको बुझिन्छ।

श्रुतिशब्द–४

न तस्य... इत्यादि भनेर वेद ता
बताउँदैछन् उपमान–शून्यता।
कवीन्द्रदल्को रघुवीर संझदा
नजीरको पीर गयो कता कता ॥५॥

वेदको 'न तस्य' इत्यादि प्रमाणले रघुवीरको अतुल्यता सिद्ध गरेको छ।

स्मृतिशब्द–५

(शार्दूलविक्रीडित)

जाली–दुर्जनका सफा–सुजनका मन्सूब सिध्याउँने
शैलीले रघुवीरका विषयमा आश्चर्य के गर्दछौ ?
हे विद्वद्वर ! 'सार्थक स्मृति सबै कण्ठस्थ छन्' भन्दछौ
'नाविष्णुः पृथिवीपतिः' पनि भुल्यौ के लण्ठ झैं बन्दछौ ॥६॥

जाली–दुर्जन र स्वच्छहृदय सज्जनका मन्सूब यथोचित सिध्याएको (नष्ट पारेको र सिद्ध पारेको) देखनाले रघुवीरजीमा अन्तर्यामी भाव देखाउनाका निमित्त स्मृतिद्वारा पृथिवीपति हुनाले रघुवीर विष्णु (व्यापक–अन्तर्यामी) हुन् भन्ने कुरा प्रमाणित गरिएको छ।

आचार–६

(उपजाति, उपेन्द्रवज्रा र वंशस्थ)

समुद्रको शोषणसम्म गर्ने
प्रभुत्व उस्तो रघुवीरमा थियो।
तथापि रामेश्वरको सपर्या
भयो समर्यादपना जनाइयो ॥७॥

सर्वोपरि प्रभुत्ववान् भयेका रघुवीरजीले आफ्नो 'मर्यादा–पुरुषोत्तम' भन्ने विरुदावलीको अनुसार रामेश्वर–स्थापना गरेर पूजासमेत गरिबक्सेको वृत्तान्तले सनातन धर्मावलम्बीका आचारको आदर्श देखिन्छ र आचारालंकार पर्दछ।

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मतुष्टि–७

(शालिनी)

सेवा गर्छू प्रेमले रामजीको
देवान्तर्मा[1] भक्ति मेरो रहन्न।
'एको देवः केशवो वा शिवो वा'
यस्मा पल्लो पक्ष ऐले सहन्न ॥८॥

केशवको सेवा गरे पनि हुने, शिवको सेवा गरे पनि हुनेमा आफ्ना खुशीले केशवरूप श्रीरघुवीरको सेवा देखाइयेको छ।

अर्थापत्ति–८

(शालिनी)

मेरा आगे स्वर्ग तुच्छै छ भन्छौ,
इच्छा गर्ने वृत्ति नै कत्ति छैन।
सीताजीका कण्ठको हार नीलो
पाएछौ लौ कत्ति सन्देह छैन ॥९॥

यहाँ स्वर्गलाई तुच्छ संझने र कुनै कुराको इच्छा नगर्ने कसैका मित्रले सीताजीका कण्ठको नीलमणिको अमूल्य हार पाएका कुराको आक्षेप (व्यञ्जना) छ। त्यो यौटा हार हात पऱ्यो भने सबै मानिस त्यस्तै हुन्छन्, त्यो हार लिनलाई त्रैलोक्यको साम्राज्य दिए पनि मोल बिल्कुल पुग्दैन सीताजीका त्यो हारको नाम 'राम' हो।

अनुपलब्धि–९

(रथोद्धता)

दिव्यदृष्टि मुनिवर्गले मिली
रोजरोज गइ खूप जाँचियो।
निर्दयत्व रघुवीर–चित्तमा
क्यै भये त सब देखिने थियो ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. अर्को देवतामा।

दिव्यदृष्टि भएका मुनिवर्गले जाच्ता पनि फेला नपारेको हुनाले 'रघुवीरका चित्तमा निर्दयत्व रहेनछ' भन्ने कुरा प्रमाणसिद्ध भयो।

संभव–१०

(वंशस्थ)

जगत्पते ! कीर्तन दिन्दिनै गरें,
घटेन मेरो किन ? गुप्त यो व्यथा।
यसै बिलाएँ म भने हजूरको
हुनेछ लौ ! कीर्तन लुप्त सर्वथा ॥११॥

कीर्तनकर्ताको रक्षण भएन भने कीर्तनको लोप हुने संभव देखिन्छ।

ऐतिह्य–११

(शार्दूलविक्रीडित)

जस्तै श्रीमिथिलाधिनाथहरुका मन्सूवका सिद्धिमा
भाँचेको धनु मन्दमन्द गतिले अद्यापि बढ्दै गयो।
चञ्चल् आस्तिक–चित्त षट्पद यही वृत्तान्तका गन्धले
तिन्कै ती पदपद्मबाट कहिल्यै हट्तै नहट्ने भयो ॥१२॥

'जनकपुरधामको समीपवर्ती धनुषातीर्थको धनु अलिअलि बढिरहेको छ' यो किंवदन्तीलाई गर्भित पारेर श्रीरामजीका चरणकमलको मनोहरता देखाइयेको छ।

(१०१) आशीः

(शार्दूलविक्रीडित)

नाना पातकघातनैकपरता ब्रह्मण्यतापूर्णता
दीनोद्धारकता प्रपन्नजनतासन्तापसंहारिता।
ज्ञानिध्यानिसमूहका प्रिय हुने श्रीजानकीजानिका
यी सारा गुण मानितै भइरहून् मेरा सहारा निका ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्ना पापपूर्णता, दीनता, प्रपन्नता, सन्तापसंतप्तता देखाएर ब्रह्मबन्धुत्वको आशाले (अधम ब्राह्मण भए पनि मैले टक्र्याएका शुभाशीर्वाद ब्रह्मण्यदेव भयेका श्रीरघुवीरजीका हजूरमा स्वीकृत हुनेछन् भन्ने उमेदले) टक्र्याइएका आशीर्वादद्वारा पूर्वोक्त दोषको दूरीकरणको खायश देखाइयेको छ।

(१०२) संसृष्टि

तिल चामलझैं स्पष्ट देखिने भएर अनेक अलङ्कार मिलेमा संसृष्टि हुन्छ, जस्तै–

शब्दालङ्कार–संसृष्टि–१

(द्रुतविलम्बित)

वदनमा मधुरस्मितता लिँदै
हृदयमा रघुवीर उदाउँदा।
अघि सरेर सरस्वति ! सादरै
गर सदा रसदान सरासरै ॥१॥

शब्दालङ्कार–अनुप्रास–यमकको संसृष्टि स्पष्टै छ।

अर्थालङ्कार–संसृष्टि–२

(शिखरिणी)

कहाँ मैली मेरी अतिलघु महाचञ्चल मति,
प्रसिद्ध ब्रह्माण्डाधिपति प्रभुका ती गुण कहाँ ?।
मजस्तै हुन् भन्दै जिनतिन उड्यो साहस गर्‍यो
हनूमान्को दर्जा लिन अघि सर्‍यो वानर बुड्यो ॥२॥

पूर्वार्धमा अनुचित घटनाले परेका विषमालङ्कारको उत्तरार्धमा क्षुद्र–वानर–वृत्तान्तबाट अल्पबुद्धि–कविको वृत्तान्त झल्कँदा परेका अप्रस्तुतप्रशंसा–लंकारको यौटै श्लोकमा संसृष्टि परेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उभयालङ्कार–संसृष्टि–३

(शार्दूलविक्रीडित)

अत्यासक्ति हुँदा प्रियैप्रिय भए सत्यानुसारी सबै
श्रीवाल्मीकि–कवीन्द्रका गजबका ती काव्य जुन्कानका।
त्यस्तामा पनि पुग्न शक्तछु भनी रस्ता लिएँ लौ ! हरे !
कस्ता यी रचना मदीय, वचनातिक्रान्त–वेकामका ॥३॥

आदि महाकवि श्रीवाल्मीकिका रचनालाई आसक्तिपूर्ण (प्रेमसम्पन्न) र सत्यानुसारी (यथार्थवक्ता) हुनाले प्यारो मान्ने भयेका रामजीका कानमा पुग्नलाई बाटो लागेका मेरा तुच्छ रचनाको अनौचित्य देखाएकोले विषमनामक अर्थालङ्कार र अनुप्रास (शब्दालंकार) को संसृष्टि परेको छ।

(१०३) सङ्कर

दूध–पानीझैं एकजिउ भएर अनेक अलङ्कार मिलेमा सङ्करालङ्कार हुन्छ, त्यस्मा– 'यो अलङ्कार हो की ? यो अलंकार हो' भन्ने सन्देह भएमा 'सन्देहसंकरालङ्कार' १, यौटा अलङ्कार अङ्ग (अर्को–अलङ्कारको सहायक) अर्को–अलङ्कार अङ्गी (मुख्य) भएर मिलेमा 'अङ्गाङ्गि–भावसंकरालङ्कार' २, यौटा वाचक (शब्दसमूह) मा अनेक अलङ्कारको अनुप्रवेश (मेलन) भएमा 'एकवाचकानुप्रवेशसङ्करालङ्कार' ३, हुन्छ, जस्तै, क्रमैले–

सन्देहसंकर–१

(वंशस्थ)

प्रसन्नताले जब मूर्तिधारिणी
सरस्वतीको वरदान पाउँला।
विना थकाई अवधाधिनाथको
यथार्थताले तब कीर्ति गाउँला ॥१॥

'मूर्तिमती सरस्वतीको वरदान पाएँ भने कीर्ति गाउँला' भन्दा यद्यर्थकल्पिताशयोक्ति हो कि ? 'मजस्ता पामरले न वरदान पाउँछ, न कीर्ति गाउँछ' भन्ने कुरा बुझिएर मिथ्याध्यवसिति बुझिएको हो ? भन्ने सन्देह परेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अङ्गाङ्गिभावसंकर–२

(वंशस्थ)

म कूपमण्डूक तयार ता भयें
दयासुधासागरका बयानमा ।
कृतार्थताको किन गन्ध पाउँला ?
तथापि अन्यत्र कहाँ म जाउँला ? ॥२॥

पूर्वार्धमा कविमा कूपमण्डूकताको आरोप सागरको वर्णन गर्न नशक्नामा कारण भयेकोले रूपकालङ्कार अङ्ग, हेतु अलङ्कार अङ्गी भयेको छ, उत्तरार्धमा त्यही रूपक विशेषोक्तिको अङ्ग, विशेषोक्ति अङ्गी छ।

एकवाचकानुप्रवेशसंकर–३

(सुन्दरी)

प्रभुको गुणगान गर्नु ता
भुजले सागर सात तर्नु हो।
रसना नहिलाउने हुनू
पनि केवल् कविले त मर्नु हो ॥३॥

'गुणगान गर्नु, सात सागर तर्नु' यो यौटै शब्दसमूहमा र 'रसना नहिलाउने हुनु, केवल् कविले मर्नु' यो योटै शब्दसमूहमा निदर्शना र अनुप्रास परेको छ।

अथवा–

(ललिता)

श्रीजानकीरमणका पदाब्जमा
जो चित्तले शरणको अवाप्ति हो।
त्यो छिन्नभिन्न भइ खिन्नता दिने
संसारका सरणको समाप्ति हो ॥४॥

जानकीरमणका चरणमा शरण पर्नुरूप क्रियाको र खेदजनक संसारमा बराबर जन्मजरामरणको समाप्ति गर्नुरूप क्रियाको एकताले योटै निदर्शना पर्दछ, अनुप्रास पनि रमाउँदै छ।

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा–

(सुन्दरी)

रघुनन्दनलाइ संझदै
मुखले जो गुणगान गर्नु हो ।
त्यहि नन्दनका निकुञ्जका
विचमा मञ्जु–विहार गर्नु हो ॥५॥

(उपसंहार)

(शार्दूलविक्रीडित)

चोट् चौपट्ट परे पनि प्रबल जो बाँचीरहेको थियो,
त्यै चैतन्य उठ्यो र मन्द–गतिले सन्दर्भ यो लेखियो ।
निःसारै छ, तथापि अर्पण गरें संसारका सारमा,
अर्को क्यै उपचार छैन भगवन् ! यो तुच्छ–भण्डारमा ॥१॥

(वसन्ततिलका)

'भक्तिप्रपूर्ण भइ पुष्प दिंदा खुशी छू'
दिल्दार यो वचन हो भनि दिल् बढाएँ ।
हे सत्यसन्ध ! रघुवीर ! अतीव तुच्छ
यो काव्य–गुच्छ लिइबक्सनुहोस् चढाएँ ॥२॥

(शार्दूलविक्रीडित)

माया मारिदिंदा प्रसन्न रहने नोकर् हजुर्का कुनै
मैले देखिन रामभद्र ! भगवन् ! सर्वत्र संसार्भरी ।
माया राखिदिंदा र त्यो हरिदिंदा तुल्यै हुने हर्षमा
हत्ते हाल्दछु लौन ! बक्सनुहबोस् यौटै पुरापुर्गरी ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(अनुष्टुप्)

आचारच्युतिको गिन्ती रहेन कहिल्यै ममा ।
लाचार भै बिन्ति गर्छू पुण्डरीकाक्षमा क्षमा ॥४॥

(वसन्ततिलका)

'व्याधा तरे, गज तरे, गणिका तरे, लौ,
तैले यसोरि किन भुट्भुटि गर्नुपर्छ ?' ।
यस्तो हुकुम् प्रभु ! नहोस् उनका म दर्मा
शक्छू र पुग्न ? भगवन् ! कुलचन्द्र शर्मा ॥४॥

(सुन्दरी)

जपको तपको र तीर्थको
व्रतको ब्रह्मविचारको पनी ।
अहिल्यै अब सिद्धि गर्दछू
'भगवन् ! राघव ! रक्ष माम्' भनी ॥५॥

श्रीकुलचन्द्रशर्मरचितः राघवालङ्कारः समाप्तः ॥

शिवं भूयात्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशित कृतिहरू

१. शोकमहोर्मिः
२. स्वयंवैद्य
३. कृष्णकर्णाभरणकाव्यम्
४. अलङ्कारचन्द्रोदयः
५. भागवतमञ्जरी
६. गङ्गागौरवम्
७. अमरकोशः स्वयंबोधिनीटीका र अमरकोष परिशेष
८. प्रपञ्चचर्चा
९. प्रेमपञ्चपञ्चाशिका
१०. श्रीरामचरितमानस नेपाली टीका
११. वन्दनायुगलम्
१२. विवाहपद्धति
१३. आदर्शदम्पती सीतारामौ
१४. संस्कृत-नेपाली शब्दकोष
१५. योगकौमुदी र वैद्यवल्लभ
१६. उपहार
१७. शिवमहिम्नःस्तोत्र छायानुवाद
१८. सत्सङ्ग-मुक्तावली, प्रश्नोत्तरी
१९. उन्माद
२०. काशिकराजकीय-संस्कृतमहाविद्यालयः
२१. रामायणवन्दना

अप्रकाशित कृतिहरू

१. हरिवरिवस्या
२. गौतमवंशवृत्तम्
३. श्रीवैष्णवषोडशनामावलिः
४. श्रीशक्तिस्तुतिकौमुदी
५. वेदस्तुतिः
६. भागवत स्तवसार

❖ उपर्युक्त अप्रकाशित छ कृतिहरूको प्रकाशनार्थ कुलचन्द्र गौतम स्मृति संस्था कार्यरत छ ।

❖ विद्वच्छिरोमणि कुलचन्द्र गौतमका प्रकाशित वा अप्रकाशित अन्य कृतिहरूको पनि खोजबिन भइरहेको छ । पाठकवृन्दसमक्ष उहाँका रचनाहरूका बारेमा जानकारी छ भने हामीलाई सूचित गरिदिनुहुन अनुरोध गर्दछौं ।

कुलचन्द्र गौतम स्मृति संस्था
गैरीधारा, काठमाडौं
9789937239943

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection